# भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना

शोधप्रबन्ध

सिक्किम विश्वविद्यालय

सिक्किम विश्वविद्यालय
(स्थापित-२००७)

भाषा अनि साहित्य सङ्कयअन्तर्गत नेपाली विभागबाट विद्यावारिधि (पिएचडी)
उपाधिका निम्ति प्रस्तुत

शोधार्थी

रत्नबहादुर रसाइली

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

मार्च, २०२२

# भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना

**शोधप्रबन्ध**

**सिक्किम विश्वविद्यालय**

**सिक्किम विश्वविद्यालय**

**(स्थापित-२००७)**

**भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागबाट विद्यावारिधि (पिएचडी)**

**उपाधिका निम्ति प्रस्तुत**

**२०२२**


**शोध निर्देशक**

SUPERVISOR
Department of Nepali
Sikkim University

**प्रो (डा) कविता लामा**

प्राध्यापक

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

**शोधार्थी**

**रत्नबहादुर रसाइली**

पञ्जीकरण-17/PhD/NEP/02

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

पाली विभाग
epartment of Nepali

सिक्किम विश्वविद्यालय
SIKKIM UNIVERSITY

(भारत की संसद के अधिनियम द्वारा वर्ष 2007 में स्थापित और नैक (एनएएसी) द्वारा वर्ष 2015 में प्रत्यायित केंद्रीय विश्वविद्यालय)
(A central university established by an Act of Parliament of India, 2007 and accredited by NAAC in 2015)

**Date: - 2nd March 2022**

**PLAGIARISM CHECK CERTIFICATE**

This is to certify that plagiarism check has been carried out for the following PhD Thesis with the help of URKUND SOFTWARE and the result is 6 % which within the permissible limit (below 10% tolerance rate) as per the norms of Sikkim University.

**"भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना"** submitted by **Ratna Bahadur Rasaily** under the supervision of Prof. Kabita Lama, Department of Nepali, School of Languages and Literature, Sikkim University.

02/03/2022

Signature of the Scholar

(Ratna Bahadur Rasaily)

SUPERVISOR
Department of Nepali
Sikkim University

Countersigned by Supervisor 02/03/22

(Prof. Kabita Lama)

Vetted by Librarian

पुस्तकालयाध्यक्ष
Librarian
केन्द्रीय पुस्तकालय Central Library
सिक्किम विश्वविद्यालय

## शोध निर्देशकबाट अग्रसारण

शोधार्थी रत्नबहादुर रसाइली (पञ्जीकरण सङ्ख्या 17/Ph.D/NEP/02)-द्वारा *भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना* शीर्षकमा प्रस्तुत गरिएको यो शोधप्रबन्ध यिनको मौलिक शोधकार्यको परिणाम हो। यिनले यो शोधकार्य मेरो निर्देशनमा रही बढो परिश्रमपूर्वक तयार पारेका हुन्। रत्नबहादुर रसाइलीले यस शोधप्रबन्धमा शोध विषयक नियम र सिद्धान्तहरूको यथावश्यक एवम् यथाविधि पालन गरेका छन् भन्ने कुँरा म प्रमाणित गर्दै यो शोधप्रबन्ध आवश्यक मूल्याङ्कनका लागि सिक्किम विश्वविद्यालयको सम्बन्धित निकायसमक्ष अग्रसारित गर्दछु।

SUPERVISOR
Department of Nepali
Sikkim University

02/09/21

कविता लामा

शोध निर्देशक तथा प्राध्यापक

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

## प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागबाट विद्यावारिधि उपाधिका निम्ति **भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना** शीर्षकमा तयार गरिएको यो शोधप्रबन्ध नितान्त मौलिक कार्य हो। शोध निर्देशक प्रोफेसर डा कविता लामाका निर्देशनमा रहेर मैले यो शोधकार्य पुरा गरेको हो। मैले यस शोधप्रबन्धको अध्ययनक्रममा द्वितीय स्रोतद्वारा सामग्री सङ्कलन गरी तयसलई यहाँ वैज्ञानिक ढङ्गमा प्रस्तुत गरेको छु। यस शोधप्रबन्धको निष्कर्ष मैले यसअघि कुनै पनि प्रयोजनका निम्ति प्रयोग गरेको छैन। शोधको कुनै पनि अध्याय तथा अंशलाई अन्य पत्र-पत्रिका तथा पाठ्य पुस्तकको अंशका रूपमा प्रकाशित गराएको छैन।

प्रस्तुत शोधकार्यका विरुद्ध यदि कुनै प्रमाण भेटिएमा त्यसप्रति म पूर्ण रूपमा उत्तरदायी हुनेछु भनी यो प्रतिबद्धता व्यक्त गर्दछु।

शोधार्थी

रत्नबहादुर रसाइली
पञ्जीकरण-17/PhD/NEP/02
नेपाली विभाग
भाषा अनि साहित्य सङ्काय
सिक्किम विश्वविद्यालय

दिनाङ्कः १ मार्च २०२२

# कृतज्ञता ज्ञापन

सिक्किम विश्वविद्यालय नेपाली विभागमा विद्यावारिधि उपाधि हेतु **भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना** विषयक शोधकार्य मैले शोध निर्देशक प्रोफेसर कविता लामाका मार्गदर्शनमा तयार गरेको हो। उहाँबाट प्राप्त सुझाउ एवम् मार्गदर्शनले यो शोधप्रबन्ध तयार गर्न म सक्षम भएको छु। उहाँबाट प्राप्त प्रोत्साहन एवम् सहयोग अनि शोधसम्बन्धी पुस्तकहरूको उपलब्धिका निम्ति उहाँप्रति सदैव ऋणी तथा कृतज्ञ रहनेछु।

यस शोधप्रबन्धको अध्ययन क्रममा आवश्यक पुस्तकहरू उपलब्ध गराउँदै सुझाउ साथै शोधलेखनमा हौसला दिनुहुने नेपाली विभागका श्रद्धेय गुरु डा देवचन्द्र सुब्बाप्रति विशेष आभार व्यक्त गर्दछु। शोधलेखनको क्रममा विशेष सुझाउ दिनुहुने नेपाली विभागका श्रद्धेय गुरु बलाराम पाण्डेप्रति सदैव कृतज्ञ रहनेछु। नेपाली विभागका श्रद्धेय गुरुहरूमा प्रोफेसर पुष्प शर्मा, डा समर सिन्हा, डा अरुणा राई, डा सुमन बान्तवाबाट प्राप्त सुझाउ र सहयोगका निम्ति उहाँहरूलाई हार्दिक धन्यवाद दिन्छु। यस शोध अध्ययन तथा लेखनमा पुस्तकहरूका सङ्कलनमा सहयोग दिनका साथै निरन्तर उत्साह दिनुहुने अग्रज शोधार्थीहरू, विश्वविद्यालयका शोधार्थी साथीहरूप्रति म सदैव कृतज्ञ रहनेछु।

यस शोधप्रबन्धको अध्ययन, लेखनक्रममा मैले सिक्किम विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, सिक्किम राज्य केन्द्रीय पुस्तकालय आदिबाट पर्याप्त सामग्री सङ्कलन गरेको छु। यी पुस्तकालयका प्रबन्धन पक्षलाई पनि म हार्दिक धन्यवाद दिँदछु।

यस शोधकार्यको लेखनक्रममा ममाथि आइपरेका अनेकौँ समस्यालाई समाधान गरिदिन मसित सधैँ प्रेरणा तथा उत्साह भई उभिदिने मेरा परिवारजनप्रति आजन्म ऋणी रहनेछु।

विनीत,



रत्नबहादुर रसाइली

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

## सङ्केताक्षर सूची

| | |
|---|---|
| डा - | डाक्टर |
| वि. सं- | विक्रम सम्बत् |
| पृ.- | पृष्ठ |
| सम्पा- | सम्पादक |
| दो.संस्क- | दोस्रो संस्करण |
| ते. संस्क- | तेस्रो संस्करण |
| चौ. संस्क- | चौथो संस्करण |
| सा. संस्क- | सातौँ संस्करण |
| नवौँ संस्क- | नवौँ संस्करण |
| प्रा लि- | प्राइवेट लिमिटेड |
| अनु- | अनुवादक |
| भा. संस्क- | भारतीय संस्करण |

## विषय सूची


| विषय | पृष्ठ सङ्ख्या |
|---|---|
| भावहरणको प्रमाण पत्र | |
| प्रतिबद्धता पत्र | |
| शोध निर्देशकको अग्रसारण | |
| कृतज्ञता ज्ञापन | |
| सङ्केताक्षर सूची | |
| **पहिलो अध्यायः शोधको परिचय** | **१-१६** |
| १.१ शोध शीर्षक | |
| १.२ शोध परिचय | |
| १.३ शोधको समस्या | |
| १.४ शोधको उद्देश्य | |
| १.५ पूर्वकार्यको समीक्षा | |
| १.६ शोधविधि | |
| १.६.१ अध्ययन विश्लेषणको सैद्धान्तिक आधार | |
| १.६.२ तथ्य सङ्कलन विधि | |
| १.७ शोधको औचित्य | |
| १.८ शोधको सीमाङ्कन | |
| १.९ शोधप्रबन्धको रूपरेखा | |
| १.१० भावी शोधकर्तालाई सुझाउ | |
| **दोस्रो अध्यायः राष्ट्रिय चेतनाको परिचयात्मक पृष्ठभूमि** | **१७-६१** |
| २.१ राष्ट्रको अर्थ  र परिभाषा | |
| २.२ राष्ट्रवादको परिभाषा र स्वरूप | |

२.३ राष्ट्रिय चेतनाको अवधारणा

२.४ राष्ट्रवाद र राष्ट्रिय चेतनाको विकास प्रक्रिया

२.४.१ ऐतिहासिक पृष्ठभूमि

२.५ भारतीय सन्दर्भमा राष्ट्रिय चेतनाको अवधारणा

२.६ भारतीय राष्ट्रवाद र राष्ट्रिय चेतनाको विकास परम्परा

२.७ राष्ट्रिय चेतनाका प्रकारहरू

२.७.१ जातीय चेतना

२.७.२ स्वच्छन्दतावादी चेतना

२.७.३ क्षेत्रीय चेतना

२.७.४ सांस्कृतिक चेतना

२.७.५ भाषिक चेतना

२.७.६ धार्मिक चेतना

२.७.७ उत्तरऔपनिवेशिक चेतना

२.८ राष्ट्रवाद र वैश्वीकरण

२.९ वैश्विक राष्ट्रवाद र राष्ट्रिय चेतना

२.१० निष्कर्ष

**तेस्रो अध्याय: नेपाली साहित्यमा भारतीयता र राष्ट्रिय चेतना** **६२-९२**

३.१ भारतीयताको परिचय

३.२ भारतीय साहित्यको अवधारणा

३.३ भारतीय साहित्यमा भारतीयता र राष्ट्रिय चेतना

३.४ नेपाली साहित्यमा भारतीयता

३.५ भारतीय नेपाली कवितामा राष्ट्रिय चेतनाको विकास परम्पराः सङ्क्षिप्त पृष्ठभूमि

३.६ निष्कर्ष

**चौथो अध्याय: राष्ट्रिय चेतनाका दृष्टिले भारतीय नेपाली कविताको अध्ययन** **९३-१५७**

४.१ स्वतन्त्रतापूर्व भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना

४.१.१ जातीय चेतना

४.१.२ स्वच्छन्दतावादी चेतना

४.१.३ क्षेत्रीय चेतना

४.१.४ सांस्कृतिक चेतना

४.१.५ भाषिक चेतना

४.१.६ धार्मिक चेतना

४.२ स्वातन्त्र्योत्तर भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना

४.२.१ जातीय चेतना

४.२.२ स्वच्छन्दतावादी चेतना

४.२.३ क्षेत्रीय चेतना

४.२.४ सांस्कृतिक चेतना

४.२.५ भाषिक चेतना

४.२.६ धार्मिक चेतना

४.१.७ उत्तरऔपनिवेशिक चेतना

४.१.७.१ किनारीकृत स्वर

४.१.७.२ सबाल्टर्न स्वर

४.१.७.३ परिचय सङ्कटको स्वर

४.३ निष्कर्ष

**पाँचौं अध्याय: उपसंहार र निष्कर्ष** **१५८-१६५**

५.१ उपसंहार

५.२ निष्कर्ष

**ग्रन्थसूची** **६६-६७**

# पहिलो अध्याय

# शोधको परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधप्रबन्धको शीर्षक **भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना** रहेको छ।

## १.२ शोध परिचय

राष्ट्रिय चेतना अनि राष्ट्रवाद प्रभृति अवधारणा कै समवेत रूप राष्ट्र हो। कारण यिनै कुराहरू राष्ट्र निर्माणका आवश्यक सङ्घटकहरू हुन्। सामान्य जनमानस, सम्प्रभुता, निश्चित भूखण्ड साथै सांस्कृतिक, सामाजिक उपस्थितिले यो अझ पूर्ण बन्दछ। मानिसको जन्म वा जाति विशेषलाई द्योतन गर्ने ल्याटिनेली 'नेसियो' शब्दबाट व्युत्पन्न अङ्ग्रेजी 'नेसन' शब्दको नेपाली रूपान्तर राष्ट्र हो। यसरी विभिन्न रूपमा परिवर्तित हुँदै आउँदा राष्ट्र शब्दले एक विशेष अवस्थान, जाति, धर्म, समाज अनि संस्कृतिलाई आफूभित्र समाहित गरेर व्यापकता लिएको देखिन्छ। वर्तमान समयमा राष्ट्र एउटा निश्चित राजनीतिक मानचित्र भएको देश विशेषको पर्याय बन्न गएको छ। यसले आफू बसोबास गर्दै आइरहेको राष्ट्रप्रतिको प्रेमभाव अनि त्यससित रहने आस्तित्त्विक अन्तर्सम्बन्धलाई जनाउने गरेको देखिन्छ।

राष्ट्रिय चेतना भनेको राष्ट्रवादबाट प्रस्फुटित र विकसित धारणा हो। एकातिर यसले दिन प्रतिदिन आफूलाई उत्तरोत्तर विस्तारित गराउँदै लगिरहेको छ भने अर्कोतिर यो अझ अन्तर्ज्ञानानुशासनात्मक पनि बन्दै गइरहेको छ। तसर्थ यो केवल राजनीति केन्द्रित शब्द मात्र नभएर, समकालीन साहित्य अध्ययन परम्परामा एउटा केन्द्रीय विमर्शको विषय पनि बन्न गएको छ। कारण यससित रहने मानव जीवनका विविध सम्बन्ध र पक्षलाई साहित्यले समेट्दै आइरहेको छ। यसको एउटा उदाहरण हामी भारतीय नेपाली कवितामा विगत धेरै समयदेखि देख्दै आइरहेका छौँ।

भारतमा राष्ट्रिय चेतना औपनिवेशिक शोषणको देन हो। जतिबेला यहाँ अङ्ग्रेजहरूको अन्याय र अत्याचारपूर्ण शासन चलिरहेको थियो त्यसताक यसबाट उन्मुक्त बन्ने, स्वतन्त्र बन्ने आकाङ्क्षा सबैको राष्ट्रिय हित थियो। यसैको फलस्वरूप अन्तत: भारत स्वतन्त्र बन्यो। तर यसका उत्तरार्द्धमा आएर भने भारतमा अन्य विभिन्न प्रकारका राष्ट्रवादहरू देखिन थाले। जस्तै, जातीय राष्ट्रवाद, स्वच्छन्दतावादी राष्ट्रवाद, सांस्कृतिक राष्ट्रवाद, भाषिक राष्ट्रवाद, क्षेत्रीय राष्ट्रवाद, धार्मिक राष्ट्रवाद। प्रकारान्तरले यी

सबैको परिचय सङ्कट, असुरक्षाका भावनाले प्रेरित र प्रभावित बन्न गएको छ। यस प्रकारको भावाभिव्यक्ति भारतीय विभिन्न भाषा साहित्यमा देखा पर्दै आइरहेको पाइन्छ। यसको एउटा उदाहरणका रूपमा भारतीय नेपाली कविता साहित्यलाई लिन सकिन्छ, जहाँ भारतीय मूलधाराबाट प्रवाहित राष्ट्रिय चेतनालाई स्वतन्त्रपूर्वकालदेखि नै नेपाली कविहरूले पनि निरन्तर रूपमा ग्रहण गर्दै आइरहेका छन्। एक प्रकारले राष्ट्रिय चेतना समकालीन भारतीय नेपाली कवितामा देखिने एउटा मुख्य प्रवृत्ति हो। प्रस्तुत शोध यहीँ प्रवृत्तिका आधारमा भारतीय नेपाली कविताको अध्ययनमाथि केन्द्रित रहेको छ।

सन् १९६० को दशकदेखि अर्नेस्ट गेलनर, बेन्जामिन अक्जिम, बेनेडिक्ट एन्डरसन, वालकर कोनर, जोन हट्सन, एन्थोनी डी स्मिथ, इरिक हब्सबोन, अर्नेस्ट रेनन आदिले राष्ट्र, राष्ट्रिय चेतना र राष्ट्रवादलाई समाजशास्त्रीय अध्ययनद्वारा विमर्शमा ल्याएका हुन्। राष्ट्रको अवधारणामाथि अठाहौँ शताब्दीदेखि विस्तृत रूपले अध्ययन भएको देखिन्छ। साहित्यमा राष्ट्र र राष्ट्रवादको चर्चा सर्वप्रथम सन् १७८९ देखि भएको हो। पिटर अल्टरले सन् १७७४ मा जोन गोटफ्रिड हेडरका लेखहरूमा राष्ट्र, राष्ट्रिय चेतना अनि राष्ट्रवाद शब्दको प्रयोग गर्दै यसबारे विश्लेषणात्मक अध्ययन भएको दाबी गरेका छन्। यसैलाई आधार गरी सन् १७७० देखि राष्ट्र, राष्ट्रवाद, राष्ट्रिय चेतना विषयमाथि चर्चा हुन थालेको पाइन्छ।

**१.३ शोधको समस्या**

यस शोधप्रबन्धका निम्नलिखित समस्याहरू छन्-

(क) नेपाली कवितामा भारतीयताको अवधारणालाई कसरी बुझ्न सकिन्छ ?

(ख) भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना भित्रिनाका प्रमुख कारणहरू के के हुन सक्छन् ?

(ग) भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना कसरी अभिव्यक्त भएको छ ?

(घ) नेपाली कवितामा अभिव्यक्त राष्ट्रिय चेतनाले भारतीय नेपाली जातिको राष्ट्रिय चिह्नारीलाई कसरी सम्बोधन गरेको छ ?

## १.४ शोधको उद्देश्य

(क) नेपाली कवितामा सर्वप्रथम भारतीयताको अवधारणा बुझ्नुपर्ने आवश्यकता देखिन्छ। त्यसपछि राष्ट्रिय चेतनाको अवधारणालाई खुट्ट्याउने।

(ख) भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना भित्रिनाका पछि रहेका सामाजिक, राजनीतिक अनि जातीय पृष्ठभूमिको अध्ययन गर्नु।

(ग) भारतीय नेपाली कवितामा प्रयुक्त राष्ट्रिय चेतनालाई विभिन्न प्रकारका आधारमा अध्ययन एवम् विश्लेषण गर्नु।

(घ) भारतीय नेपाली जातिका राष्ट्रिय चिह्नारीको स्थापनामा नेपाली कविताले निर्वाह गरेको विविध भूमिकालाई निक्यौंल गरेर हेर्नु।

## १.५ पूर्वकार्यको समीक्षा

भारतीय नेपाली कविता सम्बन्धी विभिन्न शोध अध्ययनहरू हुनाका साथै समालोचना आदि प्रकाशित भएको पाइन्छ। भारतीय नेपाली कविता विधामा भएका विभिन्न पूर्व अध्ययनहरूबारे यहाँ समीक्षात्मक अध्ययन गरिएको छ। सीमित अवधिभित्र प्राप्य शोध अध्ययनको विषयसम्बन्धित सामग्रीहरूका आधारमा पूर्वकार्यको समीक्षा प्रस्तुत गरिएको छ।

### पुस्तकका आधारमा

हरेन आलेका सम्पादनमा प्रकाशित *नवआधुनिक नेपाली कविता* (सन् १९८५)-मा ४४ जना कविहरूका कविताहरू सङ्गृहीत छन्। हरेक कविका दुईवटा कविता गरेर जम्मा ८८ वटा कविताहरू छन्। यसका भूमिकामा भारतीय नेपाली कविता लेखनको सङ्क्षिप्त चर्चा गरिएको छ। उक्त पुस्तकमा 'मूल्यबोध कविहरूमा' लेख पनि समावेश छ। यसमा कविहरूका लेखन प्रवृत्तिको सङ्क्षिप्त अध्ययन प्रस्तुत गरिएको छ। आलेले भारतीय नेपाली समाजका विभिन्न सामाजिक, राजनीतिक परिस्थितिअनुरूप कविता लेखनमा देखा परेका प्रभावहरूले भारतीय नेपाली कविताको स्वरूप निर्माण गरिरहेको उल्लेख गरेका छन्।

रामप्रसाद लामाका सम्पादनमा सन् १९८७ मा *राष्ट्रिय भावनाका नेपाली कविताहरू* पुस्तक प्रकाशित छ। यसमा बंकिमचन्द्र चट्टोपाध्याय, इकबाल र भारतीय नेपाली कविहरूका कविता सङ्गृहीत छन्। यस पुस्तकअन्तर्गत सम्पादकले 'राष्ट्रिय जीवनको मूल स्रोत र हामी' लेख प्रस्तुत गरेका छन्। उक्त लेखमा ऋग्वेददेखि नै भारत राष्ट्रको उल्लेख रहेको चर्चा गर्दै प्राचीन भारतीय विशाल सांस्कृतिक परम्पराका आडमा आधुनिक भारतीय राष्ट्र, कला, साहित्यको निर्माण भएको चर्चा पाइन्छ। सम्पादक लामा स्वतन्त्रतापूर्व कालदेखि नै भारतीय नेपाली कवितामा भारतप्रतिको भावनात्मक सम्बन्ध प्रगाढ रहेको मान्दछन्। यसलाई निरन्तरता दिएर धर्मनिरपेक्षता, सद्भावना, सौहार्दता, सहिष्णुता जस्ता सात्विक गुणहरूले राष्ट्रप्रति सजग र सशक्त रहेर राष्ट्रियतालाई बुझ्नुपर्छ भन्ने उनको मान्यता रहेको देखिन्छ।

मोहन ठकुरीका सम्पादनमा प्रकाशित *नेपाली कविता यात्रा* (सन् १९९०)-मा भारतीय नेपाली छयालिस जना कविहरूका एक सय सोह्वटा कविताहरू सङ्गृहीत छन्। यसमा भारतीय नेपाली कविता लेखनमा देखापरेका विभिन्न आयामका विभिन्न प्रवृत्तिहरूको सङ्क्षिप्त अध्ययन प्रस्तुत गरिएको छ। भारतीय नेपाली कविताको प्रारम्भिक चरण, स्वच्छन्दतावादी लेखन तथा समसामयिक कवितामा देखा परेका राष्ट्रिय परिचय, राजनीतिक चेतना एवम् उत्तरऔपनिवेशिक परिस्थितिले जन्माएका विभिन्न सङ्कट र प्रयोगहरूमाथि सङ्क्षिप्त अध्ययन प्रस्तुत गरिएको छ। ठकुरीले अगमसिंह गिरीदेखि नै देखा परेको भारतीय नेपाली जातिको परिचय सङ्कट अहिलेसम्म पनि यथावत् रहेको उल्लेख गरेका छन्।

सन् १९९७ मा महानन्द पौड्यालको *विचरण आफ्नै क्षितिजभित्र* प्रकाशित भएको छ। उक्त पुस्तकमा पौड्यालले नेपाल र भारतका साहित्य सर्जकहरूका लेखन प्रवृत्तिमाथि अध्ययन प्रस्तुत गरेका छन्। यस पुस्तकअन्तर्गत कवि नरेन्द्रप्रसाद कुमाईका कवितामा पाइने सामाजिक यथार्थ, प्रगतिवादी चेतनाबारे अध्ययन प्रस्तुत गरिएको छ। अगमसिंह गिरी, मित्रसेन थापा र कप्तान रामसिंह ठकुरीका भारतीय नेपाली साहित्य र सङ्गीतप्रतिको योगदानसम्बन्धी अध्ययन प्रस्तुत गरिएको छ।

महानन्द पौड्यालका सम्पादनमा प्रकाशित *सिक्किमका प्रथम कवि सन्तवीर लिम्बूः कृतित्व कतिपय* (सन् २००१)-मा लिम्बूका कविता, लेख, अनुवाद र कथाहरू सङ्गृहीत छन्। यस अतिरिक्त उक्त पुस्तकमा महानन्द पौड्यालको 'सिक्किमका प्रथम कवि सन्तवीर लिम्बू', राम 'अपतन'-को 'स्वनामधन्य सन्त अपतन' र पहलमान सुब्बाको 'कवि सन्तवीर लिम्बूः आगोको एक झरिलो

फिलिङ्गो' लेख समावेश छ। यी लेखहरूमा कविलाई सिक्किमका प्रथम कविका रूपमा चिनाउँदै उनको कवि व्यक्तित्व र लेखन प्रवृत्तिबारे अध्ययन गरिएको छ।

देवी पन्थीको *भारतीय नेपाली साहित्य र संस्कृतिको झलक* (वि सं २०६१)-मा भारतीय नेपाली साहित्य र संस्कृति, साहित्यिक विधाहरू, विभिन्न साहित्य संस्थान र साहित्य लेखनमा आएका नवीन प्रयोग र प्रवृत्तिहरूमाथि सङ्क्षिप्तमा परिचयात्मक अध्ययन छ। असित राईको *भारतीय नेपाली साहित्यको विकासक्रम* (सन् १९८६)-लाई आधार मानेर कविताको कालक्रमिक विकासमाथि सङ्क्षिप्त अध्ययन प्रस्तुत छ। यस पुस्तकअन्तर्गत पन्थीले भारतीय नेपाली कविता र राष्ट्रियतामाथि केवल तिन पृष्ठभित्र छोटो रूपमा जानकारीमूलक लेख प्रस्तुत गरेका छन्। तसर्थ यस पुस्तकमा भारतीय नेपाली कवितामाथि परिचयात्मक अध्ययन मात्र भएको छ।

सन् २००६ मा शरद् छेत्रीको *केही पृष्ठ अध्ययनका* (समीक्षात्मक लेख सङ्ग्रह) प्रकाशित भएको छ। यस पुस्तकमा 'नेपाली कविताको विगत सय वर्ष', 'तुलसी 'अपतन': कर्ण कुन्ती', 'पारसमणि प्रधानः भाषा र साहित्य सेवा', 'मनप्रसाद सुब्बाः ऋतु-क्यान्भसमा रेखाहरू', 'केवलचन्द्र लामाः केवलय', 'हरिभक्त कटुवालः केही कविताहरू अन्तर्गत', 'अगमसिंह गिरीः क्रान्तिका स्वर कतिपय' जस्ता शीर्षकअन्तर्गत उपर्युक्त कविहरूका कवितामाथि अध्ययन प्रस्तुत गरिएको छ। नेपाली कविताको इतिहाससम्बन्धी सङ्क्षिप्त रूपमा कालक्रमिक अध्ययन प्रस्तुत गरिएको छ। भारतीय नेपाली साहित्यको विकासमा पारसमणि प्रधानका योगदानहरू, तुलसी 'अपतन', अगमसिंह गिरी, हरिभक्त कटुवाल, केवलचन्द्र लामा र मनप्रसाद सुब्बाका कविता काव्यहरूमा प्रयुक्त प्रतीक, विम्ब तथा प्रवृत्तिहरूबारे अध्ययन गरिएको छ।

सन् २०११ मा सपन प्रधानको *कृति-कीर्ति* (समालोचना सङ्ग्रह) प्रकाशित छ। यस पुस्तकअन्तर्गत 'समकालीन दार्जीलिङे कविताको सन्दर्भमाः सुवास सोताङका कविताहरू','कवि विनोद छेत्रीका कविताहरूः सूक्ष्म अध्ययन' शीर्षकमा अध्ययन प्रस्तुत गरिएको छ। सुवास सोताङका कविताहरूमा सामाजिक यथार्थता, विसङ्गति जस्ता भाव र दार्जिलिङको माटोको गन्ध पाइने अध्ययन प्रधानले गरेका छन्। उक्त पुस्तकमा विनोद छेत्रीका कविताहरूमा पाइने प्रगतिवादी चेतनाबारे पनि अध्ययन गरिएको छ।

सोनाम लामाको *मूल्याङ्कनका जमर्काहरू* (समालोचना सङ्ग्रह) सन् २०११ मा प्रकाशित छ। यसमा 'जस योञ्जन 'प्यासी'-को कवित्व र कविता' शीर्षकमा 'प्यासी'-का कविताहरूमाथि अध्ययन प्रस्तुत छ। लामाले 'प्यासी'का कविताहरूलाई प्रगतिवाद, आत्मपरकता, जातीयता, मानवतावाद, आशावादिता जस्ता प्रवृत्तिका आधारमा अध्ययन गरेका छन्। दार्जिलिङको जनजीवनप्रति सचेत रहेर 'प्यासी'-ले आफ्ना कवितामा जातीय चेतनाको स्वर अभिव्यक्त गरेको कुरा लामाले प्रस्तुत गरेका छन्। यस अतिरिक्त 'प्यासी'-का कवितामा श्रमिक चेतना, वर्गसङ्घर्ष स्वर अनि विश्व शान्तिको स्वर पनि रहेको उल्लेख लामाले गरेका छन्।

जस योञ्जन 'प्यासी'-को *परख* (आलोचनात्मक लेख सङ्ग्रह, सन् २०१२) -मा प्रकाशित छ। यसमा भारतीय नेपाली कविताको परम्परा र प्रवृत्तिगत अध्ययन गरिएको छ। समकालीन भारतीय नेपाली कविताको प्रवृत्तिहरूको अध्ययन र देवकोटा, पारसमणि प्रधान, वैरागी काइँला, मनप्रसाद सुब्बा, गिर्मी सेर्पाका कविताहरूको अध्ययन गरिएको छ।

सन् २०१२ मा पेम्पा तामाङको पुस्तक *आख्यानदेखि पराख्यानसम्म* प्रकाशित छ। यस पुस्तकमा तामाङले जीवन थिङ र गिर्मी सेर्पाका कवितामा पाइने प्रयोगवादी प्रवृत्ति तथा भाषिक सौन्दर्यबारे अध्ययन प्रस्तुत गरेका छन्। यस पुस्तकअन्तर्गत राजेन्द्र भण्डारीको *क्षर/अक्षर* कविता सङ्ग्रहका केही कवितामाथि वभिन्न प्रवृत्तिका आधारमा अध्ययन गरिएको छ। भण्डारीको 'समय बित्दैन' कवितालाई समय चेतना तथा समयबारे वैज्ञानिक सिद्धान्तका आधारमा अध्ययन प्रस्तुत गरिएको छ।

दिलकुमार प्रधानका सम्पादनमा *आधुनिक भारतेली नेपाली कविता* (सन् २०१२) प्रकाशित छ। यसअन्तर्गत नोभेम्बर २०१२ मा वीरपाडा कलेज, पश्चिम बङ्गालमा आयोजित दुई दिवसीय राष्ट्रिय सङ्गोष्ठीमा प्रस्तुत गरिएको प्रपत्रलाई सङ्गृहीत गरिएको छ। यस पुस्तकअन्तर्गत दिलकुमार प्रधानको 'आधुनिक भारतेली नेपाली कविताको केन्द्रीय स्वर', कबीर बस्नेतको 'भारतेली नेपाली कवितामा प्रतीक प्रयोगको परम्परा र विकास', बलराम पाण्डेको 'भारतेली नेपाली कविता सन्दर्भ डायस्पोरा', महेश प्रधानको 'भारतेली आधुनिक नेपाली कवितामा विद्रोहको स्वर', ज्ञानेन्द्र सुब्बाको 'समकालीन भारतेली नेपाली कवितामा लोकतत्त्व', देवव्रत घिमिरेको 'पूर्वाञ्चल भारतको नेपाली कविताः विकासात्मक परिदृश्य', योगेश पन्तको 'राष्ट्रिय चेतनाका सन्दर्भमा किनाराका आवाजहरू', वासुदेव

थापाको 'समकालीन भारतेली नेपाली कविताका प्रमुख मोडहरू', सोनाम शेर्पाको 'आधुनिक भारतेली नेपाली कविताको विकास परम्परा र प्रवृत्ति' आदि लेखहरू प्रकाशित छन्। यसमा भारतीय नेपाली कविताको विकास परम्परा, प्रयोग प्रवृत्ति लगायत विभिन्न अवधारणाबाट भारतीय नेपाली कवितामाथि अध्ययन गरिएको पाइन्छ।

सन् २०१३ मा रेमिका थापाको *पठन-विपठन* (लेख सङ्ग्रह) प्रकाशित छ। यस पुस्तकमा थापाले 'समकालीन भारतीय नेपाली कविताका प्रवृत्तिहरू'-माथि अध्ययन गरेकी छन्। यसअन्तर्गत समकालीन भारतीय नेपाली कवितालाई कथ्य चेतनाका आधारमा अध्ययन गरिएको छ। बहुसमावेशीपन, लघु र कुरूप सौन्दर्यको खोज, सामाजिक प्रतिबद्धता, वैस्थानिक चेतना, पर्यावरण चेतना, कथ्य चेतना जस्ता आधारबाट समकालीन कविताका प्रवृत्तिबारे अध्ययन प्रस्तुत गरिएको छ।

दिवाकर प्रधानको *कविताका कुरा* (समीक्षा) सन् २०१३ मा प्रकाशित छ। यस पुस्तकमा भारतीय नेपाली कवितामा भारतीयता, दार्जिलिङका नेपाली कविताहरू, पारसमणि प्रधानका कवितामा अध्यात्मदर्शन, हरिभक्त कटुवालका कवितामा राष्ट्रियता साथै समकालीन भारतीय नेपाली कविताका विभिन्न प्रवृत्तिमाथि अध्ययन गरिएको छ। यसअतिरिक्त भारतीय र नेपालका कविहरूका कवितात्मक प्रवृत्तिहरूमाथि अध्ययन प्रस्तुत गरिएको छ।

सन् २०१३ मा गीता छेत्रीको *विविध विवेचना* प्रकाशित छ। यस पुस्तकअन्तर्गत 'कवि तथा समालोचक जय क्याक्टस','कवि मणिका मुखियाकृत *क्षितिज हराएपछि*-को सङ्क्षिप्त अध्ययन','कवि मिलन बान्तवाका *गाउँ र शहर*-को एक झलक' शीर्षकमा जय 'क्याक्टस', मणिका मुखिया र मिलन बान्तवाका कवितामा पाइने उत्तरआधुनिक नवीन चेतनाहरूबारे अध्ययन प्रस्तुत गरिएको छ।

नव सापकोटाको सम्पादनमा *असमेली नेपाली कविता यात्रा* सन् २०१३ मा प्रकाशित भएको छ। उक्त पुस्तकअन्तर्गत असमेली नेपाली कवितालाई स्वतन्त्रपूर्वकाल (१८९३-१९४७), स्वातन्त्र्योत्तर काल/कटुवाल पूर्वकाल (१९४८-१९५९), कटुवाल काल (१९६०-१९७९), कटुवाल उत्तरकाल/ समकालीन कविता युग (१९८०-१९९९) र उत्तरआधुनिक काल (२००-२०१७) गरेर पाँचवटा चरणमा असमेली नेपाली कविताको अध्ययन प्रस्तुत गरिएको छ। उक्त पुस्तकमा सवाई, लहरी लेखनदेखि उत्तरआधुनिक लेखन प्रवृत्तिसम्मका असमेली नेपाली कवितामाथि चर्चा गरिएको छ।

सन् २०१३ मा सञ्जय राईको *समीक्षण* (समालोचना) प्रकाशित छ। उक्त पुस्तकमा 'शान्ति-सन्देह -एक पाठकीय', 'केदार गुरूङका कवितामा केही विचरण', 'विपश्यनाः एक टिप्पणी', 'वीणा हाङ्खिमको भावानुभावःपठन', 'सूर्य श्रेष्ठका कविताः निरूपण', 'समकालीन कविताको सन्दर्भमा राज के सुब्बाका कविता', 'नेपाली कविता यात्राःसमीक्षण'-माथि अध्ययन प्रस्तुत गरिएको छ। यी शीर्षकहरूमा राईले जस योञ्जन 'प्यासी', केदार गुरूङ, विचन्द्र 'बाबू', वीणा हाङ्खिम, सूर्य श्रेष्ठ, राज के, सुब्बाका कवितामा प्रयुक्त विश्व शान्ति र मानवतावाद, सामाजिक यथार्थ स्वर, स्वच्छन्दतावाद जस्ता प्रवृत्तिबारे अध्ययन प्रस्तुत गरेका छन्।

सन् २०१३ मा राजकुमार छेत्रीको *कृति अवलोकन* (समालोचनात्मक लेखहरू) प्रकाशित भएको छ। यस पुस्तकअन्तगर्गत 'दार्जिलिङ विषयक नेपाली कविताः केही सन्दर्भ र अवलोकन' शीर्षकमा दार्जिलिङको नेपाली कविता लेखन प्रवृत्तिबारे अध्ययन प्रस्तुत गरिएको छ। छेत्रीले दार्जिलिङबाट लेखिँदै आएका कविताहरूको विविध स्वर, शैली र प्रवृत्तिका आधारमा अध्ययन प्रस्तुत गरेका छन्। यसमा चियाबारी साहित्य, स्वअस्तित्वको खोज, विद्रोही स्वरमिश्रित आक्रोश, युगबोध, क्षेत्रीय प्राकृतिक सौन्दर्य, राजनीतिक उदासीनता जस्ता दृष्टिबाट अध्ययन गरेको पाइन्छ।

वीणा हाङ्गखिमको *कृति विमर्श* (समालोचना सङ्ग्रह) सन् २०१४ मा प्रकाशित भएको छ। यस पुस्तकमा 'कवि अगमसिंह गिरीका कवितामा अन्तर्निहित जातीय चेतना','स्वातन्त्र्योत्तर नेपाली कविताः स्वर एवम् प्रवृत्ति', 'दियालो'-का कविताहरूमा अन्तर्निहित काव्य-प्रवृत्ति' जस्ता शीर्षकमा अध्ययन प्रस्तुत गरिएको छ। गिरीका कवितामा प्रयुक्त जातीय भावनाको स्वरमाथि अध्ययन प्रस्तुत गरिएको छ। स्वातन्त्र्योत्तर भारतीय नेपाली कवितामा स्वच्छन्दतावाद, प्रगतिवाद, सङ्क्रमण, विचलन र किनारीकरण जस्ता लेखन प्रवृत्तिहरूबारे अध्ययन प्रस्तुत गरिएको छ। *दियालो* पत्रिकामा प्रकाशित विभिन्न कविताहरूमाथि सामाजिक यथार्थवाद, मानवतावाद, अस्तित्ववाद र प्रयोगवाद जस्ता प्रवृत्तिका आधारमा अध्ययन प्रस्तुत गरिएको छ।

सन् २०१४ मा घनश्याम नेपालको *विधा विविधा* प्रकाशित भएको छ। यस पुस्तकमा विभिन्न साहित्यिक अवधारणाहरूको अध्ययनसँगै भारतीय केही कविहरूका कवितात्मक प्रवृत्तिबारे अध्ययन प्रस्तुत गरिएको छ। उक्त पुस्तकमा कवि पुष्पलाल उपाध्याय, पवन चामलिङ 'किरण', विचन्द्र 'बाबू'-का कवितामा पाइने विभिन्न प्रवृत्ति र प्रयोगबारे अध्ययन गरिएको छ। पुष्पलाल उपाध्यायका कवितामा

प्रयुक्त राष्ट्रियताबोध, चामलिङका कवितामा प्रयुक्त मानवतावादी प्रवृत्ति र विचन्द्रका कवितामा पाइने भाषिक सरलता, सामाजिक यथार्थका विषय वस्तुमाथि भाषिक सौन्दर्य पक्षको अध्ययन प्रस्तुत गरिएको छ।

सन् २०१७ मा रूपेश शर्माको *सिर्जना* र *दृष्टि* (आलोचनात्मक लेखहरूको सँगालो) प्रकाशित भएको छ। उक्त पुस्तकमा शर्माले मार्क्सवादी विचारधारालाई आत्मसात् गरेर कविता सिर्जना गरिरहेका भारतीय नेपाली कविहरूका कविता, कथा र निम्बन्धमाथि अध्ययन प्रस्तुत गरेका छन्। दुईवटा खण्ड (क र ख)-मा सिर्जानात्मक कृत्ति र सैद्धान्तिक अवधारणाहरूबारे अध्ययन प्रस्तुत गरिएको छ। उक्त पुस्तकमा टीका 'भाइ'-को *पैतालातल्तिर* (सन् २०१२), राजा पुनियानीको *अर्को लश्कर* (सन् २०१३), वेगवसन्त थापाको *म टिस्टा बगिरहेछु* (सन् २००७), लेखनाथ छेत्रीको *अक्षर अनप्लग्ड* (सन् २०१५), रवि रोदनको *समय स्ट्रोक्स* (सन् २०१५), गणेश गजमेरको *गाउँलाई भनेर* (सन् २०१३), भीम ठटालको *जिद्दी बालक* (सन् २००६) कविता सङ्ग्रहहरूमा पाइने वर्ग सङघर्ष स्वरको अध्ययन प्रस्तुत गरिएको छ। प्रगतिवादी दृष्टिबाट उपर्युक्त कविता सङ्ग्रहहरूमा केन्द्रित वर्ग सङ्घर्ष, सामाजिक असमानता, युग चेतना, क्रान्तिकारी स्वर आदिको अध्ययन प्रस्तुत गरिएको छ।

कविता लामाको *कविता डिस्कोर्स* पुस्तक सन् २०१७ मा प्रकाशित भएको छ। उक्त पुस्तकमा समसामयिक विभिन्न अवधारणालाई कवितामा अभिव्यक्ति दिँदै आएका भारतीय कविहरू केवलचन्द्र लामा, रेमिका थापा, सुमन बान्तवा, भूपेन्द्र सुब्बा, कर्ण विरह आदिका कवितात्मक प्रवृत्तिमाथि अध्ययन गरिएको छ। उक्त पुस्तकअन्तर्गत लामाले उत्तरउपनिवेशले जन्माएको आन्तरिक उपनिवेशवाद, परिचय सङ्कट, किनारीकृत स्वर, दलित चेतना जस्ता विषयहरूलाई समावेश गरेर समसामयिक भारतीय नेपाली कविता लेखनमा देखापरेका प्रयोग एवम् प्रवृत्तिमाथि अध्ययन विश्लेषण गरेकी छन्।

कबीर बस्नेतको पठन र दृष्टि सन् २०१८ मा प्रकाशित भएको छ। यस पुस्तकअन्तर्गत बस्नेतले 'उत्तरआधुनिकतावादको सन्दर्भमा समकालीन नेपाली कविता', 'समकालीन भारतीय नेपाली कविताका प्रवृत्ति', 'समकालीन भारतीय नेपाली कवितामा गाउँ' जस्ता विषयबाट समकालीन भारतीय नेपाली कवितामा देखिएका नवीन प्रयोग, प्रवृत्तिबारे अध्ययन प्रस्तुत गरेका छन्। उपर्युक्त शीर्षकहरूमा समकालीन भारतीय नेपाली कवितामा देखिएका प्रगतिवाद, लोक चेतना, दलित चेतना, नारीवाद, जातीय भावना, देशप्रेमको भावना जस्ता प्रवृत्तिहरूको अध्ययन प्रस्तुत गरिएको छ। यिनै प्रवृत्तिलाई

लिएर लेख्ने मोहन ठकुरी, राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा, रेमिका थापा, वासुदेव पुलामी, कर्ण विरह, ज्ञानेन्द्र यक्सो प्रभृति कविहरूका कवितामाथि अध्ययन गरिएको छ। यस पुस्तकअन्तर्गत वैश्वीकरणका कारण राजनीतिक, सामाजिक क्षेत्रमा देखापरेको परिवर्तनले गाउँको प्रेम, सौहार्द, संस्कार, संस्कृति तथा ग्रामीण संवेदनामा घात भएको विषयलाई समकालीन कविताले प्रस्तुत गर्दै आएको विषयमाथि अध्ययन प्रस्तुत गरिएको छ।

सन् २०१८ मा सोनाम शेर्पाको *नेपाली कविताको आरेख* प्रकाशित भएको छ। उक्त पुस्तकअन्तर्गत 'दार्जिलिङका कवितामा जातीय चेतनाको उन्मेष' विषयमाथि जातीय चेतनालाई कवितामा अभिव्यक्ति गर्ने कविहरूमा अगमसिंह गिरी, विकास गोतामे, प्रेम शेर्पा 'विरोकी'-का कविताको अध्ययन प्रस्तुत गरिएको छ।

सुदर्शन श्रेष्ठका सम्पादनमा वि सं २०७५ मा *भारतीय नेपाली समालोचना* पुस्तक प्रकाशित भएको छ। यस पुस्तकअन्तर्गत कुमार प्रधानको 'अगमसिहं गिरीका कवितामा जातीय भावना', गोकुल सिन्हाको 'भारतमा नेपाली कविता परम्पराको प्राथमिक पर्व', नरेशचन्द्र खातीको 'समसामयिक नेपाली गद्य कविता अनि दार्जिलिङे सन्दर्भ', जय 'क्याक्टस'-को 'भारतीय नेपाली नारी कविताकारहरू' लेख प्रकाशित छन्। उपर्युक्त लेखमा प्रधानले गिरीका कवितामा प्रयुक्त जातीय भावना नेपालका नेपाली नभएर भारतीय नेपालीको मर्म हो भनेका छन्। भारतीय नेपाली कवितामा जातीयतालाई आत्मसात् गरेर जातिको चिन्ता, पीडा, शोषणलाई बुझेर गिरीले भारतीय नेपाली जातिले भारतमा आफ्नो बलियो परिचयको स्थापना गर्नुपर्ने आह्वान गरेको उल्लेख गरिएको छ। गोकुल सिन्हाले भारतीय नेपाली कविताको परम्परालाई केलाउँदै आयामिक लेखनपूर्व कवितामा देखा परेका विभिन्न प्रवृत्तिको सङ्क्षिप्त अध्ययन गरेका छन्। नरेशचन्द्र खातीले दार्जिलिङको विभिन्न सामाजिक, राजनीतिक परिस्थितिका कारण कवितामा देखिएका यसको प्रभावबारे चर्चा गरेका छन्। जय 'क्याक्टस'ले भारतीय नेपाली कविताको कालक्रमिक विकासका आधारमा विभिन्न नारी कविहरूका कवितामा पाइने प्रवृत्ति र प्रयोगबारे सङ्क्षिप्त अध्ययन गरेका छन्।

सन् २०२० मा पेम्पा तामङको *विचार अनि विवेचना* पुस्तक प्रकाशित भएको पाइन्छ। यस पुस्तकअन्तर्गत तामङले नारीवाद, लिला लेखन, सबाल्टर्न, दलितवाद, विनिर्माणवाद जस्ता साहित्यक अवधारणाहरूको चर्चा गर्दै पवन चामलिङ र शोभाकान्ति थेगिमका कवितात्मक प्रवृत्तिमाथि अध्ययन

प्रस्तुत गरेका छन्। थेगिमका कवितामा पाइने बौद्धिकता, राजनीतिक चेतना, राष्ट्रभक्ति, क्रान्तिकारी स्वरमाथि अध्ययन प्रस्तुत छ। चामलिङका कवितामा स्वच्छन्दतावादी भाव, जातीय भावना, देशप्रेम, प्रगतिवादी स्वर रहेको कुरालाई यस पुस्तकमा चर्चा गरिएको छ।

सन् २०२० मा सुमन बान्तवाको *तात्पर्य* पुस्तक प्रकाशित भएको देखिन्छ। उक्त पुस्तकमा 'समकालीन भारतीय नेपाली कविताः एक अध्ययन', 'अगमसिंह गिरीका कवितामा उत्तरआधुनिक सन्दर्भ', 'समकालीन नेपाली कवितामा किरातेली मिथकको प्रयोगः सरल वाचन', 'गाउँ विषयक नेपाली कविताः एक अध्ययन', 'गुमानसिंह चामलिङका कविताको लोकतात्विक अध्ययन', 'चियाबारी कविताको उत्तरउपनिवेशवादी अध्ययन' जस्ता शीर्षकमा भारतीय नेपाली कवितामा देखिएका विभिन्न आयाम तथा प्रवृत्तिमाथि अध्ययन प्रस्तुत गरिएको छ। अगमसिंह गिरीका कवितालाई उत्तरआधुनिक दृष्टिबाट अध्ययन गर्नका साथै समकालीन भारतीय नेपाली कवितामा देखिएका विभिन्न प्रयोग प्रवृत्तिको अध्ययन गर्दै कवितामा प्रयुक्त आन्तरिक उपनिवेशवादी स्वरहरूमाथि पनि अध्ययन प्रस्तुत गरेका छन्।

सन् २०२१ मा निमा शेर्पाको *आस्वादन अध्ययन* प्रकाशित भएको देखिन्छ। यसमा शेर्पाले जीवन थिङ, राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा, वासुदेव पुलामी, सन्तोष आले, पवित्र लामा, मिलन बान्तवा आदि कविहरूका काव्य प्रवृत्तिमाथि अध्ययन गरेका छन्। जीवन थिङको 'वल्लभ दाई! तपाईँभन्दा म धेरै अभागी', राजेन्द्र भण्डारीको 'बेरोजगार युवाको आइडेन्टिटी कार्ड', मनप्रसाद सुब्बाको 'म कहिले बुद्ध हुनु?' कविताहरू अनि वासुदेव पुलामीको *उज्यालोको आँखा*, सन्तोष आलेको *कञ्याङकुरूङको आकाश*, पवित्र लामाको *सभ्याताको पेण्डुलम*, मिलन बान्तवाको *गाउँ र शहर* जस्ता कविता सङ्ग्रहमा प्रयुक्त प्रयोग र लेखन प्रवृत्तिमाथि अध्ययन प्रस्तुत गरिएको छ।

नवीन पौड्यालका सम्पादनमा *कविता विचरणः राजेन्द्र भण्डारीका कविताको अध्ययन* (नभेम्बर, सन् २०२१) प्रकाशित भएको छ। यस पुस्तकमा विभिन्न लेखकहरूले भण्डारीका कविताबारे विभिन्न दृष्टिबाट अध्ययन गरेका छन्। यसमा देवचन्द्र सुब्बाको 'आपद्धर्म कविता इतिहासको बाडुली र राष्ट्रवादी स्वर' लेख प्रकाशित छ। सुब्बाले भण्डारीका कवितामा जातीय इतिहास, राष्ट्रिय परिचय तथा भारतीयता भाव रहेको उल्लेख गरेका छन्। भारतीय नेपाली जातिको इतिहास भारतसित जोडिएको सन्दर्भलाई स्पष्ट पार्दै सुब्बाले भण्डारीका कवितामा राष्ट्रिय परिचयको स्वर प्रबल रूपमा रहेको अध्ययन प्रस्तुत गरेका छन्।

देवचन्द्र सुब्बाकृत *नेपाली कवितामा परिवेश* नामक पुस्तक सन् २०२१ मा प्रकाशित भएको पाइन्छ। यस पुस्तकमा सुब्बाले परिवेश विमर्शको अवधारणाबारे चर्चा गर्दै नेपाली कविता काव्यमा प्रयुक्त परिवेश चिन्तनबारे अध्ययन प्रस्तुत गरेका छन्। लेखनाथ पौड्यालको *ऋतुविचार* (सन् १९१६)-मा परिवेश दर्शन, हरित आध्यात्मिकता, मोहन कोइरालाको *ऋतु निमन्त्रण* (सन् १९८३)-मा पारिस्थितिकी, गाया अनुकल्पना, मनप्रसाद सुब्बाको *ऋतु-क्यान्भसमा रेखाहरू* (सन् २००१)-मा सांस्कृतिक पारिस्थितिकी र परिवेश नारीवादमाथी गहन अध्ययन प्रस्तुत गरिएको छ। उक्त पुस्तकमा सुब्बाले नेपाली कवितामा प्रयुक्त परिवेश चिन्तन तथा दर्शनलाई परिवेश विमर्शको सैद्धान्तिक अवधारणाका आधारबाट अध्ययन गरेका छन्।

**पत्र-पत्रिकाका आधारमा**

पद्मधर पौड्यालका सम्पादनमा सन् २०१० मा *हाम्रो ध्वनि* (वर्षः४, पूर्णाङ्कः २८६) पत्रिका प्रकाशित छ। उक्त पत्रिकामा रेमिका थापाको 'भारतीय नेपाली कविताको विकास र प्रवृत्ति' लेखमा भारतीय नेपाली कविताको विकास परम्परा केलाउँदै सङ्क्षिप्त रूपमा प्रवृत्तिगत अध्ययन प्रस्तुत गरिएको छ। थापाले भारतीय नेपाली कवितामा कालक्रमिक रूपमा देखापरेका आयामिक, प्रगतिवाद, किनारीकृत आदि प्रवृत्तिमाथि अध्ययन गरेकी छन्।

जस योञ्जन 'प्यासी'-का सम्पादनमा सन् २०११ मा *सन्दर्भ* (समीक्षा एवम् शोधोन्मुख नेपाली सामयिक अङ्कः१, वर्षः १) प्रकाशित भएको पाइन्छ। यसमा जस योञ्जन 'प्यासी'-को 'मनप्रसाद सुब्बाका कविता यात्रा र कविता प्रवृत्ति', सोनाम शेर्पाको 'नेपाली कवितामा वीरधाराको समाप्ति र भक्ति धाराको थालनीका कारणहरू' शीर्षकअन्तर्गत मनप्रसाद सुब्बाको कवितामा पाइने लोक विम्ब, परिवेश चेतना जस्ता प्रवृत्तिका आधारमा अध्ययन प्रस्तुत गरिएका छन्। उक्त पत्रिकामा सोनाम शेर्पाले नेपाली कवितामा वीरधारापछि देखापरेको भक्तिधाराका विभिन्न सामाजिक, राजनीतिक कारणबारे अध्ययन प्रस्तुत गरेका छन्।

पारसमणि दङ्गाल र अन्यद्वारा सम्पादित *भानु स्मारिका* (२०१४)-मा दिवाकर प्रधानको 'नेपाली कवितामा भारतीयता' लेख प्रकाशित छ। यस लेखमा प्रधानले प्राचीन भारतीय सभ्यताको

प्रभाव नेपाली साहित्यमा रहेको चर्चा गर्दै नेपाली साहित्यमा प्राचीन भारतीय सभ्यता, ज्ञान, दर्शनको विस्तृत प्रभाव र प्रयोग रहेको छ भनेका छन्।

कविता लामाको सम्पादनमा सन् २०१६ मा *अनुसन्धान* (शोधमूलक अर्द्धवार्षिक जर्नल, वर्षः १, अङ्कः १) प्रकाशित भएको देखिन्छ। यसअन्तर्गत सञ्जय राईको 'नेपाली कविता परम्परामा *खस्नै लागेको उज्यालोमाः* एक अध्ययन', सुमन बान्तवाको 'चियाबारीको उत्तरऔपनिवेशिक साहित्य सन्दर्भ र नेपाली कविता'लेखहरू प्रकाशित भएका छन्। राईले ज्ञानेन्द्र खतिवडाको *खस्ने लागेको उज्यालोमा* (सन् १९९५) कविता सङ्ग्रहका कविताहरूमा व्यङ्ग्योक्ति, विम्बका चित्रावली, प्रतीक र मिथकको सामाजिकीकरण, वास्तवता र सार्वभौमिकताको आद्यचारित्रीकरण जस्ता विशेषता रहेको अध्ययन प्रस्तुत गरेका छन्। बान्तवाले भारतीय नेपाली कवितामा उत्तरउपनिवेशवादी चेतनाको अध्ययन गर्दै दार्जिलिङका चियाबारीमाथि लेखिएका कविताबारे अध्ययन प्रस्तुत गरेका छन्। यसमा आन्तरिक उपनिवेशवाद, सबाल्टर्न जस्ता स्वरहरू चियाबारीसम्बन्धी कविताहरूमा पाइने अध्ययन प्रस्तुत गरिएको छ।

**शोधप्रबन्धका आधारमा**

सन् १९९६ मा जीवन नामदुङले *अगमसिंह गिरीका कविताको अध्ययन र विश्लेषण* शीर्षकमा विद्यावारिधि शोधप्रबन्ध लेखेका छन्। त्रिभूवन विश्वविद्यालयबाट उपाधि प्राप्त यस शोध अध्ययनमा नामदुङले गिरीका कवितामा प्रयुक्त स्वच्छन्दतावादी धारा, जातीय भावना, सामाजिक जीवनको यथार्थता जस्ता दृष्टिबाट अध्ययन प्रस्तुत गरेका छन्।

सुमन बान्तवाले *समकालीन नेपाली कवितामा मिथकको अध्ययन* (सन् २०१८) विषयमा विद्यावारिधि शोधप्रबन्ध लेखेका छन्। सिक्किम विश्वविद्यालयबाट उपाधि प्राप्त यस शोध अध्ययनमा समकालीन कवितामा मिथकको प्रयोगबारे अध्ययन गरेका छन्। युद्धवीर राणा, गुमानसिंह चामलिङ, शरद् छेत्री, मनप्रसाद सुब्बा, नोर्जाङ स्याङदेन, जीवन थिङ र राजेन्द्र भण्डारीका कवितामा प्रयुक्त मिथकबारे विस्तृत अध्ययन अनुसन्धान गरेका छन्।

## १.६ शोधविधि

### १.६.१ अध्ययन विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत शोधप्रबन्ध निगमनात्मक शोधविधिका आधारमा गरिएको छ। यसअन्तर्गत शोध अध्ययनका निम्ति विश्लेषणात्मक पद्धति ग्रहण गरिएको छ। शोधप्रबन्धमा प्रयुक्त भाषा एवम् व्याकरणका निम्ति *नेपाली लेखन शैली* (सन्२०११)-लाई आधार मानिएको छ। पादटिप्पणी तथा सन्दर्भ लेखनमा उक्त पुस्तक अतिरिक्त चूडामणि बन्धुको *अनुसन्धान तथा प्रतिवेदन लेखन* (सन् २०१३)-लाई पनि आधार मानिएको छ। सिक्किम विश्वविद्यालयद्वारा जारी नियमावलीलाई पनि विशेष ध्यानमा राखेर प्रस्तुत शोध कार्य पुरा गरिएको छ।

### १.६.२ तथ्य सङ्कलन विधि

प्रस्तुत शोधप्रबन्धमा तथ्याङ्क र अन्य शोधसम्बन्धी आवश्यक सामग्रीहरू द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ। द्वितीय स्रोतअन्तर्गत पुस्तकालय अध्ययनद्वारा सामग्री सङ्कलन गरिने क्रममा सिक्किम विश्वविद्यालयको केन्द्रीय पुस्तकालय अनि सिक्किम राज्यको केन्द्रीय पुस्तकालय अतिरिक्त सिक्किम विश्वविद्यालय नेपाली विभागको पुस्तकालयलाई प्रयोग गरिएको छ। नेपाली विभागका प्राध्यापकहरूबाट प्राप्त पुस्तकहरू, पत्र-पत्रिका आदिलाई पनि यस शोधलेखनमा उपयोग गरिएको छ। द्वितीय स्रोतअन्तर्गत विद्युतीय माध्यम, इन्टरनेट तथा वेवसाइटहरूबाट प्राप्त शोधसम्बन्धी आवश्यक सामग्रीलाई पनि सङ्कलन गरी उपयोग गरिएको छ।

## १.७ शोधको औचित्य

भारतीय नेपाली कवितामाथि विभिन्न दृष्टि तथा सैद्धान्तिक अवधारणाहरूका आधारबाट अध्ययन भएको पाइन्छ। राष्ट्रिय चेतनाका दृष्टिबाट भारतीय नेपाली कविताको अध्ययन भएको थाहा लाग्दैन। तसर्थ भारतीय नेपाली कवितामा राष्ट्रिय चेतनाको खोजी गर्नु शोधको औचित्य रहेको छ।

## १.८ शोधको सीमाङ्कन

राष्ट्रिय चेतनाका दृष्टिले भारतीय नेपाली कविहरूद्वारा लिखित कविताहरू यस शोधका अध्ययन सीमाभित्र पर्छन्। सन् १९१६ देखि सन् २०२१ सम्मका नेपाली कवितालाई यहाँ अध्ययन क्षेत्रभित्र राखिनाका साथै यी कविताहरूलाई राष्ट्रिय चेतनाका दृष्टिले दुईवटा काल खण्ड स्वतन्त्रतापूर्व र स्वातन्त्र्योत्तर नेपाली कविता गरी अध्ययन गरिएको छ।

## १.९ शोध प्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्ध "भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना" विषयक अध्ययन विश्लेषण गरिएको छ। पहिलो अध्यायमा शोधको परिचय रहेको छ। शोधमा मुख्यतः चारवटा समस्याहरू राखिएका छन्। जसअन्तर्गत नेपाली कवितामा भारतीयताको अवधारणालाई कसरी बुझ्न सकिन्छ? भारतमा लेखिएका कविताहरूमा राष्ट्रिय चेतना भित्रिनाका कारणहरू के के हुन्?, राष्ट्रिय चेतनाको अभिव्यक्ति कसरी भएको छ? अनि नेपाली कवितामा अभिव्यक्त राष्ट्रिय चेतनाले भारतीय नेपाली जातिले भोगिरहेको राष्ट्रिय परिचयको सङ्कटलाई कसरी सम्बोधन गरिएको छ? यी समस्याका समाधानार्थ शोधका उद्देश्यहरूले भातीयताको अवधारणालाई बुझ्दै राष्ट्रिय चेतना भित्रिनाका विविध कारणहरू सामाजिक, राजनीतिक तथा जातीय पृष्ठभूमिलाई केलाउनु हो। यसका साथै राष्ट्रिय चेतनाका प्रकारहरूका आधारमा भारतीय नेपाली कवितामा अभिव्यक्ति राष्ट्रिय चेतनाले जातरीय र राष्ट्रिय परिचयको सङ्कटलाई सम्बोधन गर्ने प्रयासहरूको विश्लेषण गर्नु। यसको शोधविधि  निगमनात्मक तथा विश्लेषण पद्धति रहेको छ। पूर्वकार्यको समीक्षालाई विविध आधारमा अध्ययन प्रस्तुत गरिएको छ। यस शोध अध्ययनलाई पाँचवटा अध्यायमा विभाजन गरिएको छ। विद्यावारिधि उपाधि प्राप्ति हेतु यो शोध गरिएको भए पनि भारतीय नेपाली कवितामा प्रस्तुत विषयको अनुसन्धान हुन पनि उत्तिकै औचित्यपूर्ण रहेको देखिन्छ। यस शोधको सीमाङ्कन सन् १९१६- २०२१ सम्म प्रकाशित नेपाली कविताहरू हुन्।

दोस्रो अध्यायमा शोधप्रबन्धको सैद्धान्तिक अध्ययन प्रस्तुत छ। यसमा राष्ट्रिय चेतनाको अवधारणा र विकास परम्परामाथि अध्ययन प्रस्तुत गरिएको छ। यसमा "राष्ट्रिय चेतनाको परिचयात्मक पृष्ठभूमि" मूल उपशीर्षक रहेको छ। "राष्ट्रको अर्थ र परिभाषा", "राष्ट्रवादको परिभाषा र स्वरूप",

“राष्ट्रिय चेतनाको अवधारणा”, “राष्ट्रवाद र राष्ट्रिय चेतनाको विकास परम्परा”, “भारतीय सन्दर्भमा राष्ट्रिय चेतनाको अवधारणा” जस्ता उपशीर्षकहरूबारे विस्तृत अध्ययन गरिएको छ। वैश्वीकरण र राष्ट्रिय चेतनामाथि पनि यस अध्यायमा प्रकाश पारिएको छ। राष्ट्रिय चेतनाका विभिन्न प्रकारलाई यस अध्यायमा विभिन्न उपशीर्षकअन्तर्गत अध्ययन प्रस्तुत गरिएको छ।

तेस्रो अध्यायमा “भारतीय नेपाली साहित्यमा भारतीयता र राष्ट्रिय चेतना” मूल शीर्षक रहेको छ। यसका उपशीर्षकहरूमा “भारतीयताको परिचय”, “भारतीय साहित्यको अवधारणा”, “भारतीय साहित्यमा भारतीयता र राष्ट्रिय चेतना”, “नेपाली साहित्यमा भारतीयता”, “भारतीय नेपाली कवितामा राष्ट्रिय चेतनाको विकासः सङ्क्षिप्त पृष्ठभूमि” माथि विशेष रूपले अध्ययन गरिएको छ।

चौथो अध्याय शोधप्रबन्धको अर्को प्रमुख अध्याय हो। यसमा “राष्ट्रिय चेतनाका दृष्टिले भारतीय नेपाली कविताको अध्ययन” मूल शीर्षक रहेको छ। यसअन्तर्गत ‘स्वतन्त्रतापूर्व भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना’ र ‘स्वातन्त्र्योत्तर कालका भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना’ गरी दुईवटा कालखण्डमा भारतीय कविताको लेखनमा राष्ट्रिय चेतनाको प्रयोगलाई हेर्ने प्रयास गरिएको छ। उक्त दुईवटा उपशीर्षकमा भारतीय नेपाली कवितामा प्रयुक्त राष्ट्रिय चेतनाका विभिन्न प्रकारहरूलाई आधार गरी यसको अध्ययन-विश्लेषण गरिएको छ।

शोधप्रबन्धको पाँचौँ अध्यायमा उपसंहार र निष्कर्ष राखिएको छ।

## १.१० भावी शोधकर्तालाई सुझाउ

भारतीय नेपाली कवितामा विभिन्न प्रवृत्तिहरूको प्रयोग भएको पाइन्छ। तीमध्ये राष्ट्रिय चेतना एउटा हो। प्रस्तुत शोधप्रबन्धको विषय नै “भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना” रहेको छ। भावी शोधकर्तालाई निम्न विषयहरूमा शोध अध्ययन गर्न सकिने सुझाउ राखिन्छ-

१. संरचनात्मक अध्ययनका दृष्टिले भारतीय नेपाली कविता
२. भारतीय नेपाली कवितामा प्रतीक र विम्बको प्रयोग
३. भारतीय नेपाली कविताको शैलीवैज्ञानिक अध्ययन
४.भारतीय नेपाली कविता र नेपाली भाषिका

# दोस्रो अध्याय

# राष्ट्रिय चेतनाको परिचयात्मक पृष्ठभूमि

## २.१ राष्ट्रको अर्थ र परिभाषा

उत्तरउपनिवेशवादी अध्ययनले राष्ट्र, राष्ट्रियता अनि राष्ट्रवादलाई औपनिवेशिक परिस्थितिबाट विकसित आधुनिक अवधारणाका रूपमा चर्चा गर्दै आएको छ। यसले राजनीति विज्ञान, समाजशास्त्रीय र अर्थशास्त्रीय दृष्टिकोणबाट राष्ट्र, राष्ट्रियता, राष्ट्रिय चेतनाको बृहत् अध्ययन केन्द्रलाई प्राथमिकता दिँदै आएको छ। बौद्धिक रूपमा विभिन्न विषयगत अध्ययनका आधारमा 'राष्ट्र' विषय अध्ययन भइरहेको छ। मानवशास्त्र, समाजशास्त्र अनि साहित्यमा परिचय सङ्कट, डायस्पोरा, शरणार्थीजस्ता विषयमाथिको वर्तमान अध्ययनले राष्ट्र, राष्ट्रवाद, राष्ट्रियतालाई अझ व्यापकता दिन थालेको देखिन्छ। यसमा राष्ट्रियता, राष्ट्रिय नागरिक अधिकार अनि राष्ट्रिय परिचय केन्द्रीय विषय बनेका छन्। राष्ट्रवाद विभिन्न आयाममा विभिन्न नयाँ अध्ययनसँग जोडिँदै आएको पाइन्छ भने आधुनिक अध्ययनले यसका अनकौँ अवधारणाहरूमाथि चर्चा गर्दै आइरहेको छ।

राष्ट्र शब्दको अङ्ग्रेजी पर्याय 'नेसन' हो। ल्याटिन भाषाको 'नेसियो' शब्दबाट अङ्ग्रेजी 'नेसन' शब्दको व्युत्पत्ति भएको हो। ल्याटिनको 'नेसियो' शब्दको अर्थ जन्म वा जाति भन्ने हुन्छ। यसलाई जन्मका आधारमा एउटै समूहमा बसोबासो गर्ने जाति भन्ने अर्थमा पनि बुझिन्छ।[१] सामान्य अर्थमा राष्ट्र भन्नाले जन वा भूमि हो। *प्रयोगात्मक नेपाली शब्दकोश*अनुसार- १. जनता, सम्प्रभुता र सरकार भएको पृथ्वीको खास क्षेत्र वा भूभाग, देश, मुलुक, राज्य २. खास किसिमको जातित्व वा सांस्कृतिक विशिष्टता भएको जन समुदाय ३. भावनात्मक एकताको सूत्रमा आबद्ध कुनै मुलुक।[२] सिद्धान्तका आधारमा राष्ट्रलाई एउटा सामाजिक अनि राजनीतिक सङ्गठनको व्यवस्थित रूप मानिन्छ। राष्ट्रले एउटा भौगोलिक सीमाभित्रको बहुजातिका भाषिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक समानतालाई

---

[१] ओमुट ओजकिरिमली, सन् २००५, *कन्टेमपोररी डिबेट्स अन नायसनलिज्म*, न्यु योर्कः पलग्रेभ म्याकमिलन, पृ. १३

[२] हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई (सम्पा), वि. सं २०७४, *प्रयोगात्मक नेपाली शब्दकोश*, काठमाडौँ: विद्यार्थी प्रकाशन प्रा. लि. पृ. १२०९

बुझाउँछ। यस अर्थमा राष्ट्रले एउटा देशको सांस्कृतिक, भाषिक, राजनीतिक तथा धार्मिक एकताको समष्टिगत भावनालाई बोध गराउँछ।

आधुनिक समयमा आएर नयाँ समाजशास्त्रीय अध्ययनबाट सन् १९६०को दशकदेखि अर्नेस्ट गेलनर, बेन्जामिन अक्जिम, बेनेडिक्टएन्डरसन, वालकर कोनर, जोन हडसन, एन्थोनी डी स्मिथ, इरिक हब्सबोन, अर्नेस्ट रेनन् आदिले राष्ट्र र राष्ट्रवादको विस्तृत अध्ययनलाई अघि ल्याएका हुन्।[३] राष्ट्रको अवधारणा अठाह्रौँ शताब्दीदेखि विस्तृत रूपले विकसित हुँदै आएको पाइन्छ। साहित्यमा राष्ट्र र राष्ट्रवादको चर्चा सर्वप्रथम सन् १७८९ मा भएको हो।[४] पिटर अल्टरले सन् १७७४ मा जोन गोटफ्रिड हेडरका लेखहरूमा राष्ट्र अनि राष्ट्रवाद शब्दको प्रयोग तथा विश्लेषण भएको दाबी गरेका छन्।[५] सन् १७७० देखि राष्ट्र, राष्ट्रवाद, राष्ट्रिय चेतना शब्दमाथि चर्चा हुन थालेको थाहा लाग्छ। यसरी नै राष्ट्र शब्दको अवधारणा विभिन्न ज्ञानानुशासनमा प्रस्तुत हुँदै आइरहेको छ। राष्ट्र र राष्ट्रवादको अवधारणा उन्नाइसौँ शताब्दीदेखि राजनीति तथा समाजशास्त्रीय सङ्कथनका रूपमा विस्तृत चर्चा हुँदै आएको छ भन्ने विचार एन्थोनी डी स्मिथले राखेका छन्।[६] यसै सन्दर्भमा अर्नेस्ट रेननले राष्ट्रलाई विस्तृत सामूहिकता मान्दछन्। उनीअनुसार राष्ट्र भनेको एउटा ठुलो एकता हो, जसको अस्तित्व जनसमूहको दैनिक निष्ठामा निहित हुन्छ।[७] भाषा, जाति, धर्म, संस्कृति, भौगोलिक सीमाजस्ता केही आधारभूत तत्त्वहरूका आधारमा राष्ट्रले आफ्नो परिचय दिएको हुन्छ।

राष्ट्रलाई देशको पर्यायका रूपमा पनि हेरिन्छ। देश र राष्ट्रको अवधारणाबिच मूलभूत भिन्नता रहेको हुन्छ। देशको भौगोलिक सीमाभित्र रहेका बहुजाति, बहुसंस्कृति, बहुधर्म तथा ऐतिहासिक सभ्यताद्वारा एउटा राष्ट्र निर्माण हुन्छ। देश भौगोलिक, सामाजिक, धार्मिक आदि विषयद्वारा निर्मित व्यवस्था हो भने राष्ट्रको अवधारणा नितान्त भावनात्मक हुन्छ। यसमा राजनीति, धर्म, समाज आदि विषयहरू रहेका हुन्छन्। राष्ट्र देशको आत्मा हो भने देश शरीर हो। देशको रूप भौतिक हुन्छ, दृश्यमान हुन्छ, स्थूल हुन्छ भने राष्ट्र अदृश्य अनि सूक्ष्म हुन्छ, जो मानसिक स्थितिमा रहेको हुनाका साथै

---

[३] जी एलोइसियस, सन् १९९७,*नायसनलिज्म ह्विदाउट ए नेसन इन इन्डिया*, न्यु दिल्लीः अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ.१०

[४] उही, पृ. १४

[५] उही, पृ. १४

[६] एन्थोनी डी स्मिथ, सन् १९९८, *नायसनलिज्म एन्ड मोर्डनिज्म*, लन्डनः रुटलेज, न्यु फिटर लेन, पृ.९

[७] अर्नेस्ट रेनन, सन् १८८२, *वाट इज नेसन*, (अनु), इथेन रून्डेल, पेरिसः प्रेसेस पकेट, पृ. २

भावनात्मक हुन्छ। देश सभ्यता हो भने राष्ट्र यसको संस्कृति हो। देशको गौरव, सम्मान र देशलाई एकसूत्रमा बाँध्ने विभिन्न धार्मिक, सांस्कृतिक, राजनीतिक परम्परा एवम् देशको समृद्धि अनि कला साहित्यको एकरूपतालाई नै 'राष्ट्र' अर्थमा लिन सकिन्छ।

पूर्वमा 'राष्ट्र' शब्दको प्रयोग वैदिक कालदेखि नै हुँदै आएको देखिन्छ। वैदिक ग्रन्थमा भारत राष्ट्रको अवधारणालाई यसरी स्पष्ट गरिएको पाइन्छ-

श्रेष्ठ यविष्ट भारताग्ने दयुमान्तमा भर ।
वसो पुरुस्पृहं रयिम्।।

-ऋग्वेद, २-७-१

अर्थात् भारत श्रेष्ठ ज्ञान र ऊर्जाशील देश हो। यो अग्निसमान तेजस्वी छ, यहाँका देशवासी सधैँ भारत राष्ट्रको कल्याण र हितमा रहुन्। राष्ट्रको सम्मान र विकासमा त्यस राष्ट्रको परम्परा, सभ्यता अनि संस्कृतिलाई सधैँ देशवासीले बँचाएको हुनुपर्छ। राष्ट्रको सम्बन्ध जन वा भूमिसँग जोडिएका हुनाले यसलाई जन वा भूमिको पर्यायका रूपमा पनि हेरिएको पाइन्छ। वायुपुराणमा भारत राष्ट्रलाई भौगोलिक आधारमा चर्चा गरिएको छ-

उत्तरे यत्समुद्रस्य हिमाद्रेश्चैय दक्षिणम्।
वर्ष तद्भारतमं नाम भारती यत्र सन्ततीः।[८]

अर्थात् समुद्रको उत्तर र हिमालय पर्वतदेखि दक्षिणमा अवस्थित भारत हो र त्यहाँका बाँसिन्दा भारतीय हुन्। राष्ट्रको सैद्धान्तिक अवधारणाको जन्म हुनुभन्दा धैरै अघि वैदिक ग्रन्थहरूमा देशको भौगोलिकता र जनसमूहका आधारमा राष्ट्रलाई व्याख्या गर्ने प्रयास भएको छ। यही सन्दर्भमा *अन् नेसनलनिज्म*-मा रोमिला थापरले राष्ट्रको अवधारणाको विकास हुनभन्दा अघिबाट कुनै भौगोलिक क्षेत्रका मानिसहरू जो उनीहरूका जीवनशैलीद्वारा सङ्गठित हुन्छन् वास्तवमा त्यहाँबाटै राष्ट्रको सैद्धान्तिक अवधारणा विकास हुन्छ भन्ने विचार राखेकी छन्।[९]

बेनेडिक्ट एन्डरसनले *इम्याजिन कम्युनिटिसः रिफल्याक्सन अन दि ओरिजन एन्ड स्प्रिड अव् नेसनलिज्म* (सन् १९८३)-मा राष्ट्रलाई काल्पनिक अवधारणा मानेका छन्। एउटा राष्ट्रमा बस्ने

[८] लक्ष्मीकान्त पाण्डेय र प्रमिला अवस्थी, सन् २०१६, *भारतीय साहित्य*, इलाहावादः लोक भारती प्रकाशन, पृ. ४७१

[९] रोमिला थापर, सन् २०१६, *अन् नायसनलिज्म*, न्यु दिल्लीः अलेप बुक्स कम्पनी, पृ. ३

जनसमूहमा एकाअर्काबिचको व्यक्तिगत परिचय हुँदैन, न परस्पर सम्बन्ध नै सम्भव हुन्छ। ती देशवासीका चेतनामा एउटै राष्ट्रियताका कारण एकाअर्कासँग आत्मीय सम्बन्ध हुन्छ। यस अर्थमा राष्ट्र एउटा काल्पनिक अवधारणा हो।[१०] एन्डरसनअनुसार राष्ट्रलाई एउटा काल्पनिक समुदाय मान्न सकिन्छ, जसको सीमा अनि सम्प्रभुतालाई अनुमानित रूपमा स्वीकार गरिन्छ। एन्डरसनको यस परिभाषाले राष्ट्रलाई मनौवैज्ञानिक आधारमा जनसमूहमा रहने राष्ट्रप्रतिको काल्पनिक चेतनालाई महत्त्व दिएको छ।

*नेस्नलिस्ट थट एन्ड दि कोलोनियल वर्ल्ड*- मा पार्थ च्याटर्जीले राष्ट्र युरोपेली पुनर्जागरणकालपछि विकसित सामाजिक चेतना हो र यसैका आधारमा राष्ट्रवादको विभिन्न अवधारणाहरू विकसित भएको विचार राखेका छन्।[११] च्याटर्जीअनुसार राष्ट्रको अवधारणाको विकास युरोपेली पुनर्जागरण अनि सुधारवादी आन्दोलनको परिणामस्वरूप भएको देखिन्छ। अर्नेस्ट गेलनरले राष्ट्रलाई जनमानसमा रहने चेतनाको पारम्परिक तथा काल्पनिक आधारमा यसरी व्याख्या गरेका छन्- "राष्ट्रको कल्पना प्रत्यक्ष तथा अपरिहार्य रूपमा सामाजिक सभ्यताको विकासबाटै उत्पन्न हुने चेतना हो, जसले एउटा राष्ट्रको गौरवलाई अनुभूत गर्दछ।"[१२] गेलनरको विचारलाई सहमति जनाउँदै हंस कोनले राष्ट्रलाई सामूहिक चेतनाका आधारमा राष्ट्रिय चेतना उत्पन्न हुन्छ भन्दै यसलाई सामूहिक चेतनाको मनोविज्ञान मानेका छन्।

राष्ट्र स्वतः स्थापित हुने चेतना होइन, यो देशको परम्परासँगै सांस्कृतिक सञ्जालबाट हुर्किएको मानवीयचेतनाको उपज हो भन्ने एन्डरसनको वक्तव्यमाथि राष्ट्रको अवधारणा सामूहिक चेतना मात्र नभएर मानव समाजको, सम्प्रदायको परिचय पनि हो भन्ने गेलनरको तर्क रहेको छ। गेलनरको विचारअनुसार देशको संस्कृति र मानव परिचयलाई राष्ट्रले बोध गराउँदछ।[१३] इरिक हब्सबोनले एउटा भौगोलिक क्षेत्रको समान राजनीतिक अधिकारको उपभोग गर्ने जनसाधरणका आधारमा राष्ट्र निर्माण हुन्छ भन्ने विचार राखेका छन्। हब्सबोनले अमेरिकेली अनि फ्रान्सेली क्रान्तिका समर्थनमा एउटा नागरिक सङ्गठनको समृद्ध अनि स्वतन्त्र जीवनशैलीलाई राष्ट्र मानेका छन्।[१४] राष्ट्रप्रति हब्सबोनको

---

[१०] बेनेडिक्ट एन्डरसन, सन् २०१५, *इम्याजिन कम्युनिटिस,*(भा संस्क),जयपुरः रावत पब्लिकेसन इन्डिया, पृ. ७

[११] पार्थ चेटर्जी, सन् १९८६, *नेसनललिस्ट थट एन्ड दि कोलोनियल वल्ड*, मिन्निसोटाः युनिभर्सिटी अव् मिन्निसोटा प्रेस, पृ. २

[१२] आशिष नन्दी, सन् २००५, *राष्ट्रवाद बनाम देशभक्ति*, नई दिल्ली: वाणी प्रकाशन, पृ. १३८

[१३] अर्नेस्ट गेलनर, सन् १९८३, *नेसन एन्ड नायसनलिज्म*, अक्सफोर्डः ब्ल्याकवेल पब्लिसर्स, पृ. ७

[१४] इरिक हब्सबोन, सन् १९९२, *नेसन एन्ड नायसनलिज्म सिन्स् १८७०*, क्याम्ब्रिजः क्याम्ब्रिज युनिभर्सिटी प्रेस, पृ. १९

विचार राजनीतिक र सामाजिक आधारमा अडीएको पाइन्छ। *नेसनलनिज्म व्हिदाउट ए नेसन इन इन्डिया*-मा जी एलोइसियसले राष्ट्रलाई आधुनिक समाजिक एवम् राजनीतिक समुदायको नयाँ परिचय मानेका छन्। राष्ट्र, राजनीतिक विचारधाराबाट उत्पन्न नभएर सामाजिक सङ्गठनका आधारमा विकसित विचारधारा हो भन्ने उनको सैद्धान्तिक बयान रहेको छ।[१५] उनको भनाइअनुसार राष्ट्र, ऐतिहासिक रूपमा राजनीतिक विचारधाराबाट विकसित नभएर मनोवैज्ञानिक आधारमा सामाजिक सङ्गठनबाट विकास भएको हो।

स्मिथको अवधारणाअनुसार मानव समुदायमा हुने गृहभूमिको चेतना, समान संस्कृति, समान मिथ अनि समान इतिहासबाट राष्ट्र निर्माण भएको हो। स्मिथले जनसङ्ख्यालाई नै राष्ट्रको आधारभूत तत्त्व मानेका छन्। उनको धारणाअनुसार एउटा क्षेत्रका जातिहरूका संस्कृति, भाषा, इतिहास अनि राजनीतिक अधिकारलाई राष्ट्र मान्न सकिन्छ।[१६] स्मिथले जोसेफ स्टालिन र एन्डरसनका मन्तव्यलाई उल्लेख गर्दै राष्ट्रको अवधारणाअन्तर्गत वस्तुपरक र आत्मपरक दुईवटा कारक तत्त्वको चर्चा गरेका छन्। राष्ट्रलाई परिभाषित गर्ने क्रममा भाषा, धर्म, संस्कृति, भौगोलिक क्षेत्रजस्ता वस्तुपरक तत्त्वको उल्लेख पाइन्छ। अर्को पक्षमा राष्ट्रका निम्ति मानवीय व्यावहार, चेतना र भावनाजस्ता आत्मपरक तत्त्व पनि महत्त्वपूर्ण रहने विद्वान्हरूको विचार रहेको छ। यसैले यी दुवैको समन्वयबाट राष्ट्रको अवधारणा पुरा हुन्छ भन्ने स्मिथको विचार रहेको छ। उनले राष्ट्रलाई मानव समुदायको इतिहास र भविष्यसँग जोडेर अध्ययन गर्नुपर्ने बताएका छन्।[१७] यस सन्दर्भमा राष्ट्रवादलाई जसरी मार्क्सवादी दृष्टिकोणले विषयगत वा वस्तुगत आधारमा व्याख्या गरेको छ, यसको खण्डन गर्दै ओमुट ओजकिरिमलीले राष्ट्रका निम्ति वस्तुपरक र आत्मपरक दुवै तत्त्वको महत्त्वपूर्ण भूमिकाबारे चर्चा गरेका छन्।

*नेसनलनिज्म एन्ड दि माइन्ड* (सन् २००६) पुस्तकमा लिय ग्रिनफिल्डले राष्ट्रवादको अवधारणामाथि गेलनरको मौलिक अनि तार्किक पक्षलाई मान्यता दिएकी छन्। आधुनिक स्वतन्त्र राष्ट्रको खोजीसँगै राष्ट्रिय चेतना मौलिक रूपमा, क्षेत्रीय संस्कृतिका आधारमा सङ्गठित समाजमा उपज

---

[१५] जी एलोइसियस, सन् १९९७,पूर्ववत्, पृ.१६

[१६] एन्थोनी डी स्मिथ, सन् १९९४, *नायसनलिज्म*, क्याम्ब्रिजः पोलिटी प्रेस, पृ. १३

[१७] उही, पृ. ३०

भएको हो भन्ने ग्रिनफिल्डको मान्यता रहेको छ।[१८] राष्ट्रलाई सामुदायिक चेतना मान्दै ग्रिनफिल्डले राष्ट्रका निम्ति सामाजिक समानताको विचारधारालाई स्वीकार गरेकी छन्।

धेरै अध्येताहरूले राष्ट्रको विचारधारा पाश्चात्य समाजबाट उद्भाव भएको भन्ने तर्क राखेका छन्। पाश्चात्य औपनिवेशिक शासन व्यवस्थाका कारण यसको विकास भएको मानिन्छ। यसलाई औपनिवेशिक दृष्टिकोण मान्न सकिन्छ किनभने राष्ट्रको धारणा पूर्वमा पनि उत्तिकै पुरानो छ जसको चर्चा औपनिवेशिक रूपमा भएको पाइँदैन। औपनिवेशवादको विरोधसँगै स्वतन्त्र राष्ट्रको चेतना अघि आएको पाइए तापनि अर्को पक्षमा गैरऔपनिवेशिक देशहरूमा जातीय, धार्मिक तथा सांस्कृतिक एकताका आधारमा राष्ट्र निर्माण भएको कुरालाई नकार्न सकिँदैन। कतिपय पूर्वीय राष्ट्रहरू सांस्कृतिक, धार्मिक, जातीयताका आधारमा निर्माण भएका छन् भने कतिपय राष्ट्रहरू औपनिवेशिक शासनको विरुद्धमा निर्माण भएका छन्। भारतीय राष्ट्रवादको उदयमा आध्यात्मिक तथा सांस्कृतिक एकतालाई महत्त्वपूर्ण मानिन्छ। औपनिवेशिक कालमा भारतीय सांस्कृतिक चेतनाको प्रचार प्रसारबाट उपनिवेशवाद विरुद्ध राष्ट्रिय चेतनाको विकास भएको देखिन्छ। देशको पारम्परिक सांस्कृतिक चेतनासँगै विभन्न पाश्चात्य राष्ट्रवादी आन्दोलनका प्रभावबाट भारतीय आधुनिक राष्ट्रवादको अवधारणा विकसित भएको देखिन्छ।

उपर्युक्त परिभाषाहरूका आधारमा राष्ट्र भूमि, जनसमुदाय र संस्कृति तिनैवटाको मिश्रित रूप हो। राष्ट्रको अवधारणा एउटा भौगोलिक क्षेत्रका भाषा, संस्कृति, जाति र ती जातिमा हुने भावनात्मक सम्बन्धबाट स्थापित हुँदछ। राष्ट्रले एकता र अखण्डताको भावना स्थापित गर्दछ। जन्मभूमिप्रतिको रागात्मक भावलाई राष्ट्रका रूपमा स्विकार्न सकिन्छ।

### **२.२ राष्ट्रवादको परिभाषा र स्वरूप**

सन् १७७० को दशकदेखि चर्चामा आएको राष्ट्रवादको अवधारणा फ्रान्सेली क्रान्तिपछि राजनीतिक विचारका रूपमा बलियो रूपले विकसित भएको देखिन्छ। फ्रान्सेली क्रान्तिको प्रारम्भिक समयमा अगस्टिन बेरुएलले राष्ट्रवादलाई राजनीतिक सङ्कथनका रूपमा चर्चामा ल्याएका थिए।[१९] यसको

[१८] लिय ग्रिनफिल्ड, सन् २००६, *नायसनलिज्म एन्ड दि माइन्ड*, लन्डनः वनवर्ल्ड पब्लिकेसन, पृ. २०५

[१९] ओमुट ओजकिरिमली, सन् २००५, पूर्ववत्, पृ. १६

सैद्धान्तिक आधारमा भने हेगेल, माजिनी, अर्नेस्ट रेनन आदि चिन्तकहरूले ऐतिहासिक, सामाजिक तथा आर्थिक दृष्टिकोणका आधारमा चर्चा गरेका छन्।

सन् १९६०को दशकदेखि कार्ल डच, इली केडौर र अर्नेस्ट गेलनरबाट आधुनिक राष्ट्रवादको सैद्धान्तिक अध्ययन सुरु भएको हो।[२०] गेलनर, स्मिथ, एन्डरसन, हब्सबोन, फेनन आदिले पछिल्लो कालमा आएर सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक तथा औपनिवेशिक दृष्टिबाट राष्ट्रवादको विस्तृत अध्ययनलाई चर्चामा ल्याएका हुन्। कतिपय अध्येताहरूले साम्राज्यवाद र औद्योगीकरणको विकाससँगै राष्ट्रवादको अवधारणा पनि विकास भएको हो भन्ने दाबी गरेका छन्।[२१] मूलतः राष्ट्रवाद आधुनिक अवधारणा हो, जसको विकास युरोपेली देशहरूमा राजतन्त्रको विरोध र स्वतन्त्र राष्ट्र निर्माणको प्रक्रियाबाट भएको हो। राष्ट्रवाद आधुनिक समयमा विकसित राजनीतिक विचारधारा हो। यसको माध्यमबाट व्यक्तिले आफ्नो राष्ट्रसँग आफूलाई गाँसेर हेर्दछ। आफ्नो परिचय प्रस्तुत गर्छ साथै राष्ट्रप्रतिको लगाउ प्रकट गर्छ।

राष्ट्रवाद र आधुनिक राज्यको इतिहासबिचमा परस्पर सम्बन्ध रहेको पाइन्छ। सोह्रौँ, सत्रौँ शताब्दीतिर युरोपमा आधुनिक राज्यको उदय भयो, जसद्वारा राष्ट्रवादी भावनाको अभिवृद्धिमा ठुलो टेवा पुग्यो। मध्यकालीन युरोपमा राज्यसत्ता कुनै एकजना शासक वा सरकारमा सीमित नरहेर विभिन्न क्षेत्र प्रमुखमा विभाजन हुन्थ्यो। आधुनिक समयमा आएर सत्ता केन्द्रिकृत बन्न गयो। वस्तुतः राज्यसत्ता सम्बन्धी आधुनिक विचारले सत्ताको यस्तो विभाजन व्यवस्थालाई समाप्त पारिदियो, जसबाट राष्ट्रलाई प्रमुख ठान्ने भावनाको विकास भयो। यसैलाई राष्ट्रवादी चिन्तनको आधार मानिन्छ। आधुनिक राष्ट्रवादी अवधारणाको विकास पाश्चात्य जगत्बाट भएको मान्न सकिन्छ। आधुनिककालमा राष्ट्रवादको विकास परम्पराको अध्ययन गर्ने क्रममा अध्येताहरूले राष्ट्रवादको अवधारणा औद्योगिकीकरण र आधुनिकतावादको प्रभावमा विकसित भएको उल्लेख गरेका छन्। आधुनिककालमा जनसञ्चार अनि साहित्यमा राष्ट्रवादलाई विभिन्न दृष्टिबाट अध्ययन गरिन थालिएको हो।[२२]

---

[२०] उही, पृ. ३४

[२१] जोन म्याकलियोड, सन् २०११, *बिगिनिङ्ग पोस्टकोलनियलिज्म*, दिल्लीः भिभा बुक्स प्राइवेट लिमिटेड, पृ. ६८

[२२] बेनेडिक्ट एन्डरसन, सन् २०१५, पूर्ववत्, पृ. ३९-४५

राष्ट्रप्रतिको विकासवादी विचारधारा राष्ट्रवाद हो। यो वैचारिक हुन्छ र विचारधाराका रूपमा स्थापित हुन्छ। राष्ट्रवाद र देशभक्तिमा भिन्नता पाइन्छ। राष्ट्रवाद र देशभक्तिका केही तत्त्वहरू अवश्यै मिल्न सक्छन्, यद्यपि राष्ट्रवादको पर्यायवाचीका रूपमा देशभक्तिलाई लिन सकिँदैन। तसर्थ राष्ट्रवाद विषयगत हो। देशभक्तिको सम्बन्ध भावनात्मक हुन्छ। देशप्रतिको सम्मान र यसको सुरक्षाका निम्ति उत्पन्न हुने भावना देशभक्ति हो। यो वैचारिकता सँगसँगै व्यावहारिकतामा पनि हुन्छ। सामन्तवादी तथा राजतन्त्र समाज व्यवस्थामा देश, स्वदेश, राज्यको सीमित धारणा थियो। अहिले यी सम्पूर्ण सङ्कुचित घेरादेखि बाहिर आएर राष्ट्रवादले व्यापक अवधारणा स्थापित गरिसकेको छ।

विभिन्न राष्ट्रवादी अध्येताहरूले राजनीतिक, सामाजिक दृष्टिका आधारमा राष्ट्रवादको परिभाषालाई अघि सारेका छन्। पश्चिमेली अध्येताहरूले राष्ट्रवादलाई प्रायः राजनीतिक सिद्धान्तका आधारमा अध्ययन गरेका छन् भने पूर्वमा विशेषतः भारतीय सन्दर्भमा राष्ट्रवादलाई राजनीतिक अवधारणाबाट हेर्नअघि सांस्कृतिक अवधारणाबाट हेर्न उचित देखिन्छ। कारण भारतीय राष्ट्रवादको जरा राजनीतिक नभएर सांस्कृतिक रहेको छ। गेलनरले राष्ट्रवाद राजनीतिक सिद्धान्त हो, जसले राष्ट्र अनि राजनीतिलाई समान रूपमा हेर्ने गर्दछ[२३] भनेर परिभाषित गरेका छन्। यसरी नै रविन्द्रनाथ टेगोरले ब्रिटिस औपनिवेशिक भारतका सन्दर्भमा राष्ट्रवाद सङ्कीर्ण विचार हो, यो भारतको परम्परादेखि धेरै वर्षसम्म विवादमा रहेको विषय हो, जो सामूहिक रूपमा भारतीय संस्कृतिमा विकास हुन सकेको छैन भनेका छन्।[२४] टेगोरले परम्परादेखि विभिन्न राज्य, जात, धर्ममा विभाजित भारतको राजनीतिक, सामाजिक र आर्थिक प्रसङ्गमा उक्त विषय उठाएका छन्। भारतले राष्ट्रवादलाई विकास गर्न एकता अनि जातीय समानतालाई प्राथमिकता दिएको छ। कोनअनुसार राष्ट्रवाद जनसमूहमा हुने सक्रिय विचार हो। यो सांस्कृतिक र मनोवैज्ञानिक एकताको परिकल्पना हो अनि देशवासीमा रहने सक्रिय रूपको भावनात्मक एकताको चेतना हो।[२५]

राष्ट्रवादी अध्येताहरूले राष्ट्रवादलाई परिभाषित गर्ने क्रममा सामूहिक भावना वा भावनात्मक एकताप्रति जोड दिएका छन्। यस आधारमा के स्पष्ट हुन्छ भने कुनै पनि राष्ट्रका नागरिकहरूमा एकताको

---

[२३] अर्नेस्ट गेलनर, सन् २००६, *नेसन एन्ड नायसनलिज्म*, (दो संस्क) अक्सफोर्डः ब्ल्याकवेल प्रेस, पृ. २०

[२४] रविन्द्रनाथ टेगोर, सन् २०१७, *नायसनलिज्म*, न्यु दिल्लीः फिङ्गरप्रिन्ट क्लासिक, पृ. १००-१०१

[२५] हंस कोन, सन् १९६५, पूर्ववत्, पृ. ९

भावना यसकारण उत्पन्न हुन्छ कि उनीहरू एउटै भौगोलिक सीमाभित्र रहेका राजनीतिक, सांस्कृतिक, सामाजिक तथा ऐतिहासिक एकतालाई उपभोग गरिरहेका हुन्छन्। एन्डरसनले राष्ट्रवाद समूहिक कल्पना हो र लोकतान्त्रिक व्यवस्थाभित्र जनताले राष्ट्रको कल्पना गर्छन् भन्ने विचार राखेका छन्।[२६] एन्डरसनले राष्ट्रको विषयगत तत्त्वका आधारमा राष्ट्रवादलाईराष्ट्रप्रतिको विचार वा काल्पनिक चेतना मानेका छन्। जनसमूहलाई राष्ट्रको कल्पनाले जोड्ने काम गर्दछ भन्ने आधारबाट एन्डरसनले राष्ट्रवादी अवधारणामा काल्पनिक समुदायलाई प्रमुख मानेका छन्।

राष्ट्रवादको चर्चा गर्ने क्रममा अर्नेस्ट गेलनरले राष्ट्रवाद राष्ट्रप्रतिको कल्पना हो, यो राजनीतिक सिद्धान्तमा आधारित हुन्छ, जसले राजनीति र राष्ट्रिय एकतालाई अनुकूल राख्दछ भनेका छन्।[२७] गेलनर र एन्डरसनको मान्यताअनुसार राष्ट्रवाद सामूहिक चेतनाद्वारा विकसित हुने विचार हो, जो राष्ट्रको सभ्यता तथा संस्कृतिसँग जोडीएको हुन्छ। यस आधारमा राष्ट्रवाद व्यक्तिगत नभएर समष्टिगत अवधारणा हो।

एन्डरसनकै विचारलाई सहमति दिएर *नेसनलनिज्म एन्ड इमाजिनेसन* (सन्२०१५) मा गायत्री चक्रवर्ती स्पिभाकले राष्ट्रवादी चेतनालाई सामूहिक परिकल्पना मानेकी छन्। स्पिभाकको मतानुसार राष्ट्रवाद सामूहिक चेतनाको प्रतिफल हो। देशका नागरिकहरूमा स्वतः उत्पन्न हुने राष्ट्रप्रतिको कल्पना हो।[२८] राष्ट्रवादी चिन्तक एन्थोनी डी स्मिथले राष्ट्रवादलाई राष्ट्रिय एकता, स्वराज्य र राष्ट्रिय परिचयका आधारमा व्याख्या गरेका छन्। उनीअनुसार राष्ट्रवाद आधुनिक अवधारणा हो। उपनिवेशवादका विरोधमा उठेको स्वतन्त्रताको आन्दोलनबाट यसको विकास भएको हो।[२९]

माथिका परिभाषाहरूमा राष्ट्रलाई वस्तुगत र विषयगत आधारमा चर्चा गरिएको देखिन्छ। राष्ट्रले सांस्कृतिक एवम् मनोवैज्ञानिक आधारमा जन भावनालाई एकसूत्रमा बाँध्ने हुनाले यसलाई कतिपय अध्येताहरूले मनोविज्ञानका रूपमा स्वीकार गरेका छन्। यदि जातीय एकतालाई राष्ट्र निर्माणको मूलाधार मान्नु हो भने भारतीय परिप्रेक्ष्यमा यो सम्भव छैन। भारत बहुजातीय र बहुसांस्कृतिक देश हो। यहाँ एउटै जाति, धर्म वा संस्कृतिको परिकल्पनाका आधारमा राष्ट्रको परिभाषा राख्न सम्भव हुँदैन। यसैले

---

[२६] बेनेडिक्ट एन्डरसन, सन् २०१५, पूर्ववत्, पृ. ६

[२७] अर्नेस्ट गेलनर, सन् १९८३, *नेसन एन्ड नायसनलिज्म*, अक्सफोर्डः बसिल ब्ल्याकवेल लिमिटेड पृ. १

[२८] गायत्री चक्रवर्ती स्पिभाक, सन् २०१५, *नायसनलिज्म एन्ड इम्याजिनेसन*, कोलकताः सिगुल बुक्स, पृ. ३९

[२९] एन्थोनी डी स्मिथ, सन् १९६९,'थ्योरी एन्ड टाइप्स अव् नायसनलिज्म',URL:https://www.jstore.org/stable/23998626 15 may 2019, 1.30 pm.

राष्ट्रियताको मनौवैज्ञानिक अवधारणालाई भारतीय राष्ट्रियताको जड मान्न सकिन्छ। यस आधारमा राष्ट्रको उद्भाव अनि विकासमा सांस्कृतिक विकाससँगै मनौवैज्ञानिक चेतना पनि संरचित भएको हुन्छ।

## २.३ राष्ट्रिय चेतनाको अवधारणा

राष्ट्रवादको बृहत् सिद्धान्तभित्र राष्ट्रिय चेतना महत्त्वपूर्ण तत्त्वका रूपमा संलग्न छ। राष्ट्रिय चेतना राष्ट्र र जनभावनाबिचको आत्मीय सम्बन्ध हो। राष्ट्रलाई विषयगत अनि भावगत वा आत्मगत रूपमा चर्चा गरिँदै आएको पाइन्छ। राष्ट्रको विषयगत वा आत्मगत तत्त्वमा राष्ट्रिय चेतना पनि पर्दछ। हंस कोनले राष्ट्रप्रति व्यक्तिको उच्च निष्ठा रहने मस्तिष्कको स्थिति विशेषलाई राष्ट्रिय चेतना मानेका छन्।[३०] राष्ट्रप्रतिको प्रेम, सम्मान, गौरव तथा उच्च भावनालाई राष्ट्रिय चेतना मानिए तापनि यो व्यावहारिकभन्दा धेर वैचारिक रूपमा प्रकट हुँदछ। राष्ट्रिय चेतना सार्वभौम राष्ट्रको समष्टिगत भावना हो, जहाँ राष्ट्र प्रेम अचेतन रूपमा सक्रिय रहन्छ।

एडम जिमेन र जन एड्रिएन कोबर्गले 'नेचर अव् कन्सियसनेस' लेखमा मानवीय चेतनाको वैज्ञानिक र सामाजिक अध्ययनलाई अघि सार्दै चेतनलाई सामाजिक, सांस्कृतिक, धार्मिक र दार्शनिक परम्पराले आफ्नो आकार दिएको हुन्छ भनेका छन्।[३१] यसबाट मानव समाजको व्यवस्थाका आधारमा चेतनाको विकास हुँदछ भन्ने बुझिन्छ। चेतना भन्नाले कुनै विषयको जानकारी, ज्ञान वा बोध हुनु भन्ने बुझिन्छ। एडमले चेतनालाई सचेत विचार वा सचेतना पनि भनेका छन्। मानिसको जन्मदेखि नै चेतनाको विकास हुन्छ। जागरूक रहनु नै चेतनाको मूल धर्म मानिन्छ। दार्शनिक अध्ययनले चेतनालाई बौद्धिक क्षमता, तर्कशक्ति, संवेदनशीलता भौतिक वस्तु, विषय तथा मानवीय व्यावहारिक ज्ञानका साथै व्यक्तिगत वा सामूहिक रूपमा प्रस्फुटित विचारशक्तिका रूपमा व्याख्या गरेको पाइन्छ। नगेन्द्र सिंहले चेतनाबारे ज्ञान र दृष्टिका आधारमा चर्चा गर्दै भनेका छन्- मान्छेले वस्तुलाई आफ्नो ज्ञान क्षमताका आधारमा चिनेको हुन्छ। यसका आधारमा उसले प्रतिक्रिया गर्छ। तसर्थ संसारप्रतिको मानवीय दृष्टिकोणलाई नै चेतना मान्न

---

[३०] हंस कोन, सन् १९६५, *नायसनलिज्म इट्स मिनिङ एन्ड हिस्ट्री*, प्रिन्सटोनः प्रिन्सटोन युनिभर्सिटी प्रेस, पृ. १९

[३१] Adam Zeman and Jan AdriaanCoeberg, The nature of consciousness, https://www.researchgate.net/publication/258250625

सकिन्छ।[३२] चेतनाका विभिन्न रूपहरूमध्ये राष्ट्रिय चेतना एउटा हो। मानव जाति र राष्ट्रबिचको सम्बन्ध गहिरो हुन्छ। मानव समाजको परम्पराद्वारा प्राप्त उद्दात्त मूल्यप्रतिको प्रेम, श्रद्धाको भावनालाई राष्ट्रिय चेतना मानिन्छ। राष्ट्रिय चेतनाको जागृत अवस्था विभिन्न माध्यमबाट अभिव्यक्त हुन्छ।

फिलिप सिजरले *लिटरेचर नेसनलनिज्म एन्ड मेमोरी* (सन् २००४) पुस्तकमा राष्ट्र र मानव चेतनाबिचको सम्बन्धमाथि चर्चा गरेका छन्। उनी भन्छन्- मान्छे र राष्ट्रबिच अभिन्न सम्बन्ध हुन्छ। उसका चेतनामा भएको राष्ट्रप्रेमबाट आफ्नो राष्ट्रलाई आफूसँग जोडेर हेर्छ। राष्ट्र वा देशको संस्कृतिबाट देशवासीमा सांस्कृतिक चेतना विकास हुन्छ। राष्ट्रिय चेतनाले राष्ट्रलाई नजिकमा राखेर आफूसँग जोडेको हुन्छ।[३३] यस सन्दर्भबाट मानव चेतना र राष्ट्रबिचको परस्पर सम्बन्ध हुन्छ अनि मानव चेतनाको विकास राष्ट्रिय चेतनाका आधारमा हुन्छ भन्ने जानकारी पाइन्छ।

*इन्डियन नेसनललिज्मः दि एसिनसियल राइटिङ* पुस्तकमा 'नेसनल कन्सियसनेसः ए बेसिक इन्ग्रिडेन्ट' लेखमा जयप्रकाश नारायणले आधुनिक राष्ट्र र राष्ट्रिय चेतनामाथि चर्चा गरेका छन्। नारायणले आधुनिक राष्ट्र निर्माणका निम्ति राजतन्त्र र उपनिवेशवादका कारण राष्ट्रिय चेतनाको उद्भव भएको हो र यसैका आधारमा राष्ट्र निर्माण भएको चर्चा गरेका छन्।[३४] युरोपेली पुनर्जागरणकालमा राष्ट्रिय चेतनाको उद्भव भएपछि राष्ट्र र राष्ट्रवादको अवधारणा अघि आएको विचार राख्दै नारायणले राष्ट्रिय चेतनाको उद्भवमा फ्रान्सेली क्रान्ति, औद्योगिक क्रान्ति र तकनिकीको विकासलाई महत्त्वपूर्ण कारण मानेका छन्।[३५] राष्ट्रिय चेतनासँग राष्ट्र र राष्ट्रियता जोडीएर आउँछ भने यही राष्ट्रियताले नै राष्ट्रिय चेतना उत्पन्न गराउँछ। राष्ट्र र राष्ट्रवाद दुवैका निम्ति राष्ट्रिय चेतना महत्त्वपूर्ण तत्त्व हो। यसलाई विषयगत वा आत्मिक राष्ट्रवादको अवधारणाले विस्तृत चर्चामा ल्याएको पाइन्छ। राष्ट्रिय चेतनालाई अनुभूतिजन्य विषय मान्दै ह्यारोल्ड लास्की लेख्छन्- राष्ट्रिय चेतना विषयगत रूपमा अवस्थित हुन्छ र यसको मापदण्डका निम्ति कुनै यस्तो निश्चित तत्त्व छैन, जसद्वारा यसको खोजी गर्न सम्भव छ।[३६] राष्ट्रप्रतिको प्रेम,

---

[३२] नगेन्द्र सिंह, सन् १९९२, *साठोत्तरी हिन्दी कविता मे जनवादी चेतना*, नई दिल्ली: वाणी प्रकाशन, पृ. ३९

[३३] फिलिप सिजर, सन् २००४, *लिटरेचर, नायसनलिज्म एन्ड मेमोरी*, न्यु योर्कः क्याम्ब्रिज युनिभर्सिटी प्रेस, पृ. ४९

[३४] जयप्रकाश नारायण, सन् २०१७,'नेसनल कन्सियसनेसः ए बेसिक इन्ग्रिडेन्ट', इरफान हाबिब (सम्पा), *इन्डियन नायसनलिज्म दि एसन्सियल राइटिङ*, न्यु दिल्लीः अलेप बुक कम्पनी, पृ. २६२

[३५] उही, पृ.१६२

[३६] ह्यारल्ड लास्की, सन् १९६७, *ए ग्रामर अव् पोलिटिक्स*, लन्डनः जर्ज एलिन एन्ड अनविन, पृ. २२९

सम्मान तथा आफ्नो राष्ट्र, राष्ट्रियताप्रतिको सचेतता राष्ट्रिय चेतना हो। राष्ट्रप्रतिको भावनात्मक सम्बन्धलाई पनि राष्ट्रिय चेतना नै बुझ्न सकिन्छ।

राष्ट्रका मूख्यतः वस्तुगत र विषयगत गरेर दुईवटा स्वरूप पाइन्छ। वस्तुगत स्वरूप भौगोलिक सीमाका आधारमा प्रस्तुत हुन्छ भने विषयगतमा भाषा, संस्कृति, कला, साहित्य तथा आदर्श आदि पर्दछ। विषयगतमा विषय, विचार, चिन्तन तथा आत्मीयता र भावनात्मकता जस्ता विषयहरू पनि पर्दछन्। राष्ट्रको विषयगत स्वरूपमा राष्ट्रिय चेतनालाई मूल तत्त्व मानिन्छ। राजनीतिक तथा सामाजिक विभिन्न परिस्थिति एवम् घटनाका कारण राष्ट्रको अस्तित्व मेटिए तापनि त्यहाँ रहेका जनसमूहको चेतनबाट राष्ट्रप्रेम हराउन वा मेटिन सक्दैन। तसर्थ राष्ट्रिय चेतनालाई राष्ट्र अनि राष्ट्रवादको महत्त्वपूर्ण तत्त्व मानिन्छ। राष्ट्रिय चेतनाले आफ्नो राष्ट्रको परिचय दिँदै आफूलाई उक्त राष्ट्रसँग जोडिएको अनुभूत गराउँदछ।

एन्डरसनले *इमाजिन्ड कम्युनिटिस*-भित्र 'दि ओरिजिन अव् नेस्नल कन्सियसनेस' अध्यायमा छापा विकासलाई राष्ट्रिय चेतनाको मूल कारण मानेका छन्। एन्डरसनले मातृभाषालाई आधार बनाएर राजतन्त्र र औपनिवेशिक प्रभुत्वको विरुद्ध छापा संचारको प्रभुत्व (प्रिन्ट क्यापिटलिज्म)-ले जातीय पौराणिक संस्कृतिलाई जनसाधरणमा सार्वजनिक गरेर एकताको भावनाद्वारा राष्ट्रिय चेतनाको विकास गर्नमा प्रमुख भूमिका निर्वाह गरेको उल्लेख गरेका छन्।[३७]

राष्ट्रिय चेतना जनसमूहमा स्वतः उत्पन्न हुने मनोवैज्ञानिक चेतना हो। देशको इतिहास, धर्म, संस्कार, संस्कृति आदिलाई मान्यता दिएर एकताको भावना राख्ने चेतनालाई राष्ट्रिय चेतना मानिन्छ। राष्ट्रले देशका विभिन्न जाति समूहलाई एउटै संस्थाका रूपमा बाँध्ने काम गर्छ भने राष्ट्रिय चेतनाले भावनात्मक ऐक्य बोध गराउँछ। एउटा भूभागमा बसोबासो गर्ने जनसमूहमा हुने आत्मीयताको भावनालाई नै राष्ट्रिय चेतना मान्न सकिन्छ। राष्ट्र चेतनामा मनोवैज्ञानिकतालाई जोड दिँदै हंस कोन लेख्छन्- "राष्ट्रियता मस्तिष्कको त्यो विशेष स्थान हो जहाँ राष्ट्रप्रति व्यक्तिको उच्चतम निष्ठा रहेको हुन्छ।"[३८]

जोन स्टुअर्ट मिलअनुसार देशका सम्पूर्ण जातिबिचमा पारस्परिक सम्बन्ध नभए पनि सिङ्गो राष्ट्रभित्रका विभिन्न जातिहरूमा हामी एउटै हौँ भन्ने चेतना उत्पन्न हुनु नै राष्ट्रियता वा राष्ट्रिय चेतना

---

[३७] बेनेडिक्ट एन्डरसन, सन् २०१५, पूर्ववत्, पृ. ३९

[३८] हंस कोन, सन् १९४६, *दि आइडिया अव् नायसनलिज्म,* न्यु योर्कः म्याकमिलन कम्पनी, पृ. १५

हो।[३९] जातीयताको सङ्कुचित घेराबाट माथि उठेर राष्ट्रिय चेतनासम्बन्धी फ्रान्त्ज फेनन लेख्छन्- "कुनै जातीय वंश वा आदिवासीभन्दा राष्ट्रको परिचय माथि हुन्छ। जात, धर्म, वंश, संस्कृतिदेखि बाहिर आएर पनि राष्ट्रिय चेतनाको परिकल्पना गर्न सकिने हुनाले राष्ट्रिय चेतना अन्तःकरणको मूल अनुभूति हो।"[४०]

देशप्रति प्रेम हुनु अनि सभ्यता एवम् संस्कृतिप्रति आस्था राख्नु मान्छेको स्वाभाविक वृत्ति हो। अरविन्दघोषअनुसार "राष्ट्रप्रति भावनात्मक एकताको साक्षात्कार राष्ट्रियता हो, यसले राष्ट्रको सम्पूर्ण अवयवप्रति प्रेमभाव, उन्नति र समानताको भाव राख्दछ जो राष्ट्रिय चेतनाको प्रमुख स्वरूप बन्दछ।"[४१]

विश्वमा एउटै मात्र जाति र एउटै मात्र संस्कृति भएको कुनै पनि राष्ट्र छैन। बहुजाति र बहुसंस्कृति भएका राष्ट्रमा राष्ट्रियतालाई एउटै सीमामा परिभाषित गर्न सम्भव हुँदैन। जातीय-अन्तर्जातीय मिश्रणका कारण विभिन्न जातीय संस्कृतिको अन्तर्मिश्रणका कारण अनि वर्तमानमा बढ्दो शरणार्थीका कारण राष्ट्रिय परिचय, राष्ट्रियताको अवधारणालाई पारम्परिक तथा सिङ्गो दृष्टिकोणबाट हेर्न सकिँदैन। राष्ट्रियता, राष्ट्रिय चेतनाको अवधारणाले अहिले जातीय अनि राजनीतिक दृष्टिलाई भन्दा मनोवैज्ञानिक आधारलाई ध्यान दिँदै आएको देखिन्छ।

ह्यारोल्ड लास्कीअनुसार राष्ट्रियताको भावनाले देशका विभिन्न समूहहरूमा एकताको भावना ल्याउँछ, जसले आफ्नो परिचयलाई राष्ट्रसँग जोड्ने काम गर्छ र यो एकता ऐतिहासिक एकता अनि परम्पराको परिणाम हो।[४२] राष्ट्रिय चेतनालाई मूलतः राष्ट्रप्रतिको सम्मान, गर्व, प्रेम अनि समानता मानिन्छ। यस अर्थमा राष्ट्रिय चेतनालाई राष्ट्रप्रतिको भावनात्मक सम्बन्ध मान्न सकिन्छ।

## २.४ राष्ट्रवाद र राष्ट्रिय चेतनाको विकास प्रक्रिया

### २.४.१ ऐतिहासिक पृष्ठभूमि

अठारौँ शताब्दीको उत्तरार्धदेखि सुरु भएको फ्रान्सेली जनआन्दोलनको प्रभाव धेरजसो युरोपेली देशहरूमा देखा पर्‍यो। अठारौँ शताब्दीको मध्यसम्म युरोपमा राष्ट्रवादी सिद्धान्तको विकास भएको पाइँदैन। राजतन्त्र शासन अनि उपनिवेशवादी शासन व्यवस्थाको विरोधी आन्दोलनहरूबाट राष्ट्रवादी

[३९] जोन स्टुवर्ट मिल, सन् २००७, *लिबर्टी एन्ड रिप्रेजेन्टटेटिव गभमेन्ट*, मेरिल्यान्डः वेल्डसाइड प्रेस, पृ. ३५९

[४०] फ्रान्त्ज फेनन, सन् १९९१, *दि रिच्ड अव् दि अर्थ*, न्यु योर्कः ग्रोभ प्रेस, पृ. १४७

[४१] अरविन्द घोष, सन् २०००, *इन्डियाज रिबर्थ*, (ते. संस्क), पंडीचेरीः अरविन्द आश्रम, पृ. १०

[४२] ह्यारल्ड लास्की, सन् १९६७, पूर्ववत्, पृ. २१९

चेतना विकास भएको पाइन्छ। पश्चिममा यसको परम्परालाई पैल्याउँदै जाँदा हिब्रु र ग्रिसेली साम्राज्यसम्म पुग्न सकिन्छ।[४३] चौधौँ शताब्दीदेखि सत्रौँ शताब्दीसम्मको युरोपेली पुनर्जागरणकालले आधुनिक राष्ट्रवादको अवधारणा जन्माउने काम गऱ्यो।[४४] पुनर्जागरणकालीन रूसो, भोल्टायर, मन्तोसक्युका रचनाहरूले पुनर्जागरणकालमै राष्ट्रवादको चेतना जनसमूहमा दिइसकेको थियो र आधुनिक राष्ट्रवादको विकासमा यी दार्शनिकहरूका विचारलाई महत्त्वपूर्ण मानिन्छ।[४५] आधुनिक राष्ट्रवादको इतिहासलाई हेर्दा अठारौँ शताब्दीदेखि सुरु भएको युरोपेली देशका स्वतन्त्रता आन्दोलनलाई यसको प्रारम्भिक चरण मानिन्छ।

राष्ट्रवादको ऐतिहासिक विकासको चर्चामा युरोपेली औपनिवेशिक शक्तिको प्रभावलाई केन्द्रमा राखेर विभिन्न मतहरू अघि आएको पाइन्छ। पोल्यान्ड विभाजन, औपनिवेशिक साम्राज्यबाट अमेरिका स्वतन्त्र, फ्रान्सेली क्रान्ति, अठारौँ शताब्दीको प्रारम्भिक कालमा जर्मनीमा फिच्टेको राष्ट्रवादी विचारधाराको प्रभाव आदिलाई अघिल्लो समयभन्दा प्रभावकारी राष्ट्रवादको वैचारिक आन्दोलनका रूपमा स्विकारेको पाइन्छ। अमेरिकेली र फ्रान्सेली जनआन्दोलनपछि विभिन्न सामाजिक, राजनीतिक तथा बौद्धिक स्तरको विकाससँगै राष्ट्रवाद राजनीतिक शक्तिका रूपमा अघि आएको पाइन्छ। यसको प्रभावमा अमेरिका र युरोप उपमहाद्वीपमा विभिन्न राज्य-राष्ट्रहरू स्थापित भए। सन् १७८९ देखि १७९२ सम्मको फ्रान्सेली क्रान्तिपछि अधिकांश युरोपेली देशहरूमा संवैधानिक आधारमा राजनीतिक प्रक्रिया सुरु हुन्छ। राष्ट्रिय अधिकारलाई हातमा लिँदै जनताको स्वराज्य हुनु हुँदैन भन्ने सामन्ती विचारले इङ्ग्ल्यान्ड, स्पेन, जर्मनी, पोल्यान्ड, रूस जस्ता देशहरूमा आफ्नो शक्ति जमाउन सफल बन्छ। यसको प्रभाव ल्याटिन अमेरिकासम्म पुग्दछ।[४६] सन् १८१५ देखि १८४८ सम्मको नेपोलियन राजतन्त्रको प्रकोपले जातीय राष्ट्रवादलाई व्यापक रूपमा फैलाएको पाइन्छ। यसको प्रभावले अमेरिका, फ्रान्स र

[४३] मोहम्मद बदुल आलम, *कन्टेमपोररी आइडिया एन्ड थ्योरी अव् नायसनलिज्म*, URL:https://www.jstor.org/stable, 4-05-2019, 9.00.am

[४४] लोयर्ड क्रामर, सन् १९९७, *हिस्टोरिकल नेरेटिभ्स  एन्ड दि मिनिङ्ग अव् नायसनलिज्म*, फेन्सोभेनियाः फेन्सोभेनिया युनिभर्सिटी प्रेस, पृ. ५२८

[४५] किले विकफोर्ड, सन् २०१४, *नायसनलिज्म इन फ्रेन्च रिभ्युलुसन-१७८९*, माइनः माइन युनिभर्सिटी प्रेस, पृ. ३

[४६] हंस कोन, सन् १९४६,पूर्ववत्, पृ. ३२९-३१

इङ्ग्ल्यान्डमा जातीय राष्ट्रवाद फैलियो जसलाई कोनले जैविक राष्ट्रवाद मानेका छन्।[४७] अठारौँ, उन्नाइसौँ शताब्दीको युरोपेली देशहरूमा यसको व्यापक प्रभाव देखा पऱ्यो। युरोपेली देशबाट सुरु भएको राष्ट्रवादी चेतनाको माइलखुट्टी सन् १७८९ को फ्रान्सेली क्रान्तिलाई मानिन्छ। सन् १७८० को दशकदेखि फ्रान्सेली नागरिकहरूले राजतन्त्रको विरुद्ध आवाज उठाए। फ्रान्सको राजा लुईस १६ को साम्राज्यवादी व्यवस्थाको विरुद्धमा उठेको फ्रान्सेली क्रान्तिले पुँजीवाद, चर्चको सामन्ती विचारधारा अनि निरङ्कुश राजतन्त्रलाई मासेर स्वतन्त्र, समानता र स्वराज्यका पक्षमा राष्ट्रवादी विचारधारालाई आधारबिन्दु मानेको देखिन्छ।

सन् १७८९ बाट सुरु भएको फ्रान्सेली क्रान्ति आधुनिक राष्ट्रवादी चेतनाको विकासमा महत्त्वपूर्ण घटना थियो। यो पहिलो विश्वस्तरीय क्रान्ति थियो, जहाँबाट प्रजातन्त्र र स्वतन्त्र राष्ट्रको आवश्यकता विश्वव्यापी रूपमा अघि आएको थियो। स्वतन्त्रताको मूल धारणासँगै फ्रान्सेली क्रान्तिले राष्ट्रवादी अवधारणा जन्माउन सक्षम बन्यो।[४८] फलस्वरूप राष्ट्रवादी चेतनाले सम्पूर्ण युरोपमा प्रभाव पाऱ्यो साथै विश्वका धेरै उपनिवेशी देशहरू यसबाट प्रभावित देखिए। फ्रान्सेली क्रान्तिदेखि दोस्रो विश्वयुद्धसम्मको अवधिमा युरोपेली देशहरूका प्रायः भूभागहरू छुट्टाछुट्टै राष्ट्रका रूपमा निर्माण भइसकेको पाइन्छ। सर्वप्रथम राष्ट्रवादको उदयमा भाषाको ठुलो भूमिका रहेको पाइन्छ। जनचेतनाको भाषालाई मान्यता दिएर भाषिक राष्ट्रवादको प्रारम्भ भयो।[४९] अठारौँ शताब्दीदेखि सुरु भएको राष्ट्रवादको विकास प्रक्रियाको क्रमलाई विभिन्न सैद्धान्तिक पक्षहरूबाट हेर्न सकिन्छ।

कार्लटोन हेयसले विभिन्न समय र घटनाका आधारमा राष्ट्रवादको विकासक्रमलाई पाँचवटा सिद्धान्तमा चर्चा गरेका छन्। हेयसले मानवीय राष्ट्रवाद, ज्याकोबिन राष्ट्रवाद, परम्परागत राष्ट्रवाद, उदार राष्ट्रवाद, सामूहिक राष्ट्रवाद र आर्थिक राष्ट्रवादका आधारमा राष्ट्रवादको क्रमिक विकासलाई चर्चा गरेका छन्।[५०] जोसेफ आर लोबेराले प्रिमोडर्लिस्ट एन्ड सोसियोलजिकल थ्योरी, इन्सट्रुमेन्टलिस्ट थ्योरी, मोर्डनाइजेसन थ्योरी र इभ्युलिसनरी थ्योरी गरेर चारवटा राष्ट्रवाद सिद्धान्तको चर्चा गरेका छन्।[५१]

---

[४७] उही, पृ. ३३१

[४८] मोहम्मद बदुल आलम, *कन्टेमपोरारी आइडिया एन्ड थ्योरी अव् नायसनलिज्म,* पूर्ववत्, पृ. ३

[४९] बेनेडिक्ट एन्डरसन, सन् २०१५, पूर्ववत्, पृ. ४२

[५०] दिनेसचन्द्र भट्टाचार्य, सन् २०१२, *पोलिटिकल थ्योरी*, कोलकाताः विजय पब्लिकेसन हाउस, पृ. ४२१

[५१] जोसेफ आर लोबेरा, सन् १९९९, *रिसेन्ट थ्योरिज अव् नायसनलिज्म*, https://www.icps.cat>WP_1_164

राष्ट्रवादका विभिन्न सिद्धान्तहरूमाथि विद्वान्हरूले आफ्ना आफ्नै विचार राखेका छन्। सूक्ष्म रूपमा राष्ट्रवादका विभिन्न सिद्धान्तहरू पाइए तापनि आधुनिक राष्ट्रवादको विकास परम्परालाई स्थूल रूपमा हेर्दै यसको कालक्रमिक विकासको अध्ययन निम्न रूपले गर्न सकिन्छ।

**(क) लोकतान्त्रिक राष्ट्रवाद**

लोकतान्त्रिक राष्ट्रवाद शास्त्रीय राष्ट्रवादको धारणासँग जोडीएको पाइन्छ। यो उदारवादी धारणाको पनि नजिक रहेको पाइन्छ। लोकतान्त्रिक राष्ट्रवादले उदार एवम् जनसमूहको राष्ट्रप्रतिको चेतनालाई आधुनिक राष्ट्रवादी चेतनाको विकास गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। अठाह्रौँ शताब्दीको प्रारम्भदेखि प्रथम विश्वयुद्ध (सन् १९१४)-सम्मको अवधिमा युरोपेली देशहरूमा लोकतान्त्रिक राष्ट्रवादको धेरै प्रभाव रहेको पाइन्छ। यस अवधिमा फ्रान्सेली दार्शनिक रूसोको *सोसल कन्ट्याक थ्योरी*-ले लोकतान्त्रिक राष्ट्रवादको विकासमा महत्त्वपूर्ण प्रभाव पारेको पाइन्छ।

युरोपेली राष्ट्र-राज्यको निर्माण र राष्ट्रवादको विकासमा फ्रान्सेली दार्शनिकहरूको विचार विचारणीय देखिन्छ। फ्रान्सेली र अमेरिकी क्रान्तिपछि पश्चिममा राष्ट्र-राज्यको अवधारणा स्पष्ट रूपमा विकास भएर विमर्शमा आएको देखिन्छ। उत्तर अमेरिकामा धेरै अघिदेखि साम्राज्य स्थापित गरेको ब्रिटिस उपनिवेशवादको विरोध भयो। लामो क्रान्तिपछि गणतान्त्रिक राज्यको स्थापना भयो। युरोपेली स्वतन्त्र राष्ट्र निर्माणका क्रान्तिको प्रभावमा अमेरिकेलीमा राष्ट्रहरू उपनिवेशी शासन मुक्त नयाँ व्यवस्थाको स्थापना भयो। यसको प्रभावमा फ्रान्समा युगौँदेखि रहेको सामन्ती व्यवस्थालाई उन्मूलन पार्ने विचारधाराका रूपमा राष्ट्रवादी धारणाको विकास भयो। यसपछि स्वतन्त्र र समानतामा आधारित लोकतान्त्रिक व्यवस्थाको प्रादुर्भाव भयो।

**(ख) साम्राज्यवादी राष्ट्रवाद**

लोकतान्त्रिक राष्ट्रवादी चेतनाको विकासले राज्यको प्रभुसत्ताका पक्षमा बलियो धारणा निर्माण गर्‍यो। परिणामस्वरूप राष्ट्रवादको औचित्यमा थुप्रै परिवर्तन देखा पर्‍यो। राष्ट्रवादलाई मौलिक आधारमा स्वीकार गरेर साम्राज्यवादी अस्तित्वको समानताको निम्न वर्गीय समाजलाई विकसित तुल्याउने योजनामा राष्ट्रवादी धारणालाई अघि ल्याएको पाइन्छ। साम्राज्यवादी राष्ट्रवादको विकासमा जर्मन

दार्शनिक युहान गोटलिब फिस्के, फ्रेड्रिक हिगेल, जुस्याप्पे मात्सिनी आदिका राजनीतिक सिद्धान्तको ठुलो प्रभाव रहेको पाइन्छ। साम्राज्यवादी राष्ट्रवादमाथि जोड दिँदै *दि क्लोज्ड कमर्सियल स्टेट* नामक आफ्नो पुस्तकमा फिस्केले लेखेका छन्- "कुनै पनि राष्ट्र आर्थिक रूपमा कमजोर छ भने त्यहाँ राजनीतिक समानताको पनि अस्तित्व रहँदैन।"[५२] फिस्केअनुसार साम्राज्यवादले राष्ट्रलाई अन्तर्राष्ट्रिय स्तरमा परिचित गराए तापनि यसले राष्ट्रको सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा प्रभाव पार्छ साथै राष्ट्रियतालाई ठुलो हानी पुऱ्याउनका साथै दुईवटा राष्ट्रबिचमा प्रतिस्पर्धा जन्माउन सक्दछ।[५३]

साम्राज्यवादका प्रभावमा राष्ट्रको अस्तित्वमाथि खतरा उत्पन्न भएपछि विश्वका धेरै राष्ट्रहरूमा साम्राज्यवाद नै युद्धको मूल कारण भएको कुरा हेगेलले चर्चा गरेका छन्। साम्राज्यवादी प्रभुत्वका विरुद्धमा राष्ट्रवादी विचारधारा उत्पन्न भएको दाबी गर्दै हेगेलले साम्राज्यवाद केवल राष्ट्रको आर्थिक निर्माण मात्र नभएर राष्ट्रवादी विचार जन्माउने माध्यम पनि हो भन्ने विचार राखेका छन्।[५४]बिसौँ शताब्दीको सुरुतिर विश्व युद्ध हुनाको मूल कारण साम्राज्यवादलाई मानिन्छ। साम्राज्यवादले विश्वका धेरै राष्ट्रहरूमा विशेष युरोपेली राष्ट्रहरूमा जुन प्रभाव पाऱ्यो यसका विरोधमा उग्र रूपमा राष्ट्रवादी चेतनाको मूल फुट्यो। फिस्के र हेगेललाई उग्र राष्ट्रवादी चिन्तकहरूमा प्रमुख मानिन्छ। यी दार्शनिकहरूका प्रभावमा राष्ट्रवादले साम्राज्यवादको विरोध गर्दै पुँजीवादलाई नष्ट गर्ने साथै उपनिवेशित राष्ट्रहरूलाई स्वतन्त्र बनाउने धारणाको विकास गऱ्यो। बिसौँ शताब्दीमा जर्मनीमा एडोल्फ हिटलरका नेतृत्वमा नाजीवादको स्थापना साम्राज्यवाद र यसको अन्तरार्ष्ट्रिय प्रभुत्वको विरुद्ध थियो।[५५]बिसौँ शताब्दीको साम्राज्यवादले उपनिवेशित राष्ट्रहरूमा राष्ट्रवादी चेतनालाई सकारात्मक अनि प्रगतिशील शक्तिका रूपमा स्थापित गर्नमा सहयोग पुऱ्याएको देखिन्छ। त्यस अवस्थामा राष्ट्रवाद साम्राज्यवादको विरोधी पर्यायका रूपमा खडा थियो। फलस्वरूप राष्ट्रिय चेतना साम्राज्यवादको विरोधसँगै सामन्तवादको विरोधमा देखा पऱ्यो। एसिया, अफ्रिका, ल्याटिन अमेरिका तथा युरोपका धेरैवटा देशहरू यसबाट प्रभावित बने।

---

५२. नौनिहाल सिंह, सन् २००६, *नायसनलिज्म*, नई दिल्लीः मित्तल पब्लिकेसन, पृ. ३७

५३. उही, पृ. ३५

५४. ज्ञान सिंह संधू, सन् २००९, *राजनीति सिद्धान्त*, दिल्लीः हिन्दी माध्यम निर्देशालय, पृ. १०३

५५ जोन हफम्यान र पल ग्राम, सन् २००६, *इन्ट्रोडक्सन टु पोलिटिकल आइडलजी*, नोएडाः डोर्लिङ काइन्डर्सले, इन्डिया, पृ. १२१-१२२

**(ग) मार्क्सवादी राष्ट्रवाद**

राष्ट्रवादको तेस्रो चरणको विकासलाई मार्क्सवादसँग जोडेर हेर्न सकिन्छ। मार्क्सवादी अध्येताहरूले सामन्तवादको विस्थापन अनि पुँजीवादको विकास प्रक्रियालाई आधुनिक राष्ट्रवाद उदयको कारकतत्त्व मानेका छन्। मार्क्सअनुसार राष्ट्रवाद पुँजीवादको विकास, मुक्त व्यापार तथा विश्व बजारको उपज हो। मध्यमवर्गले राष्ट्रवादलाई मिथकका रूपमा प्रयोग गरी निम्नवर्गको राष्ट्रवादी भावनालाई दुरूपयोग गर्नका साथै निम्नवर्गमाथि सधैँ शासन गरेर साम्राज्यवादलाई वृद्धि गरेको पाइन्छ।[५६]

उन्नाइसौँ शताब्दीको अन्ततिर मार्क्स, एङ्गेल्स र लेनिनका समाजवादको धरातलबाट स्थापित राष्ट्रवादी तर्कले पाश्चात्य समाजमा आंशिक प्रभाव पारेको देखिन्छ। बिसौँ शताब्दीको उत्तरार्धतिर भने मार्क्सवादी विचारकहरूले प्रस्तुत गरेका युगानुकूल राष्ट्रवादी विचारले ठुलो प्रभाव पाऱ्यो।

मार्क्सवादी-लेनिनवादीहरूको तर्कअनुसार एउटा राष्ट्रमा पुँजीवाद र सामन्तवादले जस्तै शोषित वर्गले पनि अधिकार पाउनु पर्छ, उनीहरू गणतान्त्रिक अधिकारबाट वञ्चित रहनु हुँदैन।[५७] मार्क्सवाद-लेनिनवादले राष्ट्रवादलाई द्विचर विरोधका आधारमा हेरेको पाइन्छ। राष्ट्रवाद सही हो वा गलत, यसमा ऐतिहासिकता छ वा छैन विकसित राष्ट्र हो वा अविकसित राष्ट्र, सक्रिय राष्ट्रियता हो वा निष्क्रिय, क्रान्तिकारीवर्ग वा निमुखावर्ग, खण्डित राष्ट्र हो वा अखण्डित जस्ता द्विचर विचारधारालाई आधार गरी राष्ट्रवादको चर्चा गरेको पाइन्छ।[५८]

बिसौँ शताब्दीको साम्राज्यवादी विस्तारपछि मार्क्सवादले राष्ट्रवादमाथि प्रश्न खडा गरेको पाइन्छ। एक पक्षमा राष्ट्रको उन्नति र विकासमा साम्राज्यवादको भूमिका थियो भने अर्को पक्षमा साम्राज्यवादले राष्ट्रको सामाजिक र आर्थिक क्षेत्रमा असमानता उत्पन्न गरिरहेको थियो। यस्तो अवस्थामा ओटो ब्योर, कार्ल रेनर, रोजा लग्जमबर्ग, जोसेफ स्टालिनजस्ता मार्क्सवादी अध्येताहरूको विचारअनुसार साम्राज्यवादले राष्ट्रिय चेतना उत्पन्न गराउनमा सहयोग पुऱ्याउँदछ। वर्ग चेतनाको पनि विकास गर्नका साथै राष्ट्रको वर्गीय राष्ट्रवादलाई मात्र प्रतिनिधि नगरेर समग्र राष्ट्रकै चरित्रलाई प्रस्तुत

---

[५६] ए आर देसाई, सन् २०००, *सोसियल ब्याकग्राउन्ड अव् इन्डियन नायसनलिज्म*, मुम्बईः पपुलर प्रकाशन, प्रा लि, पृ. १२

[५७] मार्क्स र एङ्गेल्स, सन् १९७६, *कलेकटेड वर्क्स १८४५-४८*, भाग ६, लन्डन, पृ. ५०३

[५८] कार्ल मार्क्स, सन् १९५३, *सेलेक्टेड वर्क्स् भाग-१*, मस्कोः फरेन ल्याङ्ग्वेज पब्लिसिङ्ग, पृ. २७-५७

गर्दछ।[५९] मार्क्सवादी अध्येताहरू युरोपेली औपनिवेशिक साम्राज्यको विस्तार पछि व्यापार तथा औद्योगिक क्रान्तिले असमानता ल्याएको र निम्न वर्गीय समूहले चाहेको समानता, अधिकार अनि राष्ट्रियता नै राष्ट्रवादको विकासको पहिलो कारण मान्दछन्।

मार्क्स र एङ्गेल्सले सैद्धान्तिक आधारमा भिन्न भिन्नै राष्ट्रवादको चर्चा गरे तापनि दुवैमा साम्राज्यवाद र पुँजीवादको विरोधाभास पाइन्छ यद्यपि मध्यवर्गीय साम्राज्यवादले स्थापित गरेको राष्ट्रवादी विचारलाई समाप्त गर्ने धारणालाई दुवैले प्राथमिकता दिएका छन्। मार्क्सवादले राष्ट्रवाद संसारको विभाजनमा होइन तर सामाजिक स्तरमा वर्गीय समानता हुनुपर्छ भन्ने विचारमा जोड दिएको पाइन्छ। यसबाट राज्य, राष्ट्र अनि राष्ट्रवादसम्बन्धी मार्क्सवादी अध्येताहरूले भिन्नै सङ्केत गरेको पाइन्छ।

प्राकृतिक अवधारणाका आधारमा मार्क्सवादले राष्ट्रवादलाई वर्ग सङ्घर्षका रूपमा स्वीकार गरेको छ। *कम्युनिष्ट मेनिफेस्टो*मा मार्क्सले बुर्जुवाहरूको व्यापारिक बिस्तार, विश्व बजार अनि पुँजीवादी विकासले ल्याएको राष्ट्रिय विभिन्नतालाई राष्ट्रिय असमानताको तत्त्व हो भनेर तर्क प्रस्तुत गरेका छन्।[६०]

मार्क्स र एङ्गेल्सले राज्य-राष्ट्रको अवधारणालाई सामाजिक चेतनाद्वारा स्थापित भएको मानेका छन्। औपनिवेशिक कालमा विकास भएको राष्ट्रिय चेतनालाई चर्चा गर्दै दुवैले राष्ट्रवाद एउटा सामाजिक चेतना हो, यसको विकास निम्न वर्गीय समाजबाट भएको हो भन्ने विचार प्रस्तुत गरेका छन्।[६१] आजको तेस्रो विश्वको समाजमा मार्क्सवादी सिद्धान्त एउटा चुनौती भएर उभिएको देखिन्छ। यसले राष्ट्रवादको विभिन्न समस्यासित सम्बन्धित चुनौतीहरूलाई सामाजिक अनि राजनीतिक सङ्कथनका रूपमा खण्डन गर्दै आएको छ भने वर्तमानमा मार्क्सवादी आलोचनाले साम्राज्यवादको स्थापना गरी राष्ट्रवादी अवधारणालाई स्पष्टतः बुझेर यसलाई छुट्टै दृष्टिले हेर्नुपर्ने आवश्यक ठान्दछ।

---

[५९] रोनाल्ड मङ्क, सन् १९८६, *दि डिफिकल्ट डायलगः मार्क्सिज्म एन्ड नायसनलिज्म*, दिल्ली, पृ. ३९-४०

[६०] जोगिन्दरसिंह सकलानी, सन् २००९, मार्क्सिस्ट *प्रस्पेक्टिभ अन नायसनलिज्म एन्ड नेसनलिटी*, दि इन्डियन जर्नल अव् पोलिटिकल साइन्स, भाग-७०, अङ्क ३, मिरुटः इन्डियन पोलिटिकल साइन्स एसोसिएसन, पृ. ७२०

[६१] उही, पृ. ७२०

**(घ) उपनिवेशवाद विरोधी राष्ट्रवाद**

उपनिवेशवादको विरोध राष्ट्रवादको विकास परम्परामा देखा परेको अर्को प्रभावशाली चरण हो । उन्नाइसौँ शताब्दीको दुईवटा विश्वयुद्धको अन्तराल, रूसी क्रान्ति तथा फासीवादको उदयपछि युरोप तथा अमेरिकाबाट राष्ट्रवादी विचारको विस्तार एसिया, अफ्रिका अनि ल्याटिन अमेरिकातिर फैलिएको थियो। एसियाली र अफ्रिकेली कैयौँ देशहरूमा राष्ट्रमुक्ति आन्दोलन सुरु भयो। यसको फलस्वरूप विश्वका धेरैवटा देशहरूले युरोपेली साम्राज्यवादी शक्तिबाट स्वतन्त्रता प्राप्त गरे। भारत, चीन, पाकिस्तान, भेतनामजस्ता धेरै देशहरूले साम्राज्यवादबाट मुक्ति पाए पश्चात् राष्ट्रवादको नयाँ आयाम प्रतिपादन गर्न सक्षम बनेको देखिन्छ।

सांस्कृतिक राष्ट्रवादको उद्भव उपनिवेशवाद विरोधी राष्ट्रवादको एउटा महत्त्वपूर्ण विशेषता हो। उपनिवेशीहरू आफ्नो राष्ट्रिय अस्मिताको निर्माण गर्न सक्षम बने भने राजनीतिक आन्दोलनसित सम्बन्धित राष्ट्रवादी विचारधाराले साम्राज्यवादी शासकलाई चुनौती दियो। समग्रमा, उपनिवेशवाद विरोधी राष्ट्रवाद प्रगतिशील, तार्किक, सुधारवादी तथा क्रान्तिकारी थियो। भारतमा आधुनिक राष्ट्रवादको विकाससम्बन्धी कुरा गर्दा अङ्ग्रेजको उपनिवेशवादी साम्राज्यको विरोधलाई यसको मूल स्रोत मान्न सकिन्छ।

पश्चिममा राष्ट्रियतालाई मौलिक, प्रगतिशील अनि धर्मनिरपेक्ष मानिन्छ। पूर्वीय राष्ट्रियतालाई अनुकरणीय, सांस्कृतिक समानता, विविधताका आधारबाट निर्माण भएको मानिन्छ। कारण आधुनिक राष्ट्र, राष्ट्रवादका अवधारणाको जन्म पश्चिमबाट भएको हो अनि पछि उपनिवेशवादी साम्राज्यवादको प्रभावमा अन्य पूर्वेली मुलुकहरूमा फैलिएको हो।[६२] यसै सन्दर्भबाट संस्कृति अनि स्वायत्त राष्ट्रियताको बहस अघि आउँदछ। पाश्चात्य राष्ट्रवादको प्रभावमा पूर्वीय राष्ट्रवाद विकसित भएको हो वा यसको अनुकरण रूप हो भन्ने मान्यतालाई अघि सारेर सङ्कीर्ण साम्प्रदायिक विचारधाराका आधारमा राष्ट्रवादलाई चर्चा गरिन्छ भने त्यो भारतीय राष्ट्रवादको अवधारणामा स्वीकार्य मानिँदैन। कारण भारतीय राष्ट्रवादको जड परम्परादेखि विद्यमान सांस्कृतिक समानतालाई मानिन्छ। अङ्ग्रेज उपनिवेश साम्राज्यको विरोधमा भारतीय जातीयता, धार्मिक, संस्कृति वा भारतीयताको विचारधारा महत्त्वपूर्ण बनेको थियो। आधुनिक राष्ट्रवादको विकासमा पाश्चात्य राष्ट्रवादी विचारधारा, राष्ट्रिय आन्दोलनको प्रभाव आवश्यै

[६२] जी एलोएसियस, सन् १९९७, पूर्ववत्, पृ. १२७

परेको थियो यद्यपि, भारतीय सांस्कृतिक चेतना एवम् भारतीयताको भावना नै उपनिवेशी शक्तिको विरुद्धमा उभिएको देखिन्छ।

## २.५ भारतीय सन्दर्भमा राष्ट्रिय चेतनाको अवधारणा

भारतीय राष्ट्रवादमाथि धेरै अघिदेखि विभिन्न पक्षबाट बहस हुँदै आइरहेको छ। भारतमा राष्ट्रिय चेतना तथा राष्ट्रवादको सङ्कल्पना धेरै पुरानो विषय हो। भारतीय राष्ट्रवादको उदयको चर्चा गर्दा प्राचीन भारतीय सांस्कृतिक धरोहरलाई आधुनिक भारतीय राष्ट्रवादको कारक तत्त्व मान्न सकिन्छ। वर्तमान राष्ट्रवादको सैद्धान्तिक अध्ययन केन्द्रमा भौगोलिक क्षेत्र सँगैसँगै सांस्कृतिक, भाषिक एवम् परम्परा महत्त्वपूर्ण तत्त्वका रूपमा अस्तित्वमा रहेको पाइन्छ।

भारतीय राष्ट्रवादका सन्दर्भमा औपनिवेशिक साम्राज्यको विरोध मूल आधार रहेको छ। भारतीय राष्ट्रवादको विकासमा सांस्कृतिक एकतालाई धेरै अध्येताहरूले प्रमुखता दिएका छन्। प्राचीन भारतीय सभ्यतासँगै विकसित सांस्कृतिक समुचित भारतीय राष्ट्रवादको उद्गम स्थल मान्न सकिन्छ।[६३] भारतमा परम्परादेखि विद्यमान सांस्कृतिक, भाषिक, धार्मिक, जातीय विविधताको एकरूपता नै भारतीय राष्ट्रवादको कारक तत्त्व मान्दै आएको पनि पाइन्छ। अङ्ग्रेजको उपनिवेशी साम्राज्यअघि भारतमा विभिन्न राजाहरूले शासन गरे। त्यस समयमा आजको भारतजस्तै सिङ्गो मानचित्र अनि एउटै राष्ट्र भारतको अवधारणा निर्माण भएको थिएन। भारतीय विभिन्न जाति जनजातिमा आफ्नै सांस्कृतिक चेतनाले एकतामा बाँधेर एउटा समाज निर्माण भएको थियो। युरोपेली साम्राज्यको विस्तार हुनअघि भारतमा आदिवासी समुदायको आफ्नै भाषा, संस्कृतिले भारतीयताको चेतना निर्माण गरेको पाइन्छ। पछिबाट युरोपेली औपनिवेशिक साम्राज्यले आदिवासीका सामूहिक चेतनामाथि अतिक्रमण गरेर राजनीति गरेको देखिन्छ।

*इन्डिजिनिटी एन्ड नेसन*-मा जीएन देवी लेख्छन्- आधुनिक राष्ट्रियताको अवधारणाले समाजलाई तकनिकीय राजनीतिक व्यवस्थाको सीमाभित्र बाँधेको छ। वास्तवमा राष्ट्रियताको साँचो विचारधारा भनेको स्वतन्त्र वातावरणमा आदिवासी समाजले बाँचेको प्रकृति र जीवनबिचको

---

[६३] Nationalism in South Asia: Trends and Interpretation, https://www.jstor.org/stable/41856240, 07-01-2019, 8:23pm

अन्तरसम्बन्ध र यसले निर्माण गरेको संस्कृति हो।[६४] आधुनिक राष्ट्र, राष्ट्रवादको अवधारणा विकास हुन अघि भारतका आदिवासी समुदायलाई उनीहरूको संस्कृतिले जोडेर राखेको पाइन्छ। अहिलेघरि उत्तर र दक्षिण भारतका कतिपय राज्यहरूमा आदिवासी समुदायको आफ्नै पारम्परिक जीवनशैली अनि संस्कृतिले आधुनिक तकनिकी विकासको समाजभन्दा छुट्टै परिचय निर्माण गरेर बसेको पाइन्छ।

भारत राष्ट्रको विविधताको एकता, स्वराज्य, गणतान्त्रिक व्यवस्था, धर्म निरपेक्षका आधारमा भारतीय राष्ट्रवाद एउटा राजनैतिक विचारधाराका रूपमा विकसित भएको पाइन्छ। भारतको समृद्ध ऐतिहासिक परम्परा, राष्ट्र एकताको आन्दोलन, संविधान, स्वतन्त्रता सङ्ग्राम, स्वतन्त्रता अनि समानता आदिले आधुनिक भारतीय राष्ट्रवादको स्वरूप निर्माण भएको छ। उदार अनि धर्म निरपेक्षताको राष्ट्रवादले धेरै लामो समयदेखि राष्ट्रवादको संरचनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। उन्नाइसौँ शताब्दीको अन्ततिर औपनिवेशिक शासनको विरोध अनि धर्म निरपेक्षका आधारमा प्रथम चरणको राष्ट्रवादी विचारधाराको उदय भएको पाइन्छ। [६५] आधुनिक युगको सुरुमा अमेरिका अनि फ्रान्स नवीन राजनीतिक परिवर्तनतर्फ अग्रसर रहेको देखिन्छ। भारतमा मुगल शासनको पतनसँगै युरोपेली शक्तिको आधिपत्य बढ्दै गएको देखिन्छ।

भारतमा पाश्चात्य आधुनिक राष्ट्रवादको प्रभाव धेरै पछिबाट मात्र सुरु भएको हो। अङ्ग्रेज उपनिवेशको विरुद्ध बौद्धिक पुनर्जागरणको अवधिमा आधुनिक भारतीय राष्ट्रवादको उदय भएको मानिन्छ। भारतीय राष्ट्रवादको उदयसँग भारतीयताको भावना आएको थियो भन्ने तर्क रोमिला थापरले राखेकी छन्। उनीअनुसार भारतीयहरूमा रहेको विभिन्न राज्यको आफ्ना आफ्नै परिवेश र संस्कृति अनि विविधतालाई प्राथमिकता नदिएर केवल हामी भारतीय हौँ भन्ने विचारधाराको प्रचार तथा अनुभूतिद्वारा भारतीय राष्ट्रवादको विकास भएको छ।[६६] औपनिवेशकालीन अङ्ग्रेजको विभाजन र शासन नीतिले टुक्रा-टुक्रामा विभाजित भारतवासीलाई एकताको भावनाले मात्र स्वतन्त्रता प्राप्त हुन्छ भन्ने धारणा स्वतन्त्र सङ्ग्रामीहरूले देशवासीलाई अनुभूत गराएका थिए। भारतीय राष्ट्रवादी चेतनाको जागरण सिर्जनात्मक अभिव्यक्ति सर्वप्रथम धर्म, संस्कृति एवम् दर्शनका क्षेत्रमा भएको पाइन्छ। यसका कारण

---

[६४] जीएन देवी र जियोफ्रे भी डेभिस (सम्पा), सन् २०२१, *इन्डिजिनिटी एन्ड नेसन,* एबिङडोनः रुटलेज, पृ. ६

[६५] इरफान हाबिब, (सम्पा), सन् २०१७, *इन्डियन नायसनलिज्म दि एसन्सियल राइटिङ*, न्यु दिल्लीः अलेप बुक कम्पनी, पृ. ३

[६६] रोमिला थापर, पूर्ववत्, पृ. २१

परम्परादेखि विद्यमान भारतको धार्मिक एवम् सांस्कृतिक चेतनाको बीज उपनिवेशकालीन युरोपेली साम्राज्यको दमन, शोषणका विरोधमा उग्र रूपमा अघि आएको थियो। पछि आएर राजनीतिक विचारधाराका रूपमा राष्ट्रवादी चेतनाको विकास भएको देखिन्छ। यसरी भारतीय सांस्कृतिक राष्ट्रवादको संरचना साम्राज्यवादको अघि चुनौती बनेर उभिएको पाइन्छ।

भारतीय अध्येताहरूमा भीभीएसऐयर, केएम पनिक्कर आदिले प्राचीन भारतमा आर्यवंश, मौर्य अनि गुप्त वंशकालमै राजनीतिक सङ्गठनको प्रारम्भ भएको तर्क राखेका छन्। यस आधारमा सत्रौँ शताब्दीदेखि भारतमा ब्रिटिसको औपनिवेशिक शासन हुनुभन्दा अघि राष्ट्रको अवधारणा थियो भन्ने उनीहरूको भनाइ छ। भारत गणतान्त्रिक व्यवस्थाप्रति सचेत थियो। युरोपेली देशहरूमा जस्तै राजनीतिक सचेतताको राष्ट्रवादी अवधारणाको विकास नभएर धार्मिक एवम् सांस्कृतिक राष्ट्रवादको विचारधारा विद्यमान थियो ।

सन् १८५७ को प्रथम स्वतन्त्रता आन्दोलनले राष्ट्रवादलाई विस्तार गर्नमा ठुलो ऊर्जा दियो। यसपछि अनेकौँ भारतीय बौद्धिक जमात, दार्शनिक, साहित्यकार, धार्मिक संस्था एवम् नेता, स्वतन्त्र सेनानीको वृद्धि भयो जसबाट उपनिवेशवाद विरोधी हिन्दू राष्ट्रियता व्यापक सङ्कथनका रूपमा विस्तार भएर आयो।[६७] हिन्दूवाद वा धार्मिक राष्ट्रवादमा प्रमुख तिनवटा विषयलाई मान्यता दिइएको थियो- भौगोलिक एकता, जातीय समानता अनि समान संस्कृति।[६८] उपनिवेशकालीन भारतीय राष्ट्रवादको जड धार्मिक एवम् सांस्कृतिक रहेको आधार यसलाई मान्न सकिन्छ। उपनिवेशकालीन भारतीय राष्ट्रवादको उद्‌भावमा स्वदेशी आन्दोलनलाई पनि प्रमुख मानिन्छ। अरविन्द घोषले स्वदेशी आन्दोलनलाई स्वीकार गर्दै धार्मिक राष्ट्रवादलाई प्राथमिकता दिएका छन्। उनीअनुसार राष्ट्रवाद केवल राजनीतिक विचारधारा मात्र नभएर यो एउटा धर्म हो, जो आध्यात्मिकबाट प्राप्त हुन्छ। राष्ट्रवाद जीवन पद्धति हो।[६९] उनको राजनीतिक दर्शन वन्दे मातरम्-मा आधारित थियो र राष्ट्रका निम्ति आध्यात्मिक चेतना रहनु उनको मान्यता थियो।

---

६७. क्रिस्टोफ ज्याफरलट, सन् २००७, *हिन्दू नायसनलिज्म*, दिल्लीः पर्मानेन्ट ब्ल्याक प्रेस, पृ. ८५

६८. उही, पृ.८५-९६

६९ अरविन्द घोष, सन् २०१७,'नायसनलिज्म इज रिलिजन', इरफान हबिब (सम्पा), *इन्डियन नायसनलिज्म*, पूर्ववत्, पृ. ७६

भारत स्वतन्त्र सङ्ग्रामी बालगंगाधर तिलकले भारतीय सभ्यताको पुनरोत्थानलाई राष्ट्रवादी अवधारणाका रूपमा स्वीकार गरेका छन्। तिलकको मान्यताअनुसार भारतीय राष्ट्रवाद धार्मिक एवम् सांस्कृतिक पृष्ठभूमिबाट निर्माण हुँदछ।[७०] आफ्नो कृति *नेसनलनिज्म*-मा रविन्द्रनाथ टेगोरले राष्ट्रवादलाई सम्पूर्ण जनसमूहबिचको संरचनात्मक सङ्गठनलाई मान्यता दिँदै भनेका छन्- भारतको समस्या राजनीतिक होइन सामाजिक हो। वर्तमान राजनीतिमा पाश्चात्य विचारले प्रभुत्व जमाइरहेको छ। युरोपेली जातीय र वंशको राजनीति भारतले नअप्नाएर भारतकै सभ्यताअनुरूप पारम्परिक विचारधारालाई आधुनिक परिप्रेक्ष्यमा परिवर्तन गर्नुपर्छ।[७१] टेगोरको यस तर्कअनुसार भारतीय राष्ट्रवादको अवधारणा भारतीय सभ्यतालाई आधुनिक विश्व सम्पन्न संरचनाको आधारबाट प्रस्तुत गर्नुपर्ने हो भन्ने बुझिन्छ।

भारतीय राष्ट्रवादको चर्चा गर्दा महात्मा गान्धीको विचारधारा तथा राष्ट्रिय आन्दोलनलाई केन्द्रमा राख्नुपर्ने हुन्छ। कतिपय अध्येताहरूले गान्धीको राजनीतिक दर्शनलाई दक्षिण अफ्रिकेली समाजको असमानताबाट विकसित रूपको व्यावहारिक प्रयोग हो भन्ने विचार राखेका छन्। भारतीय राष्ट्रवादी अवधारणाका विकासमा गान्धीको महत्त्वपूर्ण भूमिकालाई सीमाङ्कित गर्न मिल्दैन। गान्धीले भारतीय राष्ट्रको विषयमा *राष्ट्रवाद र अन्तर्राष्ट्रवाद*-बारे चर्चा गरेका छन्। उनी लेख्छन्- म देशभक्त हुँ, कारण म मानव हुँ। राष्ट्रवादी नभइकन कोही पनि अन्तर्राष्ट्रवादी बन्न सक्दैन। हाम्रो राष्ट्रवाद कहीँ पनि अन्य राष्ट्रका निम्ति घातक बन्नु हुँदैन।[७२] गान्धीले *हिन्दू स्वराज* (सन् १९०९)-मा भारतीय मौलिक सभ्यतामा विश्वास राखेर अहिंसाको मार्गबाट शान्त राष्ट्रको परिकल्पना हुने विचार राखेका छन्। स्वतन्त्र राष्ट्र निर्माणका निम्ति जाति, धर्मभन्दा उच्च विचारको आवश्यकता रहन्छ, राष्ट्रका निम्ति समानताको भावनासँगै स्वदेशी तथा अहिंसा नै महत्त्वपूर्ण तत्त्व हो।[७३]

भारतका सन्दर्भमा हेर्दा पुँजीवादी व्यवस्थाको प्रारम्भभन्दा अघिबाटै सांस्कृतिक एकता थियो। धर्म र संस्कृतिको बलियो जड सम्पूर्ण भारतमा फैलिएको थियो। यसरी अध्ययन गर्दा भारतीय राष्ट्रवादको अवधारणा संस्कृति एवम् धार्मिक एकताको केन्द्रमा पुग्दछ। विभिन्न भारतीय विद्वान्हरूद्वारा

---

[७०] गीता गणेश्वरी,'बालगंगाधर तिलक एन्ड हिस फिलोसफी अव् नायसनलिज्म',IJIR, http://www.onlinejournal.in, 20.04. 2020, 1.35pm

[७१] रविन्द्रनाथ टेगोर, सन् १९१७,*नायसनलिज्म*, युएसएः नरहुड प्रेस, पृ. १५५

[७२] महात्मा गान्धी, सन् १९६८, *सेलेक्टेड वर्क्स अव् महात्मा गान्धी*, अहमदाबादः नवजीवन पब्लिसिङ हाउस, पृ. २११

[७३] डेविड हार्डिम्यान, सन् २००३, *गान्धी इन हिस टाइम एन्ड आवर्स्*, दिल्लीः पर्मानेन्ट ब्ल्याक प्रेस, पृ. १२

राष्ट्रवादमाथिको बहसबाट भारतीय राष्ट्रवादको अवधारणा परम्परादेखि नै विद्यमान सांस्कृतिक एवम् धार्मिक एकताद्वारा प्रतिपादन हुन्छ र उपनिवेशकालीन आधुनिक राष्ट्रवादको अवधारणामा पश्चिमेली राजनीतिक विचारधाराको प्रभाव देखिए तापनि भारतको बहुजाति, बहुसंस्कृति, बहुधर्मबिचको विविधताको एकता नै भारतीय राष्ट्रवाद हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ।

## २.६ भारतीय राष्ट्रवाद र राष्ट्रिय चेतनाको विकास परम्परा

विश्वको राष्ट्रवादी इतिहासमा भारतीय राष्ट्रवादको इतिहास धेरै अघिदेखि अस्तित्वमा रहेको देखिन्छ। पश्चिमेली राष्ट्रवादका विकासमा राजनीतिक कारण रहेको पाइन्छ भने भारतका सन्दर्भमा सांस्कृतिक पक्ष प्रमुख रहेको छ। उन्नाइसौँ शताब्दीपूर्व ब्रिटिस आन्दोलन, अमेरिकेली आन्दोलन, फ्रान्सेली आन्दोलनले राष्ट्रवादको विकास हुनमा सहयोग पुऱ्याएको पाइन्छ। यसको प्रभावमा एसियाली, अफ्रिकेली देशहरूमा आधुनिक राष्ट्रवादको बीज फैलिइएको पाइन्छ। धेरै अध्येताहरूले उपनिवेशवादी साम्राज्यवादका कारण एसियाली देशहरूमा राष्ट्रवाद विकसित भएको हो भन्ने विचार रखेका छन्।

भारतमा प्राचीनकालदेखि नै राष्ट्रवादी चेतना सिर्जना भएको चर्चा छ। राजा अशोक, समुद्र गुप्त, हर्षवर्धन, अकबर जस्ता शासकहरूको समयदेखि धार्मिक तथा सांस्कृतिक राष्ट्रको चेतना विद्यमान थियो। पछि उन्नाइसौँ शताब्दीमा आएर उपनिवेशवादको विरुद्ध बौद्धिक जागरणले राष्ट्रिय परिचय एवम् राष्ट्रिय चेतनालाई विस्तृत रूपमा ल्याएर आधुनिक राष्ट्रवादी चेतनाको विकास गरेको हो। आधुनिक भारतीय राष्ट्रवादकाविकासमा देशभक्ति, देशप्रेम, भारतीय संस्कृतिको पुनरुत्थान अनि औपनिवेशिक शक्तिको विघटन महत्त्वपूर्ण पक्ष रहेको छ। यसका साथै भारतीय संस्कृति अनि जातीय परिचय पनि उत्तिकै महत्त्वपूर्ण देखिन्छ। भारतीय राष्ट्रवादको उदय हुनमा जातीय एवम् सांस्कृतिक भावनाको मुख्य भूमिका रहेको पाइन्छ।  युरोपेली स्वतन्त्र राष्ट्रिय आन्दोलन, पहिलो र दोस्रो विश्वयुद्ध पछिको सित्युद्ध र औद्योगिक वैश्वीकरणले भारतको आधुनिक राष्ट्रवादका विकासमा ठुलो टेवा पुऱ्याएको पाइन्छ।

भारतका पौराणिक ग्रन्थहरूमा भारत राष्ट्रमाथि चर्चा छ। त्यहाँ अखण्ड भारतको सन्दर्भका साथै भारत राष्ट्रका भाषा, धर्म, संस्कृतिबारे उल्लेख पाइन्छ। मुगल साम्राज्यको पतनपछि अङ्ग्रेजहरूले भारतलाई व्यापारिक क्षेत्रबाट कब्जा गर्न थालेको हो। जाति, धर्म, वर्ण भेदमा टुक्रा टुक्रा भएको भारतमा पुर्तोगाली व्यापारीहरूले सहजै आफ्नो साम्राज्य खडा गर्न सके। अङ्ग्रेजको दमन नीतिबाट मुक्ति हुनाका

लागि भारतीय राष्ट्रवादको चेतना विकास भएको देखिन्छ। प्राकृतिक सम्पदा सम्पन्न भारतमा राजतन्त्र बलियो र समानतामा आधारित थिएन। सामाजिक असमानता, जातीय भेदभाव र शिक्षामा पछौटिएका देशमा अङ्ग्रेज उपनिवेशवादले व्यापारको माध्ययमबाट भारतमा साम्राज्य खडा गऱ्यो। फलस्वरूप आर्थिक असमानताका कारण विरोध भएपछि भारतीय राष्ट्रवादी चेतनाको विकास भयो भन्ने मार्क्सवादीहरूको धारणा रहेको छ।[७४] उपनिवेशकालीन भारत लगभग ५६२ राज्यहरूमा विभाजित थियो। भारतमा युगौँ देखि विद्यमान रहेको जात, धर्म, भेदभावको निच प्रथाले देशवासीलाई सामाजिक, आर्थिक आधारमा खण्ड-खण्डमा विभाजन गरेको थियो। भाषिक, सांस्कृतिक विविधता रहेको भारतमा राष्ट्रवादी विचारधारा सामूहिक रूपमा विकशीत हुनाका निम्ति सांस्कृतिक एकताको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ।[७५]

अङ्ग्रेजकालीन भारतमा राष्ट्रवादको उदय हुनामा अङ्ग्रेजी शिक्षाको प्रसार पनि प्रमुख तत्त्व रहेको पाइन्छ। पार्थ च्याटर्जी, आशिष नन्दीजस्ता आलोचकहरूले भारतको राष्ट्रवाद उपनिवेशी साम्राज्यवादका कारण उपज भएको हो, यसमा पाश्चात्य राष्ट्रवादको प्रभावका निम्ति अङ्ग्रेजी शिक्षाको ठुलो भूमिका रहेको ठहर गरेका छन्।[७६] विभूतिभूषण वन्दोपाध्यायअनुसार राष्ट्रवादप्रति जागरूकता ब्रिटिस शासनको विरोधी मतबाट जन्मिएको हो।

आधुनिक भारतीय राष्ट्रवादको उदयमा यसरी ब्रिटिस शासनको विरोध र आफ्नो मुलुकको पारम्परिक संस्कृतिप्रेम र सम्मानको भावना महत्त्वपूर्ण रहेको थियो। भारतीय राष्ट्रवादको परम्परामाथि मूल रूपमा तिनवटा विचारधारा अघि आएको देखिन्छ। पहिलो, स्वदेशी संस्था एवम् संस्कृतिक एकता। दोस्रो, युरोपेली आधुनिक राष्ट्रवादी विचारधाराको प्रभाव। तेस्रो, ब्रिटिस साम्राज्यको नकारात्मक सोच तथा दमनले भारतलाई जागरूकता दिएकाले राष्ट्रवादको उदय। यी तिनैवटा बहसलाई समग्रमा हेर्दा आधुनिक भारतीय राष्ट्रवादको विकासमा ब्रिटिस उपनिवेशवादको प्रभाव नै मूल कारण बन्न पुगेको देखिन्छ।

---

७४. बी सी उप्रेती, सन् २००५, https://www.jstor.org/stable/41856240, पृ. ५३४

७५. आशिष नन्दी, सन् २००५, पूर्ववत्, पृ.२५-४०

७६ शेखर वन्दोपाध्याय, सन् २००४, *फ्रम प्लासी टु पार्टिसनः ए हिस्ट्री अव् मोर्डन इन्डिया*, नई दिल्लीः ओरियन्ट ब्ल्याकस्वान, प्रा लि, पृ. १३९

स्वामी विवेकानन्द आध्यात्मिक राष्ट्रवादमाथि विश्वास राख्दथे। उनका विचारलाई सुवासचन्द्र बोसले पनि समर्थन गरेका थिए। विवेकानन्द हिन्दू राष्ट्रवादका पक्षमा थिए। उनी भारतलाई हिन्दू धार्मिक परम्पराबाट एकीकृत गरेर उपनिवेश शासनको अन्त्य गर्न सकिन्छ भन्ने विश्वास राख्दथे।[७७] पाश्चात्य साम्राज्यवादको विस्तारले भारतमा राष्ट्रमुक्तिको विचारधारा उत्पन्न गर्‍यो भन्ने तर्कमा हडसन र स्मिथले सहमति दिँदै साम्राज्यवादको प्रभावमा भारतीय राष्ट्रवादको विकास भएको विचार राखेका छन्।[७८]

उन्नाइसौँ शताब्दीको विश्व विकासको प्रक्रियाले भारतलाई आर्थिक अनि भौगोलिक स्वतन्त्रताको चेतना दिएको परिणामस्वरूप स्वतन्त्र राष्ट्रको चेतना उत्पन्न हुन सम्भव भयो। राष्ट्रवादको विकास विभिन्न पक्षबाट विकसित भएको छ। सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक आदि क्षेत्रबाट देशवासीमा देशप्रतिको प्रेम, सम्मानको भावना पैदा गर्न सबल बनेपछि राष्ट्रवाद एउटा ठुलो फाँटमा फैलिएको देखिन्छ।

राजाराम मोहन राय, स्वामी विवेकानन्द, स्वामी दयानन्द र एनी बेसेन्ट जस्ता व्यक्तित्वहरूले सामाजिक रूपमा राष्ट्रवादी चेतना ल्याउने महत् कार्य गरे। उनीहरूले प्राचीन भारतको सभ्यतालाई पुनःस्मरण गराए, सांस्कृतिक, धार्मिक सम्पन्न देशमा आध्यात्मिक ज्ञानद्वारा जनसाधारणमा जागरूकता ल्याउने कार्य गरे।[७९] सन् १९८५ मा स्थापित भारत राष्ट्र कङ्ग्रेसले स्वतन्त्रता आन्दोलनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै राष्ट्रवादी विचाधारालाई बलियो बनाउनमा टेवा पुर्‍याएको देखिन्छ।

भारतमा छापाखानाको स्थापनाले राष्ट्रवादको विचारधारालाई अझ व्यापक रूप दियो। त्यसपछि भारतीय भाषामा विभिन्न समाचार पत्रहरू छापिन थाले। सन् १९५७ को पहिलो स्वतन्त्रता सङ्ग्रामपछि अझ बृहत् रूपमा समाचार पत्रको प्रकाशनमा विकास भएको देखिन्छ। यो भारतीय समाजलाई जागरूकता बनाउने अनि एकतामा बाँध्ने एउटा बलियो माध्यम बन्न पुग्यो। प्रायः पत्रिकाहरूमा अङ्ग्रेजको दमन नीति, आर्थिक शोषण, नकारात्मक व्यवहारका कुराहरू लेखिएका हुन्थे।

समग्रमा, उन्नाइसौँ शताब्दीको ब्रिटिस उपनिवेशका कारण भारतीय राष्ट्रवादको उदय भएको देखिन्छ। आर्थिक, राजनीतिक, सामाजिक शोषणपछि देशवासीमा ब्रिटिस तानाशाहप्रति विरोधको

---

[७७] डी भी अम्बेडकर र डी जी कर्भ (सम्पा), सन् २०११, *स्पिच एन्ड राइटिङस् अव् गोपाल कृष्ण गोखेल*, क्याम्ब्रिजः क्याम्ब्रिज युनिभर्सिटी प्रेस, पृ. ३५

[७८] जोन हडसन र एन्थोनी डी स्मिथ (सम्पा), सन् १९९४, *नायसनलिज्म*, अक्सफोर्डः अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ. ८

[७९] हंस कोन, सन् १९६५, पूर्ववत्, पृ. ९६

आवाज उठ्यो। ब्रिटिसले आफ्नो आर्थिक वृद्धि र शासन व्यवस्थाका निम्ति स्थापना गरेको प्रशासन, छापाखाना, रेलमार्ग, शिक्षा प्रणाली आदिले राष्ट्रवादी धारणालाई प्रचार-प्रसार गर्नमा थप सहयोग पुऱ्यायो। मध्यमवर्गीय समाजमा राष्ट्रवादी विचारधाराको ठुलो असर देखा पऱ्यो। आधुनिक समाजको विकाससँगै पारम्परिक राष्ट्र संस्कृतिको संरक्षण तथा वृद्धिको चेतना भारतवासीमा फैलिन थाल्यो। आधुनिक शिक्षा, राजनीति, समाज आदिले भारतीय राष्ट्रवादी चेतनालाई उच्च श्रेणीमा पुऱ्याउन सफल बन्यो। उन्नाइसौँ शताब्दीको मध्यकालदेखि उपनिवेशवाद मुक्त भारतीय राष्ट्रवादको अवधारणालाई सांस्कृतिक एकताका आधारमा अध्ययन गर्दैं आएको देखिन्छ।

### २.७ राष्ट्रिय चेतनाका प्रकारहरू

राष्ट्रवादी आन्दोलन वा विभिन्न कालखण्डमा देखापरेका राष्ट्रवादी विचारधाराको स्वरूपमाथि स्मिथ, लुइस विर्थ, जोसेप लोबेराजस्ता अध्येताहरूले चर्चा गरेका छन्। स्मिथले राष्ट्रवादलाई विभिन्न समयमा देखापरेका राष्ट्रिय आन्दोलनका आधारमा वर्गीकरण गरी स्वतन्त्रपूर्व, स्वातन्त्र्योत्तर र स्वराज्यकाल गरी तिनवटा कालखण्डमा राष्ट्रवादको विभिन्न विशेषता अनि राष्ट्रिय चेतनामाथि चर्चा गरेका छन्। लुइस विर्थले युरोपेली राष्ट्रवादलाई केन्द्र गरी राजनीतिक तथा सामाजिक व्यवस्थाका आधारमा प्रभुत्ववादी राष्ट्रवाद, निर्दिष्ट राष्ट्रवाद, सीमान्त राष्ट्रवाद र अल्पसङ्ख्या राष्ट्रवादमा राष्ट्रिय चेतनालाई विभाजन गरेका छन्। लोबेराले राष्ट्रिय चेतनाको प्रकारबारे चर्चा नगरी विभिन्न आयाममा देखापरेका राष्ट्रवादको सैद्धान्तिक पक्ष र यसका विशेषतामाथि अध्ययन प्रस्तुत गरेका छन्।

राष्ट्रिय चेतनाका विभिन्न प्रकारहरूमध्ये फिस्टेको जातीय राष्ट्रवाद, रेननको नागरिक राष्ट्रवाद, जोसेफ स्टालिनको क्षेत्रीय राष्ट्रवाद आदि प्रमुख देखिन्छन्। यसैका आधारमा राष्ट्रिय चेतनाका विभिन्न प्रकारहरूलाई यहाँ अध्ययन गरिएको छ।

#### २.७.१ जातीय चेतना

जातीय राष्ट्रवादमाथि वलकर कन्नोर, एन्थोनी डी स्मिथ र लुइस स्निडर आदिले विस्तृत रूपमा चर्चा गरेका छन्। कन्नोरअनुसार राष्ट्र जातीय चेतनाद्वारा स्वतः निर्माण हुँदछ। राष्ट्रलाई जातीय संस्कृति, भाषा,

ऐतिहासिक धरोहर आदिको विशेषताबाट हेर्दा जातीयता र राष्ट्रियतामा समानान्तर देखिन्छ।[८०] जातीय राष्ट्रवादले उपनिवेश तथा उत्तरउपनिवेश राष्ट्रहरूमा आफूलाई छुट्टै परिचयमा उभ्याउन सफल भएको देखिन्छ।[८१] जातीय राष्ट्रवाद समसामयिक सन्दर्भमा पनि उत्तिकै सक्रिय हुँदै आइरहेको देखिन्छ। जातीय परिचय एवम् राष्ट्रिय परिचयमा स्थापित एसियाली तथा अफ्रिकेली आदिवासी समुदायमा यसको धेरै प्रभाव देखापर्दछ।

स्मिथ, पल ब्रास र जोन आर्मस्ट्रोङले जातीय राष्ट्रवादलाई पारम्परिक जातीय परिचय मानेका छन्। ऐतिहासिक रूपमा जातीय संस्कृतिमा रहेको सामूहिक भावनाबाटै जातीय राष्ट्रियताको विकास भएको उल्लेख गरेका छन्।[८२] *मिथ्स् एन्ड मेमोरी अव् दि नेसन* (सन् २०००)-मा स्मिथले राष्ट्रवादको सैद्धान्तिक विकासको चर्चा गर्दै राष्ट्रलाई जातीय विम्बका रूपमा अध्ययन गरेका छन्। उनले राष्ट्रवादसँग जातीय परम्परा एवम् इतिहास सधैँ जोडिएर आउँछ भन्दै पारम्परिक जातीय चेतना र आधुनिक राष्ट्रवादको चर्चा गरेका छन्।[८३] आधुनिक राष्ट्रवादी अध्येताहरूले जातीय चेतनालाई पुनर्जागरणकालपछि आधुनिक राष्ट्रवादको अवधारणाबाट हेरिन थालेको चर्चा गरेका छन्।

भारतका सन्दर्भमा नागा, कुड्स आदि जनजातिहरूले आफ्नै जातीय राष्ट्रियता स्थापित गरेका छन्। स्मिथअनुसार जातीयताको सचेतना जातीय समूहभित्र अव्यक्त र अदृश्य रूपमा हुँदैन तर यो जातीय सभ्यता र अस्तित्वका आधारमा बौद्धिक स्तरबाट बहुजातीय राष्ट्रको अङ्ग भई उपस्थित हुँदछ। उनी अझ भन्छन्- राष्ट्र निर्माणको प्रारम्भिक चरणमा जातीयताको मुख्य भूमिका देखिन्छ। जातीय संस्कृतिलाई नै आधार बनाएर प्रत्येक राष्ट्र निर्माण भएको छ। राष्ट्रवादले जातीय संस्कृतिकै व्यापक दृष्टिबाट आधुनिक राष्ट्रको व्याख्या गरिरहेको छ।[८४]

आधुनिक वैज्ञानिक परिभाषाअनुसार जाति भन्नाले एउटा ऐतिहासिक दृष्टिले सुगठित स्थायी जनसमुदाय हो, जो भाषा , भूखण्ड, आर्थिक जीवन र एउटै मानसिक गठनको एक सूत्रले बाँधिएको हुन्छ। अर्थात् इतिहासको लामो अवधिबिचबाट विकशीत हुँदै एउटै भाषा, एउटै भूखण्ड, एउटै आर्थिक जीवन र

---

[८०] *Ethnics and Racial Studies*, online Journal, http://www.tandfonline.com/loi/rers 20

[८१] जोन हुच्चियोनसन, सन् २००१, *अन्डरस्टान्डिङ्ग नायसनलिज्म*, पलिटी प्रेस, क्याम्ब्रिज, पृ. १७७

[८२] एन्थोनी डी स्मिथ, सन् १९८५, *दि एथ्निक ओरिजन अव् नायसनलिज्म*, अक्सफोर्डः बेसिल ब्ल्याकवेल प्रेस, पृ. १०

[८३] एन्थोना डी स्मिथ, सन् २०००, *मिथ्स एन्ड मेमोरिज अव् दि नेसन*, लन्डनः अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ. ९

[८४] *Ethnics and Racial Studies*, online Journal, http://www.tandfonline.com/loi/rers 20

मानसिक गठनले बाँधिएको स्थायी जनसमुदाय जाति हो। कुनै विशेष नश्ल (रेस)-को गोष्ठी वा धार्मिक सम्प्रदायलाई जाति मानिँदैन।[८५] जातीय राष्ट्रवादले जातीय भाषा, संस्कृति, जातीय धरोहर तथा वंशलाई प्राथमिकता दिदँछ। संसारका आर्य, मङ्गोल, निग्रो, ककेसियन सेभाइट, द्राविड जस्ता विशाल नसल (रेस)-भित्रबाट अथवा सम्मिश्रणबाट विभिन्न जातिहरूको विकास भएको पाइन्छ।

जातीय संस्कृति, भाषा, इतिहासद्वारा निर्मित राष्ट्रवादलाई जातीय राष्ट्रवादले अध्ययन गर्दछ। उपनिवेशकालमा राष्ट्रवादको प्रारम्भिक चरणको विकासदेखि उत्तरउपनिवेशकालीन स्वतन्त्र राष्ट्रहरूमा जातीय राष्ट्रवाद सक्रिय रहेको पाइन्छ। अधिकांश यी राष्ट्रहरूमा लोकतान्त्रिक व्यवस्थाको स्थापना भए तापनि जातीय राष्ट्रवादको भावना विभिन्न राजनीतिक विचारधाराका रूपमा विकसित पाइन्छ।

उपनिवेशवाद विरोधी राष्ट्रवाद व्यापक रूपमा स्वदेशी संस्कृति तथा क्षेत्रीय राष्ट्रियतामा केन्द्रित रहेको छ। यसले राष्ट्रिय परिचयलाई मूल आधार बनाएको छ। भारतलगायत विश्वका विभिन्न राष्ट्रहरूमा जातीय धर्म, संस्कृतिका आधारमा राष्ट्रियता निर्माण भएको देखिन्छ। आधुनिक राष्ट्रवादका अवधारणामा यस प्रकारको राष्ट्रियताका निम्ति जातीय राष्ट्रियता एउटा चुनौतीको विषय बनेको छ। विभिन्न जातिहरूको ऐतिहासिक परम्परा र संस्कृतिले आफ्नो छुट्टै अस्तित्वको संरक्षण गर्नुमा भने मुख्य भूमिका निर्वाह गरेको देखिन्छ। जातीय राष्ट्रियताको परिचयले आदिवासी जनजातिलाई प्रथामिकता दिन्छ। यो अल्पसङ्ख्यक धार्मिक समूहका आधारमा नरहेर जातीय संस्कृतिको महत्त्व र क्षेत्रीय राजनीतिका आधारमा राष्ट्र निर्माणका पक्षमा रहेको छ भन्ने तर्क इरिक हब्सबोनले राखेका छन्।[८६]

जर्मन राष्ट्रवादी चिन्तक हेडर र फिच्टेले जातीय राष्ट्रवादलाई राजनीतिक अनि नागरिक परिचयका रूपमा चर्चा गरेका छन्। समसामयिक राष्ट्रिय अवधारणाले जातीय राष्ट्रवादलाई सीमाङ्कित गरेर अन्तर्राष्ट्रिय राष्ट्रवादको व्याख्यालाई अघि सारेका छन्। यस व्याख्याले जातीय राष्ट्रवादको विचारधारालाई प्राचीन राष्ट्रवादका सन्दर्भमा चिनाएको छ। भारतीय सन्दर्भमा समय समयमा जातीय परिचयको आन्दोलनले राष्ट्रवादमाथि गहिरो प्रभाव पार्दै आइरहेको देखिन्छ।

[८५] गणेशलाल सुब्बा, सन् २०००, *साहित्यिक समालोचना र अन्य लेखहरू*, मोहन पी दाहाल (सम्पा), जलपाइगुढीः मुक्ति प्रकाशन, पृ. ७९

[८६] इरिक हब्सबोन, सन् १९९२, पूर्ववत्, पृ. ६४

### २.७.२ स्वच्छन्दतावादी चेतना

अठारौँ शताब्दीको उत्तरार्ध र उन्नाइसौँ शताब्दीको पूर्वार्धतिर राष्ट्रवादको सम्बन्ध स्वच्छन्दतावाद र राजनीतिक आन्दोलनसित जोडीएको देखिन्छ। राष्ट्रवादले सोझै राजनीतिक विचारधारा र संस्कृतिसँग सम्बन्ध राखे तापनि स्वच्छन्दतावाद कला-साहित्यबाट राष्ट्रवादसँग जोडिएर आएको हुन्छ।[८७] राष्ट्रवादले स्वच्छन्दतावादसित राष्ट्रवादको प्राकृतिक मूल्य अनि राष्ट्रप्रेमलाई प्रस्तुत गरेको हुन्छ। कार्लटोन हेयसले मानव व्यवहारलाई प्राकृतिक रूपमा राष्ट्रसँग जोडिएको हुन्छ भन्ने उल्लेख गरेका छन्। उनले मानव परिचय, जन्मभूमि अनि मानवसमाजसँग प्राकृतिक रूपले राष्ट्र पनि जोडिएको हुन्छ भन्ने विचार राखेका छन्।[८८] हेयसको विचारअनुसार मानव जाति सामाजिक प्राणी हुनाले मानव समाजसँग संस्कृति, धर्म, भूगोल आदि पनि जोडिएर आएको हुन्छ।

हंस कोनले मान्छेको प्राकृतिक स्वभावमा आफ्नो जन्मभूमि र समाजप्रतिको प्रेम हुन्छ र आफ्नो जन्मथलो, संस्कृति, परम्परा र भौगोलिक वातावरणले मान्छेलाई त्यही स्थितिमा बाँच्न सिकाउँछ भन्ने तर्क राख्दै प्रकृति र मानवसम्बन्धबाट राष्ट्र र स्वच्छन्दतावादको चर्चा गरेका छन्। प्राकृतिक रूपले मानव चेतनामा राष्ट्रप्रेम हुन्छ यसैले त्यो आफ्नो भौगोलिक अवस्था वा राष्ट्रको अवस्थाबाट मानव व्यवहारमा अभिव्यक्त हुँदछ।[८९]

राष्ट्रवादको प्रकृतिसँग स्वच्छन्दतावाद जोडीएको उल्लेख गर्दै हेयसले लोककला, लोकसाहित्य, लोकसंस्कृतिबाट स्वच्छन्दतावादी राष्ट्र चेतना प्रकट हुने विचार राखेका छन्। उनले लोककथा र लोकसाहित्यले मानव सभ्यता र इतिहासद्वारा राष्ट्र परिचयलाई प्रस्तुत गरेको हुन्छ[९०] भन्ने धारणा राख्दै कलासाहित्यबाट स्वच्छन्दतावाद र राष्ट्रवादको अवधारणा स्थापित भएको बताउँछन्। लिअ ग्रिनफिल्डले युरोपेली राष्ट्रवादको विकासका सन्दर्भमा युरोपेली विभिन्न राष्ट्रका निर्माणमा त्यहाँका, भाषा, संस्कृति, कला-साहित्यलाई स्वच्छन्दतावादी राष्ट्रवादले अघि ल्याउन सहयोग

---

[८७] लिय ग्रिनफिल्ड, सन् १९९२, *नायसनलिज्मः फाइब रुट्स टु मोडर्निटी*, क्याम्ब्रिजः हावर्ड युनिभर्सिटी प्रेस, पृ. ६-७

[८८] कार्लटोन जे हेयस, सन् १९२६, *एसेज् अन नायसनलिज्म,* न्यु योर्कः रुटलेज एन्ड रुटजेल, पृ. २६

[८९] हंस कोन, सन् १९६१, *आइडिया अव् नायसनलिज्म ए स्टडी इन इट्स ओरिजिन एन्ड ब्याकग्राउन्ड*, न्यु योर्कः म्याकमिलन कम्पनी, पृ.६-९

[९०] कार्लटोन हेयस, सन् १९२६, पूर्ववत्, पृ. ५३

पुऱ्याएको चर्चा गरेकी छन्। ग्रिनफिल्डअनुसार स्वच्छन्दतावादी विचारले केवल राष्ट्रको प्राकृतिक सौन्दर्यलाई मात्र जोड नदिएर राष्ट्रभक्तिप्रति पनि अग्रसर रहेको देखिन्छ।[९१]

राष्ट्रवाद र स्वच्छन्दतावादको विकासमा कला-साहित्यको भूमिका महत्त्वपूर्ण देखिन्छ। जर्मनेली स्वच्छन्दतावादी कवि विलियम वड्स्वर्थको कविता 'लिरिकल व्यालेड्स'-ले लोकलयबाट राष्ट्रको पौराणिक कथालाई प्रस्तुत गर्दै जातीय संस्कृतिसँगै राष्ट्र परिचयलाई प्रस्तुत गरेको पाइन्छ। सेली, किट्स, कलरिज जस्ता स्वच्छन्दतावादी लेखकका कृतिहरूमा राष्ट्रको प्राकृतिक सौन्दर्यको वर्णनले राष्ट्रप्रेम अभिव्यक्त भएको पाइन्छ। नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, सिद्धिचरण श्रेष्ठ, भीमनिधि तिवारी, अगमसिंह गिरी, माधव घिमिरे,तुलसी अपतन,पुष्पलाल उपाध्याय आदिका कवितामा स्वच्छन्दतावादी प्रवृत्तिसँगै राष्ट्रका विभिन्न पक्षहरू सामाजिक, आर्थिक स्थितिलाई प्रस्तुत गरेको पाइन्छ। प्रकृति प्रेम, जातिप्रेम, मानवीय भावना, युगीन यथार्थको स्वच्छन्दभावमूलक चित्रण, सामाजिक-आर्थिक विषमता र विसङ्गतिको चित्रण तथा त्यसका विरुद्ध भावुक विद्रोह, रोमान्टिक विरोधिता, प्राचीन भारतीय सभ्यता र संस्कृतिको गुणगान, आदर्शवादिता, उदार मानवतावाद आदि नै यस युगका कवितामा पाइने मूल विशेषता हुन्।[९२] यस सन्दर्भबाट स्वच्छन्दतावादी साहित्यमा राष्ट्रवादको सम्बन्ध प्रखर रूपमा विभिन्न प्रवृत्तिबाट प्रस्तुत भएको पाइन्छ। स्वच्छन्दतावादी राष्ट्रवादले कला साहित्यद्वारा प्रस्तुत राष्ट्रको प्राकृतिक, सामाजिक, सांस्कृतिक अभिव्यक्तिलाई राष्ट्रवादसँग जोडेर अध्ययन गर्दछ।

### २.७.३ क्षेत्रीय चेतना

क्षेत्रीय राष्ट्रवादलाई राष्ट्र स्तर र राज्य स्तरका आधारमा बुझ्न सकिन्छ। जब जाति, धर्म, भाषाको कुरा आउँछ त्यहाँ क्षेत्रीय राष्ट्रवादको प्रमुख भूमिका देखापर्दछ। विश्वका सबै राष्ट्रलाई क्षेत्रीय परिचयका रूपमा हेर्न सकिन्छ। सबै राष्ट्रहरूका आफ्नाआफ्नै भौगोलिक सीमा, इतिहास, जातीय संस्कृति, भाषा, धर्म रहेको हुन्छ। यी सबै पक्षहरूको अध्ययन क्षेत्रीय राष्ट्रवादले गर्दछ। राज्यस्तरको आफ्नै क्षेत्रीय राष्ट्रवाद रहेको हुन्छ। यसले आफ्नो राज्यको सीमालगायत बाहिरको सांस्कृतिक अतिक्रमणलाई रोक्ने काम गर्दछ। भारतका विभिन्न राज्यहरूमा विभिन्न जाति, जनजातिहरूको आफ्नाआफ्नै संस्कृति छन्। ती

[९१] लिय ग्रिनफिल्ड, सन् १९९२, पूर्ववत्, पृ. ३१७-३२०

[९२] घनश्याम नेपाल, सन् २००९, *नेपाली साहित्यको परिचयात्मक इतिहास*, सिलगढीः एकता बुक हाउस प्रा लि, पृ. १८१

जातिका संस्कृति संरक्षणका निम्ति क्षेत्रीय राष्ट्रवादको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ। समान स्तर र क्षेत्रीय एकाइका आधारमा क्षेत्रीय राष्ट्रवादलाई निम्न तिन वर्गमा विभाजन गरिएका छन्। १. विस्तृत आधार २. निम्न आधार ३. अल्पसङ्ख्या वा अति निम्न आधार।

क्षेत्रीय राष्ट्रियताले प्रायः जातीय इतिहास, संस्कृतिको सुरक्षाका निम्ति छुट्टै राजनीतिक अधिकारको माग गर्दै आइरहेको पाइन्छ। लोकतन्त्रमाथि विश्वास राख्दै भारतले बहुजाति, बहुसंस्कृतिको सम्मिश्रित राष्ट्रवादलाई प्राथमिकता दिन्छ। यसै आधारमा विभिन्न राज्यहरूमा क्षेत्रीय राष्ट्रियताको मुद्दाबारे चर्चा गरिन्छ। भारतमा विभिन्न क्षेत्रमा बहुसंस्कृति, बहुजाति, बहुभाषा रहेको पाइन्छ। उत्तरपूर्वाञ्चल भारतीय क्षेत्र र मध्य भारतीय क्षेत्र अनि दक्षिण भारतीय क्षेत्रहरू क्षेत्रीय संस्कृतिका आधारमा भिन्न भिन्नै छन्। क्षेत्रीय संस्कृति, जाति तथा भाषाको संरक्षण र राजनीतिक अधिकारका आधारमा भारतमा क्षेत्रीय राष्ट्रवाद प्रबल देखिन्छ। आदिवासी समुदायको संस्कृतिले अझ क्षेत्रीय चेतनालाई बलियो रूपमा स्थापित गरेको पाइन्छ।

जातीय संस्कृतिको सुरक्षा र प्रान्तीय अधिकारको आधारबाट भारतमा क्षेत्रीय राष्ट्रवादले राजनीतिक उतार चढाउमा प्रभाव पार्दै आएको छ। क्षेत्रीय राष्ट्रियताकै प्रभावस्वरूप विभिन्न राज्यहरूका पुनर्गठन हुँदै आएको छ। भारतमा गोर्खा जातिको भाषा, संस्कृति र राजनीतिक अधिकारको पक्षमा छुट्टै राज्य गोर्खाल्यान्डको मागले पनि क्षेत्रीय राष्ट्रिवादको उदाहरण प्रस्तुत गरेको छ।

### २.७.४ भाषिक चेतना

भाषिक राष्ट्रवादमाथि एन्डरसनले *इम्याजिन कम्युनिटी* (१९८३)-मा 'प्रिन्ट क्यापिटलिजम'-को सन्दर्भबाट चर्चा गरेका छन्। एन्डरसनले राष्ट्रलाई काल्पनिक राजनीति समूह मानेका छन्। यस सन्दर्भमा उनले भाषिक तथा सांस्कृतिक चेतनाद्वारा राष्ट्रलाई एकसूत्रमा बाँध्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ भन्ने विचार राखेका छन्।[९३] आधुनिक राष्ट्रवादका विकासमा भाषाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। भाषाको प्रचार प्रसारका निम्ति आधुनिक राष्ट्रवादमा छापाखानाको प्रभुत्व रहेको उल्लेख एन्डरसनले गरेका छन्। कुनै पनि क्षेत्रको जातिको परिचय उसले बोल्ने भाषाशीत जोडिएको हुन्छ। यसैले राजतन्त्र अनि उपनिवेशवादका विरोधमा आएको राष्ट्रिय आन्दोलन सर्वप्रथम भाषिक परिचयद्वारा अघि

[९३] एन्डरसन, सन् १९८३, पूर्ववत्, पृ. १५

आएको कुरा एन्डरसनले चर्चा गरेका छन्। उनीअनुसार छरिएर बसेका एउटै जातीय समूहलाई मातृभाषाका आधारमा एकसूत्रमा बाँध्ने काम भाषिक राष्ट्रियताले गरेको हो। जातीय संस्कृति, भाषालाई संरक्षण गरेर अन्य विदेशी भाषाको हैकमबाट वञ्चित रहनाका निम्ति भाषिक प्रचार-प्रसार तथा जागरूकताका क्षेत्रमा छापाखाना र मुद्रण तकनिकीको भूमिका रहेको देखिन्छ।[९४] कार्ल डचले *नेसनलनिज्म एन्ड सोसिएल कम्युनिकेसन* (१९५३)-मा राष्ट्रवादी विचारधारालाई विस्तार गर्नमा आधुनिक सञ्चारको भूमिका रहेको छ भनेका छन्।

जातीय संस्कृति र परिचयको चेतना फैलाउनका निम्ति त्यस जातिको भाषालाई माध्यम बनाएर धर्म, दर्शन, राष्ट्रमाथि विभिन्न पुस्तकहरू लेखेर जनसमूहमा पुऱ्याएको र राष्ट्रिय चेतनाको विस्तार गरेको तर्क डचले राखेका छन्।[९५] दोस्रो विश्वयुद्धपछि एसियाली अनि युरोपेली राष्ट्रहरूमा पारम्परिक भाषा र जातीय परिचयलाई अध्ययन गरिन थालेको पाइन्छ।[९६] एन्डरसनको यस तर्कमाथि प्रतिक्रिया राख्दै इली केडौरले राष्ट्र चेतनाका विकासमा जर्मन स्वच्छन्दतावादी विचारकहरूले भाषिक राष्ट्रवादलाई अघि सारेका थिए भन्ने विचार प्रस्तुत गरेका छन्। केडौरले राष्ट्र भाषा राष्ट्रका जनसमूहको परिचय भएका हुनाले आफ्नो राष्ट्रको भाषिक परिचयलाई राष्ट्रवादी लेखकहरूले अघि बढाएका हुन् भन्ने तर्क राखेका छन्। भाषिक राष्ट्रवादमा भाषा साहित्यले जातीय परिचयसँगै राष्ट्रको परम्परालाई प्रस्तुत गरेको हुन्छ।[९७]*नेसन एन्ड नेरेसन* (सन् १९९०)-मा होमी के भाभाले राष्ट्रवादको विकासमा सञ्चार, भाषा अनि लेखकको महत्त्वपूर्ण भूमिका साहित्य क्षेत्रबाट भएको विचार राखेका छन्।

समसामयिक भाषिक राष्ट्रवादको बहस बहुभाषिक राष्ट्रमा सक्रिय रहेको देखिन्छ। भाषिक राष्ट्रवादमा पाठ (टेक्स्ट)-मा राष्ट्रलाई कसरी प्रस्तुत गरिएको हुन्छ? साहित्यले एउटा भौगोलिक सीमाभित्रका जाति, परम्परा, संस्कृतिलाई कसरी प्रस्तुत गरेको हुन्छ र राष्ट्रवादी विचारधारालाई कसरी आत्मसात् गरेको हुन्छ भन्ने विषयमाथि भाषिक राष्ट्रवादले अध्ययन गर्दै आएको छ। उत्तरउपनिवेशवादी चिन्तक पार्थ च्याटर्जीले *नेसनललिस्ट थट एन्ड दि कोलोनियल वर्ल्डः ए डेरिभेटिभ डिस्कोर्स* -मा उपनिवेशकालपछि भारतीय साहित्य अनि संस्कृतिमा पाश्चात्य संस्कृतिले व्यापक प्रभाव पारेको उल्लेख

---

[९४] उही, पृ. ४६

[९५] कार्ल डच, सन् १९५३, *नायसनलिज्म एन्ड सोसियल कम्युनिकेसन*, न्यु योर्कः एमआइटी प्रेस, पृ. ७१

[९६] एन्डरसन, सन् १९८३, पूर्ववत्, पृ. १२७-२८

[९७] इली केडौरी, सन् १९९३, *नायसनलिज्म*, अक्सफोर्डः अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ. ६५

गरेका छन्। वैश्वीकरण र उपभोक्तावादी प्रवृत्तिले पश्चिमेली संस्कृतिको विश्वव्यापी प्रभावमा भाषा र साहित्यमा उपनिवेशवादी राजनीतिक हैकमवादको प्रभाव आधुनिक राष्ट्रवादमा देखा परिरहेको च्याटर्जीको धारणा छ।[९८]

इतिहासविद् कुमार प्रधानले *पहिलो पहर*-भित्र 'दार्जिलिङको नेपाली जातिः एउटा ऐतिहासिक अध्ययन' शीर्षक लेखमा भारतीय नेपाली जातिको इतिहास, भाषा, संस्कृतिमाथि चर्चा गर्दै नेपाल र भारतका नेपाली समुदायबिचको भाषिक तथा संस्कृति समानताबारे गहन अध्ययन गरेका छन्। उनले भारतीय नेपाली समुदायलाई जातीय एकतामा बाँध्ने साझा संस्कृति, भूगोल मात्र नभएर भाषा महत्त्वपूर्ण तत्त्व रहेको चर्चा गरेका छन्।[९९] उनको यस भनाइबाट कुनै पनि राष्ट्रको निर्माणमा भाषा अति आवश्यक तत्त्व रहेको बुझिन्छ। यस दृष्टिले कुनै पनि राष्ट्र निर्माणमा भाषाको भूमिका प्रमुख रहेको देखिन्छ। भारतको दार्जिलिङमा ब्रिटिसले चिया उद्योग सुरु गरेपछि नेपालबाट राजनीतिक, सामाजिक तथा आर्थिक कारणले हजारौँ मजदुरहरू दार्जिलिङ आउनका कारण युगौँदेखि भारतीय नेपाली समुदायका भाषा, संस्कृति र नेपालका नेपाली समुदायका भाषा, संस्कृतिको समानता भएकाले हो भन्ने ऐतिहासिक दस्तावेज प्रधानले प्रस्तुत गरेका छन्।[१००] यस सन्दर्भबाट भाषाले जातिको परिचय दिएको हुन्छ भन्ने स्पष्टीकरणसँगै युगौँदेखि रहेका नेपाली जातिमा भारतीय जातीय राष्ट्रियताको छुट्टै अवधारणालाई पनि बुझ्न सकिन्छ।

होमी के भाभाले *नेसन एन्ड नेरेसन*- मा वर्तमान राष्ट्रवादी सङ्कथनमा बहुभाषिक राष्ट्रवादले जातीय परिचयलाई महत्त्व दिइरहेको चर्चा गरेका छन्। मिश्रित भाषा, संस्कृति, जातिको कारण अहिलेको भाषिक राष्ट्रवादले उत्तरउपनिवेशी दृष्टिकोणबाट भाषाद्वारा समाज निर्माणको प्रक्रियामाथि अध्ययन गरिरहेको छ।[१०१] भाषिक राष्ट्रवादले कुनै पनि राष्ट्रको निर्माण तथा विकासमा जातीय परिचय, भाषा, संस्कृति आदिलाई भाषा अनि साहित्यको माध्यमबाट अध्ययन गर्दछ।

---

[९८] पार्थ च्याटर्जी, सन् १९८६, *नायसनलिस्ट थट एन्ड दि कोलोनियल वल्डः ए डेरिभेटिभ डिस्कोर्स,* लन्डन, पृ. ३७-३८

[९९] कुमार प्रधान, सन् १९८२, *पहिलो पहर*, ललितपुरः साझा प्रकाशन, पृ. २

[१००] उही, पृ. १९

[१०१] लौरा क्रिसम्यान, सन् २००४,'नायसनलिज्म एन्ड पोस्टकोलोनियल स्टडिज',*पोस्टकोलोनियल लिटरेरी स्टडिज*, नेल लजारुस (सम्पा), क्याम्ब्रिजः क्याम्ब्रिज युनिभर्सिटी प्रेस, पृ. १९३

### २.७.५ सांस्कृतिक चेतना

स्वतन्त्र राष्ट्रको निर्माण प्रक्रियामा संस्कृति, भाषा अनि धर्मजस्तो निर्धारक तत्त्वको एकरूपतालाई आधार बनाइएको पाइन्छ। धेरै राष्ट्रवादी अध्येताहरूले पाश्चात्य र पूर्वीय राष्ट्रवादका अवधारणामा भिन्नता रहेको देखाउँछन्। पश्चिमेली राष्ट्रवादलाई राजनीतिक दृष्टिकोणले हेरिन्छ भने पूर्वमा यसलाई सांस्कृतिक राष्ट्रवादका रूपमा हेरिन्छ। सांस्कृतिक चेतनालाई राष्ट्र निर्माण तथा राष्ट्र परिचयको प्रमुख तत्त्वहरूमध्ये एउटा मानिएको छ। राष्ट्रवाद संस्कृति र राजनीति दुवैको अभिन्न सम्बन्धद्वारा स्थापित हुँदै आएको छ। एउटा राष्ट्रलाई त्यस राष्ट्रको संस्कृतिले चिनाउँदछ। संस्कृतिभित्र जातिको रहनसहन, भाषा, संस्कार, रीतिरिवाज, धर्म आदि पर्दछन्। वर्तमान सन्दर्भमा राष्ट्रवादलाई राजनीतिक विचारधारा र स्वतन्त्र राष्ट्रको प्रभुसत्ताका रूपमा हेरिन्छ, जहाँ राष्ट्रिय संस्कृतिलाई अधिक मान्यता दिइन्छ।

मनोविज्ञान र मानवशास्त्रीय अध्ययनले सामूहिक व्यावहार अनि समान विचार राष्ट्रवादका निम्ति प्रमुख रहेको हुन्छ भन्ने विचार राख्दछ। सांस्कृतिक अध्ययनले संस्कृतिका आधारमा राष्ट्र निर्माण हुन्छ साथै राष्ट्रिय परिचयका सन्दर्भमा जातीय संस्कृति पनि अभिन्न देखिन्छ भन्ने तर्क राख्दछ।[१०२] यसबाट राष्ट्रका प्रत्येक जातिको आफ्नो संस्कृतिसँग लगाउ हुन्छ। यसले त्यस जातिको परिचय निर्माण हुँदछ ।

सांस्कृतिक राष्ट्रवादको विशेषता र जातीय इतिहासलाई बुझाउनका निम्ति राष्ट्रवाद र जातीय राष्ट्रियतालाई प्राथमिकता दिइएको पाइन्छ। आधुनिक राष्ट्रवादी अवधारणामा राजनीतिक विचारधारासँगै सांस्कृतिक पक्ष पनि उत्तिकै प्रबल रहेको देखिन्छ। अहिलेको मिश्रित संस्कृति समाजमा सांस्कृतिक राष्ट्रवादलाई वैश्वीकरणसँग जोडेर पनि हेरिएको पाइन्छ। प्रत्येक राष्ट्रमा आदिवासी, बहुसङ्ख्या जाति अनि अल्पसङ्ख्यक जातिबिचको संस्कृति विभेद भइरहेको देखिन्छ। भारतलगायत विश्वका धेरैजस्तो राष्ट्रमा सांस्कृतिक परिचयद्वारा राष्ट्रिय परिचयमा सामाजिक तथा राजनीतिक द्वन्द्व भइरहेको छ। भारतमा धेरै अघिदेखि धार्मिक र सांस्कृतिक परिचयमाथि राजनीतिक द्वन्द्व रहेको छ। वैश्वीकरणको बढ्दो प्रकोपका कारण हिन्दू सांस्कृतिक राष्ट्रवाद अझ उग्र रूपमा राजनीतिक मुद्दाका रूपमा अघि आएको देखिन्छ। वर्तमान सन्दर्भमा संस्कृतिलाई लिएर जातीय परिचय र राष्ट्रिय परिचयको

---

[१०२] जोन पिट्कोभिक,‘कल्चर इन नेसन एन्ड नायसनलिज्म’ http://www.researchgate.net. 20th july,2021, 2.40.pm

विषयमाथि चर्चा हुँदै आइरहेको छ। सांस्कृतिक राष्ट्रवादले राष्ट्रको जातीय संस्कृतिलाई अध्ययन गर्दै राष्ट्रिय परिचयमा यसको महत्त्व र आवश्यकतालाई अध्ययन गर्दछ।

### २.७.६ धार्मिक चेतना

राष्ट्रवादको विकासक्रमदेखि धार्मिक राष्ट्रवादलाई राष्ट्रवादको मौलिक अवधारणाभन्दा छुट्टै रूपमा चर्चा गरिँदै आएको पाइन्छ। अठाह्रौँ शताब्दीदेखि राष्ट्रवादको विस्तृत सङ्कथनभित्र धार्मिक समूहको भूमिकालाई जातीय संस्कृतिसँग जोडेर अध्ययन गरेको पाइन्छ। गेलनरले राष्ट्रवादको चर्चा गर्ने क्रममा धार्मिक राष्ट्रवादलाई उत्ति महत्त्व दिएको पाइँदैन। उनको भनाइअनुसार सांस्कृतिक पक्षको भूमिका धार्मिक पक्षभन्दा महत्त्वपूर्ण रहन्छ।[१०३] गेलनरको यस विचारमाथि असहमति जनाउँदै हब्सबोनले धार्मिक संस्कृतिलाई राष्ट्रवादको सहयोगी तत्त्वका रूपमा स्विकारेका छन्। उनी लेख्छन्- राष्ट्रवादको विकासक्रमदेखि अहिलेसम्म धर्म र जातीयतालाई राष्ट्रवादभित्र उचित रूपमा उपस्थिति दिइएको छैन कारण उनीहरूले कहिल्यै क्षेत्रीय (राष्ट्रिय) राजनीतिक सङ्गठनमा अनिवार्य सम्बन्ध स्थापित गरेनन्, जो वर्तमान राष्ट्रवाद अवधारणाको दुर्बल पक्ष देखिन्छ।[१०४]

स्मिथले राष्ट्रवादको सैद्धान्तिक चर्चाको प्रारम्भिक कालमा राष्ट्रवादका निम्ति धर्म आवश्यक विषय हो भन्ने स्पष्टीकरण दिएका छन्। उनका भनाइअनुसार राष्ट्रवादको कुरा गर्दा धार्मिक सम्प्रदायहरूले आफ्नो देशको धर्म, संस्कृतिलाई सुरक्षित राख्नका निम्ति उपनिवेश विरुद्ध उठाएका आन्दोलनहरू महत्त्वपूर्ण छन्, जो राष्ट्र निर्माणको बलियो पक्ष देखिन्छ।[१०५] स्मिथले सिख, इस्लाम, हिन्दू, बौद्धजस्ता धार्मिक सङ्गठनभित्र राजनीतिक द्वन्द्व उत्पन्न भएको चर्चा उठाएका छन्। भारतीय राष्ट्रवादका सन्दर्भमा हिन्दू राष्ट्रवाद एउटा सक्रिय तथा प्रभावकारी तर्कका रूपमा अघि आएको देखिन्छ। भारतीय समाज विभिन्न धर्म एवम् संस्कृतिमा आधारित छ। पुनर्जन्म एवम् कर्मवाद जस्तो धार्मिक विश्वासका कारण लोक अनि परलोकको चिन्ता भारतीय धार्मिक परम्पराले देखाउँदछ।[१०६] भारतीय बहुधार्मिक समाजमा युगौँदेखि विभिन्न धार्मिक सङ्गठनको छुट्टै विशेषता रहेको छ। धर्म निरपेक्ष राष्ट्रको संवैधानिक मान्यता

---

[१०३] अर्नेस्ट गेलनर, सन् १९८३, पूर्ववत्, पृ. ९२

[१०४] इरिक हब्सबन, सन् १९९०, *नेसन एन्ड नायसनलिज्म सिन्स १७८०*, क्याम्ब्रिजः क्याम्ब्रिज युनिभ्सिटी प्रेस, पृ. ४७

[१०५] एन्थोनी डी स्मिथ, सन् १९८१, *दि एथ्निक रिभाइभल इन दि मोर्डन वल्ड*, क्याम्ब्रिजः क्याम्ब्रिज युनिभर्सिटी प्रेस, पृ. ६४

[१०६] लक्ष्मीकान्त पाण्डेय र प्रमिला अवस्थी, सन् २०१६, पूर्ववत्, पृ. ७७

हुँदाहुँदै पनि समय समयमा धार्मिक राष्ट्रवादमाथि विमर्श हुँदै आइरहेको छ। भारतीय राष्ट्रवादको सबल र दुर्बल दुवैपक्षमा धार्मिक राष्ट्रवादको निकै गहिरो प्रभाव पाइन्छ।

राष्ट्रवादको ऐतिहासिक पृष्ठभूमिसित विश्वका विभिन्न स्थानहरूमा धर्म र राष्ट्रवादको अभिन्न सम्बन्ध देखिन्छ। सोह्रौँ शताब्दीको अन्त र सत्रौँ शताब्दीको प्रारम्भिक चरणमा इङ्लिस अनि पछिल्तिर ब्रिटिस राष्ट्रवाद धार्मिक (इसाई) सङ्गठनमा निर्भर रहेको पाइन्छ। सन् १९४७ को भारत-पाकिस्तान विभाजनमा पनि धार्मिक राष्ट्रवाद नै मूल कारण बनेको देखिन्छ। धार्मिक राष्ट्रवादका धर्मको राजनीतिकरण र धर्ममा राजनीतिक प्रभाव गरी दुईवटा पक्ष देखिन्छन्।

भारतलाई हिन्दूस्तान नामले पनि चिनिन्छ। पारम्परिक हिन्दू सभ्यताका आधारमा भारतलाई हिन्दू राष्ट्र मानिन्छ। आधुनिक लोकतान्त्रिक राष्ट्र व्यवस्थाका कारण भारत धर्मनिर्पेक्ष राष्ट्रका रूपमा स्थापित छ। धार्मिक राजनीतिका कारण भारतमा हिन्दू, इस्लाम, इसाईबिचमा द्वन्द्व चलिरहन्छ। धर्मको राजनीतिकरणले हिंसात्मक घटना पनि हुँदै आएको छ। पारम्परिक भारतीय सभ्यतामा हिन्दू सनातन धर्मलाई आध्यात्मिक ज्ञान, योगका रूपमा अप्नाएको पाइन्छ। वेद, रामायण, महाभारत, गीता, उपनिषद् जस्ता ग्रन्थमा भारतीय हिन्दू सभ्यता र आध्यात्म संस्कृतिको प्रशस्तै उल्लेख पाइन्छ। कालान्तरमा भारतीय हिन्दू सभ्यता र समाजमाथि विभिन्न जाति र धार्मिक समूहका अतिक्रमणले भारतमा विभिन्न धार्मिक सम्प्रदायहरू बनिएको पाइन्छ। एक पक्षमा हिन्दूत्वलाई नबुझेर हिन्दूवादको राजनीति गर्ने, सामाजिक भेदभाव, जातीय भेदभाव गर्ने हिन्दू धर्मावलम्बी नै कमजोर र विभाजित भएको पाइन्छ भने अर्को पक्षमा बाहिरी मुलुकका शासकहरूको हैकमले भारतमा धार्मिक द्वन्द्व ल्याएको पाइन्छ।

भारतमा अङ्ग्रेजको शासन सुरु भएदेखि विभिन्न धार्मिक समूहबिच द्वन्द्व अझ बढेर गएको देखिन्छ। पछि यसैलाई राजनीतिक हतियारका रूपमा अङ्ग्रेज शासकहरूले प्रयोग गरे। धार्मिक राजनीतिको द्वन्द्व बढेर गयो। हिन्दू र मुस्लिमबिचको द्वन्द्वले धार्मिक राजनीतिको रूप लिएपछि भारतमा धार्मिक राजनीति अझ उग्र बनेको देखिन्छ। हिन्दू राष्ट्रवादलाई भारतीय संस्कृति, अध्यात्म, योग, दर्शनका रूपमा बुझिन्छ। अरविन्द घोष, दयानन्द सरस्वती, स्वामी विवेकानन्द आदिले भारतीय अध्यात्म ज्ञान तथा दर्शनलाई जीवित राख्नका निम्ति हिन्दूत्वको अध्यात्मिक ज्ञानलाई प्रचार प्रसार गरेका थिए।

भारतीय धार्मिक राष्ट्रवादले वास्तवमा धार्मिक सम्प्रदायले स्थापना गरेको संस्कारलाई भन्दा भारतीय दर्शन, संस्कृति र आध्यात्मिकतालाई केन्द्रीय तत्त्वका रूपमा चर्चा गर्दछ। धार्मिक राष्ट्रवाद

धार्मिक भेदभाव होइन। उपनिवेशकालदेखि अहिलेघरि भारतीय राष्ट्रवादमा धार्मिक राष्ट्रवाद राजनीतिक द्वन्द्वका रूपमा प्रयोग गरिएको देखिन्छ। भारतीय धार्मिक राष्ट्रवादले भारतको प्राचीन सभ्यतादेखि विकशीत धार्मिक उदारता, अध्यात्मिक ज्ञान, दर्शनलाई अध्ययन गर्दछ।

### ४.२.७ उत्तरऔपनिवेशिक चेतना

युरोपेली औपनिवेशिक शक्ति एवम् साम्राज्यको अन्त्यपछि तेस्रो विश्वका मुलुकहरूले आफ्नो अघिको सांस्कृतिक मूल्य र मान्यताले स्थापित परिचयको अध्ययन गर्ने अवधारणालाई उत्तरउपनिवेशवादी विमर्श भनिन्छ। उत्तरऔपनिवेशिक साहित्यलाई पूर्वउपनिवेशित देशको सांस्कृतिक सङ्कथन मानिन्छ। यसले कुनै पनि देशको उपनिवेशकालीन सामाजिक, सांस्कृतिक, राजनीतिक तथा राष्ट्रिय परिचयलाई प्रमुखता दिँदछ। उत्तरऔपनिवेशिक लेखन कहिलेदेखि सुरु भयो भन्ने पक्षमा मतैक्य पाइँदैन। अधिकांश विद्वान्हरू उपनिवेशी साम्राज्यको स्थापनादेखि यसको विरुद्धमा उत्तरउपनिवेशवादी लेखनको प्रारम्भ भएको मान्दछन्। पन्ध्रौँ शताब्दीदेखि युरोपेली औपनिवेशिक शक्तिले विश्वका प्रायः देशहरूमा आफ्नो व्यापारिक, राजनीतिक साम्राज्य सुरु गरेर अठारौँ उन्नाइसौँ शताब्दीको मध्यान्तरसम्ममा चरम सीमामा पुग्दछ। उन्नाइसौँ शताब्दीको अन्तसम्म ती उपनिवेशी मुलुकहरू स्वतन्त्र भएपश्चात् उत्तरउपनिवेशवादी लेखन सुरु भएको मानिन्छ।

कालखण्डका आधारमा उपनिवेशकालपछि उत्तरउपनिवेशकाल सुरु हुँदछ। विश्वका सबै मुलुकहरू एउटै समयमा औपनिवेशिक शक्तिबाट स्वतन्त्र भएका छैनन्। यस कारण उत्तरउपनिवेशकालको कुनै निश्चित सीमा पाइँदैन। साहित्य लेखनमा पनि उत्तरउपनिवेशवादी लेखनका अनेकौँ आयाम तथा अवधारणाहरू छन्। युरोपेली उपनिवेशी साम्राज्यबाट स्वतन्त्र भएका राष्ट्रले उत्तरउपनिवेशकालमा प्रवेश गरेर उत्तरऔपनिवेशिक विमर्शमाथि चर्चा गरिरहेको समय कतिपय मुलुकहरू उपनिवेशवादी शासनले ग्रस्त थिए। तसर्थ उत्तरऔपनिवेशिक लेखनका अनेकौँ आयाम र लेखन प्रवृत्ति रहेको देखिन्छ।

समग्रमा हेर्दा दोस्रो विश्वयुद्धपछि मार्क्सवाद र उदारवादको अवधारणाबाट उत्तरऔपनिवेशिक विमर्श चर्चामा आएको देखिन्छ। पछि आएर उत्तरआधुनिक र उत्तरसंरचावादी अध्ययनलाई अप्नाएर उत्तरऔपनिवेशिक विमर्श विकसित भएको पाइन्छ। औपनिवेशिककालमा युरोपेली औपनिवेशिक

शक्तिले किनारीकृत गरेको देशको मूलवासीको भाषा, साहित्य, संस्कृति, राष्ट्रियतालाई उत्तरऔपनिवेशिक विमर्शले मुख्य सङ्कथनका रूपमा प्रस्तुत गर्दै आएको छ।

औपनिवेशिक साम्राज्यको मूल उद्देश्य भनेको नै औपनिवेशिक मुलुकको आर्थिक स्रोतलाई आफ्नो अधीनमा लिएर आर्थिक शक्तिको बलले उपनिवेशितहरूमाथि शासन, साम्राज्य खडा गर्नु हो। आर्थिक क्षेत्रसँगसँगै राजनीतिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा पनि ठुलो प्रभाव पारेको देखिन्छ। फलस्वरूप उपनिवेशवादको अन्त्यपछि पनि आन्तरिक उपनिवेश, सबाल्टर्न, परिचय सङ्कट जस्ता विमर्शलाई साहित्य लेखनले अधिक चर्चामा ल्याएको छ।

वर्तमान अध्ययनमा उत्तरऔपनिवेशिक विमर्शको महत्त्वपूर्ण पक्ष राष्ट्रिय र सांस्कृतिक अस्मिताको खोजी हो। औपनिवेशिक साम्राज्यको अन्त्यपछि पनि धेरै राष्ट्रहरू राष्ट्रिय तथा सांस्कृतिक अस्मिताको पुनःसंरक्षण गर्न असमर्थ देखिन्छ। उपनिवेश साम्राज्यले तहस्नहस् पारेको उपनिवेशितहरूका राष्ट्रिय परिचय, संस्कृति, भाषा, साहित्यको अध्ययन गर्ने नवीन अवधारणाका रूपमा उत्तरउपनिवेशवादलाई मान्न सकिन्छ। उपनिवेशकालको समाज, साहित्य, संस्कृतिकै आडबाट उत्तरउपनिवेश विमर्श विकसित भएकोदेखिन्छ। उत्तरऔपनिवेशिक अध्ययनले उपनिवेशकालपछि पनि देशवासीले राष्ट्रमा आफ्नो राष्ट्रियता, इतिहास, संस्कृतिको असुरक्षा भोगिरहेको अवस्थालाई प्रमुखता दिँदै आएको छ।[१०७] यसलाई नवउपनिवेशवादी अध्ययन पनि भनिन्छ। अफ्रिका, दक्षिण अमेरिका, अस्ट्रेलिया, भारत, न्युजिल्यान्ड जस्ता पूर्वऔपनिवेशित देशहरूमा उत्तरऔपनिवेशिक अध्ययनले आन्तरिक उपनिवेशवाद, सबाल्टर्न, किनारीकरण जस्ता विषयलाई केन्द्रीय रूपमा अघि ल्याएको देखिन्छ।

बिसौँ शताब्दीदेखि साहित्यिक विमर्शका रूपमा चर्चित उत्तरऔपनिवेशिक चिन्तनलाई फ्रेन्ज्त फेननको *ब्ल्याक् स्कीन वाइट माक्स* (१९५२),*दि रिच्ट अव् दि अर्थ* (१९६१), एडवर्ड सईदको *ओरियन्टलिज्म* (१९७८),*कल्चर एन्ड इम्पियरलिज्म* (१९९३), होमी के भाभाको *लोकेसन अव् कल्चर* (१९९४),*नेसन एन्ड नेरेसन* (१९९०),*आइडेन्टिटीः दि रियल मि* (१९८७), चिनुवा अचेबेको *थिङ्ग्स फाल अपार्ट* (१९५८), सलमान रूश्दीको *मिडनाइट्स चिल्ड्रेन* (१९८१), गायत्री स्पिभाकको 'क्यान् दि

[१०७] सर्वेश कुमार मौर्य (सम्पा), सन् २०१८, उत्तर*औपनिवेशिक विमर्श*, दिल्लीः अनन्य प्रकाशन, पृ. ३०

सबाल्टर्न स्पिक' (२०१०), रणजीत गुहाको *ए सबाल्टर्न स्टडिस् रिडर* (१९९७) जस्ता अध्ययनले यस अवधारणालाई बलियो रूपमा स्थापना गरेको पाइन्छ।

भारतीय उत्तरऔपनिवेशिक लेखनमा दलित चेतना, सबाल्टर्न, किनारीकरण जस्ता विषयलाई गायत्री स्पिभाक, रणजीत गुहा, लीला गान्धी, सञ्जय श्रीवास्तव जस्ता चिन्तकहरूले अध्ययन गर्दै आएका छन्। दलित चेतना, सबाल्टर्न, किनारीकरण जस्ता अध्ययनले सौझै राष्ट्रिय परिचयसित सम्बन्ध राख्दछ। उपनिवेशवादी शासनको अन्त्य पछि पनि भारत जस्तो लोकतान्त्रिक राष्ट्रका धेरै जातीय समुदायहरू दलित, सबाल्टर्न, किनारीकरण, राष्ट्रिय परिचयको सङ्कट आदि समस्याले ग्रसित छन्। उत्तरऔपनिवेशिक चिन्तनले यी समस्याहरूलाई राष्ट्रियताको चुनौतीका रूपमा प्रस्तुत गर्दै आएको छ।

## २.८ राष्ट्रवाद र वैश्वीकरण

### २.८.१ वैश्विक राष्ट्रवाद र राष्ट्रिय चेतना

आधुनिक विश्वमा वैश्वीकरण (ग्लोबलाइजेसन) अवधारणाको प्रचार वसुधैव कुटुम्बकमका रूपमा भएको छ। वैश्वीकरणको शाब्दिक अर्थ स्थानीय वा क्षेत्रीय वस्तु अथवा घटनाको विश्व स्तरीय रूपान्तर प्रक्रिया भनेर बुझिन्छ। यो प्रक्रिया आर्थिक शक्ति, तकनिकी विकास, सामाजिक अनि राजनीतिक शक्तिको संयोजन मानिन्छ। वैश्वीकरणको मूल उद्देश्य भनेको मुक्त बजार हो। यस बजारवादमा विश्व एउटा गाउँमा परिणत भएको छ।

बिसौँ शताब्दीको पहिलो दशकदेखि विश्वलाई एउटै परिवेशभित्र प्रवेश गराउन सक्षम वैश्वीकरणले विश्वलाई बहुसंस्कृति, बहुभाषिक, बहुजातिको सीमाबाट सामूहिकता एवम् एउटै धारणाभित्र समेटेको पाइन्छ। औद्योगिकसँगै विज्ञान र तकनिकी विकासका माध्यमबाट सामाजिक सञ्जालद्वारा समाजलाई, राज्यलाई विश्वलाई एउटै परिवेशमा जोड्ने काम भयो। वर्तमान वैश्वीकरणपुँजीवादी साम्राज्य विस्तारसँग सम्बन्धित छ। वैश्वीकरणको वर्तमान प्रभुत्वले विश्व व्यापार सङ्गठन, उपभोक्तावादको वृद्धि, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थव्यवस्थालाई नियन्त्रण गर्दै सीमाहीन राष्ट्रको परिकल्पनालाई अघि सार्दछ। यसबाट राष्ट्रिय परिचय, अर्थव्यवस्था, आतङ्कवाद, वैश्विक समस्या एवम् जातीय, सांस्कृतिक, भाषिक, अतिक्रमणले राष्ट्रिय परिचयको सङ्कट उत्पन्न गराउँदछ। वैश्वीकरणको केन्द्र अर्थतन्त्र रहे तापनि यसले फैल्याएको विशाल बजारीकरण र व्यापार व्यवस्थाले थुप्रै

समस्या तथा चुनौतीहरू ल्याएको छ। जातीय अस्तित्व, संस्कृति, राष्ट्रियता, राजनीतिक प्रभुत्वको हनन्, आदिवासी समुदायको परिचय सङ्कट, सबाल्टर्न जस्ता समस्याहरू वैश्वीकरणको घेरामा देखिन्छ।

साहित्यिक विमर्शहरूमा वैश्वीकरणको प्रभावले राष्ट्र र राष्ट्रियताको परिचय सङ्कट उत्पन्न गरिरहेका चर्चाहरू आइरहेका छन्। वैज्ञानिकता, बजारीकरण, तकनिकी विकासको उचाइ रहे तापनि मानव जीवनका मौलिक र प्राकृतिक सम्पदाहरू हराउँदै गएको र अस्तित्व, परिचय जस्ता विभिन्न सङ्कटहरूको विचार विमर्श साहित्यमा आइरहेको पाइन्छ।

भारतका सन्दर्भमा औपनिवेशिक शासनपछि बढ्दो वैश्वीकरणका प्रभावमा राजनीतिक कार्यशैलीमा आएको परिवर्तनले जातीय, क्षेत्रीय, बहुसांस्कृतिक अनि विविध समाजको राजनैतिक अधिकार तथा सुरक्षाका प्रकोपमा राष्ट्रवाद एउटा चुनौतीपूर्ण अवस्थामा पुगेको छ। दोहोरो नागरिकता, छद्म राष्ट्रियता,आन्तरिक उपनिवेशिकता, किनारीकरण, राष्ट्रिय परिचय सङ्कट,धार्मिक अराजकता अनि आतङ्कवादी प्रकोप वैश्वीकरण समाजको राष्ट्रियतामा देखा परेका सङ्कटहरू हुन्। वैश्वीकरणका प्रभावमा विदेशी विभिन्न गैरसरकारी संस्थान, निजी औद्योगिकीकरण, परिचय सङ्कट, मिश्रित संस्कृतिको अतिक्रमण आदि राष्ट्रवादमा देखापरेका चुनौती हुन्।

राष्ट्रवाद र वैश्वीकरणको सङ्कथन धैरै समयदेखि चर्चामा आइरहेको छ। आधुनिक युरोकेन्द्रित विकासको अनुसरणमा भौतिक तथा तकनिकी विकास र राष्ट्रनिर्माणका सम्बन्धमा वैश्वीकरणयुक्त राष्ट्रियताको अवधारणा अघि आएको पाइन्छ। सार्वभौमिक राष्ट्र विकासका सन्दर्भमा राष्ट्रिय एकताको प्रक्रियाद्वारा राष्ट्र एउटा बिन्दुमा पुगेको छ, जहाँ सामाजिक समानता अनि असमानताबिचको विविधता बढेको पाइन्छ। आधुनिककालपूर्व ऐतिहासिक वैश्वीकरणले राष्ट्रलाई सुरक्षित तथा विकसित गर्नमा अहम् भूमिका निर्वाह गरेको देखिन्छ। वैश्वीकरणले विश्वबजारीकरण, उपभोक्तावादी सांस्कृतिक र राष्ट्रियताको महत्त्वलाई प्राथमिकता दिएको देखिन्छ। अन्तर्राष्ट्रिय राष्ट्रवादले समाज विस्तारको क्रममा डायस्पोरालाई पनि ध्यान दिएको पाइन्छ। राष्ट्रवाद र वैश्वीकरणको सङ्कथन शीतयुद्धको अन्त्यपछि १९९०को दशकदेखि तर्कमा आएको पाइन्छ।[१०८] राजनीतिक शक्तिका रूपमा स्थापित राष्ट्रवादको अवधारणा वैश्वीकरणसँगै जोडिएर आएको पाइन्छ। वैश्वीकरण र राष्ट्रवादका सन्दर्भमा जाति, संस्कृति र

[१०८] मिसेल योङ, सन् २००७, *नायसनलिज्म इन ग्लोबल एरा*, एबिङडनः रुटलेज, पृ. ५०

सीमामा सीमित राष्ट्रवादको अवधारणा अहिले आएर पुरानो तथा असान्दर्भिक ठहरिने अध्येताहरूको तर्क रहेको छ।

कतिपय विद्वान्हरूले वैश्वीकरणका युगमा राष्ट्रवादको अन्त्य भनेको यसको महत्त्व हराएर जानु भन्ने धारणा पनि प्रस्तुत गरेका छन्। इरिक हब्सबोनले वैश्वीकरण र अन्तर्राष्ट्रिय मजदुर विभाजनले राष्ट्रको पारम्परिक राष्ट्र निर्माण क्षमता तथा कार्यशैलीमा साथै आर्थिक विकासमा ह्रास उत्पन्न गरेको छ भन्ने विचार राखेका छन्। सञ्चार क्षेत्रमा तकनिकी उन्नति अनि अन्तर्राष्ट्रिय मानव आप्रवासीको बढोत्तरीलाई क्षेत्रीय बहुसांस्कृतिक राष्ट्रले नियन्त्रण गर्न सकिरहेको छैन। फ्रान्सिस फुकुयामाको तर्कअनुरूप वैश्वीकरणका प्रभावमा उदार सार्वभौमीकरण र पाश्चात्य उन्नतिको मान्यताका कारण इतिहासको अन्त्यलाई निम्ताउनु नै मानव वैचारिक विकासको दुर्बल पक्ष हो।[१०९] वर्तमान राष्ट्रवादी अवधारणामा वैश्विक राष्ट्रवाद र पारम्परिक आदिवासी सम्प्रदायका कारण परिवर्तन आएको देखिन्छ। विश्व अहिले सीमाहीन भएर साइबर अनि भौतिकविज्ञानद्वारा सञ्चालित ग्रामीण विश्वको स्थितिमा पुगेको छ। वैश्वीकरणमा अल्पसङ्ख्यक समूहको परिचय सङ्कट मुख्य समस्याका रूपमा अघि आइरहेको पाइन्छ। वर्तमान समयमा मिश्रित जातीय, धार्मिक, भाषिक समूहहरूको वृद्धि भइरहेको छ। यस अवस्थामा स्वदेशी, जातीय तथा सम्प्रादायिक चेतना वैश्विक राष्ट्रवादको अध्ययनको प्रमुख उद्देश्य बनेको छ।

वैश्वीकरणका सन्दर्भमा राष्ट्रवाद र संस्कृतिमा देखापरेका समस्याहरूमाथि चर्चा राख्दै सञ्जीव उप्रेती आफ्नो कृति *सिद्धान्तका कुरा*-मा यस्तो तर्क राख्छन्- पहिले देशको भौगोलिक सीमाभित्र सीमित सांस्कृतिक आधारमा राष्ट्रिय परिचय निर्माण हुँदथ्यो, अहिले परराष्ट्रको संस्कृति अनुकरणले मिश्रित संस्कृति सृजना गरिसकेको छ। विश्वव्यापी मिश्रणको यस प्रक्रियाले सांस्कृतिक दृष्टिले अनुवादित मात्र नगरेर राष्ट्रिय र सांस्कृतिक परिचयका आधारहरूमा पनि ठुलो चुनौती खडा गर्नसक्छ।[११०] वैश्वीकरणका प्रभावमा अहिलेको साइबर संस्कृतिले प्रभुत्व जमाइरहेको छ। यसले जातीय, धार्मिक, भाषिक राष्ट्रियतामा व्यापक परिवर्तन ल्याएर मिश्रित संस्कृतिको उपज गरिरहेको छ, जो एउटा क्षेत्रीय राष्ट्रियताको संरचनामा खतरा उत्पन्न हुने शङ्का प्रशस्तै देखिन्छ। यसै सन्दर्भमा *दि लोकेसन अव्*

[१०९] फ्रान्सिस फुकुयामा, सन् १९९२, *दि इन्ड अव् हिस्ट्री एन्ड दि लास्ट म्यान*, लन्डनः हेमिस हेमिलटन प्रेस, पृ. ६२

[११०] सञ्जीव उप्रेती, वि. सं २०६९, *सिद्धान्तका कुरा*, (चौ संस्क) काठमाडौँ: अक्षर क्रियसन्स नेपाल, पृ. २१३

*कल्चर*- मा होमी के भाभाको तर्क सान्दर्भिक देखिन्छ। उनको भनाइअनुसार अन्तर्राष्ट्रिय अर्थनीति र तेस्रो विश्वको विस्तारीकरणले विश्वलाईसीमित रेखाभित्र निर्माण गरिसकेको छ। सांस्कृतिक अन्तर्मिश्रण, आप्रवासी मजदुर वा कामदारको वृद्धि, आर्थिक एवम् राजनीतिक कारण व्यापक डायस्पोराको वृद्धिले राष्ट्रवादलाई नयाँ दिशातर्फ अग्रसर गरेको छ।[१११] वैश्वीकरणले निर्माण गरेको सीमाहीन विश्वको सांस्कृतिक अन्तर्मिश्रणमा डायस्पोरा, प्रवासी, बसाइँ सराइजस्ता मानव व्यावहारले भित्र्याएको सांस्कृतिक अनुकरणले जटिल परिवेश निर्माण गरेको छ। यसको परिणामस्वरूप राष्ट्र, जनसंस्कृति, भौगोलिकताका आधारमा प्रतिपादित पारम्परिक राष्ट्रको अवधारणाले उत्तरऔपनिवेशकाल पछिको राष्ट्रलाई उचित रूपमा परिभाषित गर्न सकेन। यसको पक्षमा संस्कृति र जातीय राष्ट्रवादका आधारमा राष्ट्रवादलाई अध्ययन गर्ने व्यापक क्षेत्र बनेको छ।[११२]

वर्तमान समाजले वैश्वीकरणलाई अप्नाउँदै राष्ट्रवादलाई पनि उत्तिकै बलियो रूपमा लिएको छ। वैश्वीकरणका प्रभावमा सामाजिक असमानता, आर्थिक विपन्नताजस्ता समस्याहरू अदेखा गर्न सकिँदैन, यद्यपि वैश्वीकरणको प्रभावद्वारा सामाजिक, आर्थिक आदि क्षेत्रको उन्नतिलाई पनि विश्वले नै अस्विकार गर्न सकिरहेको छैन।

उन्नाइसौँ शताब्दीको अन्ततिर उपनिवेश शक्तिको चरम अवस्थामा वैश्वीकरणको विस्तार पाश्चात्य उपनिवेशिक शक्तिद्वारा उच्चाइमा पुगेको धारणा समाजशास्त्रीहरूले राखेका छन्। वास्तवमा पहिलो र दोस्रो विश्वयुद्धका अवधिमा वैश्वीकरणको ऐतिहासिक धरातल विकास भएको थाहा लाग्छ। सन् १९७० को दशकदेखि वैश्वीकरणको वृद्धि नवउदारवाद र वैश्विक आर्थिक अधिनियमनसँगै भएको पाइन्छ।

सन् १९८०को दशकपछि वैश्वीकरण विस्तृत रूपमा फैलिएर यसले विभिन्न क्षेत्रमा प्रभाव पारेको पाइन्छ। ती प्रभावहरू यसप्रकार छन्- पहिलो, व्यापक रूपमा क्षेत्रीय तथा प्रवासी आश्रयको विरोधी विचारको निर्माण हुनु र राष्ट्रवादले एउटा नयाँ स्थानीयता वा क्षेत्रीयताको स्वरूप लिनु। दोस्रो, बहुराष्ट्र वा संयुक्त राष्ट्र निर्माणले निम्न स्वतन्त्र राष्ट्रहरूप्रति वैश्विक राष्ट्रियताको प्रदर्शन सुरु गर्नु र तेस्रो, विश्वका धेरै राष्ट्रहरूमा जातीय राष्ट्रियतालाई पुनःजागरण गर्न सफल बन्नु।

---

[१११] होमी के भाभा, सन् १९९४, *दि लोकेसन अव् कल्चर*, लन्डनः रुटलेज, न्यु योर्क, पृ. ८

[११२] उही, पृ. १७२

## २.९ निष्कर्ष

राष्ट्रिय चेतनाको विकासबाट राष्ट्रवादको अवधारणा निर्माण भएको छ। राष्ट्रवाद सैद्धान्तिक रूपमा चर्चामा आउनमा राष्ट्रिय चेतना नै कारक तत्त्व रहेको देखिन्छ। राष्ट्रिय चेतनालाई राजनीतिक चेतनाका रूपमा अठारौँ शताब्दीदेखि अध्ययनमा ल्याइएको मानिन्छ। पाश्चात्य राष्ट्रिय चेतनाको विकास हुन अघि नै पूर्वमा राष्ट्रिय चेतनाको अवधारणा रहेको पाइन्छ। पूर्वीय राष्ट्रवादलाई उत्तरऔपनिवेशिक दृष्टिबाट अध्ययन नगरेरे सांस्कृतिक पक्षमा धेर अध्ययन भएको छ। भारतीय आधुनिक राष्ट्रवादको विकासमा युरोपेली राष्ट्रवादको प्रभाव रहे तापनि परम्परादेखि विद्यमान भारतीय सांस्कृतिक ऐक्यको भावना महत्त्वपूर्ण देखिन्छ। राष्ट्रवादको विस्तृत अवधारणाभित्र राष्ट्रिय चेतना पर्दछ। राष्ट्रवाद र राष्ट्रिय चेतनामा सुक्ष्म भिन्नता देखिन्छ यद्यपि राष्ट्रिय चेतना नै राष्ट्रवादको केन्द्रीय विशेषताका रूपमा देखापर्दछ। राष्ट्रप्रतिको सचेतनालाई राष्ट्रिय चेतना मानिन्छ र राष्ट्रिय चेतना नै राष्ट्रवादको अवधारणा निर्माणमा प्रमुख तत्त्व एवम् विशेषता मानिन्छ।

आधुनिक राष्ट्रिय चेतनाको विकास युरोपेली उपनिवेशी साम्राज्यको विरोधबाट जन्मिएको मानिन्छ। आधुनिक भारतीय राष्ट्रिय चेतनाको विकासमा ब्रिटिस उपनिवेशी साम्राज्यको विरोध रहे तापनि भारतीय सांस्कृतिक चेतनाले यसलाई विकास गरेको छ। राष्ट्रिय चेतनाका विभिन्न प्रकारहरू छन्। जाति, धर्म, भाषा, संस्कृति जस्ता विषयबाट राष्ट्रिय चेतनाका विविधता देखिन्छ। भारतीय सन्दर्भमा राष्ट्रिय चेतनाका विभिन्न विशेषताहरू देखिन्छ। भारतको बहुधर्म, बहुसंस्कृति, बहुजातिका आधारमा विभिन्न राष्ट्रिय चेतना रहे तापनि भारतीयताको अवधारणाले यसलाई सिङ्गो भारतीय राष्ट्रियतालाई बुझाएको छ।

राष्ट्रिय चेतनालाई विभिन्न ज्ञानानुशासनले अध्ययन गर्दै यसको राजनीतिक, सांस्कृतिक, मनोवैज्ञानिक विशेषतामाथि अध्ययन गरेको छ। साहित्यमा राष्ट्रिय चेतनाले भाषा, जाति, राष्ट्रिय परिचय, राष्ट्रियता जस्ता विषयलाई मूल तत्त्व मानेर अध्ययन गर्दै आएको छ। राष्ट्रिय चेतनाको विकासदेखि यता विभिन्न आयाममा विभिन्न परिस्थिति र साहित्यिक, राजनीतिक अवधारणाहरूका आधारमा यसको अध्ययन विश्लेषण भइरहेको छ।

# तेस्रो अध्याय

# नेपाली साहित्यमा भारतीयता र राष्ट्रिय चेतना

## ३.१ भारतीयताको परिचय

भारतीय सभ्यतालाई विश्वको प्राचीन सभ्यताहरूमा एउटा मानिन्छ। भारतीय प्राचीन सभ्यताकै धरातलबाट आधुनिक भारतीय सभ्यता र समाजको निर्माण भएको छ। युगौँ अघिदेखिको भारतीय संस्कृति नै भारतीयताको वास्तविक परिचय हो। भारत जाति, भाषा रसांस्कृतिक विविधताको एउटा विशाल महाद्विप हो। यी विविधता हुँदाहुँदै पनि भारतको सिङ्गो परिचय भारतीय संस्कृति हो। भारतीय संस्कार, संस्कृति नै भारतीयता हो। भारतीयताको सम्बन्ध राष्ट्रियतासँग छ। विविध भारतीय संस्कृतिलाई राष्ट्रियताले एउटै सूत्रमा बाँधेको छ।

प्राचीन भारतीय सभ्यताको सुरुदेखि नै भारतीयताको अवधारणा व्याप्त रहेको देखिन्छ। अधिकांश विद्वान्हरूले भारतीयताको विकास आधुनिक कालमा अङ्ग्रेजको आगमनपछि भएको हो भन्ने मान्यता राख्दछन्। अङ्ग्रेजहरूको आगमनपूर्व भारतमा मुसलमानको शासन थियो। मुसलमानपूर्व सामन्तवादी शासन रहेको पाइन्छ। यी दुईवटा युगमा अनेकौँ सामन्ती शक्तिको हावीले युद्धरत सामन्तीहरूमा आफ्नो राज्य नै सर्वोपरी एवम् प्रमुख थियो। समग्र भारत र भारतीयताको कल्पना थिएन। सामन्तवादपूर्व वैदिक अनि महाभारत कालका ग्रन्थहरूमा भारतीयताको अवधारणा स्पष्ट रूपमा पाइन्छ। राष्ट्रको परिकल्पनामाथि वेदहरूमा उल्लेख पाइन्छ। यसरी भारतीयता र भारत राष्ट्रको चर्चा प्राचीन भारतीय सभ्यतासँगै विकसित हुँदै आएको पाइन्छ। सामन्तवादी प्रवृत्तिमा राज्य अनि सत्ता प्रमुखता थिए भने पुँजीवादी प्रवृत्तिले राज्यको स्थानमा अर्थलाई महत्त्व दिएको पाइन्छ। तसर्थ अङ्ग्रेजको पुँजीवादी सभ्यतामा सामन्तीहरूलाई शक्तिहीन पारेर त्यस स्थानमा सम्पूर्ण आर्थिक आधारलाई एकदेशीय बनाइएको थियो। भारत स्वाधीनता सङ्घर्षमा राजनीतिक एकतालाई महत्त्व दिइएको पाइन्छ। राजनीतिक एकताको पछि भारतीय सांस्कृतिक एकता नै प्रमुख देखिन्छ।

*भारतीय सांस्कृतिक विरासत*-मासुदर्शन कुमार कपुर लेख्छन्- "भारतीय राष्ट्रवाद सांस्कृतिक संकल्पना हो, यसको एउटा तत्त्व देश र अर्को जन-समुदाय हो, जसले भारतभूमिलाई मातृभूमि मान्दछ। भारतीय इतिहास, परम्परा, पौराणिकता, नैतिकता, साहित्य, कला, सङ्गीत, रीति-रिवाज, आस्थासित

जोडिनु नै राष्ट्रियता हो।"[११३] यसैलाई भारतीयता मान्न सकिन्छ। भारतीय परम्परामा रहेको आध्यात्मिक ज्ञान र यसको प्रभाव प्रयोगको उल्लेख गर्दै स्वामी विवेकानन्दले भारतीय समाजलाई आध्यात्मिक ज्ञान र संस्कृतिले चिनाउँदछ र आध्यत्मिकता नै भारतीयता हो[११४] भन्ने विचार राखेका छन्। राहुल सांकृत्यायनले भारतीय संस्कृतिलाई महत्त्व दिँदै भारतीय संस्कृति नै भारतीयता हो[११५] भन्ने विचार राखेका छन्। भारतीयतालाई भारतीय संस्कृतिसँग जोडेर हेरिन्छ। भारतीय संस्कृतिद्वारा भारतीयता प्रतिपादित हुदँछ।

भारतीयताको अभिलक्षणाका रूपमा देखिएको सर्वात्मवादले सर्वविकास, सर्वउन्नति, सर्वानन्दलाई भारतीय स्वभावको मूल संस्कृति मान्दछ। यसले भारतीयताको केन्द्रीय तत्त्व भारतीय संस्कृतिलाई मान्दछ। भारतीयता कुनै धर्म होइन, जसलाई अवलम्बन गर्न सकिन्छ। भारतीयता जीवनशैली हो, जो युगौँदेखि विद्यमान छ। भारतीयता भन्नाले भारतको राजनीतिक एकीकरणका साथै सांस्कृतिक चेतना पनि बुझिन्छ।

भारतीय राष्ट्रवाद विविधताको एकमुष्ठ रूप हो। विभिन्न प्रादेशिक खण्ड र आञ्चलिक परिवेशले अनेकौँ रूप देखाए तापनि ती विविध जाति, भाषा, संस्कृतिको एकमुष्ठ रूपले सिङ्गो भारत देशलाई चिनाउँदछ। यही नै भारतीयताको वास्तविक परिचय हो।[११६] सुनिल खिलनानीले भारतीयतालाई आञ्चलिकता, जाति र संस्कृतिको विभिन्न स्वरूप मान्दै यसैका आधारमा विभिन्न भाषा, जाति, संस्कृतिको अभिव्यक्ति भारतीय साहित्यमा भएको हुन्छ भन्ने विचार राखेका छन्।

भारतका विविध भौगोलिक परिवेशमा रहेका धर्म, संस्कृति तथा जातिको सम्मिश्रणले भारतीयताको छुट्टै संस्कार निर्माण भएको छ। विश्वको मानचित्रमा भारत एउटा देश हो। समय समयमा विभिन्न परिस्थितिअनुरूप यस मानचित्रमा परिवर्तनहरू देखापरे तापनि भारतवासीका मनमा भारतीयता सधैँ उस्तै रूपमा रहिआएको पाइन्छ। यो प्रवृत्ति भारतीय संस्कृतिद्वारा निर्मित देखिन्छ र यसको विशेषता

---

[११३] सुदर्शन कुमार कपुर, सन् २००९, *भारतीय सांस्कृतिक विरासत*, नई दिल्लीः नायसनल बुक ट्रस्ट, पृ. ९८-९९

[११४] रामकृष्ण मठ, सन् १९८७, *स्वामी विवेकानन्द की वाणी*, नागपुरः ब्रह्मस्थानन्द प्रकाशन, पृ. ५४

[११५] निवाश शर्मा (सम्पा), सन् १९८६, *राहुल सांकृत्यायनः व्यक्ति और वाङ्मय*, कलकाताः छपते छपते प्रकाशन, पृ. १

[११६] सुनिल खिलनानी, सन् २०१५, 'हु इज एन इन्डियन', बिन्नी डेका (सम्पा), *सेभेन एसेज अन दि इन्डियन आइडेन्टिटी*, गुवाहाटीः आदित्य बुक डिस्ट्रिब्युटर्स, पृ. १९८

तथा मूल्य भारतीय समाजभित्रै विद्यमान रहेको छ। भारतीय समाजमा यही स्वभाव अनि संस्कृतिले भारतीयतालाई प्रस्तुत गरेको हुन्छ।

### ३.२ भारतीय साहित्यको अवधारणा

भारतीय साहित्यको मूल आधार भारतीय जीवनदर्शन वा भारतीयता हो। 'भारतीय साहित्य' भन्नाले भारतको सांस्कृतिक एकतामा आधारित साहित्य बुझिन्छ। भारतीय साहित्यमा प्रारम्भिक कालदेखि भारतीय संस्कृतिको छाप रहेको पाइन्छ। भारतीय साहित्य भन्नालेनिश्चित रूपमा भारतीय जीवन दर्शन अनि यसको सांस्कृतिक चेतनाको रूप बुझिन्छ। भाषिक विविधताका रूपमा भारत जति व्यापक छ,त्यति नै यसले सांस्कृतिक एकताको परिचयलाई पनि व्यापकता दिइरहेको छ।[११७] यही परिचय निर्माणबाट भारतीय साहित्य निर्मित छ। भारत बहुभाषिक र बहुसांस्कृतिक राष्ट्र हुनका कारण भारतीय भाषाहरूमा लेखिँदै आएका साहित्यका अनेकौँ रूप तथा विचारधारा छन्। भारतीय राष्ट्रियताकाआधारमा यी सबैलाई एकसूत्रमा बाँधेर सिङ्गो रूप दिनु भारतीय साहित्यको एउटा विशेषता हो। भारतीय साहित्यमा प्रस्तुत हुने प्रादेशिकता भारतीय साहित्यको अर्को विशेषता हो। यही विशेषताका आधारमा भारतीय साहित्य विभिन्न क्षेत्र, जाति, आञ्चलिक भाषा,संस्कृति, कला तथा सभ्यता आदिको विशाल स्वरूपले निर्मित देखिन्छ।

भारतीय भाषाहरूका मूल स्रोत संस्कृत र द्रविड भाषालाई मानिन्छ। संस्कृतका ग्रन्थ रामायण, महाभारत, भगवत् गीता, पुराण साथै पछि आएर कालीदास, तुलसीदास आदिका कृतिहरूको धार्मिक प्रवृत्ति तथा ईश्वर भक्तिको प्रभाव भारतीय साहित्यमा परेको छ। वेद, पुराण, उपनिषद्ले सम्पूर्ण भारतीय समाजलाई धार्मिक अनि ईश्वर भक्तिप्रति आकर्षित गरेको छ। यसरी राजनीतिक, सामाजिक, सांस्कृतिक अनि साहित्यिक पृष्ठभूमिले भारतीय साहित्यमा निर्विवाद रूपमा एकरूपता कायम राखेको देखिन्छ।

कृष्ण कृपालानीले भारतीय साहित्यको एकरूपतालाई एउटा दृश्य मात्र नभएर व्यापक दृश्य (पेनोरामा) मानेका छन्। उनका दृष्टिमा उत्तरदेखि दक्षिणसम्म यसका विभिन्न बृहत् आकारहरू देखिन्छन्। यीनै विविधताले विधा, रूप तथा अभिव्यक्तिहरूले भारतीय साहित्यमा अनेकतामा एकताको सैद्धान्तिक

---

[११७] सुधा पाण्डे, सन् १९९५,'भारतीय साहित्य में एकात्मकता', विरेन्द्र सक्सेना (सम्पा), *भाषा* द्विमासिक पत्रिका, मार्च-अप्रेल, नई दिल्लीः केन्द्रीय हिन्दी निर्देशालय, पृ. ९

रूप निर्माण हुँदछ। भारतीय साहित्यको व्यापकतालाई एउटै विचारधारामा सीमित राखेर परिभाषित गर्न सकिँदैन। भारतीय साहित्य भन्नाले संस्कृत, पाली, प्राकृत एवम् भारतमा लिखित अङ्ग्रेजी साहित्य लगायत तमिल, मलायलम, हिन्दी, बङ्गला, पन्जाबी, सिन्धी, मराठी, उर्दू, नेपाली, असमी आदि विभिन्न भाषाका साहित्यको समष्टि रूप बुझिन्छ।

घनश्याम नेपाल लेख्छन्- "विभिन्न भारतीय भाषामा लेखिएका साहित्यका आफ्ना आफ्नै लामा-छोटा इतिहास र परम्परा भए तापनि मूल विचारधारा वा प्रवृत्तिका दृष्टिले हेर्दा प्रत्येक भाषाका साहित्यले देशको प्राचीन परम्परा र सांस्कृतिक आढ्यताबाट सराबरी ग्रहण गरेको अनि युग-युगको सामाजिक वास्तविकताप्रति लगभग उस्तै उस्तै प्रकारले प्रतिक्रिया दर्शाउनका साथै त्यस वास्तवतालाई आफूभित्र समेट्तै पनि ल्याएको छ।"[११८] भारतीय विभिन्न भाषाका साहित्यमा एउटा अन्तर्धारा पाइन्छ जसले भाषागत विभिन्नता हुँदाहुँदै पनि भारतीय सांस्कृतिक चेतनाले यसलाई एकसूत्रमा बाँधेर राखेको छ। यस अर्थमा भारतीय साहित्य भन्नाले भारतीय नागरिकद्वारा लेखिएको भारतीय लोकमानसको अभिव्यक्ति हो भन्ने बुझिन्छ।[११९] भारतीय साहित्यमा भाषागत विविधता पाइए तापनि ती सबै भाषाका साहित्यले भारतीय सांस्कृतिक परम्पराका धरातलमा उभिएर एकरूपता कायम गरेको छ। घनश्याम नेपालले भारतको विविधतालाई एकसूत्रमा बाँध्ने माध्यम सङ्करण प्रक्रियालाई मानेका छन्। उनको विचारअनुसार सङ्करण प्रक्रिया नै भारतीय राष्ट्रियताको त्यो अन्तर्निहित शक्ति हो जसले विविधतालाई एकसूत्रमा बाँधेर राख्न सकेको छ। यही सङ्करण प्रक्रियाकै परिणामस्वरूप भारतीय साहित्यको अवधारणा पनि स्थापित छ।[१२०] यस सन्दर्भमा भारतीय विविधतामा पाइने एउटै सांस्कृतिक चेतना अनि राष्ट्रियताबाट नै आधुनिक भारतीय साहित्यको अवधारणा निर्माण भएको छ।

भारतीय साहित्यमा अठारौँ शताब्दीसम्म तुलनात्मक रूपले संस्कृत साहित्यको प्रभावधेरै र मौलिक साहित्य लेखनको विकास कम्ति भएको देखिन्छ। उन्नाइसौँ शताब्दीका पूर्वार्धदेखि विस्तारै भारतीय साहित्यमा पाश्चात्य साहित्य र सिद्धान्तको प्रभाव देखिन थालेको पाइन्छ। फलस्वरूप आधुनिक भारतीय साहित्यमा पाश्चात्य साहित्य सिद्धान्तको प्रभावले गर्दा यसको स्वरूप प्रारम्भिक चरणको भन्दा भिन्नै

[११८] घनश्याम नेपाल, सन् २०१४, *विधा विविधा,* कालेबुङः उपमा प्रकाशन, पृ. १३८

[११९] लक्ष्मीकान्त पाण्डेय र प्रमिला अवस्थी, सन् २०१६, पूर्ववत्, पृ. ३६

[१२०] घनश्याम नेपाल, सन् २०१४, पूर्ववत्, पृ. १३५

रूपमा स्थापित भएको पाइन्छ। पश्चिमी  नवजागरणपछि पुनरुत्थानवाद, सुधारवाद, मार्क्सवाद, यथार्थवाद, राष्ट्रवाद आदिजस्ता आधुनिक विचारधारा भारतीय साहित्यमा समावेश हुँदै आएको देखिन्छ। पहिलो र दोस्रो विश्वयुद्धको प्रभावले सामाजिक, राजनीतिक, आर्थिक परिस्थितिसँगै साहित्यमा नयाँ चेतनाको थालनी भयो। आधुनिक भारतीय साहित्यको प्रवृत्तिगत अध्ययनमा पारम्परिक भारतीय सांस्कृतिक छापसँगै पाश्चात्य साहित्य सिद्धान्तका विमर्शहरू पनि प्रखर रूपमा अभिव्यक्त हुँदै आएको छ।

### ३.३ भारतीय साहित्यमा भारतीयता र राष्ट्रिय चेतना

भारतीय साहित्यको आत्म भारतीय राष्ट्रियता हो। भारतका सबै भाषा अनि साहित्यमा भारतवासीको चित्तवृत्ति, परम्परा, लोकविश्वास, राजनीतिक, सामाजिक परिवर्तन तथा समस्याको चित्रण समान रूपले अभिव्यक्त हुँदै आएको पाइन्छ। घनश्याम नेपाल लेख्छन्-"भारतीय साहित्यको अवधारणाले साहित्यलाई भाषाका माध्यमले निर्माण गरिने कला मान्दामान्दै साहित्य भाषिक एकाइहरूको कुलयोग मात्रभन्दा अधिक हुन्छ साथै सांस्कृतिक अभिव्यक्तिका रूपमा यसले एउटा राष्ट्रिय साझापन बोकेको हुन्छ।"[१२१] तसर्थ भारतीय साहित्यमा भारतीय राष्ट्रियतालाई नै एकरूपताको प्रमुख तत्त्व मानिन्छ। परम्परादेखि भारतीय साहित्यमा राम अनि कृष्णलाई लोकनायकका रूपमा चित्रण गरिएको पाइन्छ। आदिवासी समुदायहरूका भाषा साहित्यमा भने आफ्नै लोकोक्ति, सांस्कृतिक परम्परा, रीति रिवाजको चित्रण पाइन्छ। ती समुदायका साहित्यलाई भारतीय राष्ट्रियताका आधारमा भारतीय संस्कृतिको अंश मानिन्छ।

भारतीय साहित्यको व्याप्ति भनेको भारतीय संस्कृतिले दिइएको अभिव्यक्ति हो। तसर्थ भारतीय साहित्यमा भारतीयता अनि राष्ट्रियता मूल तत्त्वका रूपमा रहेको पाइन्छ। भारतका विभिन्न जातिहरूको आफ्ना आफ्नै पृथक् संस्कृति हुँदाहुँदै पनि सबै भाषाका साहित्यमा प्रायः मिल्दोजुल्दो सामाजिक, सांस्कृतिक चेतनाले भारतीयता र राष्ट्रियतालाई प्रस्तुत गरेको हुन्छ। भारतीय साहित्यबारे चर्चा गर्दै सुधा पाण्डे लेख्छिन्- "सम्पूर्ण भारतीय साहित्य एकै प्रकारको अलङ्कार शास्त्रमा आधारित छ। यसको साहित्यिक मूल्य एकै प्रकारको देखिन्छ। रस एउटै छ। साहित्यिक अभिरुचि एकै प्रकारको छ। विभिन्न

[१२१] घनश्याम नेपाल, सन् २०१४, पूर्ववत्, पृ. १३७

भाषाका लोकोक्तिमा धेरै समानता पाइन्छ। आञ्चलिकता एवम् मौलिकताका कारण केही भिन्नता रहे तापनि साहित्यिक स्तरमा समान राष्ट्रियता र अविभाज्य स्वरूप देखिन्छ।"[१२२] समान सांस्कृतिक चेतना तथा भौगोलिकता र राष्ट्रियताका कारण भारतीय साहित्यमा देखापर्ने समानताले भारतीयतालाई अभिव्यक्त गरेको छ।

भारतीय साहित्यमा बहुभाषिक, बहुजाति, बहुसंस्कृतिको अभिव्यक्तिले भारतीय राष्ट्रियताको सिङ्गो परिचय दिइरहेको पाइन्छ। *तुलनात्मक साहित्य की भूमिका*-मा इन्द्रनाथ चौधरी लेख्छन्- "विश्व साहित्यमा पाइने सार्वकालिकता वा सार्वदेशियतादेखि पर प्रत्येक देशको साहित्य, काल, परिवेश तथा लेखकको जातीय संस्कारद्वारा प्रभावित हुन्छ। यसको फलस्वरूप साहित्यमा विशिष्टता ल्याउँदछ।"[१२३] भारतीय साहित्यमा पाइने यही बहुजातीय सांस्कृतिक चेतना एवम् भाषिक संयोजनले राष्ट्रियता प्रस्तुत गरेको हुन्छ। *दि कन्सेप्ट अव् इन्डियन लिटरेचर*-मा भिनायक कृष्ण गोकाक लेख्छन्- "भारतीय साहित्यको शैली, कथ्य, पृष्ठभूमि, विम्बविधान, काव्य रूप, सङ्गीत तथा जीवनदर्शन सबै मिलेर एउटा अभिन्न तत्त्व निर्माण भएको हुन्छ। यसैका आधारमा भारतीय साहित्यमा भारतीयता प्रस्तुत भएको हुन्छ।"[१२४]

प्रारम्भिककालीन भारतीय साहित्य भक्तिभाव दृष्टिबाट अधिक प्रभावित देखिन्छ। बौद्ध, जैन, नाथ, सिद्ध, सन्त आदिको दार्शनिक प्रभाव प्रायः भारतीय साहित्यमा पाइन्छ। मध्यकालदेखि सूफी प्रेमाख्यान परम्पराको प्रभाव तथा सन्त वाणीको प्रभाव भारतीय साहित्यमा देखिन्छ। यसका साथै वैष्णव काव्य परम्पराको प्रभावमा राम र कृष्णको आदर्श चरित्रको वर्णन पनि भारतीय साहित्यमा आएको छ। वैदिक कालदेखि बहुधार्मिक परम्परा रहेकाकारण भारतीय साहित्यमा यसको प्रभाव परेको देखिन्छ।

भारतको परिकल्पना महाभारत कालदेखि नै रहेको छ। भारतीय साहित्यमा प्रयुक्त भारतीय पारम्परिक सभ्यता र संस्कृतिको उपस्थितिले भारतीयताप्रतिको समर्पित भाव देखाउँदछ। संस्कृत, हिन्दी, उर्दू, तमिल, कन्नड, मलायलम, तेलुगु, कश्मिरी, पन्जाबी, सिन्धी, बङ्गाली, गुजराती, असमी, नेपाली, मणिपुरी आदि विभिन्न भाषाका साहित्यलाई भारतीयताले एउटै सूत्रमा बाँधेको छ। भारतीय सभ्यता

---

[१२२] सुधा पाण्डे, सन् १९९५, पूर्ववत्, पृ. ११

[१२३] इन्द्रनाथ चौधरी, सन् २००६, *तुलनात्मक साहित्यः भारतीय परिप्रेक्ष*, नई दिल्लीः वाणी प्रकाशन, पृ. २४

[१२४] भिनायक कृष्ण गोकाक, सन् १९७९, *दि कन्सेप्ट अव् इन्डियन लिटरेचर,* नई दिल्लीः मनोहरलाल पब्लिसर्स, पृ. १५

एवम् संस्कृतिको वैभवपूर्ण गौरवलाई भारतीय साहित्यकारहरूले प्रस्तुत गर्दै आएका छन्। बङ्गलामा रवीन्द्रनाथ टेगोर, बंकिमचन्द्र चट्टोपाध्याय, तमिलमा सुब्रह्मण्यम भारती आदिका काव्यिक स्वरहरूले भारतीयताको परिचय दिँदछ। हिन्दी साहित्यमा भारतेन्दु युग, द्विवेदीयुग अनि छायावादी युगमा सुमित्रानंदन पन्त, जयशंकर प्रसाद, सूर्यकान्त त्रिपाठी 'निराला', महादेवी वर्मा साथै प्रेमचन्दका कृतिहरूमा राष्ट्रियता, सांस्कृतिक चेतनाका साथै भारतीयतालाई विभिन्न विम्बद्वारा प्रस्तुत गरिएको पाइन्छ। राष्ट्रकवि रामधारी सिंह 'दिनकर'-का 'मेरी जननी के हिम किरीट', 'मेरे भारत के दिव्य भाल', 'मेरे नगपति! मेरे विशाल!' जस्ता कविताहरूमा भारतीयताको प्रखर स्वर पाइन्छ। जयशंकर प्रसादको *महाराणा प्रताप*-मा भारतीयताको काव्यिक प्रस्तुति यसरी भएको छ-

*देशभक्त जननीका सच्चा पुत्र है,*
*भारतवासी, नाम बताना पडेगा,*
*मसि मुख में ले अहो लेखनी क्या लिखे।*
*इस पवित्र प्रातः स्मरणीय सुनाम को।*[१२५]

बंकिमचन्द्र चट्टोपाध्यायका *सीताराम* (सन् १८८६), *आनन्दमठ* (सन् १८९२) उपन्यासमा भारतीय समाज, राजनीतिक परिवेशको उल्लेख गर्दै उत्तरऔपनिवेशिक चेतनाले राष्ट्रियता अनि भारतीयतालाई पनि समेटेको छ। उनको 'वन्दे मातरम्' कविता पछि आएर देशभक्ति गीतका रूपमा लोकप्रिय बन्यो। यसले आफ्नो मातृभूमिप्रति समर्पणको भाव व्यक्त गरेको छ।

भारतीय साहित्यमा पाइने सांस्कृतिक, राजनीतिक चेतनाले भारतीय जीवनलाई आत्मसात् गर्दै भारतीयता एवम् राष्ट्रियतालाईप्रस्तुत गर्दछ।[१२६] भारतीय साहित्यको अध्ययन गर्दा यसमा निहित साम्य, वैषम्य, प्रभाव, सादृश्यता, साहित्यिक परम्परा, आन्दोलन आदिले भारतीयता अनि राष्ट्रिय चेतनाको विशाल अवधारणालाई पुष्टि गर्दछ।

### ३.४ नेपाली साहित्यमा भारतीयता

अठाह्रौँ शताब्दीदेखि लेखिँदै आएको नेपाली साहित्य आधुनिक भारतको एउटा समृद्ध साहित्य हो। भारतीय साहित्यको विस्तृत अवधारणाभित्र नेपाली साहित्य पनि पर्दछ। नेपाली भाषाको मूल स्रोत

---

[१२५] विश्वंभर 'अरूण' (सम्पा), सन् १९९२, *जयशंकर प्रसादः व्यक्तित्व एवं कृतित्व*, लखनऊः हिन्दी-उर्दू साहित्य कमेटी, पृ. ४४

[१२६] इन्द्रनाथ चौधरी, सन् २०१६, पूर्ववत्, पृ. १०८

संस्कृत भाषा हो। लगभग ५००वर्ष अघिदेखिको यसको ऐतिहासिक दस्तावेज पाउन सकिन्छ। भारतीय नेपाली समाजको जीवनशैलीबाट सिर्जित भारतीय नेपाली साहित्यले नै भारतीयता अभिव्यक्त गरेको हुन्छ। यस सन्दर्भमा घनश्याम नेपाल लेख्छन्- "भारतीय नेपाली साहित्य भन्नाले राष्ट्रियताले, जन्मले वा मन वचन र कर्मले भारतीय रहेका कवि-लेखकहरूद्वारा नेपालीमा लेखिएको भारतीय चेतनायुक्त मौलिक साहित्य हो।"[१२७]भारतीय नेपाली साहित्यमा विभिन्न अञ्चल विशेषका प्रादेशिक खण्डका, समाज, संस्कृति आदिकाचित्रणले भारतीय जीवनदर्शन तथा सांस्कृतिक चेतनालाई अभिव्यक्त गर्दछ।

वैदिककालमा ऋग्वेद, अथर्ववेद, पुराण, उपनिषद्, रामायण, महाभारत जस्ता ग्रन्थहरूमा भारतको पौराणिक सभ्यता र भारतीय संस्कृतिको उल्लेख पाइन्छ। यसैको धरातलबाट आधुनिक भारतीय साहित्यको विकास भएको छ। नेपाली साहित्य पनि भारतीय वाङ्मयको यही आधारभूमिबाटै विकसित भएको हो।

नेपाली कवितामा प्रयुक्त भारतीयताबारे चर्चा गर्दै दिवाकर प्रधान लेख्छन्-"हिमवत्खण्डको धर्मभीरू समाजले आदिकालदेखि नै विराट् भारतका आध्यात्मिक र धार्मिक मान्यताहरूलाई सुरक्षा दिँदै आइरहेको छ। पहिले आफ्नो सामाजिक अस्तित्वलाई प्रबल पारिसकेपछि गोर्खाहरूले आफ्नो भाषामा सौन्दर्यभिव्यञ्जन गर्न थालेदेखि नै साहित्यमा भारतीय सहअस्तित्व चेतना हुनथालेको पाइन्छ।"[१२८] भारतको यही विशाल सांस्कृतिक धरातलबाट नेपाली साहित्य विकसित छ। भारतको महिमा र गरिमाबारे नेपालका नेपाली कविहरूले गुणगान गाएका छन्। भानुभक्त आचार्य *भक्तमाला*-मा भारतीयताबारे लेख्छन्-

*बडो दुर्लभ् जानोस् भरतभूमिको जन्म जनले।*
*सहज् मिल्छन् ठाकुर् हरि भजि लिया शुद्ध मनले।।*[१२९]

भारत जस्तो सभ्यता, संस्कृति, ज्ञान, आदर्शले समृद्ध भूमिमा जन्म पाउनु सहज रूपमा ईश्वर प्राप्त भए जस्तै हो भनेर भानुभक्तले प्राचीन भारतीय सभ्यताको प्रशंसा गरेका छन्। कविशिरोमणि लेखनाथ पौड्यालका धेरै कृतिहरू भारतीय दर्शनले प्रभावित देखिन्छ। उनका *ऋतुविचार* (सन् १९१६),*सत्यकलि*

---

[१२७] घनश्याम नेपाल, सन् २०१४, पूर्ववत्, पृ. १४२

[१२८] दिवाकर प्रधान, सन् २०१४, 'नेपाली कवितामा भारतीयता', पारसमणि दङ्गाल र अन्य (सम्पा), *भानु स्मारिका*, गान्तोकः भानु जयन्ती समारोह समिति, पृ. ६७

[१२९] बाबुराम आचार्य, वि सं २०६९, *पुराना कवि र कविता*, (दो संस्क), ललितपुरः साझा प्रकाशन, पृ. १०९

*संवाद* (सन् १९३९) *लालित्य* (भाग-१) *लालित्य* (भाग-२) *तरूण तपसी* (सन् १९५३)-लाई भारतीय संस्कृतिको कवितात्मक उपलब्धि मान्न सकिन्छ।[१३०] नाटककार बालकृष्ण समका नाटक, कविताहरूमा भारतीय ज्ञान, दर्शनको प्रयोगले भारतीयताको समृद्धिलाई प्रस्तुत गर्दछ। उनको *प्रह्लाद* (सन् १९४९) नाटकमा गान्धी दर्शनको प्रभाव पाइन्छ। पाश्चात्य भौतिक विज्ञानसँगै पूर्वीय दर्शनको पनि सामञ्जस्य आवश्यक छ भन्ने मूल धारणा *प्रह्लाद*मा पाइन्छ।दिवाकर प्रधानअनुसार "पाश्चात्य बौद्धिक र काव्यात्मक मूल्यलाई ग्रहण गरे तापनि समलेआस्तिक, नास्तिक, ब्रह्मवादी, शून्यवादी, मानवतावादी विभिन्न धारामा भारतीय दर्शनलाई वरण गरेका छन्।"[१३१]

वि सं २०६७ (नवौँ संस्क)-मा महाकवि लक्ष्मीप्रसाद देवकोटाको *शाकुन्तल* महाकाव्य प्रकासित भएको छ। महाकाव्यको सुरुमै निम्न कविता पङ्क्तिमा देवकोटाले भारतको प्राचीन परम्परा अनि संस्कृतिप्रति मोहित बनेर लेखेका छन्-

*चम्किन्थे अघि स्वर्णकालमहिमा पूर्वीय आकाशमा।*
*गम्किन्थे सपनासमान घनका बुट्टाहरू बान्किला ॥*
*आँखामा खगको परिकन तिनै गाना बनी गुँज्दथे।*
*त्यो आभा भर भारती, भारतको यो भारताऽकाशमा ॥*
*मीठो लाग्छ मलाई ता प्रियकथा प्राचीन संसारको।*
*हाम्रो भारतवर्षको उदयको ह्वैमप्रभासारको ॥*[१३२]

ऋषि मुनीहरूले हजारौँ वर्षसम्म योग गरेर अमूल्य ज्ञान प्राप्त गरी ज्ञानको प्रकाश दिएका प्राचीन भारतीय सभ्यता र संस्कृतिप्रति देवकोटाले प्रेमभाव दर्शाएका छन्। ज्ञान, दर्शनको भण्डार रहेको प्राचीन भारतीय सभ्यताप्रति उनको सम्मान र प्रेमले भारतीयताको विस्तृत अवधारणालाई अभिव्यक्त गरेको छ।

भारतको मेवाड वंशका तेह्रौँ राजा महाराणा प्रतापको राजकीय शासन व्यवस्था र साहसप्रति आकर्षित बनेर देवकोटाले *महाराणा प्रताप* महाकाव्यमा यिनै राजाको वीरता, सुशासन प्रणाली,साहस,

---

[१३०] दिवाकर प्रधान, सन् २०१४, पूर्ववत्, पृ. ६९

[१३१] उही, पृ. ६९

[१३२] लक्ष्मीप्रसाद देवकोटा, वि सं २०६७, *नेपाली शाकुन्तल*, (नवौँ संस्क), ललितपुरः साझा प्रकाशन, पृ. १

देशप्रेम साथै भारतीय राजकीय शासन व्यवस्था एवम् संस्कृतिको वर्णन गरेका छन्। यस काव्यमा भारत भूमिको वैभवपूर्ण संस्कृति र सभ्यताको वर्णनबाट भारतीयता अभिव्यक्त भएको देखिन्छ।

नेपाली साहित्यमा प्रारम्भिक चरणमा भारतीयताशीत सम्बद्ध धेरैवटा काव्यकृतिहरू रचना भएका छन्। वीरधारा पछि भक्तिधाराका कृतिहरूमा प्रायः भारतको धार्मिक परम्परा र ईश्वरीय भक्ति एवम् स्तुति पाइन्छ। कृष्णभक्ति, रामभक्ति, निर्गुणभक्ति जस्ता भक्तिधाराका काव्य लेखनबाट भारतीय धार्मिक परम्परा र संस्कृतिसँगै भारतीयता अभिव्यक्त भएको छ। भारतीय नेपाली सवाई, लहरीमा वीरगाथा, भक्ति, सामाजिक अनि प्राकृतिक घटना, भारतीय आध्यात्मिक परम्पराको प्रचार यसका प्रमुख विशेषता रहेका छन्। भारतका विभिन्न क्षेत्रबाट प्रकासित पत्र-पत्रिकाहरूमा खरसाङबाट *चन्द्रिका* (सन् १९१८) देहरादुनबाट *गोर्खा संसार* (सन् १९२६) *तरुण गोर्खा* (सन् १९२८), कालेबुङबाट *आदर्श* (सन् १९३०), काशीबाट *उदय* (सन् १९३७), दार्जिलिङबाट *खोजी* (सन् १९४०) कालेबुङबाट *गोर्खा* (सन् १९४५), कलकत्ताबाट *उत्थान* (सन् १९४७) बनारसबाट *युगवाणी* (सन् १९४८) दार्जिलिङबाट *भारती* (सन् १९४९), कलकत्ताबाट *प्रभात* (सन् १९५०) आदिमा जातीय एकता, साहित्यको विकास तथा उन्नति, शिक्षाको महत्त्व र जागरूकता, ब्रिटिस औपनिवेशिक शक्तिको विरोध, 'भारत छोडो' अभियानका पक्षमा लेखहरू प्रकासित भएका छन्। प्रारम्भिक चरणमा पारसमणि प्रधान, तुलसी 'अपतन', सन्तवीर लिम्बू, पुष्पलाल उपाध्यायका लेख रचनाहरूले भारत स्वाधीनताको चेतना साथै जातीय एकताका विषयबाट भारतीयताका सन्दर्भमा प्रमुखता दिएका छन्।

सामाजिक, राजनीतिक, सांस्कृतिक, राष्ट्रियता र जातीयता आदि प्रवृत्तिहरूबाट भारतीयताको स्वर नेपाली साहित्यमा अभिव्यक्त हुँदै आएको छ। रामलाल अधिकारीले 'समकालीन भारतीय नेपाली कथामा जातीय चेतना' लेखमाभारतीय नेपाली जातीयता र राष्ट्रियताबारे लेखेका छन्- जातीयता एक सापेक्षित परिभाषित शब्द हो, यसले बृहत् अर्थमा सम्पूर्ण विश्वका कुनै एक थरीका जाति वा मानव जाति, पशु आदिको अर्थ बोध गराउने हुनाले यस सन्दर्भमा यो जाति शब्द अङ्ग्रेजी भाषाको रेस शब्दशीत नजिक पुग्छ भने राष्ट्र-राष्ट्रका सन्दर्भमा जस्तै नेपाली जातीयता, भारतीय जातीयता शब्दले

अङ्ग्रेजीको नायसनलिज्म शब्दशीत सान्निध्य राख्ने गर्छ।[१३३] यस सन्दर्भबाट भारतीय नेपाली साहित्यमा अभिव्यक्त जातीय चेतनालाई राष्ट्रियतासँग जोडेर हेर्न सकिन्छ।

सन् १९४५ मा 'अखिल भारतीय गोर्खा लिग'-को स्थापनापछि भारतीय नेपाली कथामा जातीय चेतना टड्कारो बनेको देखिन्छ। रूपनारायण सिंह, इन्द्र सुन्दास, शिवकुमार राई, हरिप्रसाद 'गोर्खा' राई, अच्छा राई रसिक, वीरविक्रम गुरुङ, एम एम गुरुङ, जयनारायण गिरी आदि कथाकारहरूका कथामा जातीय चिन्तन भिन्न भिन्नै किसिमले प्रस्तुत भएको छ।[१३४] *खोजी*-मा प्रकासित हीराकुमार सिंहको 'नारदजीको भारत भ्रमण' र इन्द्र सुन्दासको व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत 'गाड़ीमान' जस्ता कथाहरूले नेपाली समाजको सांस्कृतिक, सामाजिकपक्षकोचित्रण गरेको छ। सन् १९४० देखि १९५० को अवधिमा रूपनारायण सिंह, इन्द्र सुन्दास, हरिप्रसाद 'गोर्खा' राई, शिवकुमार राईका कथाहरूमा आञ्चलिक चित्रण अनि जातीय भावनाबाट राष्ट्रियता साथै भारतीयताको भावना अभिव्यक्त भएको पाइन्छ।

पहिलो विश्वयुद्ध पछि भारत स्वतन्त्रता आन्दोलन उग्र रूपमा बढेर जान्छ। महात्मा गान्धीको अगुहाइमा स्वदेशी आन्दोलन, भारत छोडो अभियानमा संलग्न दार्जिलिङका नेपाली समाजमा भारत स्वतन्त्रताको विचारले ठुलो प्रभाव पारेको थियो। अङ्ग्रेजको अधीनमा चिया कमानमा काम गर्ने नेपाली समाजमा पनि यसबाट प्रभावित रहेर देश स्वतन्त्रताका निम्ति गान्धीका विचारधारा तथा स्वतन्त्रता आन्दोलनलाई समर्थन गरेको प्रसङ्ग इन्द्र सुन्दासको *सहारा* उपन्यासमा आएको छ।

"सरदार-त्यही त अचेलका केटाहरू डर मान्न पनि छाडे, खै। गान्धीको सिरेटोले छोएर हो कि ? खाएपछि साहेपका विरुद्धमा बोल्न थाल्छन्। कथंकाल उसका कानमा पऱ्यो भने हट्टाबाहिर गरिदिन्छ-जा तेरै नाङ्गे फकीर गांधीकोमा भन्दै।"[१३५]

भारत स्वतन्त्रता आन्दोलनमा नेपाली जातिको योगदान अतुलनीय छ। गान्धीको विचारधारा तथा स्वतन्त्रता आन्दोलनमा सहभागी रहेर कैयौँ, राजनीतिक व्यक्तित्वले योगदान पुऱ्याएका छन्। अङ्ग्रेजको विरोधमा उत्रिएर देशलाई मुक्ति दिने विचारदेखि साधारण मजदुरी समाज पनि अक्षुण्ण थिएन भन्ने प्रसङ्ग उपन्यासमा छ। उपन्यासका पात्र सरदार र जंगेको बाबुबिचको उपर्युक्त संवादले भारतका

---

[१३३] रामलाल अधिकारी, सन् २०१८,'समकालीन भारतीय नेपाली कथामा जातीय चेतना', सुदर्शन श्रेष्ठ (सम्पा), *भारतीय नेपाली समालोचना*, काठमाडौँ: साथी प्रकाशन, पृ. २७१

[१३४] अविनाश श्रेष्ठ, सन् २०१८,*आधुनिक भारतीय नेपाली कथा*, पूर्ववत् पृ. ५०

[१३५] इन्द्र सुन्दास, सन् १९९५, *सहारा*, दार्जिलिङः पाइका पब्लिकेसन्स, पृ. २०

नेपाली जाति स्वतन्त्रता आन्दोलनमा संलग्न रहेको र देशका निम्ति जस्तै परिस्थिति पनि भोग्ने कट्टर देशप्रेमी रहेको कुरा प्रस्तुत भएको छ।

शिवकुमार राईका 'फ्रन्टियर', 'टिका', एम एम गुरुङका 'घर संसार', *टिस्टा बग्छ सधैँ*, हरिप्रसाद 'गोर्खा' राईका*यहाँ बदनाम हुन्छ*, मन तामाङका'महात्मा', लक्खीदेवी सुन्दासका 'नेपाली जीवनको परिच्छेद', देवकुमारी सिन्हाका 'नालापानीको खलङ्गाभित्र' कथाहरू नेपाली आञ्चलिकता, नेपाली जनजीवनको सङ्घर्ष, जातीय चेतना एवम् राष्ट्रिय भावनाले ओतप्रोत भएको पाइन्छ।

सन् १९६० को दशकदेखि भारतीय नेपाली साहित्यमा आयामिक लेखनको थालनी भए तापनि पारम्परिक कथामा प्रयुक्त सामाजिक यथार्थ, जातीय चेतना, राजनीतिक सङ्घर्ष आदि विषयहरू कथामा निरन्तर आइरहेको देखिन्छ। इन्द्रबहादुर राईका'जयमाया आफूमात्र लेखापानी आइपुगी', 'चपरासी' जस्ता कथाहरूले दोस्रो विश्वयुद्धबाट प्रभावित नेपाली समाजको जीवनशैलीलाई विविध दृष्टिबाट प्रस्तुत गरेको छ। समीरण छेत्री 'प्रियदर्शी'-का 'फुटेको मुरली', 'कालो झोला' जस्ता कथाहरूले राष्ट्र निर्माणमा नेपाली जातिको अतुलनीय योगदान रहे तापनि इतिहासले उनीहरूको मूल्याङ्कन नगरेको प्रसङ्गलाई सबल रूपमा उठान गरिएको छ। 'प्रियदर्शी'-को 'कालो झोला' कथामा आजाद हिन्द फौजका नेपाली वीर-वीरङ्गनाहरूले स्वाधीनता सङ्ग्राममा दिएका योगदानप्रति सम्मान नभएको गुनासो र पीडालाई व्यक्त गरिएको छ। 'कालो झोला' कथाबारे चर्चा गर्दै सञ्जय विष्ट लेख्छन् -"कथाका पात्र लेफ्टिनेनेट कर्नेल बुढाथोकीले 'छैन उनीहरूका नाम छैन तिम्रा इतिहासका पन्नाहरूमा....तिम्रा पाठक-पुस्तकहरूमा कही पनि कतै पनि छैन तिनीहरूको नाउँ। इतिहासले उनको नाउँ स्वीकारेन, त्यो बलिदानको कदर गरेन' भन्दै पागलसरह कराउँदै हिँड्नु जातीय चिनारीको खोजी हो।"[१३६] यस प्रसङ्गले आफ्नो देशप्रति गरेका सम्मान र परिचयको इतिहासलाई अमान्य गरिएको उल्लेख गरिएको पाइन्छ।

नन्द हाङ्खिमको'एउटा मजदूर नारी', 'सिपाहीको प्रेमपत्र', 'सुनौलो आँखामा दार्जिलिङ', गुप्त प्रधानको 'मान्छे मान्छेकै बस्तीभित्र', रामलाल अधिकारीको 'थमिनी कान्छी' कथाहरूमा भारतीय नेपाली जनजीवनको आर्थिक, राजनीतिक स्थिति अनि जातीय संस्कार, संस्कृतिको चित्रणबाट नेपाली साहित्यमा भारतीय संस्कृतिको अभिव्यक्त हुँदै आएको देखिन्छ।

[१३६] सञ्जय विष्ट, सन् २०१२, पूर्ववत्, पृ. ३९

भारतीय नेपाली उपन्यासहरूमा औपनिवेशिक सामाजिक परिस्थितिहरूदेखि स्वातन्त्र्योत्तर भारतीय नेपाली समाजको चित्रणले भारतीय परिवेश, समाज र जीवन शैलीलाई प्रस्तुत गर्दै आएको छ। स्वतन्त्रतापछि भारतीय नेपाली उपन्यासहरूमा नेपाली समाजमा परेका स्वतन्त्रता आन्दोलनको प्रभाव, राजनीतिक द्वन्द्वले खडा भएका चुनौतीहरू, सामाजिक विसङ्गति जस्ता वर्णन भएको पाइन्छ। नवीन वातावरणमा विकसित सामाजिक तथा व्यक्तिगत स्वाधीनताको चेतनाले उपन्यास साहित्यमा उदात्त अभिव्यक्ति पाएको देखिन्छ।[१३७] भारतीय नेपाली समाजमा देखिएका सामाजिक तथा राजनीतिक चेतनासँगै स्वधीनताको चेतना पनि उपन्यासमा अभिव्यक्त भएको पाइन्छ।

भारतीय दर्शन तथा हिन्दू परम्परामा आधारित बंकिमचन्द्र चट्टोपाध्यायको बङ्गला उपन्यास *युगलाङ्गुरीय*-लाई पारसमणि प्रधानले *हिरण्यमयी चरित्र* नाम दिएर नेपाली भाषामा अनुवाद गरे।[१३८] उनले चट्टोपाध्यायको *राधारानी* उपन्यासलाई पनि नेपालीमा अनुवाद गरेका छन्।[१३९] यसरी उपन्यास लेखनको प्रारम्भिककालमै धार्मिक एवम् आध्यात्मिक परम्पराको प्रभाव भारतीय नेपाली समाजमा परेको देखिन्छ। ब्रिटिस औपनिवेशिक कालमा प्रकासित प्रतिमानसिंह लामाको *महाकाल जासूस* उपन्यासले भारत स्वाधीनताप्रतिआग्रही रहेको छ। मोहन पी दाहालअनुसार *महाकाल जासूस* भारतीय स्वतन्त्रता आन्दोलनलाई सक्रिय तुल्याउनका निम्ति जासूसी आवरण दिइएको क्रान्तिकारी उपन्यास थियो।[१४०]

सन् १९३० को दशकदेखि नेपाली साहित्यमा आधुनिकतालाई आत्मसात् गर्दै सामाजिक, राजनीतिक विषयमाथि मौलिक तथा अनुवादित उपन्यासहरू लेखिन थालेको पाइन्छ। शिवकुमार राईको *डाकबंगला* (सन् १९५७) उपन्यासमा दोस्रो विश्वयुद्धको प्रभाव, स्वाधीनता सङ्ग्राममा नेपाली जातिको उपस्थिति र त्यसको प्रभाव, राजनीतिक अस्थिरताले जन्माएको परिचय सङ्कट र जातीयता अनि सामाजिक द्वन्द्वलाई विशेष ठाउँ दिएको पाइन्छ। इन्द्र सुन्दासका *सहारा* (सन् १९९५) र *जुनेली रेखा* (सन् १९७९) उपन्यासले उपनिवेसित र उत्तरउपनिवेशिक भारतीय समाजको अवस्थालाई चित्राङ्कन गर्दै तत्कालीन भारतीय नेपाली जातिमाथि भएको शोषण र त्यसबाट उन्मुक्तिको चाहना आख्यानबाट प्रस्तुत गरेको छ। चिया बगानमा काम गर्ने साधारण मजदुरहरूमाथि भएको अन्याय, अत्याचार, शोषण,

---

[१३७] मोहन पी दाहाल, सन् २०११, *आधुनिक नेपाली उपन्यास*, (दो संस्क), दार्जिलिङः गामा प्रकाशन, पृ. ८

[१३८] मोहन पी दाहाल, सन् २००१, *दार्जिलिङका नेपाली उपन्यासः परम्परा र प्रवृत्ति*, दार्जिलिङः श्याम ब्रदर्स प्रकाशन, पृ. ७०

[१३९] उही, पृ. ७१

[१४०] उही, पृ. ७४

हट्टाबाहरको सजाय तथा आर्थिक सङ्कटका विषयलाई उपन्यासले उठान गरेको छ। भारतीय नेपाली समाजको जीवन सङ्घर्षको कथा र राजनीतिक द्वन्द्व र असुरक्षाको भाव अभिव्यक्त भएको पाइन्छ।

ब्रिटिसले दार्जिलिङमा चियाको खेती सुरु गरेर कमानहरू खोल्न थालेपछि त्यहाँका चिया श्रमिकहरूमाथि शोषण, दमनको राजनीति गर्न थालेको देखिन्छ। यसको परिणामस्वरूप नेपाली समाजमा जातीयएकता र औपनिवेशिक शोषणबाट उन्मुक्तिको चेतना विकास हुँदै आएको देखिन्छ। औपनिवेशिक कालमा भारतीय नेपाली समाजमा देखिएका सामाजिक विसङ्गति, निम्न वर्गीय जनजीवनको सङ्घर्ष, राजनीतिक असुरक्षा जस्ता विषयहरू उपन्यासमा अभिव्यक्ति भएका छन्।

इन्द्रबहादुर राईको *आज रमिता छ* (१९६४) उपन्यासले युगौँदेखि भारतमा रहेर ठुला-ठुला भवन, सरकारी कार्यालय, सडक, रेलमार्ग जस्ता राष्ट्रिय सम्पदाको निर्माण गरेको अनि देशलाई ब्रिटिस औपनिवेशी शोषणबाट मुक्त गराउन कैयौँ आन्दोलन गरेका भारतीय नेपालीको इतिहास अनि यथार्थलाई प्रस्तुत गरेको पाइन्छ। उपन्यासको पात्र जनक भन्छन्- “हामी दार्जिलिङका नेपालीहरू दार्जिलिङकै भूभागसँग गाँसिएर, टाँसिएर, यहाँका रूख र खोला धाराहरू जस्तै इतिहासको लपेटामा कहाँदेखि कहाँ, कसकादेखि कसकहाँ पुग्यौँ...दार्जिलिङका ठुलठुला टाउनहल, ब्याङ्क, क्लब, कोठीहरूमा जसले पैसा दिए उसैले बनाए भनेर उनीहरूकै नाम छ तर ती सब बनाउँदा निधारमा नाम्लो गाड्ने, कम्मर भचाँउने, बिमारी हुने, मर्ने अगणित नेपालीहरू थिए। दार्जिलिङ तिनीहरूले बनाएका हुन्...।”[१४१]

उपन्यासमा मध्यमवर्गीय पात्रहरूको जीवन चत्रिणबाट दार्जिलिङका नेपाली समाजको चित्राङ्कन गरिएको छ। भारतीय नेपाली समाजमा देखा परेको राजनीतिक चेतना र मध्यम वर्गीय समाजको जीवन सङ्घर्षले सृजना गरेको जातीय अस्तित्वको सङ्कट र राजनीतिक असुरक्षाको भाव उपन्यासमा प्रस्तुत भएको पाइन्छ।

भारतीय नेपाली नाटकको परम्परामा पलमानसिंह स्वाँरको *अटलबहादुर* नाटक सन् १९०५ मा प्रकासित भएर सन् १९०८ मा मञ्चन भएपछि विभिन्न नाट्य संस्था एवम् साहित्य संस्थाहरूद्वारा नाटकको लेखन तथा मञ्चन परम्पराको विकास हुँदै आएको पाइन्छ। गोर्खा नेसनल थिएट्रिकल पार्टीको

---

[१४१] इन्द्रबहादुर राई, सन् २०११, *आज रमिता छ*, (सा. संस्क), ललितपुरः साझा प्रकाशन, पृ. ११२

तत्त्वावधानमा सन् १९०८ मा मञ्चित *अटलबहादुर* दार्जिलिङको रङ्गमञ्चमा यही नै प्रथम मञ्चित नेपाली नाटक थियो।[१४२]

भारतीय नेपाली नाटकको प्रारम्भिक चरणमा प्रायः जस्तो संस्कृत, हिन्दी, बङ्गला भाषाका नाटकहरू अनूदित गरिएको पाइन्छ।[१४३] यसमा भारतको ऐतिहासिक प्रसङ्ग, दर्शन, आध्यात्मिक चेतना अधिक पाइन्छ। दोस्रो चरणमा मौलिक नाटकहरूको लेखनसँगै अनुवादित नाटकहरू पनि प्रकाशित छन्। यसमा भारतीय नेपाली समाजमा जातीय एकता, जातीय जागरण तथा राष्ट्रप्रतिकोसचेतविचारधारा अघि आएको पाइन्छ। भारतीय नेपाली समाजको सबै पक्षको उठान गर्दै आर्थिक शोषणको पिडा, सामाजिक असमानताका स्थितिहरू नाटकमा आएका छन्। अर्को पक्षमा भारतीय ऐतिहासिक प्रसङ्गबाट नेपाली समाजमा जागरणको चेतना दिने नाटकहरू पनि सिर्जित भएका छन्। जातीय एकता, सांस्कृतिक परिचय, राजनीतिक चेतना जस्ता विषयलाई लिएर लेख्ने नाटककारहरूमा नन्द हाङखिम, मनबहादुर मुखिया, लक्ष्मण श्रीमल, जस योञ्जन 'प्यासी', पूर्ण गुरुङ, राजु हिमांशु, मोहनपुकार, शरद् छेत्री, सीके श्रेष्ठ, इन्द्रमणि दर्नाल आदिका नाटकहरू महत्त्वपूर्ण देखिन्छन्।

भारतीय नेपाली नाटकमा सामाजिक चित्रणसँगै भारतीय सांस्कृतिक चेतनाको गहिरो प्रभाव देखिन्छ। धनवीर मुखियाद्वारा लिखित पौराणिक नाटकहरूमा 'राजा हरिशचन्द्र' (सन् १९१६), 'रुकमणिहरण' (अनुमानित १९२५), पारसमणि प्रधानका *सुन्दरकुमार* (सन् १९१८), *हरिशचन्द्र* (सन् १९१८), *चन्द्रगुप्त* (सन् १९२२), *महाभारत* (सन् १९२४), *बुद्धचरित्र* नाटक (सन् १९२३, प्रकाशित १०२५), मित्रसेन थापाका *वीर अभिमन्यु* (सन् १९४१) जस्ता नाटकहरूबाट भारतीय ऐतिहासिक वीर पुरुषको जीवनी, दर्शन, संस्कृति आदि पक्षहरूलाई देखाउने प्रयास भएको छ। मित्रसेन थापाका *वीर अभिमन्यु* नाटकमा सामाजिक अन्यायको विरोध, आफ्नो संस्कार संस्कृतिलाई संरक्षण गरेर सभ्य समाजको निर्माण गर्ने भाव प्रस्तुत गरिएको छ। नाटकको मूल उद्देश्य ब्रिटिस शासनको छलकपट एवम् अत्याचारको कथालाई देखाउँदै देशका युवावर्गमा अन्याय वा अत्याचारको विरुद्ध सङ्घर्ष गर्न सक्ने भावनाको संचार गर्नु थियो।[१४४]

---

[१४२] घनश्याम नेपाल, सन् २००९, पूर्ववत्, पृ. १६७

[१४३] केशवप्रसाद उपाध्याय, सन् २०१०, *नेपाली नाटक र नाटककार*, (दो सं), ललितपुरः साझा प्रकाशन, पृ. ६७

[१४४] मगन पथिक, सन् १९९४, *भारतीय साहित्यका निर्माता मित्रसेन*, (दो संस्क), नयाँ दिल्लीः साहित्य अकादमी, पृ. १७

भारतीय नेपाली नाटकको विकासमा गोर्खा दुःख निवारक सम्मेलन (सन् १९३२), नेपाली साहित्य सम्मेलन (सन् १९२४), चिल्ड्रेन एम्युजमेन्ट एसोसिएसन (सन् १९०९), हिमालयन एम्युजमेन्ट एसोसिएसन (सन् १९१३), हिमालय एन्ड ड्रामाटिक क्लब, सुन्दर थिएट्रिकल कम्पनी, लोक मनोरञ्जन शाखा, हिमालय नाट्य निकेतन आदि संस्थाहरूको महत्त्वपूर्ण योगदान रहेको छ। यी संस्थाहरूले सामाजिक जागरण, समानता, जातीय चेतना, राष्ट्रप्रेम आदि विषयहरूलाई नाटकद्वारा प्रस्तुत गरेको पाइन्छ।

नन्द्र हाङ्खिमका *अभिषेक* (सन् १९७६), *युद्धहरू* (सन् १९८३), मनबहादुर मुखियाका *अँध्यारोमा बाँच्नेहरू* (सन् १९७२), *असत्यं अशिवं असुन्दरं* (सन् १९७५), *क्रसमा टाँगिएको जिन्दगी*, (सन् १९७६), दिलुसिंह छेत्रीका *स्वाधीनता*, *बीर बलभद्र, स्वामीजीको त्याग*, हरेन आलेका *प्रतिबिम्ब र प्रतिध्वनि* (सन् १९७३), लक्ष्मण श्रीमलका *घर यसरी भत्किन्छ, कर्फ्यू*, (सन् २००३) असीत राईको *मेरो भारत महान्* (सन् २००९), इन्द्रमणि दर्नालका *रक्तवीरा, सीतात्रय, कृष्णा! कृष्णा!!* (सन् २००९), मोहन पुकारको *टिका*, डी बी परियारको *वीर खड्गबहादुर विष्ट* (सन् १९९४) आदि नाटकहरूले भारतीय इतिहासको लोकप्रिय वीरङ्गनाको त्याग, भारतीय संस्कृति आदिको माध्यमबाट राष्ट्रिय भावना प्रस्तुत गरेको छ।

असीत राईको *मेरो भारत महान्* नाटकमा भारतशीत जोडिएका नेपाली जातिको संस्कृति, जातीय परिचय तथा देशका निम्ति दिँदै आएको योगदानको प्रसङ्ग छ। भारतीय नेपाली समाजको जीवनशैली र राष्ट्रियतालाई नाटकमा प्रस्तुत गरिएको छ। नाटकको पहिलो दृश्यमै दार्जिलिङको प्राकृतिक सौन्दर्यप्रति मोहित पात्रका संवाद यसरी आएको छ- "भावुक भएर सुप्रभा प्रशान्तको छातीमा लोलाउँछे। "मेरो भारत महान्।" प्रशान्तको मुखबाट एकाएक उद्गार प्रस्फुटित बन्छ। सुप्रभा, जीवनको यो सुखद र आनन्दमय क्षण छ। यो महान् भारतका घाम-छाँया मात्र हौँ-हामी! तर यो देश सधैँ यस्तो अपूर्व दृश्य र अनन्त सौन्दर्य सधैँ यस धरतीमा रहनेछ।"[१४५]

उपर्युक्त नाटकको संवादबाट आफ्नो देश सधैँ अपूर्व दृश्य, सौन्दर्य अनि समृद्ध बनेर रहोस् भन्ने विचार नाटककारले राखेका छन्। भारतका यी सौन्दर्य, सौहार्द सधैँ बाँचिरहोस् भन्ने नाटककारको विचारले भारतप्रतिको प्रेम, सम्मानलाई प्रस्तुत गर्दछ।

---

[१४५] असीत राई, सन् २००९, *मेरो भारत महान्*, गान्तोकः जनपक्ष प्रकाशन, पृ. २

इन्द्रमणि दर्नालको 'रक्तवीरा' नाटकमा भारतीय इतिहासको लोकप्रिय वीरङ्गना रानी लक्ष्मीबाईको त्याग, वीरता, शौर्य, साहसलाई आठवटा दृश्यहरूमा प्रस्तुत गरिएको छ।[१४६] दर्नालको *सीतात्रय* नाटक भारतीय पौराणिक संस्कृतिबारे प्रासङ्गिक नाटक हो। यसमा नाटकमा राम सीताको पौराणिक प्रसङ्ग पाइए तापनि यसको मूल स्वर र अभीष्ट भने बहु-पत्नी प्रथामाथि प्रहार हो।[१४७] दर्नालका नाटकमा भारतको पौराणिक कथा अनि ऐतिहासिक घटनालाई नाटककीकरण गरेर भारतीय ऐतिहासिक प्रसङ्ग र सांस्कृतिक चेतना अभिव्यक्त भएको पाइन्छ।

### ३.५ भारतीय नेपाली कवितामा राष्ट्रिय चेतनाको विकास परम्परा: सङ्क्षिप्त पृष्ठभूमि

राष्ट्रिय चेतना राष्ट्रसित जोडिएको भावनात्मक अनि राजनीतिक (नागरिक अधिकार) सम्बन्धद्वारा विकसित चेतना हो। भारतीय नेपाली साहित्य र समाजको विभिन्न राजनीतिक, सामाजिक उतार-चढाउबाट राष्ट्रिय चेतनाको प्रारम्भिक चरणसम्म पुग्न सकिन्छ।उत्तरपूर्वाञ्चल भारतमा राजनीतिक द्वन्द्वका कारण धेरै ऐतिहासिक परिवर्तनहरू आएका छन्। विभिन्न राजनीतिक उतार-चढाउको परिणामस्वरूप सामाजिक, राजनीतिक क्षेत्रमा देखापरेको परिवर्तनका कारण कवितामा पनि यसको प्रभाव परेको देखिन्छ।

सन् १८३५ देखि ब्रिटिस इस्ट इन्डिया कम्पनीले दार्जिलिङ लगायत उत्तरपूर्वाञ्चल भारतका विभिन्न क्षेत्रमा व्यापारिक साम्राज्य स्थापना गऱ्यो। ब्रिटिसले पूर्वोत्तर भारतमा आफ्नो साम्राज्य स्थापित गर्न नेपालीहरूलाई नै प्रयोग गरेको थियो। मेघालयबाट बर्मेली सेना धपाएर आफ्नो साम्राज्य स्थापित गर्नु,घना जङ्गल फाँडेर बस्ती बसाउने काम, सडक निर्माणको काम तथा खेती बिराउने काममा नेपालीलाई प्रयोग गरेको थियो।[१४८] ब्रिटिसले दार्जिलिङ, खरसाङ, कालेबुङ हुँदै असम, मणिपुर नागाल्यान्डसम्म चिया उद्योग सुरु गऱ्यो। सन् १८१६ को नेपाल र इस्ट इन्डिया कम्पनीका बिच भएको सुगौली सन्धिअनुसार नेपालको कब्जामा रहेको सिक्किमको भूभाग सन् १८१७ मा पश्चिम बङ्गाललाई फर्काइयो। सन् १८६५ मा भोटाङ र ब्रिटिस भारतबिचको सिन्चुला सन्धिअनुसार भोटाङले कब्जा गरेको

---

[१४६] सुजतारानी राई, सन् २०११,'इन्द्रमणि दर्नालका नाट्यकृतिहरूको विवेचना', मोहन पी दाहाल (सम्पा), *नेपाली अकादमी जर्नल*, (बर्षः७, अङ्कः७), पृ. २

[१४७] उही, पृ. ३

[१४८] राजेन्द्र भण्डारी, सन् २०१९, 'बासभूमिको अन्तर्कथा', *इतिहासको बाडुली*, कालेबुङः उपमा प्रकाशन, पृ. ९६

सिक्किमको जमिन ब्रिटिस भारतलाई नै फिर्ता गरियो। यी राजनीतिक द्वन्द्व र सीमा-विवादका कारण राष्ट्रिय नागरिकता, जातीय संस्कृति, भाषा, भौगोलिकतामा आएको परिवर्तनले साहित्यमा पनि प्रभाव पारेको पाइन्छ।

सन् १८८४ देखि ब्रिटिसले तिब्बतसँग व्यापारिक नाता जोड्यो।[१४९] तिब्बतसँग व्यापारिक सम्बन्ध स्थापित गरेपछि सिक्किमको बाटो भएर ब्रिटिसका सामानहरू तिब्बत लाने गरिन्थ्यो। त्यस समय तिब्बतमा सामान पुऱ्याउने सडक मार्ग नभएका कारण ब्रिटिसले सिक्किमका राजासँग काम गर्ने मजदुरको माग गरेको थियो। सिक्किमका राजा टाशि नामग्याल (राजकाल, १८९३-१९६३) र भारतको अङ्ग्रेज सरकारबिचको सन्धिअनुरूप ब्रिटिसका सामानहरू पुऱ्याउन सिक्किमका जन-साधरणलाई लगाइन्थ्यो। यस प्रथालाई 'कालोभारी' भनिन्थ्यो।[१५०] यसरी अप्रत्यक्ष रूपमा ब्रिटिस औपनिवेशिक प्रभाव सिक्किममा पनि परेको देखिन्छ। राजशासन कालको सिक्किमेली नेपाली साहित्य लेखनमा स्वतन्त्रता थिएन। सिक्किम स्टेट काङ्ग्रेस (१९४७), सिक्किमप्रजा सम्मेलन (१९४७) जस्ता राजनैतिक दलहरूको स्थापना भएको थियो। यसपछि सिक्किमेली नेपाली कवितामा भारतप्रतिको मोह, भारतीय नेपाली जातिप्रतिको संवेदना अनि स्वतन्त्रता आन्दोलनको समर्थनका स्वरहरू देखा पर्दछन्। सन् १९७५ मा सिक्किम देश भारतको बाइसौँ राज्यका रूपमा भारतमा गाभिएपछि भारतीय नेपाली समूहको जनसङ्ख्याको बढोत्तरीसँगै नेपाली साहित्यको फाँट अझ फराकिलो भएर आएको देखिन्छ।

अङ्ग्रेजको सामन्ती शासनको शोषणमा भारतीय नेपाली समाज धेरै लामो समयसम्म ग्रशीत बनेको ऐतिहासिक सत्य छ। स्वतन्त्रतापूर्व भारतीय नेपाली साहित्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा यसको प्रभाव परेको देखिन्छ। पहिलो र दोस्रो विश्वयुद्धले उत्तरपूर्वाञ्चल भारतको नेपाली समाजमा आर्थिक तथा राजनीतिक रूपमा ठुलो प्रभाव पार्दछ। दुईवटा विश्वयुद्धका कारण साधारण मजदुर अनि खेती गर्ने नेपाली समुदायमा आर्थिक, शैक्षिक, राजनीतिक क्षेत्रमा ठुलो क्षति पुऱ्यायो।[१५१]

सन् १९०० शताब्दीको अघिबाटै भारतीय नेपाली समाजमा शिक्षाप्रतिको जागरूकता आइसकेको थियो। नेपाली भाषाको विकाससँगै विभिन्न साहित्यिक पत्र-पत्रिकाहरूको प्रकाशनले

---

[१४९] उही, पृ. ९५

[१५०] तुलसीराम शर्मा, सन् १९९६, *सिक्किम हिजोदेखि आजसम्म*, गान्तोकः आँकुरा प्रकाशन, पृ. ८४

[१५१] हेमन्तसिंह कातोज, सन् २०१६, *दि ब्याट्टलफिल्डस् अव् इम्फालः दि सेकेन्ड वर्ल्ड वार एन्ड नर्थ इस्ट इन्डिया*, न्यु योर्कः रुटलेज, पृ. ६३-६५

साहित्यको विकासमा योगदान पुऱ्याएको पाइन्छ। बनारस, दार्जिलिङ, कालेबुङ, खरसाङ, असमजस्ता क्षेत्रहरूबाट नेपाली साहित्यिक पत्र-पत्रिकाको माध्ययमबाट जातीय जागरण, राष्ट्रप्रेमका स्वरहरू प्रस्फुटित हुन थालेको देखिन्छ। यसै सन्दर्भमा इन्द्रबहादुर राई लेख्छन्- "भारतीय नेपालीहरूको इतिहासमा दुई महासमरबिचको अवधि (१९१४-४०) जातीय जागरणको काल थियो।"[१५२] अङ्ग्रेजको उपनिवेशवादी शासनको शोषणमा पिस्सिएका सामाजिक, आर्थिक, राजनीतिक शोषण र पीडाको भोग्दै भाषा साहित्यको विकास गर्नु एउटा चुनौतीपूर्ण कार्य थियो। यसै सन्दर्भमा असीत राई लेख्छन्- "दोस्रो विश्वयुद्धपछि भारतमा जातीय चेतना र राष्ट्रिय भावनाले 'जन-गण-मन' र 'बन्दे मातरम्' गुञ्जिरहेको थियो। आधुनिक शिक्षा,औद्योगिक विस्तार, यान्त्रिक सभ्यताको नयाँ क्षितिज छुँदै थियो। जीवनगत मान्यतामा नयाँ विचार, नयाँ चेतना बौद्धिक सजगता सूत्रपात भएपछि कला साहित्यमा वैज्ञानिक दृष्टिकोण, युगानुकूल प्रवाह र परिवर्तनसँगै नेपाली साहित्यमा पनि आधुनिकताको प्रवेश हुन्छ।"[१५३] राईले दोस्रो विश्वयुद्धपछिको काललाई आधुनिककाल मान्दै भारतीय नेपाली साहित्यमा विकासक्रमको नवीन प्रवृत्तिहरू भित्रिएको चर्चा गरेका छन्।

*समय र समीक्षणा*-मा भारतीय नेपाली कविताको चर्चा गर्दै लक्खीदेवी सुन्दासले लेखेकी छन्- "बिसौँ शताब्दीको द्वितीय दशकबाट भारतीय नेपाली साहित्यमा विशेष बनारसबाट शृङ्गारधाराको कविताहरू लेखिन सुरु हुन्छ। यता दार्जिलिङ, खरसाङ, असमतिर सवाई, लहरी काव्यको लेखन प्रवाह आफ्नै महत्त्वको थियो। यही दोस्रो दशकको माझ-माझदेखि क्रमशः नेपाली भाषा र साहित्यमा नवयुगको मिर्मिरेपख बिहाउन थाल्यो।"[१५४] ब्रिटिस औपनिवेशिक शासन, आधुनिक शिक्षा व्यवस्था, तकनिकी विकास, राजनीतिक विचारधारा र जातीय परिचय, राष्ट्रियता जस्ता विषयहरूको सामना अनि यसबाट सफलता पाउनका निम्ति भारतीय नेपाली कवितामा जातीय जागरण, समाज सुधार, राष्ट्रप्रेम जस्ता प्रवृत्तिहरू प्रयोग हुन थालेको देखिन्छ।

भारतीय नेपाली कवितामा निर्गुण भक्तिधारालाई कविताको प्रारम्भिक चरण मानिन्छ। ज्ञानदिल दासको *उदय लहरी* (सन् १८७७) -बाट निर्गुण भक्तिधाराका सवाई, लहरीसँगै वीरधाराका सवाईहरू पनि

---

[१५२] इन्द्रबहादुर राई, सन् १९७४, *नेपाली उपन्यासका आधारहरू*, काठमाडौँ: साझा प्रकाशन, पृ. ३९

[१५३] असीत राई, सन् २०००, 'नेपाली साहित्यको काव्यगङ्गा भारतीय धरातलमा हिजोदेखि आजसम्म', सुदर्शन श्रेष्ठ (सम्पा), *भारतीय नेपाली समालोचना*, काठमाडौँ: साथी प्रकाशन, पृ. २४३

[१५४] लक्खीदेवी सुन्दास, सन् २००८, *समय र समीक्षण*, पृ. ४७

लेखिएका छन्। लोकछन्दमा रचिएका सवाई, लहरीको लेखन परम्परा १९४० को दशकसम्म देखिन्छ। सवाई र लहरी लेखनसँगै भारतीय नेपाली कविताको प्रारम्भिक चरणमा जातीय भावनाका कविताहरू पनि लेखिएका छन्। जातीय भावना, शिक्षा र समाज सुधारको भावना अनि राष्ट्रप्रेमका कविताहरू लेखिएका छन्।

स्वतन्त्रपूर्व भारतीय नेपाली कवितामा पाइने परिष्कारवादी वा शास्त्रीय धारा भारतीय नेपाली समाजमा प्रारम्भ भएको जातीय जागरणको क्रमसँग जोडिएको पाइन्छ। जातीय जागरणको लहर दुईवटा सहासमरको अवधि (१९१४-४५)-मा अधिक सक्रिय रहेको देखिन्छ। भारतीय राष्ट्रिय जागरण, सुधार-चेतना र मध्ययुगीन हिन्दू पुनर्जागरण तथा भक्ति साहित्यको प्रभाव तथा अर्कोतिर इसाई धर्म एवम् शिक्षा प्रणालीको संस्थागत प्रचार-प्रसार अनि दुवैका बिचमा नेपाली सन्तहरूद्वारा जोसमनी मतको प्रचार-प्रसार जुन किसिमको धार्मिक-नैतिक एवम् आदर्श मानववादी परिवेश निर्माण गर्‍यो त्यसैको परिणामस्वरूप लोकले चलाउने भाषा-शैली र लयमा विभिन्न स्थानबाट आध्यात्मिक-नैतिक भावका लहरी, सवाई र अरू पद्यहरूको रचना र अनुवाद भएको देखिन्छ।[१५५]

सन् १९०१ बाट *गोर्खे खबर कागत्*-को प्रकाशनदेखि *गोर्खाली* (सन् १९१५), *चन्द्रिका* (सन् १९१८), (सन् १९३०), *उदय* (सन् १९३७), *खोजी* (सन् १९४०), *गोर्खा* (सन् १९४५), *कमल* (सन् १९४६) जस्ता पत्रिकाहरूमा प्रकासित कविताहरूमा जातीय जागरण, समाज सुधार तथा देशभक्तिका स्वरहरू प्रतिध्वनित पाइन्छ। यी पत्रिकाहरूमा प्रकासित मूलतः पारसमणि प्रधान, तुलसी 'अपतन', सन्तवीर लिम्बू, अच्छा राई 'रसिक', हर्कबहादुर कुमाई, भाइचन्द प्रधान, रूपनारायण दाहाल, हरिप्रसाद 'गोर्खा' राईका कविताहरूमा जातीय जागरण, नैतिक उपदेश अनि देशभक्तिको भाव अभिव्यक्ति भएको पाइन्छ। *गोर्खाली* पत्रिकामा सन् १९१६ मा पारसमणि प्रधानको 'रामको नाम' कविता प्रकासित छ। कवितामा नैतिक उपदेश तथा जातीय उन्नतिको स्वर यसरी अभिव्यक्त भएको छ-

*हरे! गोरखाली तिमी नीदमा छौ।*
*अरू जाति भन्दा पछाडी छौ॥*
*भयो, नीद आलस्य सब त्यागिदेऊ*
*सबै मिलमिली स्वभाव बडाऊ*

[१५५] घनश्याम नेपाल, सन् २०१४, पूर्ववत्, पृ. १४५-४६

*पचास लाख भन्दा बेसी छ न्येपाली।*

*बड़ो खेद!! भाषा छ सारै पछाड़ी॥*[१५६]

यस समय भारतमा नेपाली भाषा साहित्य विकासको प्रारम्भिक चरण थियो। व्याकरण लेख्ने, छपाउने, पाठ्य-पुस्तकको तयारी गर्ने र सबैलाई शिक्षा आर्जन गरेर आफ्नो भाषाको विकास गरौँ भन्ने भाषिक सचेतताको विचार सक्रिय भइरहेको थियो। यस्तो अवस्थामा भाषाको विकास गरेर जातीय अस्तित्वको संरक्षण गर्ने चेतना पारसमणिका कवितामा पाइन्छन्। उनका 'हर्ष पञ्चक', 'गजल' र 'विरह' कविताहरू*गोर्खे खबर कागत्*-मा सन् १९१६ को अङ्कहरूमा छापिएका थिए।[१५७] यी कविताहरूमा मातृभाषाको विकास, साहित्यको विकासजस्ता भावहरू पाइन्छ। जातीय चेतनाको दृष्टिबाट अध्ययन गर्दा प्रधानका कवितामा जातीय राष्ट्रियताको चेतना प्रखर रूपमा प्रयुक्त पाइन्छ।

प्रारम्भिक चरणका प्रायः कविताहरू पत्र-पत्रिकाहरूमा छापिएका छन्। कवितामा भाषा, जाति, समाज विकास नै मूल विषय बनेका छन्। *इन्द्रकील पुष्पाञ्जलि* (सन् १९५०) कविता सङ्ग्रहमा तुलसी 'अपतन'-को 'स्वदेशको निमित्त' कवितामा राष्ट्रप्रेम यसरी अभिव्यक्त भएको छ-

*स्वदेश स्वर्गभूमि हो स्वबन्धु देवता यही,*

*सुदत्त चक्षुले सधैँ स्वलोक देख्छ यो मही।*

*यहीँ छ विष्णु इन्द्र औ यही छ नाग किन्नर,*

*यहीँ छ  राम कृष्ण औ यही छ मस्त शंकर।*

*स्वउन्नति गरी यहाँ स्वदेश भक्त लौ बनौ,*

*स्वदेशका निमित्तमा भिखारी आज नै बनौ॥*[१५८]

स्वदेशलाई स्वर्गभूमि मानेर यसको उन्नतिका लागि सबै देशवासीले उचित कर्म गरेर देशभक्त बन्ने विचारबाट कवितामा मातृभूमिको प्रेम अभिव्यक्त भएको छ। ब्रिटिस शासनको विरुद्ध गान्धीको अहिंसा आन्दोलन, स्वदेशी आन्दोलनलाई समर्थन गरेर नेपाली समाजमा फैल्याउनमा पूर्वाञ्चल भारतका नेपालीहरूले सक्रिय भूमिका निर्वाह गरेको देखिन्छ। भाषा साहित्यको जागरूकतासँगै स्वतन्त्र सङ्ग्राममा

---

[१५६] हीरा छेत्री, सन् २०११, *भारतेली नेपाली पत्र-पत्रिकाको शताब्दी*, (दो संस्क), कालेबुङः चरित्र प्रकाशन, पृ. ३२

[१५७] जस योञ्जन 'प्यासी', सन् २०१२, *परख,* दार्जिलिङः श्याम ब्रदर्श प्रकाशन, पृ. ८०

[१५८] तुलसी 'अपतन', सन् १९७८, *इन्द्रकिल पुष्पाञ्जलि*, (दो संस्क), कालेबुङः हिमालयन अवर्जभर प्रकाशन, पृ. ५०

सहभागीबाट राष्ट्रियताको भावना विकास गरेको पाइन्छ। भाग्सूका मित्रसेन थापा र असमका पुष्पलाल उपाध्यायले नेपाली भाषा साहित्यको विकाससँगै जातीय एकता र उन्नति र भारत स्वधीनताका निम्ति सामाजिक, राजनीतिक रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। गान्धीवादका अनुयायी मित्रसेनले ब्रिटिसको अन्याय अत्याचारमा पिस्सिएका नेपाली समाजमा नाटकहरूको मञ्चन, भजन, गीतको सृजना गरेर समाजमा जातीय अस्तित्वको चेतना फैल्याउन शिलङ, देहरादुन, बनारस, कलकत्ता, दार्जिलिङ, गोरखपुर भ्रमण गरेका थिए। मित्रसेनले राष्ट्रिय चेतनामा आधारित कविताहरू लेखेका छैनन्।उनका भजनसङ्ग्रह, नाटक, गीतहरूले नेपाली समाजमा जातीय जागरण, समाज सुधार तथा स्वाधीनताप्रतिको आग्रह भित्र्याएको पाइन्छ।

असमबाट विभिन्न जातीय अनि राष्ट्रिय संस्थाहरूमा संलग्न रहेर सामाजिक अनि राजनीतिक रूपमा सक्रिय रहेका पुष्पलाल उपाध्यायका कवितामा राष्ट्रिय चेतनाका स्वरहरू विभिन्न विषयवस्तुका माध्यमबाट प्रयुक्त छन्। उपाध्यायले ग्रेजियर्स एसोसिएन शिलङ, तेजपुर लोकल बोर्ड, अखिल भारतीय गोर्खालिग जस्ता संस्थाका सदस्य रहेर नेपाली जातिको राजनीतिक अधिकारका निम्ति उल्लेखनीय कार्य गरेका छन्।[१५९] यसबाट उनी साहित्यिक रूपमा मात्र नभई राजनीतिक रूपमा पनि राष्ट्रिय चेतनासहित सक्रिय रूपमा कार्य गर्ने व्यक्तित्त्व रहेको बुझिन्छ। उनका *पुष्पाञ्जली* (सन् १९६८) र *उषामञ्जरी* (सन् १९८७) कविता सङ्ग्रहभित्रका ‘हाम्रो गौरव’, ‘समयको शंखनाद’, ‘वीरपुत्र’, ‘युग सन्देश’, ‘प्रगति सोपान’, ‘गान्धी शताब्दी जयन्ती’, ‘देशप्रेम’, ‘देशप्राण देश रत्न’, ‘हाम्रो देश’, ‘अस्तित्वको खोजीमा’ जस्ता कविताहरूमा स्वच्छन्दतावाद, नैतिक उपदेश, मानवतावाद, जातीय चेतना, राजनीतिक चेतना साथै राष्ट्रिय चेतनाका स्वरहरू प्रखर रूपमा आएका छन्। उनका ‘वीरपुत्र’ कवितामा देश स्वाधीनताप्रति आग्रही भाव यसरी अभिव्यक्त छ-

*सामूमा आइलाग्ने अरि दमन गरी*
*शान्तको ऐक्य तान।*
*गाउँदै वीर नाराशीत अघि बढ रे*
*देशका नौजवान।।*
*गुँजोस स्वाधीनताको बिगुल गगनमा*

[१५९] ज्ञानबहादुर छेत्री, सन् २००६, *भारतीय साहित्यका निर्माताः पुष्पलाल उपाध्याय*, दिल्लीः साहित्य अकादमी, पृ. १४-१५

*मूक्त माधुर्य तान।*

*हावामा फहराओस जगत विजयको*

*शान्तिदाई निशान।।*

(पृ. ४४)

सन् १९४० को दशकदेखि कविता प्रकासित गर्न थालेका उपाध्याय भारत स्वाधीनता सङ्ग्राममा सक्रिय रूपमा सहभागी थिए। उनले व्यावहारिक र साहित्यिक दुवै पक्षबाट देश स्वतन्त्रताका निम्ति योगदान दिएका छन्। कवितामा उपनिवेशी शासनबाट मुक्त भएर स्वतन्त्र राष्ट्र निर्माणको भाव अभिव्यक्त छ। कवि देशका वीर योद्धाहरूलाई देश स्वाधीनताका निम्ति एकता भएर लड्ने आह्वान गर्छन्। स्वतन्त्रताको, विजयको राष्ट्र झन्डा देशमा फर फराओस् भन्ने भावले देशप्रेम अभिव्यक्त गरेको छ।

सन् १९३४ देखि नेपाली साहित्यमा आधुनिक युगको प्रवेशसँगै स्वतन्त्रता, जातिप्रेम, सामाजिक,भक्ति, राजनीतिक आदि स्वरहरू नेपाली कवितामा देखिन थालेको हो।[१६०] स्वतन्त्रतापूर्व कालका कवितामा जातीय चेतना, समाज सुधार, भक्ति भाव, भारतीय संस्कृतिप्रतिको प्रेम भाव प्रशस्त लेखिएको पाइन्छ। भाइचन्द प्रधानको 'उठ गोर्खाली', 'उद्गार', कविताहरूमा जातीयता र देशप्रेम पाइन्छ। सिक्किमबाट सन्तवीर लिम्बूका 'राम! राम! राम!', 'गोर्खाली हुँ', 'म हुँ गोर्खा' 'लीग', 'कता हो गोर्खा दाइ' जस्ता कवितामा भारतीय नेपाली (गोर्खा) जातिलाई भारतमा आफ्नो जातीय परिचय र अस्तित्व बलियो बनाएर विश्वमै उन्नतिशील जाति बन्ने सन्देश दिँदै राष्ट्रोत्थानको भाव व्यक्त गरिएको छ।

सन् १९७५ अघि सिक्किम अलग देश भए तापनि भारतीय नेपाली जातिमाथि उनको प्रेम, संवेदना देखिन्छ। भारतीय नेपाली समाजको उत्थानका निम्ति उनका कविताले जातीयता जागरूकताको चेतना प्रस्तुत गरेको छ। देश तथा जातिप्रतिको स्वाभिमान, समाजमा पाइने विसङ्गतिहरूको भर्त्सना, भारतीय गोर्खा सन्तानको राजनीतिक अधिकारका निम्ति डटेर सङ्घर्ष गर्ने आह्वान, आध्यात्मिक

[१६०] दिलकुमार प्रधान, सन् २०१२,'आधुनिकता अनि भारतेली नेपाली कविताको केन्द्रीय स्वर', दिलकुमार प्रधान (सम्पा), *आधुनिक भारतेली नेपाली कविता*, दार्जिलिङः वीरपाडा कलेज, मनमाया प्रकाशन, पृ. ५

चिन्तन, हास्य-व्यङ्ग्य जस्ता प्रवृत्ति सन्तवीर लिम्बूका कवितामा पाइन्छ।[१६१] नरेन्द्रप्रसाद कुमाईका 'सेनानीसँग', 'शङ्खनाद', 'दापको खुकुरीसित', 'सेनानीको मृत्यु शोकमा', रूपनारायण दाहालको 'बढ गोर्खाली अगाडी', हर्कबहादुर कुमाईको 'नव भारत', 'कविको स्वर्ग', हरिप्रसाद 'गोर्खा' राईका 'नेपालीको माया', जय भारत, अगमसिंह गिरीको 'गोर्खाको जय होस्' कविताहरूमा जातीय चेतना, देशप्रेम तथा राष्ट्रियता बोधको अभिव्यक्ति पाइन्छ। आफ्नो राष्ट्रियताप्रति गर्व गर्दै हरिप्रसाद 'गोर्खा' राईले 'जय भारत' कवितामा भारतीयताको भाव यसरी अभिव्यक्त गरेका छन्-

*जय भारत...*

*भारतीय हौँ हामी*

*भारतीय रहनेछौँ*

*भारतीय भनी सदा*

*जगत्मा कहलाउँने छौँ।*

*जय भारत् !*[१६२]

स्वातन्त्र्योत्तर कालमा स्वच्छन्दतावादी प्रवृत्तिसँगै राष्ट्रिय चेतनाका कविताहरू लेखिएका छन्। स्वच्छन्दतावादी प्रवृत्तिबाट जातीयता र राष्ट्रियतालाई लेख्ने कविहरूमा अगमसिंह गिरी, तुलसी 'अपतन', तुलसीराम शर्मा 'कश्यप', हर्कजङ्गसिंह छेत्री, नरबहादुर दाहाल, मोहन ठकुरी, वीरेन्द्र सुब्बा, दानियल खालिङ, हरिभक्त कटुवालआदि प्रमुख देखिन्छन्। स्वच्छन्दतावादी राष्ट्रिय चेतनाको प्रवृत्तिबाट 'कतै यो शीर झुक्छ भने' कवितामा मोहन ठकुरी राष्ट्रप्रेमलाई यसरी प्रस्तुत गर्छन्-

*कतै यो पीर लुक्छ भने देशका निम्ति लुक्दछ*

*कतै यो शीर झुक्छ भने देशको निम्ति झुक्दछ।*

*...अँध्यारोको छायाँसम्म तर नपारूँ भन्छु मेरो देशमा*

*दुखेको घाउसम्म तर नसारूँ भन्छु मेरो देशमा*

*सधैँ यो देशका निम्ति आँसु पनि झुक्दछ*

---

[१६१] महानन्द पौड्याल (सम्पा), सन् २००१, *सिक्किमका प्रथम कवि सन्तवीर लिम्बूः कृतित्व कतिपय*, सिक्किमः आकाशदीप प्रकाशन, पाकिम, पृ. ७४

[१६२] हरिप्रसाद 'गोर्खा' राई, सन् १९८७, 'जय भारत', आर पि लामा (सम्पा), *राष्ट्रीय भावनाका नेपाली कविताहरू*, गान्तोकः आजको सिक्किम प्रकाशन, पृ. ११

*कतै यो शीर झुक्छ भने देशको अघि झुक्दछ।*

( पृ. २२)

गिरीको 'के चढाउँ?' र 'गान्धीजीको अठ्ठासीवाँ जन्म दिवसमा' कविताले राष्ट्रपिता महात्मा गान्धीको स्वदेशप्रेम र स्वतन्त्रता आन्दोलनलाई समर्थन दिँदै स्वतन्त्र राष्ट्र निर्माणको विचार आत्मसात् गरेको छ। उनका'एक श्रद्धाः एक स्मृति', 'गोर्खाको जय होस्', 'मोहब्बत गल्ली', 'चियाबारीका सहीदहरू', 'छोरोलाई' कविताहरूमा जातीय चेतनासँगै राष्ट्रिय परिचयको खोजीबाट राष्ट्रियताको भावनालाई प्रस्तुत गरिएको छ। हरिभक्त कटुवालको 'यो देशको माटोले भन्छ', हर्कजंगसिंह छेत्रीको 'राष्ट्रझन्डाप्रति', तुलसी 'अपतन'-को 'लु छाम आई धुकधुकी', नरबहादुर दाहालको 'मेरो देशको आत्मस्वीकृति', गिर्मी सेर्पाको 'जब देशको इतिहास सम्झन्छु', शोभाकान्ती थोगिमका 'प्रीत-रीत संस्कारमाझ हाँसेको मेरो देश', 'मेरो दाईजो हो यो धरती', 'यो देश यो प्रदेश' जस्ता कविताहरूमा स्वच्छन्दतावादी राष्ट्रिय चेतनाको अभिव्यक्ति पाइन्छ। *अगमसिंह गिरी रचनावली* (सन् १९९८) पुस्तकभित्र सङ्कलित 'भारत हाम्रो देश' कवितामा गिरी लेख्छन्-

*भारत हाम्रो देश पुरानो,*

*विश्वको यो प्राण हो।*

*भारत रक्षा गर्ने सबको,*

*अस्त्र एउटै शान्ति हो।।*

(पृ. ६३४)

भारत युगौँ अघिदेखि ज्ञान दर्शनले प्रचलित देश हो। भारतीय प्राचीन सभ्यतादेखि भारतमा ऋषि मुनीहरूले ज्ञान दर्शनको प्रचार-प्रसार गरेको र ज्ञान, ध्यान, योगबाट समृद्ध भारत बनाएको ऐतिहासिक सन्दर्भसित कवि परिचित छन्। देशको रक्षा गरेर सधैँ शान्ति कायम राख्ने दायित्व बोध कवितामा प्रस्तुत छ। भारतीय ज्ञान, दर्शन र शान्तिलाई यथावत् राखेर देशका निम्ति असल कर्म गर्ने स्वदेशप्रतिको प्रेमभाव तुलसी 'अपतन'-को 'लु छाम आई धुक्धुकी' कवितामा पनि यसरी अभिव्यक्त छ-

*दधीचि राम-कृष्णको महान् बुद्ध गान्धीको।*

*छ देश भारती थला स्वराज्य यो सुशान्तिको।*

*यहाँ छ शान्ति जन्ममा र धर्म कर्म मृत्युमा*

*यहाँ छ शान्ति हर्षमा र दुःख कष्ट शोकमा।।*

सन् १९६० को दशकदेखि यता हरेन आले, एम पथिक, मोहन दुखुन, नन्द हाङ्खिम, केबी नेपाली, भविलाल लामिछाने, युद्धवीर राणा आदिका कवितामा राष्ट्रप्रेम, जातीयप्रेम, राष्ट्रिय परिचयको सङ्कटका स्वरहरू अभिव्यक्त भएको पाइन्छ। खड़गसिंह राई 'काँढ़ा'-का 'मेरो नामले पुगेन मलाई', 'अल्प संख्यकको देशप्रेम', गुमानसिंह चामलिङका 'कारागारभित्र प्रतीक्षा त्यो अन्तिम फैसलाको', 'हो, मलाई त अम्नेशिया भएको छ!' जस्ता कवितामा जातीय चेतना, भारतीय नेपाली जातिको राजनीतिक अधिकारको खोजी तथा आफ्नो राष्ट्रियताप्रतिको सचेत धारणा रहेको पाइन्छ। देशको राजनीति व्यवस्थाप्रति असन्तुष्ट भाव चामलिङका कवितामा यसरी अभिव्यक्त छ-

*यो विश्वमा उ पनि त एउटा मान्छे!*
*अरू जस्तै एउटा नागरिक यो देशको-*
*विश्वको सबभन्दा ठूलो प्रजातान्त्रिक राष्ट्र जो,*
*तर रत्ती उपयोगी भइदिन सकेन उ उहाँ यो सरकारको-*
*जातित्वको दुहाइ दिंदै भोट जित्ने यहाँ आफ्नै नेता जस्तो,*
*र राजनीतिको नाममा सत्तारूढ़ दलको दलाली गर्ने आफ्नै पार्टी जस्तो...*

(उसलाई तिमीले पनि देखेको हुनुपर्छ, पृ. ३८)

देशको राजनीतिक व्यवस्थाप्रति कविले असन्तुष्टि व्यक्त गर्दै विश्वकै ठुलो प्रजातान्त्रिक राष्ट्रमा प्रजातन्त्रलाई भोट वा सत्ताका निम्ति व्यापार गरिरहेको कुरा व्यक्त गरेका छन्। प्रजातन्त्रमा जनताका अधिकारलाई सत्ताका निम्ति प्रयोग गर्ने नकारात्मक राजनीतिक कुटनीतिको विरोध कवितामा छ। देशको राजनीतिले प्रजातन्त्रलाई जिउँदो राख्नुपर्छ भन्ने कुरामा कवि सचेत देखिन्छन्। देशमा आफ्नो अधिकार र राष्ट्रियतामा लान्छना लागेर आफ्नो अस्तित्व खतरामा परेको विषयमा कवि खड़गसिंह राई 'काँढ़ा'-ले 'मेरो नामले पुगेन मलाई' कवितामा व्यक्त गरेका छन्-

*मेरो वीरता औ बहादुरी त गहिरो जंगल र*
*बिराना पहाड़हरूमा काल-कवलित छ*
*यी वीरचक्रहरूले अब त धीरता बक्सेको छ मलाई*
*मेरो घरेटीदेखि धेरै टाड़ो*

*एउटा अनाम दैत्यसित युद्धमा मेरो रगत*

*भूत भइसकेको छः*

*मेरो नाम यसरी उपनाम भएको छ।*

( पृ. ५ )

भारत स्वतन्त्रता सङ्ग्राममा कैयौँ नेपाली वीरहरूले प्राण बलिदान दिए तर यसको महत्त्व देशमा नरहेको पीडा कवितामा छ। देशमा आफ्नो माटो, अधिकार साथै कैयौँ हुँदाहुँदै पनि राजनीतिक षड्यन्त्रले आफ्नो अधिकारलाई ओझेलमा पारेको पीडा कवितामा छ। कवि आफ्नो नामप्रति राजनीतिक षडयन्त्र भएको विषयमा सचेत छन्। उनी आफ्नो देशमा आफ्नो नाम, अधिकार र अस्तित्व बँचाउन चाहन्छन्। आफ्नो देशप्रति अगात माया हुँदाहुँदै पनि देशको राजनीतिक व्यवस्थाले अन्य उपनाम दिएर विदेशीको लान्छना लाएकोमा देशको राजनीतिक षड्यन्त्रप्रति कवि क्रोधित देखिन्छन्।

सन् १९७० को उत्तरार्धदेखि जस योञ्जन 'प्यासी'-को 'मेरो देशको नाममा केही कविता उद्गार', गंगा कप्तानका 'अल्लाह ईश्वर गान्धीको नाम', 'महात्मा गान्धी', 'युवाले गर्नसक्छ राष्ट्रको रचना' कविताहरूमा प्रशस्तै राष्ट्रिय चेतना रहेको पाइन्छ। यस कालमा मोहन ठकुरी, नव सापकोटा, गिर्मी सेर्पा, कितापसिंह राई, टेकध्वज जिम्बा 'आशा', नरदेन रूम्बा प्रभृति कविहरूका कवितामा राष्ट्रप्रेम अनि राष्ट्रिय परिचयको सङ्कटप्रति चिन्ता प्रकट भएको पाइन्छ।

सन् १९८०को दशकदेखि भारतीय नेपाली कवितामा विश्व साहित्य र भारतीय साहित्यका लेखन प्रवृत्तिमा देखिएका नयाँ कथ्य, संयोजन तथा शिल्प प्रयोगले कवितात्मक नवीनता दिएको पाइन्छ।[१६३] कवितामा जाति, समाज, देश तथा वैश्विक सन्दर्भका चुनौतीहरू विभिन्न नयाँ प्रयोग, संरचना, शैलीबाट लेखिन थालेको पाइन्छ। विकास गोतामे, जस योञ्जन 'प्यासी', राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा, नोर्जाङ स्याङदेन प्रभृति कविहरूमा मिथ, लोक विम्ब जस्ता प्रयोगद्वारा उत्तरआधुनिकतावादी प्रवृत्तिसितै जातीय अस्तित्व, छुट्टै राज्यको माग, राष्ट्रियता जस्ता संवेदनशील विषय कविताको केन्द्रीय स्वर बनेको पाइन्छ।

समसामयिक कविता लेखनमा सुधा एम राईका'धरतीको पुकार', 'उर्मिला', 'प्रेमका आद्याक्षर', 'एकदिन त्रेतामा', 'धात्री' जस्ता कविताले रामायण र महाभारतका नारी पात्रहरूको चरित्रबाट आधुनिक

---

[१६३] जस योञ्जन 'प्यासी', पूर्ववत्, पृ. ९

भारतीय समाज र नारीको गुण,शक्तिको चित्रण गरेको छ। राईका कविताले भारतीय संस्कृतिलाई आत्मसात् गर्दै नारीले आफ्नो परिवारमा तथा समाजमा आफूलाई समर्पित गरेर नारीको शक्ति र सामर्थ्यको परिचय दिएको छ। भारतीय संस्कृति, समाज साथै नारीको भूमिकालाई चित्रण गर्दै भारतीय संस्कृति अनि राष्ट्रिय परिचयका प्रसङ्गहरू उनका कवितामा आएको देखिन्छ। जातीय संस्कृतिमा आधारित उनका कविता'समरमा युद्धरत सिपाहीलाई पत्नीको पत्र'-मा भारतीय नेपाली संस्कृतिको झलक पाइन्छ। भारतीयता, देशभक्ति, देशप्रतिको समर्पण एवम् रीतले पति र पत्नीबिचको प्रेमालाप, युद्धरत पतिको जीवनमा आशङ्कित पत्नी उद्वेग, एउटी नारीको आफ्नो समाज र परिवारभित्रको निजी जीवनको दृश्य राईका कवितामा पाइने प्रमुख विशेषता हुन्।[१६४] यसरी नै जयन्त कृष्ण शर्माको *सदनको मझेरीमा माटोको बास्ना* (सन् २००१), प्रेम थुलुङको *हाम्रो राष्ट्रियता* (कविता सङ्ग्रह, सन् २०१७), विलोक शर्माका 'धुँवाहरूको म्याराथन जुलुस', 'आजका डुवर्स', 'राष्ट्रवाद', 'देशलाई सोध्नुछ' कविताहरूमा देशको राजनीतिक व्यवस्थाप्रति व्यङ्ग्य, भारतसँग जोडिएको नेपाली जातिको इतिहास, भारतीय संस्कृति, राष्ट्रप्रेम आदिलाई अभिव्यक्त गरेको पाइन्छ।

भारतीय नेपाली कवितामा उत्तरऔपनिवेशिक विविध सङ्कथनहरूमा डायस्पोरा, सबाल्टर्न, किनारा विमर्श, नारीवादी विमर्श, उपभोक्तावाद, आतङ्कवाद, साइबर संस्कृति, राष्ट्रिय परिचय, परिचय सङ्कट आदि विषयलाई केन्द्रीयमा राखेर कविहरूले नयाँ परिपाटीबाट समाज, संस्कृति, राष्ट्र, राष्ट्रिय चिनारीको प्रश्नलाई प्रस्तुत गर्दै आइरहेका छन्।

वैश्विक राष्ट्रवादले जन्माएको आर्थिक प्रभुत्वसँगै राष्ट्रिय परिचय र जातीय अस्तित्वको सुरक्षा अहिले समाजशास्त्र, अर्थशास्त्र, मानवशास्त्रजस्ता अनुशासन अनि साहित्यिक सङ्कथनहरूमा केन्द्रीय विषय बनेको छ। यस वैश्विक सङ्कथनबाट भारतीय नेपाली कविता पनि टाढा छैन। राष्ट्रिय चिह्नारीसित जोडीएर राष्ट्रिय चेतनाका स्वरहरू समसामयिक नेपाली कवितामा टङ्कारो रूपमा अभिव्यक्त भएको देखिन्छ। समकालीन नेपाली कवितामा वैश्विक राष्ट्रियताको परिचय, जातीय परिचयको सङ्कट, आन्तरिक उपनिवेशजस्ता विषयले पनि राष्ट्रप्रतिको सचेचता अभिव्यक्त गरेको पाइन्छ। कवितामा प्रयुक्त यी विषयहरूले राष्ट्रिय तथा भारतीयतालाई केन्द्रमा राखेको पाइन्छ। राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा,

[१६४] पेम्पा तामाङ, सन् २०१३, 'उपोद्घात' सुधा एम राई *भूमिगीत*, गान्तोकः जनपक्ष प्रकाशन, पृ. ञ

नोर्जाङ स्याङ्देन, केवलचन्द्र लामा, रेमिका थापा, वासुदेव पुलामी, ज्ञानेन्द्र खतिवडा आदिले आफ्ना कवितामा भारतीयतालाई सूक्ष्मता दिइसकेका छन्।[१६५]

राष्ट्रिय परिचयको विषय अहिले विभिन्न सङ्कथनमा चर्चा हुँदै आएको छ। वैश्वीकरणको बढ्दो प्रभावले राष्ट्रिय परिचय, डायस्पोरा, सबाल्टर्न जस्ता विषय साहित्यमा अधिक चर्चामा आएको देखिन्छ। समसामयिक भारतीय नेपाली कविता लेखनमा पनि राष्ट्रियताको प्रश्न, परिचय सङ्कटजस्ता संवेदनशील विषय प्रबल देखिन्छन्। देशभित्र आन्तरिक उपनिवेश, किनारीकरण, राष्ट्रिय परिचयको सङ्कटका कारण समसामयिक कवितामा यी विषयहरू मुख्य प्रवृत्तिका रूपमा अभिव्यक्ति भइरहेको देखिन्छ। यही विषयलाई राजेन्द्र भण्डारीले 'एउटा उद्विग्न प्रतीक्षा' कवितामा यसरी अभिव्यक्त गरेका छन्-

*देश सम्झेर बगेका मेरा*

*शरीरका गङ्गा र यमुना*

*अहा, सोसिएर बिलाएछन् मरुभूमिभित्र।*

*रगतपच्छे छ कञ्चनजङ्घा आज*

(पृ. ५२)

भारतीय नेपालीहरूले देशका निम्ति बगाएका रगतको कुनै मूल्य नरहेको र आफ्नो परिचय शङ्कास्पद बनेको कुरा कविले यस कवितामा व्यक्त गरेका छन्। आफ्नै माटोमा आफ्नो परिचय हराएको यस्तो संवेदनशील प्रसङ्ग उनको 'गोर्खा सैनिकको स्वप्नभङ्ग' कवितामा अझ उग्र रूपमा अभिव्यक्त छ-

*म देश बचाउने दाउमा छु।*

*तर देश मलाई मार्ने दाउमा छ।*

*आफ्नै देशभित्र परदेशी भएको म,*

*आफ्नै आमाको काखमा टुहुरो भएको म,*

*आज आफ्नै देशदेखि भयग्रस्त-संत्रस्त छु।*

(पृ. ५६)

[१६५] दिवाकर प्रधान, सन् २०१२, पूर्ववत् पृ. ७१

कवितामा प्रयुक्त देशमा आफू परिचय सङ्कटमा परेर आफ्नो जातिको इतिहास नै मेटाउन खोजेको औडाहाले राष्ट्रियताको संत्रस्त स्थितिलाई देखाएको छ। परिचय सङ्कटले ग्रस्त भारतीय नेपालीका राष्ट्रियतामा आइलागेको सन्देहले नेपाली जातिको राष्ट्रियतामाथि प्रश्न खडा गरेको छ। यही सन्दर्भ वासुदेव पुलामीको कवितामा पनि आएको देखिन्छ-

*पसिनाका दानाहरूले सिँचेको*

*यो देशको छातीमा*

*हाम्रो देशप्रेमको फसल कति कति सप्रियो हँ*

*युद्धमा एउटा खुट्टा हराएका बाजेको*

*अँध्यारो यात्रालाई*

*देशले दिएको तकमाको प्रकाशले*

*कहिल्यै उज्यालो दिएन,*

*तर उनले देश थामेको छ एउटा खुट्टाले हिँडेर पनि।*

(पन्ध्र अगस्त र देशप्रेमीहरू, पृ. ८०)

देशमा युगौँ अघिको आफ्नो इतिहास रहेर पनि इतिहासलाई सन्देह गरेको कुरा कवितामा आएको छ। नेपाली जातिले इमानदारीसित देश निर्माणमा दिएको योगदान अहिले आएर मूल्यहीन बनेको प्रसङ्ग कवितामा छ। यही सन्दर्भबाट युगौँ अघिको आफ्नो पुर्ख्यौली इतिहास र राष्ट्रियलाई देशले हेला होचो गरेर राष्ट्रियतामाथि उठाएको प्रश्न मनप्रसाद सुब्बाका कवितामा पनि आएको छ-

*आफ्नो अनुहारमा देशको मानचित्र टाँसेर म देशको परिचय हिँडीरहेँ*

*हिँ-डी-र-हेँ... तर मेरो परिचय भने देशको मानचित्रमा किन टाँसिएन हँ ?*

(देश अनि म, पृ. ९९)

भारतीय नेपाली कवितामा जातीय चेतना, राजनीतिक अधिकार,राष्ट्रिय परिचय सङ्कट जस्ता समस्यालाई टिपेर जातीय अस्तित्व, राष्ट्रप्रेमका भावाभिव्यक्ति दिने कविहरूमा राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा, सुधीर छेत्री, रेमिका थापा,वासुदेव पुलामी प्रमुख देखिन्छन्। भण्डारीका 'मेरो आँखाको आकाशमा आकाशगङ्गाः मेरो देश', 'चिहान', 'देशप्रेममाथि एउटा कविता', 'देश भान्साकोठामा', मनप्रसाद सुब्बा र रेमिका थापाको *किनाराका आवाजहरू* (सन् २००८), रेमिका थापाका*देश* र *अन्य*

*कविताहरू* (सन् २००७), सुधीर छेत्रीका 'उ र प्रजातन्त्र', 'माइला र युद्ध', 'मोहब्बत गल्ली र मार्क्स', वासुदेव पुलामीका 'म र मेरो बुबा', 'देश', 'बाजे र कविता', 'पन्ध्र अगस्त र देशप्रेमीहरू', 'देश र किरा' आदि कविताहरूमा मुख्यतः राष्ट्रिय चिनारीको सङ्कटलाई केन्द्रीय स्वर बनाएको पाइन्छ।

### ३.६ निष्कर्ष

भारतीय नेपाली कविताको प्रारम्भिक चरणदेखि जातीय चेतना, राष्ट्रिय चेतनाका अभिव्यक्तिहरू विभिन्न विषयवस्तु हुँदै प्रयोगमा आएको छ। प्राचीन भारतको सभ्यता र संस्कृतिदेखि आधुनिक भारतको राजनीतिक, सामाजिक, सांस्कृतिक पक्षकै धरातलबाट विभिन्न आयाममा विभिन्न दृष्टिकोणबाट भारतीय नेपाली कविता विकसित हुँदै आएको छ। स्वतन्त्रपूर्वका औपनिवेशिक राष्ट्रको समस्या, राजनीतिक, सामाजिक, शैक्षिक चुनौतीहरूको सामना साथै जातीय चेतना, शिक्षा, समाजको उन्नति तथा भारतीय स्वतन्त्रताको आन्दोलनको प्रभाव कवितामा पाइन्छ। स्वतन्त्रतापछि विभिन्न पाश्चात्य साहित्यिक सङ्कथनको अध्ययन तथा प्रयोगहरू कवितामा आएको छ। उत्तरऔपनिवेशिक अवस्थाले सृजना गरेको आन्तरिक उपनिवेश, सबाल्टर्न, परिचय सङ्कटका अभिव्यक्तिहरू आएका छन्। जातीय परिचय, राजनीतिक परिचय, संवैधानिक सुरक्षा, जस्ता सङ्कटलाई कविताले आफ्नो प्रवृत्तिगत लेखनमा ल्याइसकेको देखिन्छ।

## चौथो अध्याय

## राष्ट्रिय चेतनाका दृष्टिले भारतीय नेपाली कविताको अध्ययन

भारतीय नेपाली कवितामा राष्ट्रिय चेतनाको प्रयोगको थालनी बिन्दुबारे खोजी गर्नका निम्ति कविता लेखन परम्परालाई दुईवटा कालखण्डमा विभाजन गरिएको छ- १. स्वतन्त्रतापूर्व भारतीय नेपाली कविता २. स्वातन्त्र्योत्तर भारतीय नेपाली कविता

### ४.१ स्वतन्त्रतापूर्व भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना

स्वतन्त्रतापूर्वमा भारतीय नेपाली कविहरूले राष्ट्रिय चेतनाप्रति सचेत रही कविता लेखेको नदेखिए पनि उनीहरूको आफ्नो राष्ट्रप्रति, आफ्नो मातृभूमिप्रति, आफ्नो संस्कृति र भाषा, आफ्नो जाति र क्षेत्रको विकासप्रति प्रेम, श्रद्धा, झुकाउ र समर्पण भाव रहेको देखिन्छ। परिणामस्वरूप नेपाली कवितामा ती विभिन्न भावहरूले राष्ट्रिय चेतनाकै स्वरूप लिइएको देखिन्छ। तसर्थ स्वतन्त्रतापूर्वका नेपाली कविताहरूमा राष्ट्रिय चेतनासम्बन्धी विविध स्वरहरू जो जातीय चेतना, स्वच्छन्दतावादी चेतना, क्षेत्रीय चेतना, सांस्कृतिक चेतना, भाषिक चेतना, धार्मिक चेतना आदिका रूपमा प्रयोग भएको पाइन्छ। यी विविध चेतनालाई यस उपशीर्षकमा सोदाहरण चर्चा गरिएको छ।

कुनै पनि जातिको राष्ट्रियता आफ्नो राष्ट्रको परम्परा, संस्कृतिले निर्मित व्यावहारमा जीवित रहेको हुन्छ। साहित्यमा राष्ट्रियताको अभिव्यक्त गर्दिंदा त्यो पारम्परिक राजनीतिक सङ्कथनका रूपमा प्रस्तुत हुँदछ।[१६६] साहित्यमा राष्ट्रको अभिव्यक्ति एवम् सम्बन्धलाई भाभाले कलात्मक अभिव्यक्तिका रूपमा प्रस्तुत हुने राजनीतिक सङ्कथन मानेका छन् ।साहित्यिक पाठहरूमा राष्ट्र,राष्ट्रियता, राष्ट्रिय चेतनाका विभिन्न सङ्कथनहरू कथात्मक रूपमा आएका हुन्छन्। राष्ट्र र साहित्यबिचको सम्बन्धबारे भाभा भन्छन्- साहित्यले भाषा, संस्कृति,समाज, राजनीतिक अनि भौगोलिक परिवेशलाई पाठमा कथात्मक रूप दिएको हुन्छ। राष्ट्रियता अनुभूति गर्दा आफू (लेखक) र राष्ट्र वा माटोको समन्वयबाट विकसित संस्कृतिसँग समाविष्ट राष्ट्रियताका भावले राष्ट्रिय साहित्य (इतिवृत्त)-को निर्माण हुँदछ।[१६७] सिमोन डुरिङले साहित्यमा प्रस्तुत हुने राष्ट्रियतामाथि चर्चा गर्दै लेखेका छन्- साहित्यमा राष्ट्रियता,

[१६६] होमी के भाभा, सन् १९९०, 'इन्ट्रडक्सनः नेसन एन्ड न्यारेसन', होमी के भाभा (सम्पा), *नेसन एन्ड न्यारेसन*, लन्डनः रुटलेज, पृ. १-२

[१६७] उही, पृ. ३

राष्ट्रिय चेतना कलात्मक रूपमा प्रस्तुत हुन्छ। यसमा माटोसँगै भावनात्मक सम्बन्धलाई पनि लेख्ने क्रममा राष्ट्रको इतिहास स्वतः जोडिएर आएको हुन्छ।[१६८] राष्ट्रियता परम्परादेखि सामाजिक चेतनामा रहेको हुन्छ, जो यादृच्छिक हुन्छ भन्ने एन्डरसनको विचारलाई सहमति दिँदै भाभाले सामूहिक चेतनाभन्दा अझ भित्र गएर राष्ट्रका विविध अवयवभित्र साहित्यले स्थान बनाएको हुन्छ, जसले राष्ट्रियतालाई कथात्मक रूपमा अभिव्यक्ति दिँदछ[१६९] भन्ने विचार राखेका छन्।

भारतीय नेपालीहरूमा राष्ट्रिय चेतनाको उदय कसरी र कहिले भयो भन्ने प्रकल्पनाअनुरूप केही तथ्यहरू पाइन्छन्। वर्तमान भारतको मानचित्रभित्रै नेपालीहरूको बसोबासो प्रागैतिहासिक कालदेखि रहेको उल्लेख मनुस्मृति १०-१२, भगवत् पुराण ३.१९.२९-२४, महाभारत २, १८-२२ मा पाइन्छ।[१७०] ऐतिहासिक दृष्टिकोणबाट हेर्दा भारतीय नेपालीहरूमा आदिकाल अथवा वैदिक ग्रन्थ, रामायण, महाभारतको लोक प्रचारको समयदेखि नै भारतीय संस्कृतिलाई आत्मसात् गरेर भारतीय राष्ट्रियता वहन भएको पाइन्छ। भारतीय राष्ट्रवादको जरा भारतीय संस्कृति हो। भारतीय संस्कृतिको धरातल लोकहित, ज्ञान, दर्शन, आध्यात्मिकता हो। यसै सांस्कृतिक चेतनाले विकास गरेको भारतीय राष्ट्रियताको भाव नेपाली समाजमा अघिदेखि विद्यमान थियो। भक्ति, स्तुति, धर्म कर्म भारतीय संस्कृतिकै आधारमा गरिन्थ्यो। पछि साहित्य लेखनका प्रारम्भमा पनि भारतीय संस्कृति, ज्ञान, दर्शनका प्रभावमा नीति, उपदेश, ज्ञानप्रतिको झुकाउ वा जागरूकता आएको पाइन्छ।

लगभग ३५० वर्षको अङ्ग्रेज उपनिवेश शासनबाट मुक्ति पाएर सन् १९४७ मा भारत स्वतन्त्र बन्छ। सन् १९५० मा भारत संवैधानिक रूपले लोकतान्त्रिक राष्ट्र बन्छ। स्वतन्त्रतापूर्व उपनिवेश कालदेखि नै देश स्वाधीनताका निम्ति भारतीय नेपालीहरूले विभिन्न परिस्थितिलाई झेलेर स्वाधीनता आन्दोलनमा सक्रिय रूपमा सहभागिता दिएका छन्। अङ्ग्रेज शासनबाट देशलाई मुक्तिदिन देश निर्माणका क्षेत्रमा अन्यान्य योगदानहरू दिएका छन्। सन् १९१४ देखि नेपाल र अङ्ग्रेज भारतबिचको युद्ध सन् १८१५ मा सुगौली सन्धिमा आएर टुङ्गिन्छ। यसपछि भारतले नेपाली बसोबासो गर्ने क्षेत्रलाई आफ्नो बनायो। भारतले मानचित्रको बढोत्तरीसितै देश रक्षाका वीर योद्धा पनि प्राप्त गर्‍यो। भारत

[१६८] सिमोन डुरिङ, सन् १९९०,'लिटरेचर-नायसनलिज्म अदर्स् दि केस फर रिभ्यु', होमी के भाभा (सम्पा), *नेसन एन्ड न्यारेसन*, लन्डनः रुटलेज, पृ. १४४-४५

[१६९] होमी के भाभा, सन् १९९०, पूर्ववत्, पृ. ३०८

[१७०] राजेन्द्र भण्डारी, सन् २०२१, पूर्ववत्, पृ. ११२-१३

स्वाधीनता आन्दोलनमा महात्मा गान्धी, जवाहारलाल नेहरू, सुवासचन्द्र बोस, चितरञ्जन दासजस्ता सक्रिया नेताहरूका साथमा लागेर भारतीय नेपाली समाजमा स्वतन्त्रता सङ्ग्रामको चेतना फैलाउने दलबहादुर गिरी, क्याप्टन रामसिंह ठकुरी, दुर्गा मल्ल, मित्रसेन थापा, इन्द्रेणी थापा, सावित्री देवी, खड्गबहादुर विष्ट, छविलाल उपाध्याय आदिका देशप्रतिको त्याग र बलिदान मूल्यवान् छन्।

स्वतन्त्रतापूर्वमा भारतीय नेपाली कवितामा सवाई, लहरीअनि विभिन्न भक्तिपरक काव्य लेखनको परम्परा रहेको देखिन्छ। यस समय जातीय चेतना, देशप्रेमका कविताहरू पनि लेखिएका छन्। स्वतन्त्रतापूर्वका कविताहरूमा भक्ति परम्पराको प्रभावसँगै जातीय प्रेम सम्बन्धित कविताहरू लेखिएका छन्। जातीयताको स्वरलाई टड्कारो पार्दै समाज सुधारको भाव जगाउन अघि सर्ने कविहरूका फुटकर कविताहरू प्रायः जस्तो पत्र-पत्रिकाहरूमा प्रकाशित छन्। स्वतन्त्रतापूर्वकालका पारसमणि प्रधान, तुलसी 'अपतन', अगमसिंह गिरी,र सन्तवीर लिम्बूका कविताहरू अध्ययन गरिएको छ। भारतीय नेपाली कवितामा राष्ट्रप्रेम, राष्ट्रियताको भावना, जातीय चेतना आउन थालेदेखि यता भारत स्वतन्त्रता (अगस्त,१९४७) कालसम्मका कविताहरूलाई स्वतन्त्रतापूर्व कालभित्र अध्ययन गरिएको छ।

### ४.१.१ जातीय चेतना

राष्ट्रमा आफ्नो जातीय अस्तित्व, परिचय तथा सुरक्षा कायम राख्नु त्यस जातिको आफ्नो राष्ट्रप्रतिको सचेतता हो। जातीय राष्ट्रवादले एउटा राष्ट्रको जातिसँग सम्बन्धित राष्ट्रियतालाई हेर्दछ। जातीय संस्कृति, भाषा, इतिहास जस्ता विशेषतायुक्त राष्ट्रलाई जातीय राष्ट्रवादअन्तर्गत अध्ययन गरिन्छ। भारतीय नेपाली जातिको परिचय भारतीय इतिहास,भारतीय संस्कृति र भारतीय राष्ट्रियताले दिंदछ। भारत बहुजातीय राष्ट्र भएकाले विभिन्न जातिका परिचयलाई भारतीय राष्ट्रियताका आधारमा बुझिन्छ। उपनिवेशकालमा राष्ट्रिय चेतनाको विकास भएदेखि उत्तरउपनिवेशकालीन कैयौँ स्वतन्त्र राष्ट्रहरूमा जातीय चेतना सक्रिय रहेको पाइन्छ। अधिकांश यी राष्ट्रहरूमा लोकतान्त्रिक व्यवस्थाको स्थापना भए तापनि जातीय राष्ट्रियताको चेतना राजनीतिक विचारधाराका रूपमा अघि आइरहेको छ।

उपनिवेशकालपूर्व भारत एउटा सिङ्गो राष्ट्र थिएन। यो विभिन्न देशहरूमा विभाजित थियो। उपनिवेशकालमा ब्रिटिसले आफ्नो कानुन र राजनीतिक प्रभुत्वको बलले प्रायःजसो भारतका राजशासनयुक्त राज्यहरूमा आफ्नो व्यापारिक साम्राज्य स्थापना गऱ्यो। औपनिवेशिक शक्ति र

साम्राज्यको अन्याय, अत्याचार भारतीयहरूले विस्तारै झेल्दै आए। स्वतन्त्र अनि सिङ्गो भारतको मानचित्र तयार नभएका हुनाले उपनिवेशका विरोधमा लड्नका लागि जातीय एकता नै प्रमुख कारक तत्त्व रहेको पाइन्छ। भारतीय सन्दर्भमा राष्ट्रको अवधारणा धर्म, भाषा, जातिको समष्टिबाट निर्माण भएको छ।[१७१] यही विचारधारा उपनिवेश विरोधी स्वाधीनता सङ्ग्राममा महत्त्वपूर्ण रहेको देखिन्छ।

भारतीय नेपाली कवितामा जातीय चेतनाको केन्द्रस्थल दार्जिलिङलाई मानिन्छ। ब्रिटिस उपनिवेश शासनको दमनमा अर्थ, शिक्षा, अधिकारबाट बन्चित भारतीयहरूमा जातीय चेतना नै उपनिवेशी शक्तिको विघटनमा प्रमुख हतियार बनेको थियो। जातीयतासँगै स्वतन्त्रता आन्दोलनको प्रभाव भारतीय सांस्कृतिक चेतना, देशप्रेमका अभिव्यक्तिहरू कवितामा प्रशस्तै आएका छन्।

*गोर्खाली* (१९१६) पत्रिकामा पारसमणि प्रधानको 'रामको नाम' कविता प्रकाशित छ। कवितामा जातीय चेतनासँगै राम भगवान्को स्तुति छ। नेपाली कविता परम्परामा रहेको रामभक्ति धारा प्रवृत्तिलाई आत्मसात् गर्दै कविले भगवान् रामप्रति गहिरो आस्था राखेका छन्।

*हरे गोर्खाली तिमी नीदमा छौ*
*अरू जातिभन्दा पछाड़ी तिमी छौ।*
*भयो नीद, आलस्य सब त्यागीदेऊ*
*बिहान-बेलुका रामको नाम लेऊ।।*[१७२]

यस कवितामा कविले गोर्खालाई सम्बोधन गर्दै हामी पछौटे हुनाका कारण हामीमा भएको एउटा दुर्गुण आलस्य हो भनेका छन्। उनी भगवान् रामको नाम लिएर दिनको थालनी गर्ने आह्वान गर्छन्। भारतीय नेपाली समाजमा आफ्नो भाषा, परिचय, अस्तित्वको सुरक्षाका निम्ति एकात्मकताको खाँचोलाई जातीय चेतनाले पूरा गरेको पाइन्छ। आर्थिक, राजनीतिक, शैक्षिक क्षेत्रमा पछाडिएका नेपाली समाजलाई उपर्युक्त कविताले जागरूक हुनमा सहयोग गर्छ। कवितामा जातिलाई नै केन्द्रीय विषय बनाएर जातिको उन्नति र विकासमाथि चिन्तित भएकालेयसै कवितामा अधिकतर जातीय चेतना रहेको देखिन्छ। कुनै पनि जातिको परिचय आफ्नो राष्ट्रसित जोडिने हुनाले कवितामा अप्रत्यक्ष रूपमा आएको भारतीय नेपाली जातिको उन्नति, सुरक्षा र परिचयको चिन्तालाई जातीय राष्ट्रियता हो भनी चिह्नित गर्न सकिन्छ।

---

[१७१] रोमिला थापर, सन् २०१६, पूर्ववत्, पृ. ७

[१७२] जय योञ्जन 'प्यासी', सन् २०१२, *परख* (समालोचनात्मक लेख सङ्ग्रह), दार्जिलिङः श्याम ब्रदर्स प्रकाशन, पृ. ७९

केन हुल्फले जातीयता र राष्ट्रवादको चर्चा गर्दै राष्ट्रवादमा जातीयता प्रमुख तत्त्व बनेर आएको उल्लेख गरेका छन्। उनको विचारअनुसार व्यष्टि र समष्टिको परिचय नै जातीयताद्वारा निर्मित हुनाले राष्ट्रियतामा यो विशेष तत्त्वका रूपमा देखा पर्दछ। आधुनिक राष्ट्रको निर्माण हुनअघि राजनीतिक परिचयप्रति जातीय चेतना निष्क्रिय रहेको पाइन्छ। अठारौँ शताब्दीदेखि आधुनिक राष्ट्रवादको समयसम्म आइपुग्दा जातीय चेतना नै राष्ट्रिय परिचयको बलियो आधार बनेको देखिन्छ।[१७३] तसर्थ जातीय चेतनालाई अलग्गै राखेर राष्ट्रवाद, राष्ट्रिय चेतनालाई बुझ्दा राष्ट्रिय चेतनाको ऐतिहासिक उद्भवको प्रसङ्ग नै उच्छेद गरिएको देखिन्छ। यस दृष्टिले जातीय चेतना केवल सिङ्गो जातिमै सीमित नरहेर राष्ट्रियतासित पनि यसको सम्बन्ध रहेको बुझिन्छ।

देशमा भारतीय नेपाली जातिको इतिहासलाई अक्षुण्ण राखिएकाले विश्वका कैयौँ जातिहरूले उपनिवेश, आन्तरिक उपनिवेश, राजनीतिक द्वन्द्व, सबाल्टर्नजस्ता चुनौतीको सामना गरेको इतिहास राष्ट्रिय चेतनाको सङ्कथनबाट पृथक् रहेको छैन। उपनिवेशी साम्राज्यको प्रभावले भारतसँग चीन, नेपाल, भूटान, बर्मा, सिक्किमको सीमा विवाद तथा राजनीतिक द्वन्द्वले पूर्वाञ्चल भारतीय नेपाली समुदायमा जातीय सुरक्षासँगै देश सुरक्षाको भावना उर्वर भएको पाइन्छ। सेप्टेम्बर १९४४ को *उदय* पत्रिकामा प्रकाशित सन्तवीर लिम्बूको 'गोर्खाली हौँ' कवितामा भारतीय गोर्खालीहरूले देशको सुरक्षाबाट जातीय वीरता कमाएको ऐतिहासिक सन्दर्भ यसरी प्रस्तुत भएको छ-

*गोर्खाली हामी लड्छौँ रणमा*
*भय छैन किञ्चित शत्रु दलको।*
*जन्मभूमिको रक्षा निमित्तमा*
*बहाउँछौ धारा रक्त जलको।।1।।*
*प्राण धन स्वदेश खातिरमा*
*समर्पण गर्ने हामी नै छौँ*
*गोर्खाली हौँ रणाग्रगामी।।२।।*
*...पूर्वज हाम्रा सूरवीर राम्रा*

---

[१७३] केन हुल्फ, सन् १९८६, 'एथ्निक नायसनलिज्मः एन एनालाइसिस एन्ड डिफेन्स', *क्यानेडियन रिभ्यु अव् स्टडिज इन नायसनलिज्म, भाग-१३*, सङ्ख्य-१, क्यानडाः युनिभर्सिटी अव् प्रिन्स इडवर्ड आइल्यान्ड, पृ. ९९

*रक्त हौँ उनैका हामी*

*दम्भ दर्पको लेश छैन माया*

*रक्षक बन्ने गोर्खाली हौँ।।३।।*[१७४]

भारतीय नेपाली कविताको धरातल युद्ध प्रसङ्गहरूबाट सुरु भएको छ। अनेकौँ राजनीतिक द्वन्द्वमा होम्मिएर उपनिवेशपूर्वदेखि भारत स्वाधीनता सङ्ग्राम अनि स्वातन्त्र्योत्तर भारत-चीन युद्ध, भारत-पाकिस्तान युद्ध, कारगिल युद्ध जस्ता युद्धहरूमा भारतीय नेपाली जातिले आफ्नो प्राणको आहुति दिएको इतिहास साक्षी छ। उपनिवेशी साम्राज्यकालदेखि विभिन्न परिस्थिति भोग्दै देशका निम्ति सधैँ रगत पसिना बगाएर व्यावहारिकतामा देशप्रेम, देशभक्तिको भावनालाई अभिव्यक्ति दिने नेपाली जातिको ऐतिहासिक योगदान नबुझिकन राजनीतिक पूर्वाग्रहले भारतीय नेपालीहरूलाई विदेशीको लाञ्छना लगाए तापनि स्वदेश रक्षाका निम्ति भारतीय नेपाली मेरुदण्ड भई उभिएको छ। उपर्युक्त कवितामा देशप्रति नेपाली जातिको अतुलनीय योगदान रहेको ऐतिहासिक घटनाको उल्लेख रहेको छ। देशको रक्षा गर्नु, देशका निम्ति रगत बगाउनु,आफ्नो देश वा राष्ट्रप्रतिको प्रेम हो। यसलाई राष्ट्रप्रतिको सचेत प्रेम मान्न सकिन्छ।

*गोर्खा* (१९४६) पत्रिकामा प्रकाशित अगमसिंह गिरीको 'गोर्खाको जय होस्' कवितामा जातीय चेतना, जातीय अस्तित्व, जातीय सुरक्षा र जातीय परिचयको अभिव्यक्ति पाइन्छ-

*कसेका छौं कम्मर केही ता गर्नलाई,*

*झुक्न दिने छैनौं बुझ्यौं गोर्खा झण्डालाई ।*

*हट्दैनौं पछि अब मृत्युनै आवस् यदि,*

*डर कस्को लिनु तब मर्नुनै पर्छ यदी।।*

*जातीय झण्डा हातमा गोर्खे टोपी माथमा,*

*दिन होस् या रात गोर्खा छात्रा छन् साथमा।*

*मार्न कोइ आवस् यदि शिरलाई झुकाई दिन्छौं,*

*नयपाली निमित्त भने प्राण बरू दिन्छौँ।*[१७५]

---

[१७४] महानन्द पौड्याल (सम्पा), सन् २००१, *सिक्किमका प्रथम कवि सन्तवीर लिम्बूः कृतित्व कतिपय*, सिक्किमः आकाशदीप प्रकाशन, पाकिम, पृ. १४

[१७५] विजयकुमार राई (सम्पा), सन् १९९८, *अगमसिंह गिरी रचनावली*, नाम्चीः निर्माण प्रकाशन, पृ. ५३७

औपनिवेशी शक्तिले व्यापारिक तथा औद्योगिक साम्राज्यको विस्तार गरिरहेको बेला भारतका मूल जातिहरू आफ्नो जातीय परिचय एवम् अस्तित्व सङ्कटका घेरोमा थिए। गिरीका कवितामा जातीय वा जातिवाद वास्तवमा एउटा शोषित श्रेणीको पिर, मर्का हो, तत्कालीन नेपाली समाज पुँजीपति र उच्च मध्य श्रेणीमा थिएन। निम्न स्तरको श्रमजीवी समाजलाई उकास्ने भावबाट गिरीको कवितामा जातीय चेतना प्रस्तुत छ।[१७६]

बिसौँ शताब्दीको अन्ततिर उपनिवेशिक देशका नागरिकहरू स्वतन्त्र राष्ट्रका निम्ति सङ्घर्षशील थिए। नाइजेरिया, इन्डोनेसिया, भारत जस्ता तेस्रो विश्वमा स्वतन्त्र राष्ट्रको विचारधाराले व्यापक सहमति पाउन सकेको थिएन। औपनिवेशिक अतिक्रमणले लोप हुँदै गएका वा अन्तर्मिश्रण भइसकेका राष्ट्रको मूल जातिका इतिहास, भाषा, संस्कृतिको चेतनाले स्वाधीनता राष्ट्रप्रति आग्रहित गराउँदछ।[१७७] परिणामस्वरूप आधुनिक राष्ट्रवादको चेतना आउनभन्दा पहिल्यै नेपालीहरूमा जातीय चेतनाका आधारमा राष्ट्र, राष्ट्रिय चेतनाको विकास भएको पाइन्छ। गिरीका कवितामा प्रयुक्त जातीय चेतनाले जातिको अस्तित्वलाई जीवित बनाएको छ।

अप्रेल १९४५ को *गोर्खा* पत्रिकामा सन्तवीर लिम्बूको 'लीग' कविता प्रकाशित छ। यस कवितामा भारतीय नेपाली जातिको शोषित अवस्था यसरी प्रस्तुत गरिएको छ-

*भारतमै गयो युग तर कति नाम निशान छैन*
*खच्चर झै भारी खुरूखुरू बोकाइ लुटे खूब चैन।*
*जैले पऱ्यो कठिन तब लौ भाइ गोर्खा यता आ,*
*खाँचो टऱ्यो अनि त लौ भाइ उता जा।*
*रणमा वनमा सब कठिन काममा अगाडी छ गोर्खा,*
*पऱ्यो काहीँ जब सहज काम जा तँ गोर्खा छ मूर्खा।*[१७८]

सन् १९४५ मा 'अखिल भारतीय गोर्खा लीग'-को स्थापना हुन्छ। यस पार्टीको उद्देश्य सामाजिक उन्नति, जातीय संस्कृतिको संरक्षण तथा भाषा साहित्यको विकास गर्नु, राजनीतिक चेतना जन जनमा फैलाउनु

---

[१७६] कुमार प्रधान, सन् २०१८, 'अगमसिंह गिरीको कवितामा जातिय भावना', सुदर्शन श्रेष्ठ (सम्पा), *भारतीय नेपाली समालोचना*, पूर्ववत्, पृ. २००

[१७७] एन्थोनी डी स्मिथ, सन् १९८६, *दि एथ्निक ओरिजन अव् नेसन्स*, युएसएः ब्ल्यकवेल पब्लिसिङ, मालदेन, पृ. ७

[१७८] महानन्द पौड्याल (सम्पा), सन् २००१, पूर्ववत्, पृ. १९

रहेको छ। यस संस्थाले आफ्नो मुखपत्र *गोर्खा* पत्रिका प्रकाशित गरेको छ। त्यस समय भारतमा स्वतन्त्रता आन्दोलनले चरम सीमा नाघिसकेको थियो। राजनीतिक द्वन्द्वकाकारण जातीय परिचय मूल मुद्दा बनेको थियो। गोर्खालीगले जातीयता र राजनीतिक चेतनालाई महत्त्व दिएर साहित्यिक रचनाहरूसँगै राजनीतिक विचारहरू पनि यस पत्रिकामा प्रकाशन गर्दथ्यो। लिम्बूका कवितामा जातीयता अनि राजनीतिक चेतनाको प्रयोग छ। औपनिवेशिक परिस्थिति, दोस्रो विश्वयुद्ध अनि स्वतन्त्रता आन्दोलनका कारण जातीयता, सुरक्षा अनि राजनीतिक चेतनाले आफ्नो माटोप्रतिको सचेततना ल्याउनु नै राष्ट्रप्रतिको सचेतता हो। लिम्बूका कवितामा आफ्नै देशमा शोषित नेपाली जातिको पीडा छ।

आफ्नो जातीय इतिहासप्रति कवि सचेत छन्। यो इतिहास भारतीय नेपाली जातिको हो। आफ्नो अस्तित्वलाई कायम राख्नुका निम्ति जातिलाई शोषणबाट मुक्ति दिने स्वर कविताहरूमा अभिव्यक्त भएको पाइन्छ।

### ४.१.२ स्वच्छन्दतावादी चेतना

देश स्वतन्त्रताप्रतिको आग्रही भाव लेखनमा राष्ट्रियताको सन्दर्भ शृङ्गारिक प्रवृत्तिबाट प्रस्तुत भएको हुन्छ भन्ने विचार राख्दै हंस कोनले प्रकृति र मान्छेको स्वतन्त्र सम्बन्धबाट राष्ट्रियतालाई उल्लेख गरेका छन्। कोनले लेखेका छन्- ‘मान्छेको स्वभावमै आफ्नो जन्मभूमि र समाजप्रति प्राकृतिक रूपले प्रेम रहेको हुन्छ। आफ्नो जन्मथलो, संस्कृति, परम्परा र भौगोलिक वातावरणले मान्छेलाई आकर्षित गराउँदछ। प्राकृतिक रूपले मानव चेतनामा राष्ट्रप्रेम उत्पन्न हुन्छ।’[१७९] राष्ट्रको प्राकृतिक सौन्दर्य, भौगोलिक सौन्दर्य तथा राष्ट्रको सम्पदाको प्रशंसा गर्दै राष्ट्रप्रेमको भाव प्रस्तुत हुँदा यसलाई स्वच्छन्दतावादी चेतना मानिन्छ।

पारसमणि प्रधानले ‘भारत हाम्रो’ कवितामा भारतीय जाति, भाषा, संस्कृतिको विविधतालाई स्वतन्त्रतावादी प्रवृत्तिमा यसरी वर्णन गरेका छन्-

*भारत हाम्रो देश छ राम्रो*
*मुकुट हिमालय यसको*
*यस्तो राम्रो भारतमाथि*

[१७९] हंस कोन, सन् १९६१, *आइडिया अव् नायसनलिज्म ए स्टडी इन इट्स ओरिजिन एन्ड ब्याकग्राउन्ड*, न्यु योर्कः म्याकमिलन कम्पनी, पृ. ९-१०

*भक्ति नहोला कस्को ?*

*भारतका सब खोला-नाला*

*भीर पखेरा सारा*

*झारपात पशुपंक्षी फलफूल*

*हाम्रा हुन् अति प्यारा*

*...टिस्टा हाम्रो रंगीत हाम्रो*

*अरूको हुँदै हुँदैन*

*लाभा हाम्रो पेदोङ हाम्रो*

*यसमा संशय छैन।*

भूगोल, जाति, संस्कृतिको विविधता रहेको मातृभूमिको माया स्वच्छन्दतावादी प्रवृत्तिमा कवितामा प्रस्तुत भएको छ। कवितामा 'लाभा हाम्रो पेदोङ हाम्रो' पङ्क्तिबाट त्यस क्षेत्रसम्बन्धी कविको अगाध प्रेम रहेको बुझिन्छ। कविले देशको सांस्कृतिक धरोहर र विविधतामाथि गर्व बोध गरेका छन्। ओमुट ओजकिरिमलीको विचारअनुसार आफ्नो देशको भूगोल, जाति, संस्कृतिसँग प्राकृतिक रूपले देशवासीमा प्रेम रहेको हुन्छ। देशप्रेमलाई अभिव्यक्ति गर्ने विभिन्न माध्यमहरूमा स्वतन्त्रतावादी लेखनले देशको सांस्कृतिक विविधतालाई प्रस्तुत गर्दछ।[१८०] यस विचारसँग प्रधानका कविताले सम्बन्ध राखेको पाइन्छ। भारत राष्ट्रको प्राकृतिक सौन्दर्य, विविधतालाई कवि प्रधानले स्वच्छन्दतावादी चेतनाद्वारा कवितामा प्रस्तुत गरेका छन्।

### ४.१.३ सांस्कृतिक चेतना

सांस्कृतिक राष्ट्रियताको अवधारणाले सांस्कृतिक चेतनाको समष्टिगत भावद्वारा राष्ट्र निर्माण हुने र राष्ट्रिय परिचयका सन्दर्भमा संस्कृति अभिन्न रूपमा उपस्थित रहने धारणा राख्दछ।[१८१] भारतीय राष्ट्र निर्माणका प्रक्रियामा यसको ऐतिहासिक भूमिकाको पछि सांस्कृतिक स्वायत्तता र राष्ट्रिय चेतनाको

---

[१८०] ओमुट ओजकिरिमली, सन् २००५, *कन्टेम्पोरेरी डिबेट्स अन् नायसनलिज्म*, पूर्ववत्, पृ. १९

[१८१] जोन पिट्कोभिक, सन् २०११,'कल्चर इन नेसन एन्ड नायसनलिज्म',*सोसियोलजिकल रिसर्च अव् दि फ्याकल्टी अव् फिलोसफी*, पृ. १४५-५०

अभिन्न सम्बन्ध रहेको सहजै बुझ्न सकिन्छ। राष्ट्रिय चेतनाको उदय हुन सांस्कृतिक जागरूकताबिना सम्भव हुँदैन। औपनिवेशिक शक्तिबाट मुक्तिका निम्ति भारतीय इतिहासकार, विचारक, साहित्यकार अनि राजनीतिज्ञका निम्ति भारतीय सांस्कृतिक बहुलतालाई एउटा व्यापक अनि समृद्ध संस्कृतिका रूपमा स्थापित गर्न आवश्यक रहेको देखिन्छ। सांस्कृतिक चेतनाले परम्परादेखि राष्ट्रलाई परिचित गराउँदै आएको देखिन्छ। साहित्यमा राष्ट्रको सांस्कृतिक चेतनालाई प्रस्तुत गर्दा संस्कृति र राष्ट्रियता अभिन्न रूपमा प्रस्तुत भएको पाइन्छ। स्वतन्त्रतापूर्वका भारतीय नेपाली कवितामा रामायण, महाभारत, गीता जस्ता ग्रन्थका ज्ञान दर्शनलाई प्रयोग गरेको पाइन्छ। यसले भारतीय सांस्कृतिक परम्पराको ज्ञान वा चेतनालाई देखाउँदछ।

तुलसी 'अपतन'-ले सन् १९४० देखि *खोजी,उदय, गोर्खा, साथी* जस्ता पत्रिकामा शास्त्रीय छन्द अनि स्वच्छन्दतावादी धाराका कविताहरू प्रकाशन गरेको उल्लेख लक्खीदेवी सुन्दासले *बुद्धि बङ्गारो* (१९९२) -को भूमिकामा गरेकी छन्।[१८२]'अपतन'-का कृतिहरू स्वातन्त्र्योत्तर कालमा प्रकाशित भए तापनि उनका कविताहरू १९४० को दशकदेखि नै विभिन्न पत्रिकामा प्रकाशित भएको पाइन्छ। गीता दर्शनबाट पूर्वीय देशहरू मात्र नभएर विश्व नै प्रभावित र प्रेरित रहेको सन्दर्भ तुलसी 'अपतन'-को 'गीता जयन्ती' कवितामा यसरी प्रस्तुत छ-

*गीताको तत्त्व अत्यन्त सत्त्व दुनियाँ दङ्ग छ।*
*पाश्चात्य रानी ढङ्ग छ जानी पूर्व झसङ्ग छ।।*
*भारतमा पनि यतिका ज्ञानी ज्ञानको भण्डार।*
*होला के भनेर कसले विचार गरेको थियो र।।*

भारतीय सभ्यताबाट विकसित ज्ञान दर्शनले भारतको विस्तृत सांस्कृतिक चेतना प्रस्तुत गर्दछ। कवितामा भारतीय ज्ञान दर्शनले समृद्ध समाज अनि संस्कृतिको चर्चा रहेको छ। श्रीमद्‌भगवत् गीताको दर्शनले पाश्चात्य मुलुकहरू पनि प्रभावित छन् भन्दै कविले भारतको महिमा गाएका छन्।[१८३] भारतीय सभ्यता, संस्कृतिको अभिव्यक्तिप्रति कवि सचेत छन्। भारतीय संस्कृतिले विश्वमै छुट्टै परिचय स्थापित गरेको प्रसङ्ग कवितामा आएको छ। भारतीय संस्कृति नै भारतीय राष्ट्रियताको केन्द्रीय तत्त्व भएका हुनाले

---

[१८२] लक्खीदेवी सुन्दास, सन् १९९२,'प्राक्कथन', *बुद्धि बङ्गारो*, दार्जिलिङः नेपाली साहित्य सम्मेलन, पृ. १५-१९

[१८३] ललीता राई अहमद्, पूर्ववत् पृ. १००-१०१

कवितामा प्रयुक्त सांस्कृतिक चेतनाले भारतीय समृद्ध ज्ञान र दर्शन देखाएको छ। पारसमणि प्रधानको 'जन्मभूमि' कवितामा पनि भारतीय सांस्कृतिक चेतना यसरी अभिव्यक्त भएको छ-

*जहाँ थिए राम युधिष्ठिरादि,*
*श्री कालिदासादि बड़ो प्रतापी।*
*जहाँ थिए आर्य्यभट्ट ज्ञान दाता,*
*सीता सुमित्रा अनसूय माता ।।१।।*
*जहाँ थिए श्रीहनुमान योद्धा,*
*जहाँ थिए श्री शतमन्यु भक्त ।*
*जुन थी जगत्पूजित मान्य भूमि,*
*हो हामरो यो उइ जन्मभूमि ।।२।।*[१८४]

भारतीय संस्कृति भारतीय धर्म, ज्ञान, आध्यात्मिकताबाट विकसित छ। आफ्नो राष्ट्रको समृद्ध सांस्कृतिक परम्पराप्रति कविको प्रेम, आस्था, आदर्शता व्यक्त भएको देखिन्छ। आधुनिक राजनीतिक राष्ट्रवादको विकासपूर्व भारतमा परम्परादेखि सांस्कृतिक चेतना रहेको विषयमा कवि सचेत देखिन्छन्। भारतीय संस्कृति सम्पन्न तथा समृद्ध रहेको ज्ञान, सत्य, धर्मको भूमि भारत, जो आफ्नो जन्मभूमि हो भन्दै कवि गर्व गर्छन्।

स्वतन्त्रतापूर्व भारतीय नेपाली कवितामा जातीय चेतना, भाषा, संस्कृति, देशप्रेमका स्वरहरू नै केन्द्रीय विषय बनेका छन्। उपनिवेशी साम्राज्यको शोषण, दमनबाट मुक्तिका निम्ति जातीय एकता नै मूल स्वर बनेको पाइन्छ। कवितामा प्रयुक्त भारतीय सभ्यता र संस्कृतिको वर्णनले भारतीय संस्कृति र राष्ट्रियताप्रतिको आग्रही विचारलाई प्रस्ट देखाउँदछ।

भारतीय सन्दर्भमा आधुनिक राष्ट्र, राष्ट्रियता, राष्ट्रिय चेतनाको अवधारणा औपनिवेशिक परिस्थितिहरूका कारण उद्भव भएको छ। पाश्चात्य समाजमा राष्ट्रिय चेतनाको प्रारम्भ राजनीतिक परिस्थितिहरूबाट आए तापनि भारतमा भारतीय संस्कृति नै यसको मूल आधार बनेको पाइन्छ। औपनिवेशिक शक्ति तथा साम्राज्यवादी शक्तिसँग लड्नका लागि भारतमा राष्ट्रियताको भावना भारतीय भाषा, जाति, संस्कृतिको एकबद्धताबाट विकसित भएको मानिन्छ। यो एउटा राजनीतिक लडाइँको

[१८४] नगेन्द्रमणि प्रधान, सन् १९९१, पूर्ववत्, पृ. २२

सामना गर्नका निम्ति आवश्यक पनि मानिन्छ।राष्ट्रिय चेतना सामूहिक रूपमा हुने परिकल्पना हो भन्ने एन्डरसनकै विचारधारालाई सहमति दिँदै पल रिचर्ड ब्रासले उत्तरपूर्वीय भारतमा धर्म, जाति र भाषालाई आधार बनाएर राष्ट्रिय चेतनाको सम्मुख पुगेको उल्लेख गरेका छन्। स्वतन्त्रतापूर्वमा राष्ट्र, राष्ट्रिय चेतना जस्ता आधुनिक अवधारणाको विकास भइसकेको थिएन। नेपाली समाजमा अझ शिक्षाको प्रारम्भ मात्र हुँदै गरेको अवस्थामा राष्ट्रिय चेतनाको विकास भएको थिएन। स्वतन्त्रतापूर्व कालमा जातीयता र भाषाका आधारमा औपनिवेशी विरुद्ध आएका चेतनालाई वास्तवमा राष्ट्रिय चेतना मान्न सकिन्छ।

ब्रासले भाषा, जाति, धर्म र संस्कृति नै विभिन्न जातीय समुदायका परिचयको आधार बनेको उल्लेख गरेका छन्। उनीअनुसार भारतीय परिवेशमा यी आधारहरू कहीँ राष्ट्रिय एकतालाई बलियो बनाउने माध्यम बनेको छ भने कहीँ विखण्डित गर्ने शक्तिका रूपमा पनि देखापरेको छ।[१८५] स्वतन्त्रतापूर्व यी जाति, भाषा, धर्म तथा संस्कृति नै राष्ट्रिय चेतनाको प्राथमिक एवम् प्रारम्भिक स्रोत मान्नु पर्दछ। स्वतन्त्रतापछि यसैका आधारमा राज्यहरूको पुनर्गठन भएको छ। राष्ट्रको आन्तरिक संरचनामा कैयौँ भाषा, जाति र संस्कृतिको समष्टि रूप पाइन्छ। भारतका सन्दर्भमा औपनिवेशिक साम्राज्यवादको अधीनबाट मुक्त हुनाका निम्ति उपनिवेशीहरूमा आफ्नो छुट्टै सांस्कृतिक परिचयको अभियान सुरु भएको देखिन्छ। स्वतन्त्रतापूर्व भारतीय नेपाली कवितामा आएका भाषा, जाति, भारतीय संस्कृतिको चेतना राष्ट्रिय चेतनाकै प्राथमिक स्रोत मान्नु पर्दछ। यी अनेकौँ जाति, भाषा, संस्कृतिहरूको समुच्यबाट राष्ट्रिय चेतनाको बीजारोपण भएको पाइन्छ।

### ४.१.४ भाषिक चेतना

जातिको परिचय र अस्तित्वका निम्ति भाषा नै प्रमुख तत्त्व बन्दछ। भाषाद्वारा नै कुनै पनि जातिको परिचय र संस्कृतिलाई बुझ्न सकिन्छ। कुनै पनि जातिलाई एकीकृत गर्ने माध्यम नै भाषा हुनाले राष्ट्रिय चेतनाका सन्दर्भमा भाषालाई महत्त्वपूर्ण तत्त्व मानिन्छ। उन्नाइसौँ शताब्दीदेखि राष्ट्रिय चेतनाको विकासमा भाषाले मुख्य भूमिका निर्वाह गर्दै आएको कुरा एन्डरसनले *इम्याजिन कम्युनीटिज*-मा चर्चा गरेका छन्। उनीअनुसार- भाषाको सामान्य वार्तालापदेखि, व्यापारिक विकास, औद्योगिक विकास तथा तकनिकी विकासले भाषाका आधारमा कुनै पनि जातिले प्रभुत्व जमाउन सफल बनेको छ भने एउटा राष्ट्रमा

---

[१८५] पल रिचर्ड ब्रास, सन् १९७४, *ल्याङ्ग्वेज रिलिजन एन्ड पलिटिक्स इन नर्थ इन्डिया*, क्याम्ब्रिजः क्याम्ब्रिज युनिभर्सिटी प्रेस, पृ. ३-४

भाषिक सचेतताले नै त्यस जातिको अस्तित्व र परिचय स्थापित गर्दछ।[१८६] भारतमा आफ्नो जातीय संस्कृतिको परिचय बलियो बनाउनका निम्ति भाषाको विकास महत्त्वपूर्ण थियो। बिसौँ शताब्दीको सुरुदेखि नेपाली भाषालाई शिक्षा, साहित्य क्षेत्रमा उन्नतिशील बनाउने साथै जातिलाई एकीकृत गर्ने माध्यम नै भाषा थियो। जातीय परिचयलाई बचाउँदै भाषाको उन्नति तथा प्रयोग विस्तारको चेतनालाई भाषिक चेतना भनिन्छ।

नेपाली साहित्य सम्मेलनको स्थापना दिवस २५ मई १९२४ मा कवि पारसमणि प्रधानले वाचन गरेका 'मातृभाषा' शीर्षक कवितामा भाषाप्रतिको सचेतता यसरी अभिव्यक्त भएको छ-

*हे देश भाइ, ध्यान घुमाई, लौ गर बिचार ॥ धु०॥*
*रात दिन रोई चित्त दुखाई, बिताइन् बसेर।*
*बनाऊ खाशा, श्री मातृभाषा, कम्मर कसेर ॥*
*लौ भयो बेला, न गर हेला, आफ्नो माल सह्यार।*
*खुट्टा न तान, भनेको मान, अबगाल न पार ॥*
*भाषाले गरी, संसार तरी, जाइन्छ भै पार।*[१८७]

भारतमा बिसौँ शताब्दीको प्रारम्भदेखि नै नेपाली समाजमा भाषा, साहित्यको विकासका निम्ति जातीय चेतनाको विकास भइसकेको थियो। सन् १९०१ देखि नेपाली पत्र-पत्रिका प्रकाशित हुनु, शिक्षा र साहित्यिक संस्थानहरूको स्थापना र सन् १९०७ देखि नेपाली भाषालाई प्रशासनिक भाषामा प्रयोग गर्ने राजनीतिक पहलहरू सुरु हुनु आदि प्रक्रियाले समग्रमा नेपाली भाषाको विकास र उन्नति गर्नतर्फ तत्कालीन समाजको सचेत सोच रहेको बिझाउँदछ। प्रधानको उक्त कवितामा नेपाली भाषाको विकास गर्नप्रतिको सचेतता पाइन्छ। यसलाई भाषिक चेतना मान्न सकिन्छ। उनी नेपाली भाषाको विकासका निम्ति नेपाली भाषा बोल्ने लिम्बू, तामाङ, लेप्चा, मगर अन्य सम्प्रदायका सबैलाई नेपाली भाषाको उन्नतितर्फ बढ्ने आह्वान गर्छन्-

*लिम्बू जिम्दार तामङ् खस मगर गुरुङ्*
*हायु चेपाङ र कामी ।*

---

[१८६] बेनेडिक्ट एन्डरसन, सन् २०१५, पूर्ववत् पृ. ४२-४३

[१८७] नगेन्द्रमणि प्रधान, सन् १९९१, पूर्ववत्, पृ. १३९

*सुनुवार् लाप्चे कुसुण्डा गरिपुरि ठकुरी*

*थारु नेवार थामी ।।*

*नेपाली जाति हामी भनिकन सबले*

*बोलि नेपालि भाषा।*

*हाम्रो भाषा यही हो भनी तनमनले*

*मान्दछन् मातृभाषा।।* [१८८]

भारतमा नेपाली भाषीको सङ्ख्या धेरै छ तर सबैले नेपाली भाषा पढेका छैनन्। भोटिया, लेप्चा, लिम्बू, तामाङ, मगर, भूजेल, राई आदिका आफ्ना आफ्नै मातृभाषा छन्। नेपाली मातृभाषी हुने बाहुन, छेत्री, कामी, दमाई, सार्की आदि हुन्। कालान्तरमा अन्य मातृभाषाको सङ्ख्या बढे तापनि प्रारम्भमा नेपाली भाषा नै सबैका सम्पर्क भाषा तथा अध्ययनको माध्यम रहेको देखिन्छ। पारसमणि प्रधानलाई भारतीय नेपाली भाषा विकासको प्रवर्तक र चिन्तकका रूपमा चिनिन्छ। उल्लिखित कविताबाट कविले नेपाली भाषाको उन्नतिका लागि नेपाली भाषीलाई जागरूक बनाएका छन्। भारत बहुभाषी राष्ट्र हो। प्रत्येक जातिलाई उसको भाषाले चिनाउँदछ। उसको परिचय नै उसको मातृभाषा हो। भारतीय नेपालीको परिचयलाई बलियो अनि सदृढ बनाउनका निम्ति भाषाको विकासमा अघि बढ्ने आह्वान उक्त कवितामा अभिव्यक्त भएको छ।

## ४.२ स्वातन्त्र्योत्तर भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना

भारतीय नेपाली कविताका विभिन्न प्रवृत्तिहरूमध्ये राष्ट्रिय चेतना एउटा हो। कविताको विकासक्रममा देखापरेका भारतीयता, राष्ट्रप्रेम, राष्ट्रियता, जातीयता जस्ता विषयहरू कवितामा समाहित भएर आएका छन्। कविता लेखनमा प्रारम्भिक चरणदेखि अहिलेसम्मका विभिन्न सामाजिक, राजनीतिक परिस्थितिहरूको प्रभावबाट राष्ट्रिय चेतनाको अभिव्यक्ति हुँदै आएको पाइन्छ। भारतीय नेपाली कवितालाई राष्ट्रिय चेतनाका दृष्टिबाट अध्ययन गरिने क्रममा स्वतन्त्रतापूर्व लेखिएका नेपाली कवितामा प्रयुक्त राष्ट्रिय चेतनासम्बन्धी विभिन्न स्वरहरू स्वातन्त्र्योत्तर कालमा आएर यी स्वरहरू राष्ट्रिय चेतनाका

[१८८] नगेन्द्रमणि प्रधान, सन् १९९१, पूर्ववत्, पृ. २६९

विविध प्रकारहरूमा स्थापित भएको देखिन्छ। यसै आधारमा प्रस्तुत उपशीर्षक स्वातन्त्र्योत्तर भारतीय नेपाली कवितालाई यी विभिन्न प्रकारका आधारमा विश्लेषण गरिएको छ।

आजाद हिन्द फौज, भारत छोडो आन्दोलन, स्वदेशी आन्दोलन, सत्याग्रहजस्ता स्वाधीनता सङ्ग्रामका आन्दोलनमा हजारौँ नेपाली वीर जवानको बलिदान रहेको छ। स्वतन्त्रतापछि अक्टोबर सन् १९४७ मा पाकिस्तानले कश्मिर कब्जा गर्न हमला गऱ्यो। यसमा पराक्रमसित युद्ध गर्ने शेरजङ्ग थापा महावीर चक्रले सम्मानित भए। उनका साथमा धेरै नेपाली वीर सेनाहरू सहिद भए। सन् १९६२ को भारत-चीन युद्ध, सन् १९९८-९९ को भारत-पाकिस्तान युद्ध (कारगिल)-मा डटेर युद्धलगायत थुप्रै युद्ध अपरेसनमा देश रक्षाका निम्ति सयौँ नेपाली वीर सेनाहरूले बलिदान दिएका छन्।

स्वतन्त्रतापूर्वदेखि अहिलेसम्म भारतीय नेपालीहरूले सधैँ इमानदारसित देशको रक्षा गरे, सेवा गरे। देशका निम्ति सधैँ प्राण दिन तत्पर रहने नेपालीहरूले यत्ति धेरै रगत पसिना बगाउदा पनि आज यसको मूल्य र मान्यता छैन। उल्टै देशको प्रधानमन्त्री मोरारजी देसाईले सन् १९७९ मा नेपाली जातिलाई विदेशी जाति र विदेशी भाषा भनेर लाञ्छना लगाए। यसरी नेपालीहरूको त्याग बलिदानलाई माटोमा मिलाउन खोज्दा, ती योगदानहरूका सम्मान नहुँदा भारतीय नेपालीहरूमा उग्रता आएको पाइन्छ। यसैका परिणामस्वरूप भारतीय नेपाली कवितामा राष्ट्रिय परिचय सङ्कट, किनारीकरणजस्ता लेखन प्रवृत्ति प्रबल बन्दै आएको देखिन्छ। उदाहरणका रूपमा मनप्रसाद सुब्बाका 'देश अनि म' कवितालाई हेर्न सकिन्छ-

*(१०)*

*मैले सधैँ अग्लो उचालिराखेको अनि मेरो संवेदनाभरी तरङ्गित*
*देशभक्तिको झण्डा तर मेरो शिरमाथिको आकाशमा कहिले पनि*
*ओजोन तह भइदिएन। त्यसैले, हेलचेक्र्याइँ र अपमानको*
*अल्ट्राभाइलेट – रेले डढ़ाएको डढ़ाएकै छ मेरो मर्म, मस्तिष्क र*
*मेरुदण्डलाई।*

(पृ. १०१)

आफ्नो इतिहासको मूल्य नरहँदा, जातिलाई विदेशीको लाञ्छना लाग्दा कवि भण्डारी यसरी देशप्रति आक्रोशित बन्छन्-

*लु, जाँच यो रगत*

*यसमा कति छ देश ।*

*लु, लैजाऊ ल्याबमा मेरो पसिना*

*यसमा कति रहेछ देशद्रोह ।*

(आतको आगो, पृ. २०)

औपनिवेशिक शक्तिबाट मुक्तिका निम्ति लामो सङ्घर्षपछि १५ अगस्त सन् १९४७ मा भारत स्वतन्त्र राष्ट्र बन्यो। स्वतन्त्रतापछि पनि अघिबाटै उपनिवेशिक साम्राज्यले स्थापना गरेको सामाजिक, राजनीतिक परिवेशको प्रभाव भने रहिरहेको थियो। राजनीतिक क्षेत्रमा ठुलो उतार चढाउ देखापऱ्यो। सामाजिक अनि राजनीतिक परिस्थितिका कारण भाषा साहित्यमा नयाँ नयाँ विचारधाराहरूको प्रवेश तथा उत्तरऔपनिवेशिक विमर्शहरूको विकास भएको देखिन्छ।

बिसौँ शताब्दीको मध्यान्तरसम्म विश्वका प्रायः उपनिवेशी देशहरूले युरोपेली उपनिवेशबाट मुक्ति पाइसकेका थिए। उपनिवेशी शक्तिबाट एसिया, अमेरिका र अफ्रिकाका धेरै जसो देशहरू स्वतन्त्र भए। औपनिवेशिक साम्राज्यको अन्त्यपछि उत्तरऔपनिवेशिक साहित्य लेखनमा जातीय परिचय, राष्ट्रिय परिचय, राजनीतिक चेतना आदि विषयहरू अधिक रूपमा देखा परे। बहुसङ्ख्यकको राजनीतिक प्रभुत्वका कारण अल्पसङ्ख्यकहरूले झेल्दै आएका राजनीतिक परिचयको सङ्कट, आन्तरिक उपनिवेशजस्ता विषयहरू साहित्य लेखनमा विस्तृत रूपमा लेखिएको देखिन्छ। उपनिवेशी देशमा अन्य देशका मान्छेहरूको प्रवेश र जनसङ्ख्या वृद्धिले मिश्रित समाजको निर्माण भइसकेको थियो। विदेशीहरूले भारतमा पनि नागरिकताको दाबी गरेपछि देशवासीका राष्ट्रिय नागरिकता र राजनीतिक अधिकारमा ठुलो समस्या खडा भयो। भारतीय सन्दर्भमा जातीय परिचयको सङ्कट र राष्ट्रियताका निम्ति यही नै एउटा कारण बन्न पुगेको छ। स्वतन्त्रतापछि पनि कतिपय देशका मूल जातिहरूले उपनिवेशी क्रूर शासनको गल्तिका कारणपरिचय सङ्कट भोगिरहेका छन्।[१८९] यसको प्रभावस्वरूप साहित्यमा आन्तरिक उपनिवेश, किनारीकरण, सबाल्टर्न, परिचय सङ्कटजस्ता लेखनले व्यापकता पाएको देखिन्छ। मनप्रसाद सुब्बाको 'मेरो इतिहासको कुरा' कवितामा यो प्रसङ्ग यसरी आएको छ-

[१८९] बिल एसक्रफ्ट र अन्य, सन् १९८९, *दि इम्पायर राइट्स ब्याकः थ्योरी एन्ड प्र्याक्टिस इन पोस्ट कोलोनियल लिटरेचर*, लन्डनः रुटलेज पृ.२

*तिम्रो ढाँट कुराहरूको नङ्ग्राले चिथोरेर*

*मेरो इतिहासको ढाड़ रगतपच्छे पारे तापनि*

*समयले उहिले नै*

*ट्याटू गरिराखेको शब्दहरू*

*ढाड़मा जस्ताको त्यस्तै छन्।*

(पृ. ९६)

ब्रिटिसले दार्जिलिङमा चिया उद्योग सुरु गरेको समयमा दार्जिलिङका नेपाली जातिको जनसङ्ख्या कम्ति हुनाले नेपालबाट आवश्यक श्रमिकहरू भित्रिएको ऐतिहासिक प्रसङ्ग कुमार प्रधानको *पहिलो पहर*, राजेन्द्र भण्डारीको *इतिहासको बाडुली*-भित्र राखिएको 'वासभूमिको अन्तर्कथा'-लेखमा पाइन्छ। यस अतिरिक्त राणाकालीन नेपालको राजनीतिक द्वन्द्व, सामाजिक हिंसा, अन्याय अत्याचारका कारण भारत पसेर मजदुरी गरेको ऐतिहासिक तथ्य विभिन्न इतिहास र नेपाली उपन्यासहरूमा उल्लेख्य पाइन्छ। नेपालबाट कामदारहरू भारत पसेर यतैका चिया कमान र सडक बनाउनमा उनीहरू मजदुरी गरेर यतै बसोबासो गर्न थाले। पछि आएर सन् १९५० को नेपाल-भारत मैत्री सन्धिपछि अझ खुल्ला रूपमा नेपालबाट आर्थिक, शैक्षिक व्यावसायका निम्ति भारत प्रवेश गर्नु अनि युगौँ अघिदेखि रहिआएका यी श्रमिकवर्ग नै भारतीय नेपालीहरूका नागरिकतामा प्रश्नचिह्न बनेको देखिन्छ। सुब्बाको उपर्युक्त कविताले भारतीय नेपालीहरूको सही इतिहास नबुझिकन विदेशीको लाञ्छना लगाउने र देशको सन्देहास्पद दृष्टिलाई खाँटी नागरिकता र राष्ट्रियताको ऐतिहासिक प्रमाण दिएको छ।

उत्तरऔपनिवेशिक साहित्य लेखनमा जाति, संस्कृति, भाषा आदिले परिचयको सङ्कथन नै स्थापित गरिसकेको पाइन्छ। अफ्रिकेली र एसियाली देशहरूमा जातीय परिचयको द्वन्द्व साहित्य लेखनमा धेरै प्रभावकारी रूपमा प्रस्तुत भइरहेको देखिन्छ। नेपाली कविता लेखनमा पनि यसका प्रशस्तै उदाहरण पाइन्छन्। स्वतन्त्रता पछिका कविताहरूमा जाति, भाषा, समाजको सीमादेखि बाहिरिएर उन्मुक्त रूपमा राष्ट्र, राष्ट्रियता नै केन्द्रीय विषय बन्न सकेको देखिँदैन। सन् १९७० को दशकसम्म गिरीकै काव्यिक वैशिष्ट्यलाई आत्मसात् गरी पुष्पलाल उपाध्याय, हरिभक्त कटुवाल, तुलसी 'अपतन', खड़गसिंह राई 'काँढ़ा', प्रभृति कविहरूले जातीय चेतनालाई नै कविताको केन्द्रीय स्वर बनाएका छन्। गिरीझैँ कटुवाल पनि पछौटिएका आफ्नो जातिको वीरतालाई यसरी अभिव्यक्त गर्छन्-

*हिमालयको चुचुरामा नेपाली नै चढ्यो*

*ठूला ठूला, लड़ाईमा नेपाली नै लड्योः*

*बन्दुकका गोली खाई नेपाली नै मऱ्यो*

*तर किन यो नेपाली ऐल्हे पछि पऱ्यो।*[११०]

यसका पछि सामाजिक, राजनीतिक कारणहरू छन्। जातीय चेतनालाई नै मूल विशेषता बनाउनका पछि एउटा कारण औपनिवेशिक दासत्वबाट मुक्तिको चाहनार अर्को कारण भारतमा आफ्नो परिचय स्थापित गर्नका निम्ति जातीय एकता हुनु अनिवार्य देखिन्छ। सुनील खिलनानीले 'हु इज एन इन्डियन'-मा लेखेका छन्- 'भारत स्वाधीनता आन्दोलनमा अनेकौँ भाषा, संस्कृति, जातिको विविधतालाई केवल स्वतन्त्रताको चेतनाले मात्र एउटा रूप दिएको थियो। त्यस अवस्थामा भारतीयताभित्रका अनेकौँ जातीय चेतना, भाषिक चेतना, संस्कृति चेतनाले भारतको एकरूपतालाई स्पष्ट देखाउन सकेको थिएन।'[१११]

दोस्रो विश्वयुद्धपछि बिसौँ शताब्दीको मध्यान्तरदेखि परिचयको राजनीतिले व्यापकता पाएको देखिन्छ। प्रायः औपनिवेशिक मुक्त देशहरूमा यसको गहिरो प्रभाव रहेको देखिन्छ। भारत स्वतन्त्रतापछि विविधतालाई यथावत् राखेर प्रत्येक जातीय परिचयलाई अक्षुण्ण राख्नु एउटा चुनौती थियो। स्वाधीनता आन्दोलनमा मूलतः दुईवटा विचारधारा सक्रिय थियो। पहिलो उपनिवेश साम्राज्य तथा शासनलाई ध्वस्त गरेर स्वतन्त्र राष्ट्र निर्माण गर्ने र दोस्रो हिन्दू राष्ट्र निर्माण गर्ने। हिन्दू बहुसङ्ख्यक जाति र हिन्दूत्व विचारधाराले अल्पसङ्ख्यक जातिको अस्तित्वमाथि असुरक्षाको भयउत्पन्न गऱ्यो। यसको प्रभावस्वरूप स्वतन्त्रतापूर्व भारतीय साहित्य लेखनमा राष्ट्रियताको सिङ्गो चेतनाभन्दा जाति, भाषा, धर्म, संस्कृति नै अत्यधिक सक्रिय रह्यो। शिक्षा, अर्थ र राजनीतिक चेतनाको विकास भइ नसकेको र उपनिवेशी दासत्वको प्रभावमा विभिन्न राजनीतिक, सामाजिक परिस्थितिले शिथिल नेपाली समुदायमा जातीय चेतना रहनु बढो स्वाभाविक देखिन्छ। सन् १९९० को दशकदेखि यताका भारतीय नेपाली कवितामा प्रयुक्त जातीय चेतनासँगै देशप्रेम, भारतीय सांस्कृतिक चेतना, राष्ट्रिय परिचयको खोजी आदिले राष्ट्रिय चेतनातर्फ ठोस दृष्टान्त प्रस्तुत गर्दछ। कवि रेमिका थापा आफ्नो कवितामा लेख्छिन्-

*आगो त यहाँ छ छातीमा*

[११०] जीवन नामदुङ, सन् २००६, *भारतीय साहित्यका निर्माता हरिभक्त कटुवाल*, (दो संस्क), दिल्लीः साहित्य अकादमी, पृ. ७१

[१११] सुनील खिलनानी, सन् २०१५, पूर्ववत्, पृ. १९९

*कतै ननिभ्ने भित्र।*

*होइन भन्छौ भने इतिहास*

*नूनको इतिहास*

*खूनको इतिहास*

*सुनको इतिहास र*

*इतिहास पसीनाको*

*छ यो छातीको भूगोलमा*

*केले मेटिन्छ सत्यको मानचित्र!*

(ईख बोक्नेहरूलाई, पृ. १७-१८)

देशको इतिहाससित आफ्नो इतिहास बाँचेको प्रसङ्ग कवितामा छ। आफ्नो राष्ट्रियतामाथि शङ्का गर्ने दृष्टिलाई रगत पसिनाले देशको इतिहास लेखेको कुरा स्मरण गराउँदछिन्।

स्वतन्त्रतापूर्वमा विभिन्न पत्र-पत्रिकाहरूमा कविता प्रकाशन गरिरहेका कविहरूका स्वातन्त्र्योत्तर कालमा पनि स्वतन्त्रतापूर्वकै प्रवृत्तिमा लेखिएका कविताहरूको निरन्तर प्रकाशन हुँदै आएको देखिन्छ। स्वातन्त्र्योत्तर कालका नेपाली कवितामा राष्ट्रप्रेम, जातीय राष्ट्रियता, राजनीतिक चेतना, राष्ट्रिय परिचयलाई प्रमुखता दिने कविहरूमा पारसमणि प्रधान, तुलसी 'अपतन', अगमसिंह गिरी, पुष्पलाल उपाध्याय, हर्कजङ्गसिंह छेत्री, हरिभक्त कटुवाल, तुलसीराम शर्मा 'कश्यप', मोहन ठकुरी, कितापसिंह राई, विकास गोतामे, जस योञ्जन 'प्यासी', टेकध्वज जिम्बा 'आशा', खड़गसिंह राई 'काँढ़ा', गुमानसिंह चामलिङ आदि प्रमुख देखिन्छन्। यी कविहरूमध्ये कतिपयमा स्वतन्त्रतापूर्वकै जातीय चेतना मूल स्वर बनेको छ भने कतिपय कविहरूले कवितामा नवीन प्रयोगका साथै जातीयता, प्रगतिवादी चेतना, राष्ट्रियता, राष्ट्रिय चेतनाका कविताहरू लेखेका छन्।

सन् १९६० देखि अगमसिंह गिरी, ओकिउयामा ग्वाइन, वीरेन्द्र सुब्बा, नरेन्द्रप्रसाद कुमाई, हरिभक्त कटुवाल, हरिप्रसाद 'गोर्खा' राई, दानियल खालिङ, भविलाल लामिछाने, नव सापकोटा, गुमानसिंह चामलिङ, भीम थापा, खड़गसिंह राई 'काँढ़ा' आदि प्रखर आधुनिकतावादी कविहरूले स्वच्छन्दतावादी, प्रगतिवादी, आयामिक, अस्तित्ववादी-विसङ्गतिवादी अनि प्रतीक विम्बवादी

प्रवृत्तिको घेरोमा जातीय अस्तित्ववादलाई केन्द्रीय स्वरको रूपमा अभिव्यक्त गरे।[११२] यस अवधिमा प्रायःजसो कविताहरू स्वच्छन्दतावादी धारामा केन्द्रित रहेर जाति, संस्कृति,राष्ट्रप्रेमलाई प्रमुखता दिएको पाइन्छ। सन् १९८० सम्मका कविता लेखनमा जातीय जागरूकता, देशप्रेम, राष्ट्रहित, राष्ट्रिय एकता र अखण्डताको भावना अनि सांस्कृतिक चेतना अधिक रूपमा प्रयोग भएको पाइन्छ।

स्वातन्त्र्योत्तर भारतीय नेपाली कवितामा लीलालेखनपछि सङ्क्रमण, विचलन, किनारीकरण, हस्तक्षेपी, समावेशीजस्ता विभिन्न अवधारणाको निर्माण र त्यसको प्रयोग भएको देखिन्छ। सन् १९८० को दशकदेखि उत्तरऔपनिवेशिक अवधारणाले भित्र्याएका सबाल्टर्न, आन्तरिक उपनिवेश तथा राष्ट्रिय परिचयप्रतिको सचेतता नेपाली कवितामा प्रखर रूपमा अभिव्यक्त भएको देखिन्छ।

स्वातन्त्र्योत्तर भारतीय नेपाली कविताको अध्ययनमा मूलतः पुष्पलाल उपाध्याय, हर्कजङ्गसिंह छेत्री, खड़गसिंह राई 'काँढ़ा', टेकध्वज जिम्बा 'आशा', विकास गोतामे, राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा, रेमिका थापा र सुधीर छेत्रीका कविताहरूको अध्ययन विश्लेषण गरिएको छ।

### **४.२.१ जातीय चेतना**

भारतीय नेपाली कविहरू गिरीकै जातीय चेतनाको धरातलमा उभिए तापनि जातीय परिचय, राजनीतिक परिचय र राष्ट्रियतालाई पुष्पलाल उपाध्यायले वैचारिक र व्यावहारिक दुवै पक्षबाट आत्मसात् गरेका छन्। भारतीय संस्कृति, नैतिक उपदेश, मानवतावादी दृष्टि तथा गान्धी दर्शनबाट प्रभावित भारतीय राष्ट्रियताको सचेतना उनका कवितामा प्रयुक्त छन्। स्वतन्त्रतापूर्व कालदेखि नै *तरंग, गोर्खा* जस्ता पत्रिकातिर कविता प्रकाशन भएको उल्लेख अध्येताहरूले गरे तापनि प्रकाशन कालका आधारमा ती कविताको नमुना पाइँदैन। उनका *पुष्पाञ्जली* (१९६८) र *उषा-मञ्जरी* (१९८७) छन्दोबद्ध कविता सङ्ग्रह प्रकाशित छन्। *उषा-मञ्जरी*-मा सङ्गृहीत 'हाम्रो देश', 'देशप्राण, देश रत्न', 'गान्धी जयन्ती', 'युग सन्देश', 'इतिहासको खोजिमा', 'देश महिमा', 'आसाम र हाम्रा पुर्खा', 'आसाम', 'सदिच्छा' आदि कविताहरूमा राष्ट्रिय चेतनाका स्वरहरू अभिव्यक्त भएकाछन्। उनको *उषा-मञ्जरी*-मा प्रकाशित 'आसाम र हाम्रो पुर्खा' कवितामा जातीय राष्ट्रियताको भाव यस्तो छ-

---

[११२] दिलकुमार प्रधान, सन् २०१२, 'आधुनिकता अनि भारतेली नेपाली कविताको केन्द्रीय स्वर', दिलकुमार प्रधान (सम्पा) *आधुनिक भारतेली नेपाली कविता*, दार्जिलिङः मनमाया प्रकाशन, पृ. ६

*(११)*

*हाम्रा पुर्खाहरूका स्मृति वरिपरि छन् छन् यहाँनै चिहान।*

*उन्कै सन्तान हामी सब वरिपरि छौं देशरक्षक जवान।।*

*गर्दै छौं देशसेवा लगन सित सधैँछौं लाखलाख।*

*हामी यै देशका नागरिकजन यहीं मर्नमा छौं तयार।।*

*(पृ. ४३)*

कवितामा आफ्ना पुर्खाहरूले अधिदेखि देशको रक्षा र उन्नतिमा जीवन समर्पण गरेको ऐतिहासिक सन्दर्भ प्रस्तुत छ। ती वीर पुर्खाहरूको सन्तान भएर देशका निम्ति प्राण दिन तयार रहेको भावबाट कविले आफू देशरक्षक हुनाको गर्व गर्छन्। भारतमा गोर्खाहरूले उपनिवेशी, राजनीतिक, सामाजिक विभिन्न परिस्थितिहरू झेल्दै सधैँ देशको रक्षामा उभिएको प्रसङ्गले देशप्रति सधैँ इमानदारीपूर्वक कर्तव्य निर्वाह गरिरहेको ऐतिहासिक सत्य प्रस्ट गरेको छ। जातीय राष्ट्रियताको बोध कवितामा अभिव्यक्त छ। उपाध्यायका कवितामा प्रयुक्त जातीयता केवल जातीय उन्नति र सचेततामा सीमित छैन। यसले देशको रक्षक र सेवकको विशाल चेतना बोकेको छ। कवितामा जातीय भावना राष्ट्रियतासितैमिसिएर आएको छ। उपाध्यायको कवितात्मक प्रवृत्तिबारे चर्चा गर्दै घनश्याम नेपाल लेख्छन्- "नेपाली राष्ट्रियताको विस्तार, सुगौली सन्धि, भारतमा नेपाली समाज र संस्कृतिको स्थापना र विकास, स्वतन्त्र भारतको निर्माण र विकासमा नेपाली भाषी नागरिकहरूको योगदान जस्ता कुराप्रति उनी सचेत र सजग छन्, उनका धारणा स्पष्ट छन्।"[१९३] यही सन्दर्भबाट अध्ययन गर्दा उनका कविता स्वतन्त्रतापूर्वका कविहरूमाभन्दा धेरै स्पष्टसित राष्ट्रिय चेतनामा समर्पित रहेको पाइन्छ।

भारतीय गोर्खा जातिको इतिहास र राष्ट्रिय परिचयलाई प्रमुखता दिएर लेख्ने कविहरूमध्ये एकजना राजेन्द्र भण्डारी पनि हुन्। भण्डारीका धेरै कविताहरू राष्ट्रिय परिचयसित सम्बन्धित छन्। आफ्नो इतिहास र राष्ट्रप्रतिको सचेतता उनका कवितामा प्रस्तुत छ। उनको *इतिहासको बाडुली* (२०१९) कविता सङ्ग्रहका धेरैवटा कविताहरूले भारतीय गोर्खालीहरूले झेल्दै आएका राष्ट्रिय परिचय सङ्कट, विदेशी राष्ट्रियताको लाञ्छना जस्ता विषयमाथि विरोध गर्दै आफ्नो जाति र राष्ट्रियताको प्रमाण दिएको पाइन्छ। 'आँतको आगो' कवितामा राष्ट्रिय परिचयको असुरक्षित भाव प्रस्तुत छ। भारतको राजनीतिक षड्यन्त्रले

[१९३] घनश्याम नेपाल, सन् २०१४, पूर्ववत्, पृ. १०७

धेरै अघिदेखि नेपाली जातिलाई विदेशीको लाञ्छना लगाइरहेको छ। यस अपमानलाई भण्डारीका कविताले चुनौती दिँदै भारतीय नेपाली जातिको इतिहास, देश निर्माणप्रतिको योगदान, देशप्रतिको मायालाई यसरी प्रमाणित गरेको छ।

*नाङ्गै ढाड*
*भोकै पेट*
*बेड-टी बनेर संसारभरि पुगेकै छौँ*
*जनगणमन सुन्दा ठिङ्ग उभिएकै छौँ*
*दिल्ली र कलकत्ताको डोरीमा*
*कठपुतली नाचेकै छौँ*
*बुटमुन्तिरबाट*
*घामलाई चियाएकै छौँ*
*लु, जाँच यो रगत*
*यसमा कति छ देश।*
*लु, लैजाऊ ल्याबमा मेरो पसिना*
*यसमा कति रहेछ देशद्रोह।*

(पृ.२०)

देशका निम्ति सधैँ कर्मठ रहने गोर्खाली जातिको राष्ट्रप्रेम, राष्ट्रियता कवितामा अभिव्यक्त भएको छ। सधैँ देशकै निम्ति रगत बगाउने जातिको रगतमा कति छ देशद्रोह ? कविले यसलाई जाँच्ने चुनौती दिएका छन्। भारतीय गोर्खाहरूको राष्ट्रियताप्रति देशको शङ्कास्पद दृष्टिलाई धेरै अघि खड़गसिंह राई 'काँढ़ा'-ले पनि लेखेका छन्-

*मेरो राष्ट्रभक्तिलाई भयभित्ताले जोखिन्छ*
*मेरा समस्त वास्ताहरू*
*त्यसै मूल्यहीन छरपस्टिन्छन्,*
*तब के थाहा तिमीलाई*
*जोखिमसाथ जोगाइराखेको*

*मेरो देशप्रेम कतै नजुठियोस् भनेर;*

*कति अन्याय, हेलचेक्राइँमाझ बचाइराखेको*

*मेरो भारतीयता*

*कहीं दोषी फरार नहोस् भनेर*

*मेरो देश !*

*मेरो साँचोपन झूठो नमानियोस् भनेर ।*

(अल्प संख्यकको देशप्रेम, पृ. ७९)

ब्रिटिसले चिया उद्योगको विस्तार गर्नु, सडक बनाउन, रेलमार्ग खन्नु, भारी बोक्नजस्ता मजदुरी कामका निम्ति नेपालका नेपालीहरू ल्याएका थिए।[१९४] यसका साथै विभिन्न समयका राजनीतिक कचिङ्गलका कारण पनि उत्तरपूर्वाञ्चल भारतको सीमा परिवर्तन भएर राष्ट्रियतामा प्रभाव पारेका ऐतिहासिक घटनाहरू छन्। फलतः खाँटी भारतीयहरूको राष्ट्रियतामाथि आजसम्म पनि शङ्का गरिन्छ। यस्ता ऐतिहासिक तथ्याङ्कलाई अदेखा गरी भारतीय गोर्खाहरूमाथि राजनीतिक हस्तक्षेप गर्ने नकारात्मक सोँचलाई भण्डारीका कविताले चुनौती दिएको छ। देशका केन्द्रमा बसेर नकारात्मक, हिंसात्मक, भेदभवपूर्ण राजनीति गर्ने विचारलाई चुनौती दिँदै कविले आफ्नो जातीय सङ्घर्षको ऐतिहासिक पृष्ठभूमिबाट राष्ट्रियतालाई प्रमाणित गरेका छन्। कवितामा भारतीय नेपाली जातिले देश निर्माणमा दिइएको योगदानको उल्लेखसितै राष्ट्रप्रतिको समर्पित विचार अभिव्यक्त भएको छ।

भारतमा नेपाली जातिले देश निर्माणमा दिएको प्राणको आहुतिप्रति सचेत रहँदै देशप्रेम, नेपाली जातिको वीरताले दिएको देश सुरक्षा, भारतको संस्कृति, भूगोलप्रतिको प्रेम हर्कजङ्गसिंह छेत्रीको *हिमालय* (१९७०, दो.संस्क) कविता सङ्ग्रहका कविताहरूमा अभिव्यक्त भएका छन्। पहिलो विश्वयुद्धले जन्माएको राष्ट्रिय भावना र गान्धीजीको नेतृत्वमा भएको असहयोग आन्दोलनले परोक्ष रूपमा प्रभावित भएका कवि हर्कजङ्गका कवितामा समाज, जाति र राष्ट्रप्रतिको गहिरो श्रद्धा र भक्ति व्यक्त भएको पाइन्छ।[१९५] उनका 'हिमालय दृश्य', 'हाम्रो प्यारो बंग प्रदेश', 'हिमालयको पुकार', 'भारत विभूति पण्डित जवाहरलाल नेहरूप्रति', 'क्रान्तिदूत सुभाष', 'पश्चिम बंग', 'राष्ट्र-झण्डाप्रति',

[१९४] कुमार प्रधान, सन् १९८२, पूर्ववत्, पृ. १८

[१९५] लक्ष्मण श्रीमल, सन् १९९५, *भारतीय साहित्यका निर्माता हर्कजङ्गसिंह छेत्री*, नयाँ दिल्लीः साहित्य अकादमी, पृ. १४

'हिमालयको आह्वान', 'बंग वाणी', 'राष्ट्रिय आह्वान', 'जय हिन्द' जस्ता कविताहरूमा जातीय राष्ट्रियता, भारतीय भूगोल, संस्कृतिको मोह, स्वतन्त्रता सङ्ग्रामीप्रतिको सम्मान, क्षेत्रीय राष्ट्रियता आदि अभिव्यक्त भएको पाइन्छ।

'हिमालयको पुकार' कविताले सन् १९६२ को भारत-चीन सीमा विवादका कारण भएको युद्धमा भारतीय वीर गोर्खा सेनाले चीनलाई परास्त गरी देशको रक्षा गर्ने आह्वान गरेको छ। यस कवितामा भारत-चीन युद्धको घटनाबाट जातीय वीरताको प्रसङ्ग आएको छ। देशका निम्ति नेपाली वीर सेनाहरूले चीनलाई परास्त गरेर आफ्नो माटोमा विदेशी शत्रुलाई हावी हुन नदिने विचार राख्दै देशको मर्यादा राख्दै देशको रक्षा गर्छन् कवि यसरी-

*गोर्खाली हौं लड़ाकू, यही बुझि*
*अब ज्वालामुखी झैं भएर ।*
*जाऔं जल्दै जलाई, अरिदल*
*चिनियाँ, भस्म गर्दै बढ़ेर ।।४।।*
*धूँ धूँ गर्दै खरानी, गरि गरि*
*चिनियाँको भभूतै बनाऔं ।*
*चन्दन् पारी लगाऔं सब मिलि*
*चिनियाँ चीन च्यात्चुत्त पारौं ।।५।।*
*मारी मारी ति चीना अरि*
*खुप खुकुरी रक्तले नै धुएर ।*
*लिन्छौं साटो ति चीना टुक टुक*
*गरि हामी सिपाही भएर ।।६।।*
*गुञ्जोस् "जै हिन्द, जै हिन्द" ध्वनि*
*जगतमा प्रेम सौरभ फिंजावोस् ।*

(पृ.१९-२०)

दोस्रो विश्वयुद्धपछि गोर्खा सेनालाई विश्वकै साहसी, इमानदारी सेनाका रूपमा चिनिन्छ। औपनिवेशिक कालदेखि नै आफ्नो माटोको रक्षाका निम्ति वीरतापूर्वक लड्दै आएका आफ्नो वीरताप्रति कवि सचेत

देखिन्छन्। देशलाई शत्रुको षड्यन्त्रदेखि मुक्त राखेर स्वाभिमानको शिर खडा गर्ने विचारबाट कवितामा जातीय वीरताको भावसित चोखो राष्ट्रियताको भाव प्रस्तुत भएको छ।

देशद्रोही तथा राष्ट्रका नकारात्मक शक्तिलाई अन्त्य गरेर गौरवान्वित देश निर्माणको भाव उनको 'राष्ट्रिय आह्वान' कवितामा पनि अभिव्यक्त छ। कवि हर्कजङ्गसिंह भारतलाई समृद्ध राष्ट्र बनाउनमा सत्य मार्गलाई आत्मसात् गर्ने विचार राख्दछन्। देशप्रति कविको निश्चल अनि निस्वार्थ भावको अभिव्यक्ति पाइन्छ-

*सुकर्म धर्ममा लिप्त भै,*
*अधर्मीसंग नडराऊ ।*
*कुकर्मको कण्टक पथमा,*
*खुट्टा केलै नबढ़ाऊ ॥१॥*
*देशद्रोही दुष्ट दानव,*
*शीघ्र नाश विनाश गराऊ ।*
*जननी भारतको मस्तक,*
*उच्च उच्च सदा गराऊ ॥२॥*

(पृ. ९३-९४)

देशलाई जननीका रूपमा सम्मान गर्ने र समृद्ध तुल्याउने विचार कविमा छ। यहाँ कवि जातीयताभन्दा माथि उठेर कट्टर देशभक्तका रूपमा देखिन्छन्। देशको उन्नति र सम्मानमा सत्य मार्गलाई रोजेर कर्म गर्ने नैतिक ज्ञान कवितामा निहित रहेको पाइन्छ।

देशस्वतन्त्रपछि भारतीय नेपालीहरूमाथि राष्ट्रिय परिचयको सङ्कट ठुलो चुनौतीका रूपमा अघि आएको पाइन्छ। ब्रिटिस औपनिवेशी भारतमा खेती, पशुपालन र मजदुर गरेर जीविका चलाउने भारतीय नेपाली समुदायमा राष्ट्रियप्रति त्यति राजनीतिक सचेतता रहेको देखिँदैन। सम्पूर्ण भारतीयहरू नै उपनिवेशी अधीनमा रहेको अवस्थामा राष्ट्रिय परिचय र राजनीतिक अधिकारदेखि उनीहरू वञ्चित रहेका थिए। केही समयका लागि नेपालबाट भारत पसेका साहित्यकारहरूले नेपाललाई सम्झेर कविता आदि लेखेका छन्। उनीहरूका रचना नेपालमुखी रहेको देखिन्छ। आर्थिक विपन्नता, राजनीतिक उतार-चढाउको द्वन्द्व र निम्न वर्गीय कष्टदायक जीवनबाट पलायन हुन खोजिरहेका तत्कालीन लेखनले भारतीय

समाजमा प्रभाव पर्‍यो। फलस्वरूप गिरी, कटुवाल जस्ता कविहरूले स्वच्छन्दतावादी परिपाटीमा जातीय परिचयको खोजीसहित भावुकतालाई पनि कवितामा ठाउँ दिएका छन्। यस सन्दर्भमा घनश्याम नेपालले अघिका भारतीय नेपाली समाज द्वैध राष्ट्रियताको भ्रान्तिमा बाँचेको उल्लेख गरेका छन्। साहित्य लेखनमा नेपालीप्रतिको मोह लेखिएको प्रसङ्ग घनश्याम नेपालले लेखेका छन्। यसो हुनाको पछि तत्कालीन लेखनमा व्याप्त स्वच्छन्दतावादी प्रवृत्ति निक्कै हदसम्म दायी रहेको अड्कल मनप्रसाद सुब्बाले गरेका छन्।[१९६] स्वतन्त्रतापछि पनि यस्ता द्वैध राष्ट्रियताको स्वर भारतीय नेपाली साहित्यमा रहिरह्यो। यसको ऐतिहासिक, सामाजिक, राजनीतिक कारणहरूलाई निक्यौंल गरेर विकास गोतामे, राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा प्रभृति कविहरूले राष्ट्रियताबोधका कविताहरूले अघिल्लो राष्ट्रियताको शङ्कास्पद दृष्टिलाई प्रमाणसहित पुष्टि गरेका छन्।

प्रगतिवादी कवि विकास गोतामेका धेरैवटा कविताहरू जातीय अस्तित्वको प्रसङ्ग, राष्ट्रिय परिचयको सङ्कट अनि राजनीतिक चेतनासित सम्बन्धित छन्। उनका *कृष्णचुड़ा लाली गुराँस तालगाछ र धुप्पीका रुखहरू* (१९९३), *लड़ वीरबहादुर! तिमी लड़!* (१९८८), *रगतका रेखाहरू* (१९८९) कविता सङ्ग्रहभित्रका 'हामी कुरुक्षेत्रका वीरहरू', 'नेसनल हाइवे', 'म देशको पक्षमा उभिएको छु', 'यो हाम्रो हिन्दुस्तान', 'ब्यारेकपुर', 'इतिहास', 'हामी इतिहास निर्माणकर्ता', 'यो माटो कसको हो', 'चिनारी', 'एउटा बिन्ती मेरो देशवासीहरूसित' आदि कविताहरूमा राष्ट्रिय भावना अभिव्यक्त भएको पाइन्छ। उनको *रगतका रेखाहरू*-भित्रको 'इतिहास' कवितामा देशमा गोर्खा जातिको योगदान अनि जातीय दम्भ यसरी अभिव्यक्त भएको छ-

*फेरि त जाति बिर्सेर*
*फेरि त अहम् त्यागेर*
*हामी यो देशको निम्ति मर्‍यौं*
*हामी यो देशको निम्ति लड़यौं।*
*अनि त बलियोसित यो देशसित हामीले साइनो जोड़्यौं।*
*एकपल्ट होइन/ दुइपल्ट होइन*
*हजार हजारपल्ट हामीले यो हाम्रो मातृभूमि भन्यौं*

---

[१९६] मनप्रसाद सुब्बा र रेमिका थापा, सन् २००७, *किनाराका आवाजहरू*, (ते संस्क), नाम्चीः निर्माण प्रकाशन, पृ. ३२

*बारम्बार यो देशलाई हामीले 'आमा' भन्यौं।*

(पृ. ४८)

मातृभूमिको विकास र रक्षाका निम्ति हजारौँ पल्ट सङ्घर्ष गरेको कुरा कवितामा अभिव्यक्त भएको छ। गोतामेका कवितामा राष्ट्रिय भावनाको अध्ययन गर्दै जय 'क्याक्टस' लेख्छन्- "भारतमा गोर्खाहरूले देशरक्षामा सैनिक बहादुरी दर्साउँदै सिमानामा पर्खाल भई उभिँदै आएका छन्। यसरी सिमानामा लड्दा लड्दै धेरै गोर्खाहरू सहिद बनिसकेको इतिहास अब भारत स्वतन्त्रताको युद्धमा होम्मिएका गोर्खे सपूतहरूको इतिहास झैँ लुकाएर लुकिन्न।"[१९७] स्वतन्त्रता सङ्ग्राममा देशका निम्ति गोर्खाहरू धेरै सहिद भए तर त्यो इतिहासको मूल्याङ्कन नभएको चर्चा क्याक्टसले गरेका छन्। यसरी हजारपल्ट देशलाई आमामानेर यसको सम्मान, रक्षा, उन्नतिका निम्ति गोर्खाहरूले बलिदान दिएको इतिहासलाई कविले साझा गरेका छन्।

भारतीय नेपालीहरूको राष्ट्रियतामाथि उठेका यस्ता सन्देहको प्रतिपक्षमा उत्तर दिँदै मनप्रसाद सुब्बाले'हो, म अरिबहादुर गुरुङ' कविताबाटउपर्युक्त गोतामेकै कवितामा रहेको जातीय परिचय र राष्ट्रिय परिचयको सन्दर्भलाई राजनीतिक अधिकारको दृष्टिबाट उठाएका छन्। भारतका अन्य जातिझैँ आफू पनिराजनीतिक अधिकार पूर्णत उपभोग गरी शीर खडा गरेर हिँड्ने विचार कवितामा व्यक्त भएको छ। भारतीय गोर्खाहरूले संवैधानिक अधिकारबाट वञ्चित नभई आफ्नो राष्ट्रिय परिचय ससम्मान प्राप्त गर्नुपर्छ भन्ने धारणा कवितामा छ-

*म अरिबहादुर गुरुङ*
*हजुर, संविधानको खेस्रामा छु नि म यौटा हस्ताक्षर*
*अ- देखि ङ -सम्म मेरो नामको अक्षरहरूले*
*जति ठाउँ ओगटेको छ नि*
*त्यत्ति नै त हो मैले दाबी गरेको*

(पृ. ८९)

कवितामा सबाल्टर्न केन्द्रीय स्वर भएर प्रस्तुत छ। आफ्नो जातिले प्राप्त गर्न नसकेको संवैधानिक अधिकारप्रति कवि सचेत छन्। भारतीय संविधान निर्माता अरिबहादुर गुरुङ संविधान समितिका सदस्य

---

[१९७] जय 'क्याक्टस', सन् २०१६, *भारतीय साहित्यका निर्माता विकास गोतामे*, दिल्लीः साहित्य अकादमी, पृ. ३९

थिए। कवितामा अरिबहादुर गुरुङलाई भारतीय नेपाली जातिको प्रतिनिधित्वको प्रतीक बनाएर उभ्याइएको छ। संविधान निर्माणमा सहभागिता दिने जाति नै संवैधानिक अधिकारबाट उच्छेद गरिएको पीडा कवितामा छ। राजनीतिक हस्तक्षेपका कारणले आफ्नो जातिले देशमा असुरक्षित बोध गरेको प्रसङ्ग यहाँ सचेत रूपमा उल्लेख गरिएको छ। भारतको संवैधानिक प्रावधान र अधिकारभित्र भारतीय नेपालीहरूले आफ्ना जातीय अस्मिता,समान राजनैतिक अधिकार र सुरक्षा पाउनु पर्ने माग गरेका छन् कविले।

भारतीय नेपाली विदेशी होइनन्। यो जातिको देशमा हजारौँ वर्ष अघिको आफ्नो इतिहास छ। देशले विदेशीको सम्बोधन गरी कलङ्क लगाए तापनि आफ्नो इतिहास र राष्ट्रियाताको चेतनालाई सुब्बाको 'आदिम माटोको कुरा' कविताले यसरी प्रस्तुत गरेको छ-

*तर एक आदिम मान्छेले बाँचेको माटो*
*जो हजारौंवर्ष पुरानो पसीना गन्हाउँछ*
*अनि हजारौंवर्षअघिको रगत ताजा गन्हाउँछ*
*हो, म त्यै माटोको कुरा गर्दैछु*
*त्यो आदिम मान्छे जो आजको नागरिक हो*
*र जो मेरो अनुहारले चिनिन्छ*
*मेरो हरेक पुस्तासित पुनर्जन्म लिँदै आउने त्यो*
*आज मेरो अनुहार र चेतना भएर आएको छ*
*हो, त्यो आदिम नागरिक म*
*आफू सृष्टि भएको आदिम माटो गन्हाउँदैछु*

(पृ.८५)

आन्तरिक उपनिवेशवादबाट पीडित साथै देशको केन्द्रीय उपस्थितिबाट किनारीकृत गरिएको पीडाबाट कवितामा आफ्नो ऐतिहासिक सचेतता आउनु अत्यन्त स्वाभाविक देखिन्छ। भारतीय नेपाली समुदायमाथि देशले हेर्ने शङ्कास्पद दृष्टिमाथि कविले असन्तुष्टि व्यक्त गर्दै पुस्तौँदेखि आफू यही माटोमा बाँचेको इतिहास पल्टाएर देशको आदिम नागरिकताको प्रमाण दिँदछ।

पन्जाबी कवि सुरजीत पातरले 'मेरी जाति' कवितामा आफ्नो परिचयसित देशको माटो, संस्कृति, संस्कार स्वतः जोडिएका मान्दछन्। कवितामा उनी मेरो छुट्टै जातिको परिचय छैन, मेरो परिचय नै देश हो भन्छन्। सुब्बाका कवितामा पाइने देशसितको आफ्नो परिचय पातरको कवितात्मक भावसित मिल्दो देखिन्छ। सुब्बाको आफू देशको आदिम नागरिक र सृष्टि भएको आदिम माटो गह्वाउँछु भन्ने सन्दर्भले देशको आधुनिक राजनीतिक व्यवस्था र मानचित्र बनिनु अघि आफू देशमा रहेको ऐतिहासिकतालाई बुझाएको छ। पातरले आफ्नो कवितामा यस प्रसङ्गलाई यसरी लेखेका छन्-

*कभी मै रेत की तरह*

*उनके पैरो तले रौँदा गया*

*कभी वह आपने आँखे ऊपर उठाकर*

*मुझे सितारौँ की तरह देखते रहे*

*इसलिए मै अपनी सही नाम*

*कभी नही रख पाया*

*और अपनी जाति बताते समय*

*मेरी जुबाँ थथ्ला जाती रही।*[१९८]

भूमिसितै नेपाली जातिले भारतीय र त्यसका साथै राष्ट्रियता प्राप्त गरेको इतिहासलाई मनप्रसाद सुब्बाले यसरी लेखेका छन्- "भूमिसितै भारतमा सम्मिलित भारतेली नेपालीहरूलाई जहिले पनि भारत-नेपाल मैत्री सन्धि (ई. १९५०) कै चश्माले मात्र हेरिन्छ र राष्ट्रिय पहिचानको प्रश्नघारीमा घचेटिइन्छ।"[१९९] ऐतिहासिक तथ्याङ्कको सही निक्यौंल नगरी राष्ट्रिय परिचयको सङ्कट भोग्नु पर्ने राजनीतिक हस्तक्षेपबारे कविले यहाँ स्पष्ट विचार राखेका छन्।भारतीय गोर्खा जातिले जातीय अस्तित्व र राजनीतिक सुरक्षाका पक्षमा कैयौँ आन्दोलनहरू गर्दै आए तापनि अहिलेसम्म राष्ट्रिय परिचयको सङ्कट खपिरहेको अवस्थाबारे सुधीर छेत्री आफ्नो कविता 'माइलालाई रमिता छ'-मा यसरी अभिव्यक्त गर्छन्-

*माइलाले नै बोक्नुपर्छ*

---

[१९८] सुनील गंगोपाध्याय र अन्य (सम्पा), सन् २०१०, *समकालीन भारतीय साहित्य*, वर्षः ३१, अङ्कः १५०, दिल्लीः साहित्य अकादमी, पृ. ११६

[१९९] मनप्रसाद सुब्बा, सन् २०१३, 'किनाराका आवाजहरू-को सन्दर्भमा (पृष्ठभूमिदेखि अग्रभूमिसम्म)', *किनाराका आवाजहरू*, (ते संस्क), नाम्चीः निर्माण प्रकाशन, पृ. ३१

*जातीय अस्मिताको भारी अनि भारीमाथि सुपारी।*

*माइलाले बाँधिबस्नु छ सधैँ राष्ट्रिय अपरिचयको हेम्मरी,*

*भिरिबस्नु छ देशरक्षाको भुत्ते खुकुरी*

*अनि उमालिबस्नु छ खाली कराहीमा रालहरू,*

*झम्टिरहनु छ पक्रनलाई उम्केको माछा।*

(पृ.२९)

उक्त कविताको लक्षणार्थले आफ्नो जातिको अस्तित्व लोपमाथिको भय, राष्ट्रिय परिचयको सङ्कट अनि गुमिसकेको संवैधानिक अधिकारको पुनःआशामा बाँचिरहेको अवस्था बुझाउँदछ। कविले राष्ट्रियतालाई सोझै व्यक्त नगरेर परिचय सङ्कटको संवेदनशील अवस्थाबाट राष्ट्रलाई आफ्नो राष्ट्रियताको प्रमाण दिएका छन्। देशप्रेमका सोझो भावावेग मात्र राष्ट्र चेतना नभएर राष्ट्रमा आफ्नो अधिकार खोज्नु पनि राष्ट्रिय चेतना हो भन्ने विषय कविताबाट पुष्टि हुँदछ। यसरी भारतीय नेपाली कवितामा राष्ट्रिय चेतनाको प्रयोग भएको पाइन्छ।

भारतीय गोर्खा सेनाले पहिलो र दोस्रो विश्वयुद्धको पराक्रमपछि विश्वमै आफ्नो जातिलाई वीर जातिका रूपमा चिनाएको छ। विश्व परिचित गोर्खाहरूको वीरता अनि देशरक्षाको समर्पित भावनालाई देशले अवहेलना गरी किनारीकृत गरेको विषय कवितामा पाइन्छ। वर्षौंदेखि छुट्टै राज्यको माग गरेर कैयौँ आन्दोलन, हड्ताल गरे तापनि देशको राजनीतिक हस्तक्षेपको सिकार बनेर आफ्नो राष्ट्रिय परिचय सङ्कटको घेराबाट मुक्त हुन नसकेको पीडा कवितामा अभिव्यक्त हुँदै आएको छ। राष्ट्रिय परिचयको सङ्कट धैरै अघिदेखि जस्ताको तस्तै रहेको अवस्थालाई *इतिहासको बाडुली*-मा राजेन्द्र भण्डारी यसरी लेख्छन्-

*देशलाई बचाउन*

*सिमानामा शत्रुलाई मारिरहेको छु म।*

*तर देशले उता*

*मेरा निहत्था बाबुआमा, भाइ-बहिनीलाई मारिरहेछ।*

*मेरो खोरिया, मेरो किपट, मेरो घरघडेरी बेहाल पारिरहेछ।*

*म देश बचाउने दाउमा छु।*

*तर देश मलाई मार्ने दाउमा छ।*

*आफ्नै देशभित्र परदेशी भएको म,*

*आफ्नै आमाको काखमा टुहुरो भएको म,*

*आज आफ्नै देशदेखि भयग्रस्त-संत्रस्त छु।*

(गोर्खा सैनिकको स्वप्नभङ्ग, पृ. ५६)

आफू सधैँ देश बचाउँदै आएको तर देशमा आफ्नै सुरक्षा नभएको अवस्थालाई उपर्युक्त कविताले व्यक्त गर्दछ। राष्ट्रियतामा आएको सङ्कटका कारण देशमा आफू भयग्रस्त भएको अवस्था उपर्युक्त कवितामा प्रस्तुत छ।

भारतमा गोर्खाहरूको अस्मिता सधैँ सङ्कटका घेरामा परेको देखेर आफ्नो नागरिकता र राष्ट्रियतामाथि उठेको प्रश्नमा खरो उत्रेर 'म देशको पक्षमा उभिएको छु' कवितामा विकास गोतामेको आक्रोश यस्तो देखिन्छ-

*मलाई जातिद्रोही, सन्तानद्रोही, कुलद्रोही, वंशद्रोही*

*जे जे भन्छौ भन बरू*

*भन्नलाई तिमीले के नै पो बाँकी राख्यौ र अब मलाई*

*मुखमा जे जे आउँछ भन बरू*

*तर म अहिलेलाई चाहिँ*

*जातिभन्दा देशै महान हो भन्ने पक्षमा उभिएको छु।*

(पृ. १००)

देशभित्र आफ्नो जातिमाथि आइपरेको विभिन्न लाञ्छनाका विरोध कवितामा पाइन्छ। आफ्नो जातीय अस्तित्वमा देशका बहुसङ्ख्यक राजनीतिक प्रभुत्ववादीहरूले लगाएको जातिद्रोही, सन्तानद्रोहीजस्ता कलङ्कले उनीभित्रको सचेत र संवेदनशील भावलाई आघात पुगेको पीडा कवितामा व्यक्त भएको छ। सङ्कीर्ण जातीयवादको घेरा तोड्दै उनी भारतीय मूलधारा राष्ट्रिय चिन्तनमा सहभागी बन्न पुगेका छन्।[२००] जाति, भाषा, धर्मको सङ्कुचित घेरोबाट निस्किएर राष्ट्रियताको केन्द्रीय धारामा पुनः सहभागि बन्दै उही कवितामा लेख्छन्-

---

[२००] जय क्याक्टस, सन् २०१६, पूर्ववत्, पृ. ४१

*बंगाली, बिहारी, गुजराती, सिख र नेपाली*

*हामी छोराहरू जेठोदेखि कान्छोसम्म भएर उभिएका छौं*

*तमिल, नागा, राजस्थानी, आसामी अनि काश्मिरी*

*हामी छोरीहरू जेठीदेखि कान्छीसम्म भएर उभिएका छौं*

*यो देश, हाम्रो आमा – सुन्दरएउटा फूलबारी*

*तोड्न, मिच्न, हत्याउन खोज्छ*

*सात समुद्र पारीको शत्रु फेरि – किन यो षड्यन्त्र नबुझौ ?*

(पृ. १०१)

भारतको विविधताभित्रको एकतालाई अन्य देशले तोड्न खोजेको छ। देशमा असमानता फैल्याउन कविले सात समुद्र पारीको अन्य देशको कुटनीति हो भन्ने दाबी गर्दै भारतीय बहुजाति, भाषा, संस्कृतिलाई भेद नगरीकन समान दृष्टिबाट राष्ट्रियतालाई बुझ्नु पर्ने विचार उपर्युक्त कवितामा व्यक्त गरेका छन्।

देशका निम्ति सधैँ मरिमेट्ने भारतीय गोर्खाको निःस्वार्थ अनि संवेदनशील देशभक्तिमाथि कैयौँ आरोप प्रत्यारोप लागेको छ। देशका निम्ति प्रयोग मात्र बन्न पुगेको कुण्ठा सुधीर छेत्रीको 'माइला र युद्ध' कवितामा अभिव्यक्त भएको छ।

*माइला देशका निम्ति टाइमपास हो।*

*उसको गहिरा आँखाका खोपिल्टामा*

*पुरिएका छन्*

*सम्राट्हरूका लास।*

*पटुकामा बाँधिएका छन्*

*पोको पोको शोषणका तमसुकहरू,*

*प्रत्येक तुनामा बाँधिएको छ उन्मुक्तिको घिटघिटो,*

*बिर्के टोपीले छोपेर राखेको छ निधारमा*

*सिर्कना खाएका नियतिहरू।*

(पृ. ३२-३३)

भारतीय गोर्खालीको इतिहास युद्धसित जोडिएको छ। पहिलो र दोस्रो विश्वयुद्धबाट गोर्खा जाति विश्वमै साहसी, पराक्रमी देश रक्षक र इमानदार जातिका रूपमा परिचित छ। यति हुँदाहुँदै पनि देशमा गोर्खाहरू लामो समयदेखि राष्ट्रको मूल धारादेखि बाहिर परेका छन्। देश रक्षामा खुन बगाए, उपनिवेश र आन्तरिक उपनिवेशको शोषण सहेर बसे, राजनीतिक, सामाजिक र राष्ट्रिय परिचय सङ्कट झेलेर बसे तरै पनि यो राष्ट्रिय परिचय सङ्कटको घेरोदेखि कहिल्यै मुक्ति हुन नसकेको पीडा भारतीय नेपाली समाजमा छ। कवि आफ्नो पुर्ख्यौली इतिहास र देश निर्माणका योगदानप्रति सचेत छन्। पश्चिम बङ्गालमा धेरै जनसङ्ख्यामा रहेका नेपाली जातिले आफ्नै छुट्टै राज्य गोर्खाल्यान्डका निम्ति कैयौँ आन्दोलन गरेको इतिहास छ। आफ्नो जाति, भाषा र संस्कृतिलाई संरक्षण गर्दै संवैधानिक अधिकारको हकदार हुन चाहेका सर्वसाधरण जातिको पीडा कवितामा लक्षणार्थका रूपमा ध्वनित छ। प्रत्येकपल्ट गोर्खाल्यान्डको आन्दोलन असफल भएर केवल राजनीतिक शक्तिको घात मात्र सहनु परेको ऐतिहासिक दस्तावेज भण्डारीको 'यो कविता उनीहरूलाई' कविताबाट पनि पुष्टि हुँदछ-

१९४९ को हाम्रो कलेजो
१९५५ को हाम्रो छाती
१९८६ को हाम्रो निधार
२०१३ को हाम्रो शिर
२०१७ को हाम्रो आँखा
दस्तावेज हो बुलेटले लेखेको।

(पृ. ६७)

सन् १९४९ देखि छुट्टै राज्यका निम्ति विभिन्न आन्दोलनहरू गर्दै संवैधानिक अधिकारबाट बाहिरिका राष्ट्रिय परिचय सङ्कट झेल्दै आएका जातीय पीडाले जातीय सुरक्षा र अस्तित्वको लामो सङ्घर्ष प्रस्तुत गर्दछ। सुधीरको 'माइला र युद्ध' कविताले यही सन्दर्भबाट भारतीय नेपालीले आफ्नो राष्ट्रमा निर्धक्कसित राष्ट्रियतालाई आत्मसात् गर्न नपाएको भाव लेख्छन्। भारतीय नेपालीहरूका राष्ट्रियता भारतीयता हो। राजनीतिक वर्चस्वले सधैँ दबाएर किनारा गरेको अवस्थाबाट भारतीय नेपालीमा विद्यमान राष्ट्रिय चेतनाले देशको केन्द्रीय शक्ति तथा हैकमलाई आफ्नो थलो, इतिहास तथा देश निर्माणका योगदानहरू पढाउँदै आएको छ।

क्यारेबियनद्वीपका आदिवासी समुदायमाथि लामो समयसम्म उपनिवेशी शक्तिले शोषण गरेको क्रुर घटना उपनिवेशी साम्राज्यको इतिहासमा जीवित छ। उनीहरूका इतिहास र संस्कृतिलाई मासेर उनीहरूमाथि शासन जमाएको विरोध क्यारेबियन कवि डेरेक वालकोटले आफ्ना कविताहरूमा गरेका छन्। उनका 'नामहरू' कवितामा आफ्नो इतिहासलाई देखाउँदै देशमा आफू अन्य उपनिवेशिक शक्तिको शोषण बनेको पीडा यसरी लेखेका छन्-

*मेरो इतिहासको सुरु समुन्द्रको सुरुवातसँगै हुन्छ*
*यसको न कुनै संज्ञा छ न क्षितिज*
*यहाँको बालुवा कणहरूमा मेरो आवाज छ*
*जो चम्किला ताराहरू जत्तिकै मूल्यवान् छ।*
*तर मेरो इतिहास अहिले,*
*मेरो आँखाको पानी बन्यो,*
*उसको साम्राज्य फरफराउने झन्डा बन्यो।*[२०१]

डेरेक वालकोटले भोगेको पीडा सुधीरका कवितामा भारतीय नेपालीको पीडा बनेको छ। आन्तरिक उपनिवेशी शोषण र राजनैतिक कुटनीतिले देशमा राष्ट्रिय परिचयको सङ्कट भोगिरहेका भारतीय नेपाली जातिको इतिहास धमिल्याउन खोज्ने सन्दर्भ क्यारेबियनद्वीपका आदिवासी समुदायकै पीडासित मिल्न पुगेको छ।

जातीय राष्ट्रियताबोध टेकध्वजजिम्बा 'आशा'-का कविताहरूमा पनि प्रखर रूपमा आएका छन्। उनको *एक टुक्रा निलो आकाश* (१९९१) कविता सङ्ग्रहभित्रका सबै कविताहरू राष्ट्रिय भावनाले ओतप्रोत छन्। सङ्ग्रहभित्रका ७२ वटा कविताहरूमा देशप्रेम, देशभक्ति, जातीय राष्ट्रवाद जस्ता स्वर अभिव्यक्त छन्। यस सङ्ग्रहको 'वीर गोर्खाली' कवितामा जातीय राष्ट्रियताको भावना यस्तो छ-

*ए वीर गोर्खाली*
*तिम्रा ती सन्तानहरूलाई*
*जसले विश्व वीर गोर्खाली भनी*

---

[२०१] भिनिला डेनिस, *कोलनियलिज्म इन डेरेक वालकोट सेलेक्ट पोएम्स*, www.languageinindia.com, vol:19/9 sept.2019, 20 march 2021, 10.15am

*सुयश कमाए*

*जसले शत्रुको सामु साहस पूर्वक*

*मातृभूमिको सुरक्षा र स्वतन्त्रता*

*वीरतापूर्वक रणभूमिमा लडे*

(पृ.२)

आफ्नो वीर पुर्खाहरूको साहसपूर्ण इतिहासलाई कवि सम्झना गर्छन्। देशको रक्षक बनेर जस्तै परिस्थितिसित लडेर पनि देशलाई सुरक्षित राखेको ऐतिहासिक सन्दर्भ कवितामा व्यक्त भएको देखिन्छ। पुर्खाको वीरतालाई सम्झदै वर्तमान र भावी पिँढीलाई देशका रक्षामा सदैव तत्पर रहने आदेश दिन्छन्-

*सुन –ए वीर गोर्खाली*

*ती शत्रुका पापी पाइलाहरूले*

*भारतमाताको पवित्र माटोमा कुल्चन नदिनु*

*गान्धी, नेहरू, शास्त्री, इन्दिरा जन्मेका*

*देश यो*

*जहाँ तिमी सधैँ सिमानामा*

*पर्खाल बनी*

*मातृभूमिको सुरक्षार्थ*

*युग-युगान्तर बाँचिरहनु।*

(वीर गोर्खाली, पृ.२)

आफ्नो देशलाई आमाजस्तै महान् ठान्छन् कवि। महात्मा गान्धी, जवाहारलाल नेहरू, लालबहादुर शास्त्री, इन्दिरा गान्धीजस्ता देशलाई सभ्य दिशातिर नेतृत्व गर्ने व्यक्ति जन्मेको आफ्नो देशप्रति कवि गर्व गर्छन्। पुर्खादेखि भारतको रक्षा गर्दै आएको आफ्नो सन्तानलाई उनी युगयुगान्तर मातृभूमिको रक्षा गर्ने आह्वान गर्छन्। देशको पवित्रतामाथि कुनै कलङ्क नलागोस् भन्ने विचार राख्छन्। पुर्खादेखि देशलाई पवित्र अनि सुरक्षित राख्दै आएको आफ्नो जातिलाई यसै देशका रक्षामा समर्पित बन्ने भावना व्यक्त गरेका छन्।

### ४.२.२ स्वच्छन्दतावादी चेतना

भारतको कला साहित्य, संस्कृतिप्रति मन्त्रमुग्ध भइ स्वच्छन्दतावादी भावबाट पुष्पलाल उपाध्यायले 'देश महिमा' शार्दूलविक्रीडित छन्दमा रचिएका कवितामा विविधताको धनी राष्ट्र भारतको वर्णन गरेका छन्।

*[१]*

*हाम्रो देश विशाल भारत, यहाँ यौटै बगैचा भरी।*
*धेरै जाति र धर्मप्राण जनता बस्छन्, गुजारा गरी।।*
*भाषा भेष विभिन्न संस्कृति कला साहित्य धारा यहाँ।*
*मौलाई महकाउछन् थरिथरी स्वाधीन यो देशमा।*

*[२]*

*हाँगा, पात, लता अनेक थरिका छन् फूल झुप्पा तर।*
*यौटै मूल छ मातृभूमि सबको स्वाधीन यो भारत।।*
*इच्छा मानिसको त के! ऋषिहरू, ती स्वर्गका देवता ।*
*तम्सिन्छन् यँहि बस्नलाई, बसुधा छन् पूर्ण ऐश्वर्यता ।।*

(पृ.२०)

बहुजाति, बहुधर्म, बहुसंस्कृति भएको राष्ट्र भारतप्रति कवि गर्वबोध गर्छन्। अनैकौँ जाति, भाषा, धर्म, संस्कृति भए तापनि यी सबैलाई सिङ्गो राष्ट्रियताले परिचय दिने भारतीय राष्ट्रियतालाई कवि विशाल भारतको विविधतामा अनैकौँ फुलहरूको बगैँचा मान्छन्। यसबाट उनको राष्ट्रियताबोध स्वच्छन्दतावादी चेतनाबाट अभिव्यक्त भएको छ।

हर्कजङ्गसिंह छेत्रीका 'हिमालय-दृश्य' कवितामा भारतको हिमालय पर्वतलाई देशको महिमा, शोभा र देशको रक्षा कबजका रूपमा वर्णन गरिएको छ। कवितामा भारतको भौगोलिक सौन्दर्यबारे प्रशंसा गरिएको छ। कविले आफ्नो राष्ट्रको प्राकृतिक अनि भौगोलिक सौन्दर्यलाई कवितामा स्वतन्त्र राष्ट्रिय चेतनाद्वारा लेखेका छन्। *दि पेनगुइन हिस्ट्री अव् अर्लि इन्डिया*-मारोमिला थापरले भारतको भौगोलिक संरचनामाथि चर्चा गरेकी छन्। पृथ्वीको विभिन्न भूभागमध्ये भारतीय भूखण्डको संरचना रहस्यात्मक रहेको अनि पर्यावरणमा सही सन्तुलन यहाँ सबैभन्दा मलिलो जमिन रहेको चर्चा गरेकी छन्। उनीअनुसार- "भारत भूमि विश्वकै उर्वर भूमि हो। भौगोलिक रूपमा उत्तरको हिमालय पर्वत, नदी, पहाड, तराई, समुद्र

अनि मौसमको उचित तालमेलले भारतभूमिलाई सुन्दर र उर्वर बनाएको छ। प्राकृतिक सम्पदाको धनी रहेको भारत भौगोलिक रूपले अनि भारतको जीवनशैलीमा प्रयुक्त सांस्कृतिक बहुलताले भारत समद्ध र सुन्दर छ।"[२०२] भारतीय संस्कृति, दर्शन तथा भौगोलिक वैशिष्ट्यको वर्णन नेपाली कविहरूले धेरै अघिदेखि गर्दै आएका छन्। यसले भारतप्रतिको प्रेम, सम्मानलाई प्रस्तुत गर्दछ। हर्कजङ्गका कविताहरूमा पनि राष्ट्रप्रेम, सम्मान र राष्ट्रको भौगोलिक सौन्दर्यको वर्णन यसरी व्यक्त भएको छ-

*गिरिराज हिमालय पर्वत यो।*
*हिम-शोभित सुन्दर पर्वत यो ॥*
*अति सौम्य मनोहर शैल अहो!*
*शुभ शीर्ष हिमालय भारतको ॥१॥*
*अति सुन्दर कंचन शैल शिखा।*
*धवला सुमनोहर दृश्य छटा ॥*
*सरिता सर सुन्दर निर्झरणी।*
*जल पावन मानसरोवरको ॥२॥*

(हिमालय-दृश्य, पृ.३)

स्वातन्त्र्योत्तर कालका धेरै कविहरूले भारतीय दर्शन, संस्कृति, विविधताभित्र एकता, हिमालय पर्वत, नद नदी आदिका वर्णन गरेका छन्। लामो समयको उपनिवेशि शोषणबाट मुक्त भएर भारतले स्वतन्त्रता प्राप्त गरेपछि देशको संस्कृति, धरोहर अनि देशप्रतिको सम्मान र यसको उन्नतिमा सबैको दायित्व रहनुपर्दछ भन्ने चेतना उनको 'राष्ट्र-झण्डाप्रति' कविताले यसरी दिन्छ।

*राष्ट्र झण्डा भारतको अचल,*
*निर्मल गगनमा फहरावोस्।*
*हृदयसिन्धुमा हामी सबैको,*
*ऐक्य प्रेमको तरंग लहरावोस् ॥१॥*
*हाम्रो शुभ्र श्वेत हिमालयले,*
*शीतल शान्ति जल बर्सावोस्।*

[२०२] रोमिला थापर, सन् २००२, *दि पेनगुइन हिस्ट्री अव् अर्लि इन्डिया*, हरियानाः पेनगुइन बुक्स्, पृ. ३७-५०

*सभ्य संस्कृति पावन हाम्रो,*

*हाम्रो गौरव गर्व दर्सावोस्।*

*अमर रहोस् देश भारत हाम्रो*

*जनमनमा जय उत्साह भरावोस्।*

*राष्ट्रिय ध्वजा फर्फर गर्दै,*

*आवाज स्वाधीनताको सुनावोस् ॥३॥*

(पृ.७४)

स्वतन्त्रतापछि भारतमा युगौँदेखि विद्यमान सांस्कृतिक विविधतालाई संरक्षण गरेर एकताको भावनाले राष्ट्रिय गौरवलाई अमर तुल्याउने भाव व्यक्त गर्दै भारतको सांस्कृतिक परम्परा नै राष्ट्रिय परिचय हो र यो राष्ट्रिय झन्डाजस्तै स्वच्छ र समृद्ध रहोस् भन्ने कविको अपेक्षा यस कवितामा रहेको छ। हर्कजङ्गसिंहका कवितामा प्रयुक्त राष्ट्रिय चेतनालाई चर्चा गर्दै लक्ष्मण श्रीमल लेख्छन्- “देशभक्तिको भावना अभिव्यक्त गर्दा कवि हर्कजङ्गसिंह छेत्री साँच्चै देशको एकजना सचेत सेनानी देखिन्छन्। उनी आफ्नो जीवनकालमा ब्रिटिस सम्राज्यवादको अधीनस्थ सेवारत रहनु पर्दा उनको कवि हृदयमा परेका कठोर घातहरूलाई उन्मुक्त रूपमा आज स्वाधीनताको खुला आकाशमा जीवन अर्पण गर्दै उनी बलीवेदीमा समर्पित वीर सेनानीहरूलाई देशका गौरव मान्छन्। तसर्थ उनीहरूको कर्तव्य र देशप्रतिको निष्ठालाई राष्ट्रिय मर्यादा दिने पक्षमा बोल्छन्।”[२०३]

देशको प्राकृतिक सौन्दर्य र सम्पदामै समाहित भएर आफू देश भएर बाँच्ने स्वतन्त्र भाव टेकध्वज जिम्बा ‘आशा’-को ‘यो देशमा’ कवितामा अभिव्यक्त भएको छ-

*यो देशमा*

*मलाई हिमाल भएर*

*उभिनुदिनु तिमीले*

*म मेरा यी आँखाहरूदेखि*

*गंगा-यमुना बगाउँछु*

*मलाई पहाड़ भएर*

[२०३] लक्ष्मण श्रीमल, सन् १९९५, पूर्ववत्, पृ.१८

*बाँच्नुदिनु तिमीले*

*म मेरो मुटुमा*

*चाँप-गुराँस फुलाउँछु।*

(पृ. ५)

भारतको उत्तर-पूर्वाञ्चल सीमामा लामो हिमालय शृङ्खला छ। यो हिमालय देशको शीर अनि रक्षक बनेर उभिएको छ। यी हिमाली पर्वतबाटै भारतका थुप्रै नदीहरूको उत्पत्ति भएको छ। कवि हिमालको सौन्दर्यभन्दा धेरै हिमालले देशलाई दिएको सुरक्षाप्रति सरोकार राख्छन्। गङ्गा-यमुना बगाएर देशको खेती उन्नतिशील बनाउनमा उत्सुक छन्। पहाडमा चाँप-गुराँस फुलाउने विचारबाट यहाँ आफ्नो जातिको संस्कृति र अस्तित्वको संरक्षण हुने कुरामा उनका 'हिमाल' कवितामा पनि आफू हिमाल भएर देशको रक्षामा उभिएको, शत्रुका निम्ति पर्खाल बनिदिएको प्रसङ्ग यसरी राख्छन्-

*सधैँहिमाल भएर*

*बाँच्न पर्ने मैले*

*खुशी त यसमा छु कि म*

*यहाँ अग्लो र सेतो भएर*

*कहीं यो देशको*

*सिमानामा पर्खाल बनेर*

*तटस्थ र मौन भई*

*उभिएको छु भने*

*हर स्थितिमा*

*कहीं भने यो देशको*

*आत्मसम्मान र शान हुन पाएको छु।*

(पृ. ५१)

कवि 'आशा'-को 'कसैले मलाई मेरो देश सोध्यो' कवितामा देशको परिचय देशको सभ्यता, संस्कृति तथा प्राकृतिक सौन्दर्य र आदर्श संस्कृतिबाट अभिव्यक्त भएको पाइन्छ।

*कसैले मलाई मेरो देश सोध्यो*

*मैले मेरो देशको*

*त्यो सुन्दर अति सुन्दर फुलिरहेको*

*कमलफूल देखाइदिएँ।*

*यो नीलो आकाशमा*

*शान्तिले उड़िरहेका ती परेवाहरू*

*अनि ती दूर क्षितिजसम्म*

*विस्तृत भएका उर्वरा हरित खेत र*

*मेहनती किसानहरूसित परिचित गराइदिएँ।*

(पृ. ६०)

आफ्नो देशको परिचयमा कविले सोझै देशको नाम नलिएर देशको बाग-बगैँचा, शान्त र सौहार्दपूर्ण परिवेश, उर्वर भूमिबाट आफ्नो देश चिनाउँछन्। उनी देशको भौतिक सम्पदादेखि भित्र रमाएर देशको सौन्दर्य अनुभूत गर्छन्। राष्ट्रियताबोध यहाँ कविको स्वच्छन्द भावधाराबाट प्रस्तुत भएको छ।

राष्ट्रको पारम्परिक परिभाषामाथि अध्ययन गर्दा वैदिक ग्रन्थहरूमा यसको उल्लेख गरिएको छ। वेदमा राष्ट्रलाई मातृभूमि वा माताको पवित्र स्थानमा राखेर उल्लेख गरिएको पाइन्छ। अथर्ववेदमा लेखिएको छ- "माता भूमिः पुत्रो अहं पृथिव्याः" अर्थात् देश माता हो र म उसको पुत्र हुँ। आफ्नो देशलाई आमाका दर्जामा राखेर आफू छोरा भएर कर्तव्य पालन गर्दै मातृभूमिको रक्षामा सहिद बन्न तयार रहेको भाव कवि 'आशा'-को 'आमा' कवितामा स्वच्छन्दतावादी राष्ट्रिय चेतना व्यक्त भएको छ-

*मैले पल्टनबाट चिट्ठी पठाइनँ*

*र म फेरि सधैँजस्तो*

*विदामा घर आइनँ भने*

*आमा !*

*तपाईँले यो नठान्नु होला मलाई*

*कि मेरो छोराले अब त*

*आफ्नी आमालाई पनि भुल्यो भनेर*

*हो, मेरो त्यो सुन्दर सैनिक पोसाकको*

*तस्विर हेरेर पनि*

*सम्झना र मायाले*

*आँसु खसालेर फेरि*

*कहिल्यै नरुनु होला*

*कारण, म त तपाईँको आशीर्वादले नै*

*मातृभूमिको लागि*

*'शहीद' भएको हुने छु।*

(पृ. ३०)

कविले आमाको अर्को रूप मातृभूमि मानेका छन्। आमालाई जत्तिकै कर्मभूमि आमा (देश)-को माया र सुरक्षाका निम्ति प्राण दिन तयार भएर देशप्रेमले भावुक देखिन्छन्। देशलाई आमा सम्झने देशप्रतिको असीम प्रेम रेमिका थापाको 'सूर्योदय' कवितामा पनि पाइन्छ। कवि भन्छिन्-

*आमा सूर्य नमन गर्छे,*

*दुई हात जोड़ी पूर्वतिर*

*आमा उज्यालो मुस्कुराउँछे,*

*कस्तो दीप्ति आउँछ*

*आमाको मुहारमा।*

*विशाल आभा समेटेर अँगालोमा*

*आमा असीम भइरहन्छे।*

*मेरो देशको आँगनमा सूर्योदय*

*जब हुन्छ।*

*आमा असीम भइरहन्छे*

*सर्वत्र हुन्छे।*

(पृ. ११)

वैदिक ग्रन्थ, उपनिषद्, महाभारत जस्ता ग्रन्थहरूमा सूर्यलाई देवता वा ईश्वरको रूप मानिएको छ। सूर्यको प्रकाशद्वारा नै पृथ्वी सञ्चालित हुँदछ। सूर्यको उज्यालो न्यानो प्रकाश जब देशको भूमिमा पर्छ कविले

आफ्नो आमाको माया अनुभूत गर्छिन्। सूर्योदय भइसकेपछिको उज्यालो प्रकाशले देशलाई उज्यालो तुल्याए पछि कविको मन प्रफुल्लित बन्छ, उन्माद खुसीको अनुभूत हुन्छ। कवितामा देश कविको आमा बनेर आएकी छ।

'सूर्यास्त' कवितामा स्वच्छन्दतावादी भावधाराबाट देशप्रेमलाई कविले अभिव्यक्त गरेकी छन्। कवि आफ्नो देशको स्वच्छप्रेममा आमाको प्रेम अनुभूति गर्छिन्। सूर्यास्त हुँदा क्षितिजको उज्यालो रमणीय प्रकाशले पृथ्वीमा जस्तो शान्त वातावरण सृजना गर्दछ त्यसरी नै सूर्यास्तपछि देशको शान्त वातावरणलाई कवि आमाको शान्त प्रेमसित तुलना गर्छिन्।

*पश्चिमतिर*
*नर्मदाको तीरमा अस्त हुँदै गरेको सूर्य।*
*महासागरको गुलाबी रङ्ग*
*आँखामा बाँधेर*
*आमा चुपचाप नमन गर्छे*
*जस्तो*
*आमाको आँखामा डुबेको छ*
*विशाल सूर्य।*
*मेरो देशको क्षितिजमा सूर्यास्त*
*जब हुन्छ*
*आमा कवितामय हुन्छे।*
*असीम हुन्छे।*

(पृ. १२)

### ४.२.३ क्षेत्रीय चेतना

भारत भौगोलिक, जाति र संस्कृतिको विविधता बोकेको राष्ट्र भएकाले विभिन्न क्षेत्रका क्षेत्रीय चेतना साहित्यमा स्वतः आएको पाइन्छ। यी विविधतालाई राष्ट्रियताको सूत्रले एकबद्धता कायम गरेको चर्चा अघिबाटै भइसकेको छ। उत्तरपूर्वाञ्चल भारतका नेपाली जातिको आफ्नै संस्कार, संस्कृतिले क्षेत्रीयताको

परिचय दिँदै आएको छ। पश्चिम बङ्गालको नेपाली बहुसङ्ख्यक क्षेत्र, असम, सिक्किम जस्ता भारतीय क्षेत्रहरूबाट लेखिएका कवितामा क्षेत्रीय चेतनाले भारतीय राष्ट्रियताको विशेषता बोकेको छ।

हर्कजङ्गसिंह छेत्रीको 'हाम्रो प्यारो बंग प्रदेश' कवितामा पश्चिम बङ्गाल राज्यप्रतिको गौरवान्वित भाव प्रस्तुत छ। आफ्नो प्रदेशको भौगोलिक सौन्दर्य, संस्कृति अनि प्राकृतिक सम्पदाप्रति कविको असाध्य प्रेम छ। आफ्नो प्रदेशलाई सर्वोपरी ठानेर यसप्रतिको माया, सम्मानलाई कवितामा यसरी व्यक्त गरेका छन्-

*हाम्रो प्यारो बंग प्रदेश ।*
*हिमगिरिले शोभित केश,*
*शीर्षमा महाकाल महेश,*
*"कञ्चनजङ्घ" छ कीर्ति अशेष,*
*बंग! तिम्रो मनोहर भेष।*
*हाम्रो प्यारो बंग प्रदेश ॥१॥*

(पृ. ६)

स्वच्छन्दतावादी भावमा कविले आफ्नो प्रदेशप्रतिको प्रेमलाई यहाँ देखाएका छन्। आफ्नो राज्यको प्राकृतिक सौन्दर्य र जाति संस्कृतिको प्रशंसा गरिएको छ। कवितामा बङ्गालको उत्तरखण्डमा बस्ने पहाडवासीप्रति आस्था प्रकट गरिए तापनि यसमा स्पष्ट रूपमा बङ्गालमा बस्ने नेपाली जातिको देशप्रतिको गौर्वबोध, सम्मान र प्रेम नै प्रमुखता देखिन्छ।[२०४] उनको 'हाम्रो भूस्वर्ग दार्जीलिंग' कवितामा पनि क्षेत्रीय चेतना प्रयुक्त छ। आफ्नो जन्मथलोलाई स्वर्ग मान्छन्। दार्जिलिङलाई माया गर्ने कविको यस कवितामा स्वच्छन्दतावादी भाव वा प्रकृति प्रेम पाइन्छ। यसले क्षेत्रीय चेतनालाई देखाउँदछ-

*नगराज हिमालय भाल विशाल,*
*धवला सुवर्ण कंचनशृङ्ग ।*
*शुभ्र श्वेत हिम मुकुटले शोभित,*
*हाम्रो भूस्वर्ग दार्जीलिङ्ग ॥१॥*
*पुनीत टिस्टा, बाला रंगीत,*

---

[२०४] लक्ष्मण श्रीमल, सन् १९९५, पूर्ववत्, पृ. १४

*पावन सलिल तरंगित तरङ्ग ।*

*शैल सिञ्चल सरले शोभित,*

*हाम्रो भूस्वर्ग दार्जीलिङ्ग ।।२।।*

(पृ. ३८)

खड़गसिंह राई 'काँढ़ा'-को *मेरो नामले पुगेन मलाई* (१९९३) कविता सङ्ग्रहभित्रका कविताहरू १९६० को दशकदेखि नै विभिन्न पत्रिकामा प्रकाशित छन्। स्वच्छन्दतावादी प्रवृत्तिमा मानव मूल्य, समाज, प्रगतिवादी चेतनासँगै राष्ट्रियताबोध पनि उनका कवितामा पाइन्छ। उनको 'दार्जीलिङ १९९३' कवितामा क्षेत्रीय राष्ट्रिय चेतना यसरी प्रस्तुत छ-

*मेरो विशाल देशको छात्तीमा*

*यो कुना मेरो जगेरा संझेथे*

*यो एक चौतारी हो, मेरो थकाईलाई बिसाउन संझेथे*

*यो एक न्यानो कुना हो*

*मेरो सुस्केरा औ बिलाप सुनाउने संझेथे*

*...कठै,तर*

*कहाँ, कहिले हराई पठाएँ*

*पत्तो नपाई*

*मेरो निष्कलुषित शौर्यको जन्मभूमि*

*मेरो चोखो प्रतिभाको पुण्यभूमि*

(पृ. २)

उपर्युक्त कविता ९ सेप्टेम्बर १९८३ मा लेखिएको उल्लेख यस कविता सङ्ग्रहका प्रकाशक युगपरिबोधले जनाएको छ।[२०५] सन् १९८३ को राजनीतिक घटनाले संवेदनशील बनेको कालेबुङ, दार्जिलिङको अवस्था कवितामा वर्णन गरिएको छ। जातीय अनि राजनीतिक परिचयको चेतनाले देशमा आफ्नो अक्षुण्ण इतिहास र परिचयको चेतना राखेको छ। विभिन्न राजनीतिक द्वन्द्वका कारण आफ्नो जन्मथलोले भोगेको कष्टप्रति कवि पीडित देखिन्छन्।

[२०५] खड़गसिंह राई 'काँढ़ा', सन् १९९३, *मेरो नामले पुगेन मलाई*, दार्जिलिङः युगपरिबोध, पृ. २

आफ्नो जन्मथलोद्वारा परिचित उनी देशमा आफ्नो परिचय निर्माण हुने चेतनाले क्षेत्रीय राष्ट्रिय चेतनाबाट ओतप्रोत छ। दार्जिलिङको समाज, संस्कृतिले दिएको आफ्नो परिचयलाई राजनीतिक हस्तक्षेपले मेटाउन खोज्दा कवि आक्रोसित र पीडीत भएर परिचय सङ्कटको भाव यसरी अभिव्यक्त भएको पाइन्छ। यसले क्षेत्रीय राष्ट्रियचेतनालाई प्रस्तुत गरेको पाइन्छ।

दार्जिलिङको सामाजिक, राजनीतिक परिस्थितिहरूमाथि विभिन्न आयाममा क्षेत्रीय चेतनाका कविताहरू लेखिँदै आएका छन्। उपर्युक्त 'काँढ़ा'-कै कविताको सन्दर्भ राजेन्द्र भण्डारीको 'दार्जिलिङ १९९१' कवितामा यसरी आएको छ-

*रुँदा रुँदा थाकेर रातको तेस्रो प्रहरतिर*
*एकैछिन् निदाउँछिन् पर्वतकी रानी।*
*ब्युँझेपछि छक्क पर्दै छटपटिन्छिन् –*
*कहाँ गयो मेरो गलाको हार ?*
*नाकको फुली कहाँ हरायो ?*
*कहाँ गए राजकुमारहरू ?*

(पृ.२६)

कवितामा जातीय अस्तित्वका निम्ति भएको राजनीतिक आन्दोलनको प्रसङ्ग प्रस्तुत छ। भारतीय नेपालीलाई नेपालसित जोडेर हेरिने नकारात्मक राजनीतिक दृष्टि पहिल्यैदेखि यथावत् छ। यसका विरोधमा गोर्खाहरूको संवैधानिक अधिकारका निम्ति गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (गोरामुमो)-ले भारत-नेपाल मैत्री सन्धिलाई खारेज गरेर छुट्टै राज्यका निम्ति आन्दोलन गरेको थियो।[२०६] भारतमा गोर्खाहरूको छुट्टै राज्य भएको आन्दोलनलाई पश्चिम बङ्गाललगायत भारत सरकारले हिंसक रोक लगाएपछि दार्जिलिङ, कालेबुङको अवस्था सन्त्रस्त, भयभित देखियो। कवितामा प्रयुक्त संवेदनशील अवस्थाले क्षेत्रीय राष्ट्रियताको अभिव्यक्ति दिएको छ।

भण्डारीको'यति भए पुग्छ' कवितामा कविले देशलाई आफ्नो माटो र परिचय मागेका छन्। देशमा अन्य जातिको जस्तै गोर्खा जातिले पनि संवैधानिक अधिकारद्वारा छुट्टै राज्य प्राप्ति गर्ने अधिकार

[२०६] राजेन्द्र भण्डारी, सन् २०१९, *इतिहासको बाडुली*, कालेबुङः उपमा प्रकाशन, पृ. १०४

पाएको हुनुपर्छ भन्ने चेतना पाइन्छ। आफ्नो जातिको छुट्टै संस्कृति, संस्कार अक्षुण्ण रहेको इतिहासका आधारमा छुट्टै अञ्चल वा राज्य हुनुपर्छ भन्ने मागलाई क्षेत्रीय चेतनाको दृष्टिले हेर्न सकिन्छ-

*यो डाँडादेखि त्यो खोलासम्म,*

*यो पहाडदेखि त्यो नदीसम्म,*

*केटाकेटीलाई दगुर्न,*

*भोकाएको आँत पुर्न,*

*पाए हुन्छ मलाई एक टालो माटो।*

*कञ्चनजङ्घाको हत्केलामुनी*

*एक वन चराचुरुङ्गी।*

*एक तिर्खा पानी।*

*एक खलेगरा कुन्यु।*

*एक राग बाँसुरी।*

*एक आँगन देउसी।*

*मैले खोजेको यत्ति।*

(पृ.३७)

कविले आफ्नो जातीय परिचयलाई सुरक्षित राख्नका निम्ति समान संवैधानिक अधिकार वा राजनीतिक अधिकारको माग राखेका छन्। भारतीय सांस्कृतिक विविधाताभित्र गोर्खाको माटो, जातीय संस्कृति बाँच्नका निम्ति छुट्टै परिचयको आग्रहले क्षेत्रीय राष्ट्रियता बोध हुन्छ।

रेमिका थापाको 'लेख्दा' कवितामा विशाल भारतको एउटा सानो क्षेत्रमा रहेर देशप्रति आफ्नो उपस्थिति, राष्ट्रप्रेम अभिव्यक्त भएको छ। भारतीय नेपाली समुदायमा पाइने देशप्रतिको प्रेम, सम्मानलाई कविताले अभिव्यक्ति दिएको छ। देशमा आफ्नो उपस्थिति र समान अधिकारप्रति सचेत रहँदै उनको कविताले क्षेत्रीय राष्ट्रियताबोध यसरी व्यक्त गरेको छ-

*आत्माका सारा उर्जा निकालेर*

*लेख्छु*

*किनभने*

*देशको एकान्त कुना गाउँमा परें म*

*मानचित्रमा*

*यो कुना*

*यो बिन्दु खोजिरहनु*

*कति धैर्य चाहिन्छ*

*मलाई!*

(पृ.१०)

देशको विशाल मानचित्रभित्र आफ्नो जाति, भाषा, संस्कृतिले चिनिने यो क्षेत्र सानो तथा सीमित रहेको अञ्चल कवितामा क्षेत्रीय चेतनाबाट प्रस्तुत गरिएको छ। विशाल भारतमा मेरो गाउँको पनि अंश छ। गाउँबाट भारतको विशालकायलाई हेर्नु धेरै कठिनाइ र चुनौतीपूर्ण हुन्छ भन्ने विचारले देशको केन्द्रबाट आफू टाढा रहेको प्रसङ्ग आएको छ। केन्द्रीय राजनीतिक प्रभुत्वले केन्द्रदेखि परिधिमा परकालाई महत्त्व नदिएको कुरा कवितामा पाइन्छ। यस कवितामा किनारीकृत समूहले न्यायको माग गरेको छ।

कालेबुङको ऐतिहासिक तथा राजनीतिक घटनाहरूको वर्णन रहेको भण्डारीको ‘मभित्रको लिखुभिर धस्किरहन्छ’ कविता क्षेत्रीय चेतनाबाट प्रभावित रहेको देखिन्छ। कालेबुङसँग देशको सम्बन्ध अनि देशभित्र कसरी कालेबुङले आफ्नो राष्ट्रियतालाई प्रस्तुत गरेको छ भन्ने सन्दर्भ कवितामा यसरी आएको छ-

*कालेबुङ!*

*तिमीले धेरै गान्धीहरू जन्मायौ।*

*धेरै जिजसहरू जन्मायौ।*

*धन्य कालेबुङ।*

*कालेबुङ, अचेल सधैँ सधैँ यो ढुङ्गेनी पाखाहरूमा*

*हत्केलाका ठेलाहरू रोइरहन्छन्।*

*चुचुराहरू अचेल*

*यी अप्ठ्यारा बाटाका घाउहरू धोइरहन्छन्।*

*पहाड अचेल*

*आतङ्कको कम्बल ओडेर सुत्छ।*

*आतङ्ककै पाखी बेरेर उठ्छ।*

(पृ. ६१)

राष्ट्रिय परिचयका निम्ति लामो समयसम्म गरेको सङ्घर्ष र ऐतिहासिक घटनाहरूलाई यस कविताले न्याय दिने प्रयास गरेको छ। लामो समयदेखि आफ्नो सुरक्षाको आन्दोलनले केवल चोट, हिंसा, मात्र पाएको दुख्दो पीडाको ऐतिहासिक प्रसङ्ग कवितामा छ।

औपनिवेशिक शासनको क्रुरता सबै भारतीयहरूले भोगेका छन्। स्वाधीनता सङ्ग्राममा भारतीय गोर्खाहरूले पनि रगत बगाएका छन्। स्वाधीनतापछि पनि भारतका कतिपय जातिहरूले सामाजिक, राजनीतिक न्याय पाएका छैनन्। भारतका विभिन्न अञ्चलमा बसोबास गर्ने गोर्खा जातिले आफ्नै स्वतन्त्र राष्ट्रभित्र झेल्दै आएको उत्पीडन मनप्रसाद सुब्बाको‘फर्सीको बोटमा मेरो पहाड़’ कवितामा अभिव्यक्त भएको छ।

*राती फूल्ने सेतो फूल जस्तै*

*फक्रेथ्यो मगमग स्वाधीनतामा यो देश।*

*साउन महिना थियो।*

*मेरो पहाड़भरि पानी परिरहेथ्यो।*

*हामीले त्यसलाई हर्षको आँसु भन्यौं।*

*अनि छानु चुहुने घरमा पनि*

*त्यो आँसुले हामी हाँस्दै भिज्यौं।*

*रक्तिम किल्लामाथि फहराएको झण्डा*

*हाम्रो आकाश भएर टाँगियो*

*अनि हाम्रो सपना*

*फर्सीको बोट भएर झ्याँगियो।*

(पृ. १०६)

औपनिवेशिक शासनको क्रुरता सबै भारतीयहरूले भोगेका छन्। स्वतन्त्रता पाउन भारतीय गोर्खाहरूले पनि आफ्नो महत्त्वपूर्ण योगदान दिएको इतिहास छ। कैयौँ भारतीय नेपालीहरूको उक्त योगदान आजको

समाजले बोध नगरेको भारतीय कविहरू मान्छन्। भारत स्वतन्त्रतापछि पनि भारतका कतिपय जातिहरूले सामाजिक र राजनीतिक अधिकार, न्याय पाएका छैनन्। भारतीय नेपाली/ गोर्खा जाति पनि यीमध्ये एउटा हो।

भारतमा गोर्खाहरूले भोग्न परेको पीडा भनेकै राष्ट्रिय परिचयको सङ्कट हो। यसअतिरिक्त आन्तरिक उपनिवेश, वर्णभेद, जातिभेद जस्ता थुप्रै अन्य समस्याहरू पनि छन्। भारतमा बस्ने प्रत्येक नेपालीका मनमा यो पीडा छ। यही पीडा भारतीय नेपाली कवितामा लेखिएको छ। यस पीडाले आक्रोश पनि व्यक्त गरेको छ तर देशप्रति नभएर सत्ता र व्यवस्थाप्रतिको आक्रोश हो यो। भारतीय नेपाली कविता देशको प्रतिपक्षमा छैन। देशले 'आफू'-लाई पनि आत्मसात् गरुन् भन्ने मागमा यी कविताहरू उभिएका छन्। कवि मनप्रसाद सुब्बा लेख्छन्-

१.

*अन्यथा केही गरेको होइन है मैले ।*
*यति हो कि म जन्मँदाखेरि*
*मैले मुट्ठ्याएर ल्याएको दुई मुट्ठी आकासलाई*
*सोझ्याएर, तन्काएर टाँग्न खोजेको मात्रै हो*
*आफ्नो शिरमाथि*

२.

*इतिहासको यो ग्रुपफोटोमा*
*मेरो फोटो चैँ खोई ?*

(मेरो स्पेस, पृ. ८७)

क्षेत्रीय राष्ट्रियताले भारतमा गोर्खा जातिले पाउनु पर्ने समान संवैधानिक अधिकारतर्फ पनि सङ्केत गर्दछ। स्वाधीनतादेखि नै पहाडमा गोर्खाहरूले आफ्नो जातीय परिचयको सङ्घर्ष गरिरहेको तर त्यो पूरा हुन नसकेको उल्लेख कवितामा छ। देशमा आफ्नो जातीय इतिहासको पनि मान्यता रहोस् र अन्य भारतीय जाति जस्तै आफू पनि निर्धक्क आफ्नो राष्ट्रियमा बाँच्न सकौँ भन्ने भाव कवितामा छ। भारतको इतिहासबाट नेपाली जातिको इतिहास किनारीकृत भएको सन्दर्भ कवितामा छ।

मनप्रसाद सुब्बाको *अक्षर अर्केष्ट्रा* (२००४) कविता सङ्ग्रहभित्रको 'माटोको कुरा' कवितामा आफ्नो अस्तित्वको सुरक्षाका निम्ति छुट्टै राज्यको माग यसरी प्रस्तुत गरिएको छ-

*मैले भने*

*आफू निर्धक्क उभिन सकिने*

*भरिलो र मायालु माटोको कुरा गरेको हूँ*

*अनि एक छानो आकाश टाँगेर*

*सपना र विपना दुवै देख्न सकिने*

*एक घडेरी माटोको कुरा गरेको हूँ*

*कुरा गरेको हूँ एक आँगन माटोको*

*जहाँ छोराको बिहेमा च्याब्रुङ नाचसित*

*बेस्सरी रमाउन पाइरहूँ*

*जहाँ भैलेनी र देउसेहरूसित*

*तिहार हाँस्न पाइरहूँ।*

(पृ. ११२-११३)

### ४.२.४ सांस्कृतिक चेतना

बहुसांस्कृतिक राष्ट्र भारतमा बहुसङ्ख्यक जातिको धर्म,भाषा र राजनीतिक प्रभुत्वले अन्य अल्पसङ्ख्यक जातिका संस्कृतिलाई महत्त्व नदिएको प्रसङ्ग राजेन्द्र भण्डारीले 'दिल्ली अनि म' कवितामा लेखेका छन्-

*दिल्लीमा संसद छ।*

*संसदमा कीर्तन छ।*

*कोरस छ।*

*त्यो कोरसमा*

*ढोलकको चर्को स्वर मात्र सुनिन्छ।*

*त्यसले बिनायो, मुर्चुङ्गालाई क्वाप्पै निल्छ।*

(पृ. १०)

मुर्चुङ्गा, बिनायो आदि नेपाली जातिका लोक बाजा हो। यसले नेपाली जातिको सांस्कृतिक परिचय दिन्छ। दिल्ली अथवा भारतको केन्द्रीय स्थलले उत्तरपूर्वाञ्चल क्षेत्रका नेपाली जातिको सांस्कृतिक परिचयमाथि अदेखा गरेको र उनीहरूले अनुभूत गरेको परिचय सङ्कटको स्वर कवितामा प्रस्तुत गरिएको छ।

टेकध्वज जिम्बा 'आशा'-को 'बगैँचा' कवितामा भारतीय संस्कृतिमा रहेको अखण्डताको भाव, दर्शन, विविधता भित्रको एकताको भाव अभिव्यक्त छ। अनेकौँ जाति, भाषा, धर्म रहे तापनि अहिंसा, सत्य र धर्मले भारत सधैँ अखण्डित तथा शान्तभूमि रहेको कुरालाई कवितामा यसरी देखाइएको छ-

*यो बघैँचामा*

*यी फूलहरू*

*अहिंसा परमोधर्म-मा हुर्किरहेछन्*

*सत्य मेव जयते-मा सप्रिरहेछन्*

*तिरंगा झण्डा-मा फुलिरहेछन्*

*फलतः यी फूलहरूमा*

*सत्यं, शिवं, सुन्दरं-को सुवासनापूर्ण*

*कोपिलाहरू फक्रिरहेका छन्।*

*यी सुन्दर फूलहरू त*

*सद्भावना र सदिच्छामा*

*अखण्डता र एकतामा*

*सुगन्धित भई फुलिरहेका छन्।*

(पृ. १६)

भारतको विविध संस्कृतिमा सबै धर्मलाई सम्मान गरिन्छ। सत्य, आदर्शता र अखण्डताको भावनाले भारतीय संस्कृति बाँचिरहेको छ भन्ने सांस्कृतिक चेतना कवितामा प्रस्तुत भएको छ।

उपर्युक्त कवितामा रहेको विशाल भारतको सांस्कृतिक चेतनालाई पुष्पलाल उपाध्यायको 'देश महिमा' कवितामा यस रूपमा प्रयोग भएको पाइन्छ-

*हाम्रो देश विशाल भारत, यहाँ यौटै बगैँचा भरी।*

*धेरै जाति र धर्मप्राण जनता बस्छन्, गुजारा गरी।।*

*भाषा भाष विभिन्न संस्कृति कला साहित्य धारा यहाँ।*

*मौलाई महकाउँछन् थरी-थरी स्वाधीन यो देशमा।।*

(पृ.२०)

कवितामा विभिन्न भाषिक, सांस्कृतिक वैशिष्ट्य रहेको भारतीय सांस्कृतिक परम्पराप्रति कवि गौरवान्वित अनुभूत गर्छन्।

**४.२.५ भाषिक चेतना**

भाषाले कुनै पनि भाषी तथा जातिको परिचय दिँदछ। विश्वका विभिन्न मानव जातिलाई उनीहरूका भाषा, संस्कृति, राष्ट्रियताका आधारमा चिनिन्छ। भारतमा विभिन्न भाषाहरू छन्। ती भाषाहरूका आफ्ना-आफ्नै इतिहास छन्। भारतमा बोलिने भाषाहरू भारतबाहिर अन्य देशहरूमा पनि विकसित छन्। भारतीय विभिन्न जातिका विभिन्न भाषा साहित्यलाई भारतीय राष्ट्रियताले भारतीय भाषाका रूपमा चिनाउँदछ। भारतीय नेपाली भाषा र जातिलाई भारतीय राष्ट्रियताबाट चिनिन्छ। नेपाली भाषा नेपालीको राष्ट्र भाषा हो। भारतीय नेपाली जातिको राष्ट्रियता भारतीय हो र भाषा नेपाली हो। सन् १९९२ मा नेपाली भाषाले भारतीय संविधानमा मान्यता प्राप्त गरेपछि भाषामाथि धेरै विकास भइरहेका छन्।

सन् १९६० को दशकतिर नेपाली भाषा धेरै विकसित अवस्थामा आइसकेको थियो। साहित्य लेखनमा बौद्धिकता लेखनको आग्रह रहेको देखिन्छ। भाषाको विकासमाथि कवि लेखकहरू उत्तिकै चिन्तित पनि थिए। स्वतन्त्रतापूर्वमै पारसमणि प्रधानले भाषाबारे जागरूकता ल्याए झैँ स्वतन्त्र्योत्तर कालमा आएर हर्कजङ्गसिंह छेत्री पनि आफ्नो भाषाको उन्नति र जातिको परिचयप्रति चिन्तित देखिन्छन्-

*जागौँ जागौँ उठौँ लौ अब तन मनले खूप विद्या पढ़ेर।*

*ज्ञानी मानी हऊँ खूप जगतभर जाऊँ अगाड़ी बढ़ेर।।*

*नेपाली हौं यही लौ, बुझिकन निज भाषा र भूषा नत्यागौं।*

*मासिने छौं नता लौ, बुझि निज नयपालीत्व सम्झौं र जागौं।।*

(जागौं, पृ. ६४)

राष्ट्रवादी चिन्तक एन्डरसनले राष्ट्रलाई एउटा 'काल्पनिक समुदाय' भनेका छन्। एउटा व्यक्ति राष्ट्रियताका आधारमा अर्कोसित जोडिएको हुँदछ। एन्डरसन यसमा भाषा नै एउटा प्रमुख तत्त्व रहेको मान्दछन्, जसद्वारा यस समुदायको कल्पना सम्भव हुँदछ। यस सन्दर्भबाट कुनै पनि भाषाले एउटा समाज, राज्य, राष्ट्रलाई जोड्दछ र त्यही नै राष्ट्रिय परिचयको आधार बन्दछ भन्ने स्पष्ट हुँदछ। भारत स्वाधीनता सङ्ग्राममा पनि भारतीयहरूमा एकता कायम राख्नका निम्ति हिन्दी भाषालाई राष्ट्रभाषाका रूपमा मान्यता दिने पहल भएको पाइन्छ। तत्कालीन समाजको बौद्धिक स्तरमा राष्ट्रिय एकताको माध्यममा सम्पर्क भाषाका रूपमा अङ्ग्रेजी भाषा पनि थियो। भारत स्वतन्त्रता पछि सन् १९५६ मा भाषाका आधारमा राज्यहरूका पुनर्गठन गर्दा धेरै असहमति पनि आएको पाइन्छ। भारतजस्तो बहुभाषिक राष्ट्रमा भाषिक राष्ट्रवादको ठुलो चुनौती देखा पर्दछ। विभिन्न जातिका आफ्ना-आफ्नै भाषा रहे तापनि भारतीय राष्ट्रियताका आधारमा ती सबैलाई भारतीय भाषाका रूपमा मान्यता दिइएको छ।

भारतीय सन्दर्भमा भाषिक राष्ट्रवादबारे अनेकौँ धारणा पाइए तापनि भारतीय प्रत्येक जातिको परिचय भाषासित सम्बद्ध छ। सन् २०१७ मा पश्चिम बङ्गाल सरकारले बङ्गला भाषालाई राज्यका सबै स्कुलमा अनिवार्य रूपमा पठ्यक्रममा राखिनुपर्ने सूचना जारी गरेपछि नेपाली बहुलवादी क्षेत्र दार्जिलिङमा यसको विरोध उग्र रूपमा भयो। दार्जिलिङका नेपाली मातृभाषीहरूले यसको विरोध गर्दै आफ्नो भाषा, संस्कृति, जातिको सुरक्षाका निम्ति पुनःछुट्टै राज्यको माग आन्दोलन गरे। भाषा एउटा जातिको परिचय मात्र नभएर जातिको संस्कृति, इतिहास, अस्तित्व रहेको पुष्टि गर्दै मनप्रसाद सुब्बा लेख्छन्-

*मेरो इतिहासको मुखभित्र जुन जिब्रो छ नि*
*त्यसको आकृति नै मेरो गाउँको मानचित्र हो*
*र त्यो जिब्रोले*
*जुनै भाषा बोले पनि*
*कुरा चैं त्यसको कहिले बद्लिने होइन।*

(मेरो इतिहासको कुरा, पृ. ९६)

भारतमा नेपाली जातिको युगौँ पुरानो इतिहास छ, जसलाई आफ्नो भाषाले पुष्टि गर्दछ। भाषाले नै नेपाली समुदायलाई जोडेर राखेको र त्यही नै आफ्नो परिचय रहेको कुरा उपर्युक्त कविताको मूल स्वर हो।

कवितामा सबाल्टर्न स्वर छ। भारतीय नेपाली जातिको आफ्नै भाषा, संस्कृति, इतिहास छ, जो भारतका अन्य जातिजस्तै भारतीय राष्ट्रियताबाट चिनिन्छ भन्ने सन्दर्भ पनि यस कवितामा आएको पाइन्छ।

### ४.२.६ धार्मिक राष्ट्रवाद

पुष्पलाल उपाध्यायले 'आसाम' कवितामा भारतीय संस्कृति, धर्म आदिका विविधतापूर्ण राष्ट्रलाई धार्मिक राष्ट्रियताको दृष्टिबाट हेरेका छन्। असमको जातीय संस्कृति, धार्मिक स्थललाई भारतको धार्मिक परम्परा तथा मान्यतासित जोडेर हेरेका छन्-

*(१६)*

*प्रधान तीर्थस्थल हिन्दूजातिको।*
*यहीं छ कामाख्या प्रसिद्ध धाम यो।।*
*छ उच्च नीलाचलमा विराजित।*
*बहन्छ जस्को मुनि ब्रह्मपुत्र।।*

*(१७)*

*वसिष्ट संतुष्ट हुने प्रसाधन ।*
*सजाइएको ऋषिको तपोवन ।*
*लता लता तोरण कुंज बन्धन ।*
*छँदैछ यो सुन्दर शान्ति आश्रम ।।*

(पृ. ९८-९९)

कवि उपाध्यायले कवितामा असमको धार्मिक, सांस्कृतिक पक्षको वर्णन गरेका छन्। असम भारतको एउटा क्षेत्र भएका हुनाले अनि भारतीय संस्कृतिबाटै परिचित हुनाले यसलाई भारतीय धार्मिक राष्ट्रियताको चेतना मान्न सकिन्छ। भारत धर्मनिरपेक्ष राष्ट्र हो। प्राचीन भारतको हिन्दू सभ्यता र संस्कृतिलाई मान्यता दिएर भारतमा हिन्दू धर्मलाई अधिक महत्त्व दिइन्छ।

भारतीय धार्मिक राष्ट्रियताले भारतीय दर्शन, संस्कृति र आध्यात्मिकतालाई केन्द्रीय तत्त्वका रूपमा चर्चा गर्दछ। धार्मिक चेतना कुनै सम्प्रदायले बनाएको धार्मिक संस्कृति होइन। भारतीय धार्मिक चेतना भारतीय प्राचीन सभ्यतादेखि विद्यमान रहेको पाइन्छ। यसले आध्यात्मिक ज्ञान, दर्शन तथा सत्य

कर्मलाई महत्त्व दिँदछ। हर्कजङ्गसिंह छेत्रीको 'सत्यं शिवं सुन्दरम्' कवितामा सत्य कर्म नै धर्म हो भन्ने धारणालाई धार्मिक चेतनाद्वारा प्रस्तुत गरिएको छ-

*बुझ मृण्मय हुँ अनि चिन्मय हुँ।*

*भय मानव दानवको पनि हुँ॥*

*चिर दुर्जय अक्षय अव्यय हुँ।*

*अनि आदि अनादि अनन्त म हुँ॥१॥*

(पृ. ८५)

वेदान्त दर्शनमा भनिएको छ-'ब्रह्म सत्य, जगन्मिथ्या, जीवो ब्रह्मैव नापर', अर्थात् ब्रह्म सत्य हो, जगत् मिथ्या वा भ्रम हो, जीव ब्रह्म नै हो, अर्को होइन।[२०७] उपर्युक्त कवितामा आदि अनादि अनन्त म हुँ भनेर भौतिक संसार क्षणिक हो, यो अन्त हुन्छ तर शिवं अनन्त छ भन्ने बुझिन्छ। वेद, उपनिषद्, पुराणतिर सत्यम् शिवम् शुन्दरम्बारे विभिन्न आधारबाट वर्णन गरिएको पाइन्छ। यसको मूल अर्थ ब्रह्म मात्र सत्य हो भन्ने पाइन्छ। शास्त्रमा आत्मा, परमात्मा, प्रेम र धर्मलाई सत्य मानिएको छ।

भौतिक संसारमा सत्यलाई सही कर्मका रूपमा बुझिन्छ। कविले सत्य मार्ग, सत्य कर्म, लोक कल्याण र आत्मशान्तिद्वारा सत्य प्राप्त हुने धारणा राखेका छन्। भारतीय दर्शनमा सत्यम् भन्नाले योगद्वारा प्राप्त यमको दोस्रो अङ्ग भनेर मानिन्छ। हिन्दू धर्ममा ब्रह्मलाई नै सत्य मानिन्छ। ब्रह्म निराकार, निर्विकार अनि निर्गुण हो भनिन्छ। यस अर्थमा आत्मा नै सत्य हो, जो अजर अमर तथा निर्विकार छ भन्ने मान्यता छ। भारतीय दर्शनमा शिवम् भन्नाले भौतिक संसारले मानेर आएको भगवान् शिव नभएर निराकार, निर्गुण अनि अमूर्त सत्यका रूपमा बुझिन्छ। कवितामा दार्शनिक अर्थले भारतीय दर्शनको ज्ञान दिए तापनि सर्वसाधारणले यसलाई केवल शिव भगवान् नै सत्य र मोक्ष प्राप्ति हो भनेर पुज्दै आएको छ। शिवलाई ईश्वरका रूपमा पूजा गर्ने भारतीय परम्परा छ। भारतीय धार्मिक चेतनाले लोक कल्याण, उपकार, शान्तिलाई मान्यता दिँदछ।

[२०७] श्रीनिवास गणेश सरदेसाई, सन् २०१३, बालकृष्ण श्रेष्ठ (अनु), *भारतीय दर्शन*, नेपालः मानववादी समाज, पृ. ७६

### ४.२.७ उत्तरऔपनिवेशिक चेतना

भारतीय नेपाली कवितामा सन् १९७० को दशकदेखि नै जातीय राष्ट्रियता तथा राष्ट्रिय परिचयका स्वरहरू अभिव्यक्त हुँदै आएको पाइन्छ। उत्तरऔपनिवेशिक चेतनाद्वारा विकसित सबाल्टर्न, किनारीकरण, राष्ट्रिय परिचय जस्ता लेखन प्रवृत्तिलाई राजेन्द्र भण्डारी, केवलचन्द्र लामा, मनप्रसाद सुब्बा, रेमिका थापा, सुधीर छेत्री, वासुदेव पुलामी, भूपेन्द्र सुब्बा, उज्वल बम्जन, कर्ण विरही, राजा पुनीयानी, मनोज बगोटी प्रभृति कविहरूले आत्मसात् गर्दै आएका छन्।

हैकमवादी केन्द्रीय शक्तिको विरोध उत्तरऔपनिवेशिक चेतनाको मुल स्वर रहेको पाइन्छ। समकालीन भारतीय नेपाली कवितामा किनारीकरण, सबाल्टर्न र परिचय सङ्कटका स्वरहरू देशसित बाँचेको युगौँ पुरानो इतिहासलाई अदेखा गरेर आफ्नो इतिहासको जरा उखेल्न खोज्ने केन्द्रीय शक्तिको अघि चुनौती बनेर उभिएको छ। तिन शताब्दीसम्म औपनिवेशिक शोषणले उत्पीडित देशबासीले स्वतन्त्रतापछि पनि देशभित्रै धार्मिक, सामाजिक, आर्थिक, राजनीतिक भेदभाव, षड्यन्त्र भोग्नु भनेको असफल राजनीतिक व्यवस्था हो। देशको यही कठोर अनि असफल राजनीतिक व्यवस्थाप्रति असन्तुष्ट र क्रोधित बन्दै कवि वासुदेव पुलामी लेख्छन्-

*देशले क्याट्रिना क्याफले बिकिनीमा फोटो खिँचेको देख्न सक्छ,*  
*देशले पोर्नस्टारहरू आइटम सङ्मा नाचेको देख्न सक्छ,*  
*देशले बिग बीको चस्मा कति महङ्गो हो, त्यो देख्न सक्छ।*  
*देशले देख्दैन*  
*किसानहरूका खेतमा खडेरी सल्केको*  
*जनताहरूका बस्तीमा असमानताको आगो भड्किएको*  
*जनताहरूका गाउँघरमा आतङ्कको धुवाँ उठेको*  
*केही देख्दैन देशले।*

(गान्धीजीको चस्मा, पृ. ६०)

देशमा असमानता, आतङ्क, अन्यायको उत्तरदायी असफल राजनीतिक व्यवस्था रहेको कुरा कविले दाबी गरेका छन्। सत्ता सधैँ ऐयासीमा डुबेर भौतिक भोगमा लिप्त रहेर देशको समस्या, दुःख, पीडालाई

अदेखा गरेको तथ्य विश्वकै राजनीतिक इतिहासमा साक्षी छ। यही सन्दर्भबाट कविले देश चलाउने राजनीतिक व्यवस्थाको चरित्रलाई कवितामा प्रस्तुत गरेका छन्।

### ४.२.७.१ किनारीकृत स्वर

विभिन्न सामाजिक, राजनीतिक परिस्थितिका कारण देशका मूलवासीहरू किनारीकृत भएको स्थितिलाई किनारीकृत लेखनले प्रस्तुत गर्दै आएको छ। उत्तरऔपनिवेशिक कालमा आफ्नै देशभित्र परिचय सङ्कटको घेरोमा बाँचिरहेको समूहको स्वरका रूपमा किनारीकरण लेखन प्रचलित छ। भारतीय नेपाली कवितामा मनप्रसाद सुब्बा र रेमिका थापाकृत *किनाराका आवाजहरू* (सन् २००८)-ले किनारीकृत लेखनको माइलखुट्टी स्थापना गरेको छ। उत्तरऔपनिवेशिक लेखनमा देखापरेको सबाल्टर्न, किनारीकरण जस्ता विषयमा केन्द्रित *किनाराका आवाजहरू*-का कविताले केवल भारतीय सन्दर्भलाई नलिएर विश्वकै सन्दर्भलाई प्रस्तुत गरेको छ। युगौँ पुरानो आफ्नो इतिहासलाई किनारीकृत गरिएको सन्दर्भ मनप्रसाद सुब्बाको कवितामा यसरी प्रस्तुत भएको छ-

*अरे! यहीँ त बसेको छु म*
*शताब्दी शताब्दीको भुइँमुनि पैताला रोपेर*
*बसेको बसेकै बसिराखेकै छु आमाको सालनालसितै*
*तर किन आज म छेउ लागिसके ह ?*
*कुन्नी कस-कसले हुत्त्याएर ठेलेर डिलमै पुऱ्याइसक्यो*
*मलाई*
*डिलमुन्तिर चैं छ मुख आँ गरिबसेको –*
*विलुप्तिको*
*ब्ल्याकहोल!*

(छेउबाट, पृ. ८१)

सुब्बाको यस कवितामा विश्वकै किनारीकृत समूहको स्वर छ। सामाजिक, राजनीतिक, आर्थिक चुनौती र परिस्थितिका कारण विश्वका कैयौँ जातीय समूह किनारीकरणको समस्याले ग्रस्त छन्। भारतको आदिवासी, दलित जस्ता समुदायसित पनि उपर्युक्त कविताले सम्बन्ध राख्दछ। भारतीय नेपाली जातिको

राष्ट्रियतालाई हेर्ने शङ्कालु दृष्टिलाई पनि यस कविताले आफ्नो शताब्दीऔँ पुरानो इतिहास देखाएको छ। यस प्रसङ्गलाई 'विकल्पहीन यात्रा'-मा भण्डारी यसरी लेख्छन्-

*म चिच्याउँछु।*
*देशले कान थुन्छ।*
*मेरो रुवाइको मलजलमा*
*मिडिया बाघ हुन्छ।*
*'ए नबडार मलाई, म कसिङ्गर होइन'*
*जब म कुर्लिन्छु*
*बडेमाको एनाकोन्डाले मेरो आवाज निल्छ।*

(पृ. ४१)

### ४.२.७.२ सबाल्टर्न स्वर

इटालेली मार्क्सवादी चिन्तक एन्टोनियो ग्राम्सीले सर्वप्रथम सबाल्टर्न शब्दलाई निम्न वा तल्लोवर्गको समूहको रूपमा चर्चामा ल्याएका थिए। ग्राम्सीले 'सबाल्टर्न' शब्दलाई 'प्रोलेटेरियट'-को पर्यावाचीका रूपमा चर्चा गर्दै समाजको निम्नवर्ग, निमुखा, सामाजिक, राजनीतिक, आर्थिक हक अधिकारबाट बञ्चित समूहका रूपमा चिनाएका छन्।[२०८] उत्तरऔपनिवेशिक अध्ययनले समाजका, देशका मूलधारा वा केन्द्रीय शक्तिले (राजनीतिक व्यवस्था, सरकार तथा हैकमवादी समूह) देशको मूलधारामा गन्ती नगरेको, ओझेलमा परेका निम्नवर्ग, कृषक, मजदुर, दलित आदिको भाषा, साहित्य, संस्कृतिलाई सबाल्टर्न अध्ययनमा ल्याएको पाइन्छ। घनश्याम नेपाल लेख्छन्- 'समकालीन सन्दर्भमा सबाल्टर्न शब्द शक्ति सम्पन्न पहिलो विश्व र तिनका प्रभावमुनि थिचिएका, अन्तर्राष्ट्रिय मञ्चमा लुते, कमजोर, अविकसित भनेर एक कुनामा थन्काइएका मुलुकहरूबिचको अन्तर परिभाषित गर्ने क्रममा ती पछिल्ला वर्गका मुलुक र तिनका सांस्कृतिक स्थितिलाई दिइने संज्ञाका रूपमा प्रचलित छ।'[२०९] नेपालको मतानुसार

[२०८] एन्टोनियो ग्राम्सी, http://en.wikipedia.org/wiki/subaltern-postcolonialism, 20 feb.2022, 10.45 pm

[२०९] घनश्याम नेपाल, सन् २००५,'सबाल्टर्न यो कसको कुरा हो', चन्द्र खालिङ (सम्पा), *नयाँ सिक्किम*, वर्षः१, अङ्कः ३, सिक्किमः गान्तोक, पृ. ३८

पूर्वउपनिवेशित देशका सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा दुर्बल निम्नवर्गलाई प्रतिनिधि दिएर लेखिने उत्तरऔपनिवेशिक विमर्शकै एउटा अंशका रूपमा सबाल्टर्न लेखनलाई बुझ्न सकिन्छ।

सन् १९८० को दशकदेखि दक्षिण एसियाली मुलुकहरूबाट सबाल्टर्न अध्ययन सुरु भएको पाइन्छ। यसले उपनिवेशकालको एसियाली जाति, भाषा, संस्कृतिलाई अध्ययनमा ल्याएको देखिन्छ। रणजीत गुहा, पार्थ च्याटर्जी, सहिद आमिन प्रभृति चिन्तकहरूले सबाल्टर्नलाई विस्तृत अध्ययनमा ल्याएका छन्। समकालीन भारतीय नेपाली कवितामा देखिएका सबाल्टर्न लेखन प्रवृत्तिले भारतीय नेपालीहरूसँगै विश्वकै सबाल्टर्न समूहको आवाज बोलेको छ।

भारतीय नेपाली समुदाय आर्थिक, सामाजिक, शैक्षिक क्षेत्रमा कमजोर छैनन्। देशसितको आफ्नो इतिहास छ। भारतको मूल अन्य जातिसरह नेपाली जातिको पनि खाँटी नागरिकताको प्रमाण छ। स्वतन्त्रता पछि पनि दार्जिलिङका नेपाली जातिले माग्दै आएको संवैधानिक अधिकार, राजनीतिक अधिकार (गोर्खाल्यान्ड) पुरा नभएको र देशले जातीय अधिकारमाथि अदेखा गरेको उत्पीडन सबाल्टर्न, किनारीकरण र राष्ट्रिय परिचयको सङ्कट जस्ता स्वरमा अभिव्यक्त हुँदै आएको छ। गणतान्त्रिक राष्ट्रमा आफ्नो जातिको संवैधानिक अधिकारलाई देशले दबाएर राखेको पीडा मनप्रसाद सुब्बाको 'सबल्टर्नको शिर' कवितामा यसरी आएको छ-

*उनीहरू सधैँ*  
*सबल्टर्नको गह्रुङ्गो हेल्मेटले*  
*मेरो टाउको थिचिराख्न चाहन्छन्।*  
*हेल्मेटदेखि मास्तिर*  
*आफ्नो आकाश छ कि छैन*  
*यो थाह हुनुहुँदैन सबल्टर्नलाई!*

(पृ. ८७)

सबाल्टर्नले स्वभिमानसित बाँच्नु पाउनु हुँदैन भन्ने शक्तिसम्पन्न केन्द्रीय समूहको हैकमवादी सोँच कवितामा सोझै अभिव्यक्त छ। पुँजीवाद, राजनीतिक शक्तिले सधैँ निम्नवर्गलाई प्रयोग गरेर आफ्नो हैकम

चलाएको उनीहरूको हक अधिकार, मूल्य, मान्यतालाई पन्साइरहेको वैश्विक सबाल्टर्न समूहको स्वर उपर्युक्त कवितामा प्रस्तुत भएको छ।

'सबाल्टर्नस् भिक्टोरी' (सम्पादकीय, अप्रेल २०१३)-मा प्रकाशित भारतको वित्त मन्त्री पि चिदमबरमले एक समय आदिवासी समुदायलाई अपमान गरी 'तिनीहरू जङ्गलमा बस्छन्'[२१०] भनेको घटनालाई उद्दरण गरेर मनप्रसाद सुब्बाले आदिबासी समुदायको आवाज यसरी बोलेका छन्-

*'तिनीहरू जङ्गलमा बस्ने त हुन् नि!'*
*त्यसो नभन्नोस् मन्त्रीज्यू!*
*बरु भन्नोस् – 'तिनीहरू जङ्गलसित बस्छन्*
*अनि जङ्गल तिनीहरूसित बस्छ!'*
*जङ्गलको कोखबाट जन्मेका तिनीहरू*
*जङ्गली होइनन्, तर जङ्गलका हुन्*
*अनि जङ्गल तिनीहरूको हो*
*जस्तो कि तपाईलाई जन्माएर हुर्काउने आमा*
*तपाईंकै हुन्।*

(ती जङ्गलकाहरू, पृ. ९३)

आदीवासी समुदाय भारतको प्राचीन इतिहासित जोडिएका समुदाय हुन्। देशको राजनीतिक दृष्टिले असभ्य र जङ्गली भनेर देशको मूलधारादेखि सधैँ पन्साउँदै आएको घटनाप्रति कवि संवेदनशील बन्छन्। उनीहरूको वास्तविक इतिहासलाई देखाउँदै अग्रिम अनि खाँटी देशवासीका रूपमा चिनाएका छन्। उनीहरूको राष्ट्रियता फर्जी होइन। उनीहरू स्वतन्त्र रूपमा कुनै राजनीतिक, आर्थिक प्रलोभन नबोकी भारतको माटोमा जिउँने भारतीय हुन् भनी कविले चिनाएका छन्। देशको उच्च मर्यादाको स्थानमा बसेर देशकै एउटा आदिम इतिहास बोकेको समूहलाई अपमान गर्ने नकारात्मक दृष्टिप्रति भण्डारी पनि असन्तुष्टि व्यक्त गर्दै प्रश्न गर्छन्-

*ओ सत्ता,*

---

[२१०] मनप्रसाद सुब्बा, सन् २०१३, *भुइँफुट्टा शब्दहरू*, काठमाडौँ: साङ्ग्रिला पुस्तक प्रा ली., पृ. ९३

*तिमी कस्तो भाषा बुझ्छौ ?*

*तिम्रो नाचको व्याकरण के हो ?*

*कुन लय, कुन ताल, कुन गमक हो ?*

(सत्तासँग, पृ.१६)

राजनीतिक हस्तक्षेप, शोषण, दमनका कारण कैयौँ जातीय समुदायको मौलिक अधिकारमाथि खेलाइँची गरेको इतिहास छ। सत्ताले कहिल्यै जनताको कुरा नसुनेको, जनता सत्ताकै कठपुतली हुँदै आइरहेको घटनालाई कविले प्रस्तुत गरेका छन्। जनताले भोट दिएर, शक्ति दिएर सरकारमा पुऱ्याएको सत्ता जनतालाई समानता र सुरक्षा दिन नसकेको प्रसङ्ग कवितामा प्रस्तुत भएको छ।

आफूलाई सधैँ निम्नवर्ग, मजदुरवर्ग सम्झिने पुँजीवादी हैकमलाई रेमिका थापा प्रश्न गर्छिन-

*रत्नमाया लिम्बुनीको सात पुस्ताअधिका पूर्खाले रोपेको*

*बाक्लो छायाँदार वरपीपलको शानदार पाखुरामा*

*अचानक कसले झुन्ड्यायो*

*यो बडेमानको होर्डिङ- 'मालिक नगर'।*

*मालिक को हँ?*

*को?*

(भुइँ टेकेर बाँच्नेहरू-२, पृ. ५१)

देशमा सात पुस्ता अघिको आफ्नो इतिहासलाई प्रमाणित गर्दै आखिर मालिक को हो ? ती पुँजीवादी हैकम शक्ति जमाउने समूह कि त्यस ठाउँका सातपुस्ता अघिका जाति समूह ? भनेर प्रश्न गर्छिन्। एउटा जातगोष्ठीले अर्को जातीय समूहको इतिहासलाई किनारीकृत गरिरहेको सन्दर्भ कवितामा व्यक्त गरिएको छ। यसले कुनै एउटा जातिको इतिहास, संस्कृति, परिचयलाई अर्को जातिले अतिक्रमण गरेर मेटाउन खोजेको वैश्विक चुनौतीलाई देखाएको छ।

### ४.२.७.३ परिचय सङ्कटको स्वर

उत्तरऔपनिवेशिक समयमा विश्वका विभिन्न राष्ट्रहरूमा परिचय सङ्कट एउटा ठुलो चुनौतीका रूपमा उभिएको छ। वैश्वीकरण, बजारवाद, आतङ्कवाद, शरणार्थीको बढ्दो प्रभावमा परिचय (आइडेन्टिटी) मुख्य बिषय बनेको छ। कुनै पनि जातिलाई आफ्नो भाषा, जाति, संस्कृति र राष्ट्रियताले परिचय दिएको हुन्छ। यसमा राष्ट्रिय परिचय अधिक महत्त्वपूर्ण बन्दै आएको छ। औपनिवेशिक शासनको अन्त्यपछि राष्ट्रिय परिचयलाई उत्तरऔपनिवेशिक अध्ययनले केन्द्रीय विषयका रूपमा चर्चा गर्दै आएको छ।

देशभित्र आफ्नो परिचय सङ्कटमा परेको पीडा भण्डारीको कवितामा यसरी आएको छ-

*आमाको पाठेघरबाट निस्किएपछि*
*सधैँलाई बेघर।*
*छानु होइन घर।*
*घर भित्ता पनि होइन।*
*दैलो, खिड्की, चौकी पनि होइन।*
*मनको झोला*
*फ्यात्त फ्याँकेर बिसाउन पाइने*
*चौतारी हो घर।*
*सपनाको आकाश*
*आस्थाको भुइँ हो घर।*

(घरमा घर छैन, पृ. २१)

युगौँदेखि आफ्नै देशमा आफू अपरिचित बनेको सन्दर्भ ज्वलन्त रूपमा भारतीय नेपाली कवितामा प्रस्तुत हुँदै आएको छ। भारतमा नेपाली जातिको राष्ट्रियतालाई देशको सत्ता, सरकार, राजनीतिले मान्यता नदिएको र हेय् दृष्टिले हेरेको संवेदनशील स्थितिलाई उत्तरऔपनिवेशिक लेखनले प्रस्तुत गर्दै आएको देखिन्छ। देश निर्माणमा युगौँदेखि रगत पसिना बगाउँदै आएका नेपाली जातिको इतिहासलाई देशको इतिहासबाट बाहिऱ्याउन खोजेको र आफ्नो परिचयलाई किनारा गरिएको सन्दिग्ध अवस्थालाई 'मोहब्बत गल्ली र मार्क्स' कवितामा सुधीर छेत्री लेख्छन्-

*उसको फुटेको कुर्कुच्चा –कलमबाहिर*

*उसको फाटेको दौरा –शब्दबाहिर*

*उसको छेपारीको नसा –कागजबाहिर*

*उसको सम्झना, इच्छा, इतिहास*

*रङ्ग, आवाज*

*सबै अक्षरबाहिर।*

(पृ.५०)

अगमसिंह गिरीको 'मोहब्बत गल्ली' कविताको मजदुरी गर्ने, पसिना बगाएर श्रम गर्ने नेपाली जाति सुधीरको कवितामा वर्गसङ्घर्षको पात्र बनेको छ। गिरीले अङ्ग्रेजकालीन दार्जिलिङको मजदुरी जीवनलाई यसरी लेखेका छन्-

*मुखमा हाँसो छैन जुटेको मनको मौन पुकार*

*द्रवित आत्मा नेपालीको गर्छ यहाँ चित्कार*

*यहीं छ जर्जर नेपालीको पशुवत जीवन हेर*

*शोषितहरूको करुण कथा छ मोहब्बत –गल्ली नेर*[२११]

कविताको 'मार्क्स' युगौँदेखि देश निर्माणमा रगत बगाउने सङ्घर्षित र पौरखी जाति, भारतीय नेपाली जाति हो। वर्तमानसम्म आफ्नो परिचयलाई राष्ट्रमा स्थापित गर्न असफल रहेको सङ्घर्षको पीडा सुधीरको कवितामा अभिव्यक्त छ।

औपनिवेशिक शासनको अन्त्यपछि विश्वका पूर्वउपनिवेशित देशहरूमा स्वतन्त्र, स्वराज्य, गणतन्त्र तथा लोकतन्त्रका आधारमा स्वतन्त्रता, समानता र समान राष्ट्रियता परिचयका संवैधानिक अधिकार साथै मान्यताहरू बनिए। एउटा राष्ट्रभित्र सबैको समान अधिकार रहे तापनि राजनीतिक शक्तिले असमानता ल्याएका तथ्यहरू छन्। राजनीतिक र आर्थिक शक्तिका कारण देशभित्रै असमानता उत्पन्न भएपछि उपनिवेशवादकै अर्को रूप आन्तरिक उपनिवेशवाद सृजना भएको छ। सन् १९६० देखि अमेरिकामा उग्र रूपमा अघि आएको परिचय, समानताको आन्दोलनमाथि चर्चा गर्दै फ्रान्सिस

[२११] विजयकुमार राई (सम्पा), सन् १९९८, *अगमसिंह गिरी रचनावली*, नाम्चीः निर्माण प्रकाशन, पृ. २९२

फुकुयामाले परिचय विषयमा चर्चा गरेका छन्। कुनै व्यक्ति, जाति, वंश, रूप, व्यवहार हेरेर परिचय दिनु भनेको असमानता वा अन्याय हो। व्यक्तिको परिचय राष्ट्रसित जोडिएको हुन्छ। राष्ट्रमा सबैले एउटै परिचय र समानता पाउनु राष्ट्रिय परिचयको उद्देश्य बन्दछ भन्ने कुरा फुकियामाले गरेका छन्।[२१२] राष्ट्रमा आफ्नो परिचयलाई अरूले लगाएको अपरिचितको दाग बोकेर बाँच्नु परेको, राष्ट्रिय परिचयको सङ्कट झेल्नु परिरहेको उत्पीडन रेमिका थापाको 'नामको गम्भीर मुद्दा' कवितामा यसरी व्यक्त भएको छ-

*आम बजेटको मसौदामा मेरो नाममाथि बहस कहिलेदेखि*
*हुने?*
*सधैँ 'अन्य'-को लहरमा उभेको लोकतन्त्रको सिङ्गो*
*संज्ञामाथि*
*राष्ट्रिय छलफल कहिलेदेखि हुने?*

(पृ. ७६)

देशले भारतीय नेपालीलाई 'अन्य' भनेर वा विदेशी भनेर राष्ट्रिय परिचयमा लगाएको लान्छना कवितामा यसरी अभिव्यक्त हुन गएको छ।

### ४.३ निष्कर्ष

स्वतन्त्रतापूर्व र स्वातन्त्र्योत्तर भारतीय नेपाली कवितामा विभिन्न प्रवृत्तिबाट राष्ट्रियताबोधका स्वरहरू प्रयोगमा आएका छन्। स्वतन्त्रतापूर्वका कवितामा जातीय भावना केन्द्रीय स्वरका रूपमा आएको छ। जातीय भावनासँगै भारतीय सांस्कृतिक चेतना, समाज सुधारका सन्देशहरू, नैतिक उपदेश आदि स्वतन्त्रतापूर्वका कविताहरूमा पाइने मूल प्रवृत्ति हुन्। त्यस समय नेपाली कवितामा प्रत्यक्ष रूपले राष्ट्रिय चेतनाका कविताहरू लेखिएका छैनन्। जाति, भाषा, संस्कृति चेतनाजस्ता विषय नै अधिक रूपमा कवितामा आएका छन्। भारतीय सांस्कृतिक चेतना र भक्तिमूलक स्वरहरू स्वतन्त्रतापूर्वका कविताहरूमा धेरै आएका छन्।

---

[२१२] फ्रान्सिस फुकुयामा, सन् २०१८, *आइडेन्टिटीः कनटेम्पोरेरी आइडेन्टिटी पोलिटिक्स एन्ड दि स्ट्रगल फर रिकग्निसन*, लन्डनः प्रोफाइल बुक्स लिमिटेड, पृ. १०६

स्वातन्त्र्योत्तर भारतीय नेपाली कविताको प्रारम्भिक चरणमा स्वतन्त्रतापूर्वकै लेखन प्रवृत्तिको प्रभाव देखिन्छ। सन् १९७० को दशकसम्म जातीय भावना नै केन्द्रीय स्वर बनेको छ। सन् १९७० को दशकदेखि यता उत्तरऔपनिवेशिक विभिन्न अवधारणाहरूलाई आत्मसात् गरेर राष्ट्रिय परिचय सङ्कट, किनारीकृत स्वर, सबाल्टर्न, आन्तरिक उपनिवेशी स्वर कवितामा यथेष्ट रूपले आएका छन्। स्वातन्त्र्योत्तर भारतीय नेपाली कवितामा राष्ट्रिय चेतनाका विविधताको प्रयोग पनि उत्तिकै प्रयुक्त छन्। राष्ट्रप्रेमका कविताहरू विभिन्न प्रवृत्तिबाटबाट अभिव्यक्त भएका छन्।

# पाँचौँ अध्याय

# उपसंहार र निष्कर्ष

## ५.१ उपसंहार

“भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना” शीर्षकमा प्रस्तुत शोधप्रबन्धमा राष्ट्रिय चेतनाका विभिन्न प्रकारहरूका आधारमा भारतीय नेपाली कविताको अध्ययन गरिएको छ। यसमा स्वतन्त्रतापूर्व र स्वातन्त्र्योत्तर कालका नेपाली कविताहरूमा राष्ट्रिय चेतना कसरी प्रयोग हुन गएको छ भन्ने विषयको अध्ययन विश्लेषण गरिएको छ।

एक विशेष जाति, धर्म, समाज, अवस्थान, अनि संस्कृतिको समष्टि रूप हो राष्ट्र। वर्तमान समयमा राष्ट्र एउटा निश्चित राजनीतिक मानचित्र भएको देश विशेषको पर्याय बन्न गएको छ। यसले आफू बसोबास गर्दै आइरहेको राष्ट्रप्रतिको प्रेमभाव अनि त्यससित रहने अन्तर्सम्बन्धलाई जनाउँदछ। राष्ट्रिय चेतना यही सम्बन्धबाट विकसित अवधारणा हो। एकातिर यसले दिनप्रतिदिन आफूलाई उत्तरोत्तर विस्तारित गराउँदै लगिरहेको छ भने अर्कोतिर यो अझ अन्तर्ज्ञानानुशासनात्मक पनि बन्दै गइरहेको छ। तसर्थ यो केवल राजनीति केन्द्रित शब्द मात्र नभएर समकालीन साहित्य अध्ययन परम्परामा एउटा केन्द्रीय विमर्शको विषय पनि बन्न गएको छ। कारण यससित रहने मानव जीवनका विविध सम्बन्ध र पक्षलाई भारतीय नेपाली कविता विधामा विगत धेरै समयदेखि सम्प्रेषित हुँदै आइरहेको छ।

भारतीय नेपाली कवितामा निहित यस प्रकारको राष्ट्रिय चेतनाका विभिन्न स्वरलाई राष्ट्रिय चेतनाका विभिन्न भेदका आधारमा अध्ययन विश्लेषण गरिएको छ। राष्ट्रिय चेतनाको प्रयोगको थालनी भारतीय नेपाली कवितामा कहिलेदेखि सुरु भयो भन्ने खोजीमा स्वतन्त्रतापूर्व र स्वातन्त्र्योत्तरकालका कविता लेखनलाई दुईवटा काल खण्डमा विभाजन गरिएको छ। यी कविताहरूमा विभिन्न प्रयोग, प्रवृत्तिको अध्ययन गर्दै यस शोधमा राष्ट्रियता, राष्ट्रप्रेम, राष्ट्रिय परिचयका प्रवृत्तिगत अध्ययन गरिएको छ। भारतीय नेपाली कवितामा राष्ट्रिय चेतनाको अध्ययन गर्ने क्रममा यस शोधप्रबन्धमा उठान गरिएका शोधसमस्याको समाधान हेतु शोध विषयलाई सरल र बोधगम्य तुल्याउनका निम्ति पाँचवटा अध्यायमा विभाजन गरिएको छ।

पहिलो अध्यायमा शोध परिचय रहेको छ। यस अध्यायअन्तर्गत (क) भारतीय नेपाली कवितामा भारतीयतालाई कसरी प्रस्तुत गरिएको छ ? (ख) भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना भित्रिनुमा कुन कुन कारण हुन सक्छन् ? (ग) राष्ट्रिय चेतनाको अभिव्यक्ति कसरी भएको छ? (घ) नेपाली कवितामा अभिव्यक्त राष्ट्रिय चेतनाले भारतीय नेपाली जातिको राष्ट्रिय चिह्नारीलाई सङ्कटका रूपमा हेरेर यसलाई कसरी सम्बोधन गरिएको छ? गरी चारवटा शोध समस्या राखिएका छन्, जसलाई शोधको उद्देश्यअन्तर्गत समस्याहरूको समाधान गर्नका निम्ति सर्वप्रथम भारतीय नेपाली कवितामा 'भारतीयता' बुझ्नु, कवितामा प्रयुक्त राष्ट्रिय चेतनाका प्रकारहरू बुझेर केलाउनु र कविताले स्थापित गरेको राष्ट्रियता, राष्ट्रिय परिचयको अध्ययन गरेर यसमा विस्तृत रूपमा चर्चा गरिएको छ। पहिलो अध्यायभित्रको अर्को उपशीर्षक पूर्वकार्यको समीक्षाअन्तर्गत हालसम्म भारतीय नेपाली कवितामाथि भएका समालोचनात्मक अध्ययन तथा शोध विषयमाथि समीक्षात्मक अध्ययन प्रस्तुत गरिएको छ। भारतीय नेपाली कवितामा राष्ट्रिय चेतनाका दृष्टिबाट अहिलेसम्म प्राज्ञिक रूपमा कुनै पनि विश्वविद्यालयबाट शोध नगरिएको हुनाले प्रस्तुत शोधप्रबन्धमा यसको अध्ययन अनुसन्धान गर्नु औचित्य रहेको जानकारी पनि यस अध्यायअन्तर्गत प्रस्तुत गरिएको छ। अर्को उपशीर्षक अध्ययन विश्लेषणको सैद्धान्तिक आधारमा प्रस्तुत शोधप्रबन्ध लेखनमा निगमनात्मक विधि तथा विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको जानकारी गराइएको छ। यस शोधप्रबन्धमा प्रयुक्त भाषा, व्याकरण अनि पादटिप्पणीका निम्ति *नेपाली लेखन शैली* (सन् २०११), *अनुसन्धान तथा प्रतिवेदन लेखन* (सन् २०१३)-लाई आधार मानिएको कुरा उल्लेख गरिएको छ। यस अध्ययनको शोध सीमा भारत भरि छरिएर बसोबासो गर्दै आएका भारतीय नेपाली कविहरूद्वारा लिखित नेपाली कवितालाई समेटिएको जानकारी पनि यसै अध्यायमा गराइएको छ।

शोधप्रबन्धको दोस्रो अध्याय राष्ट्रिय चेतनाको परिचयात्मक पृष्ठभूमि रहेको छ। यसअन्तर्गत राष्ट्रको अर्थ  र परिभाषामा राष्ट्रको अर्थ र राष्ट्रसम्बन्धी विद्वान्‌हरूले दिएका विभिन्न परिभाषाहरूबारे चर्चा गरिएको छ। यही अध्ययको उपशीर्षक राष्ट्रवादको परिभाषा र स्वरूपमा राष्ट्रबाट सुरु भएको राष्ट्रवादको अवधारणा विषयक विश्वमा भइरहेको अध्ययनको चर्चा गरिएको छ भने अर्को उपशीर्षक राष्ट्रिय चेतनाको अवधारणामा राष्ट्रिय चेतनालाई चिनाइएको छ। राष्ट्रवाद र राष्ट्रिय चेतनाको विकास प्रक्रियाअन्तर्गत राष्ट्रिय चेतना एवम् राष्ट्रवादका विकासबारे अध्ययन गरिएको छ। त्यसपछि क्रमिक रूपले ऐतिहासिक पृष्ठभूमि, भारतीय सन्दर्भमा राष्ट्रिय चेतनाको अवधारणाअन्तर्गत भारतमा वैदिक

कालदेखि नै राष्ट्रिय चेतनाबारे उल्लेख हुँदै आएको सन्दर्भलाई सविस्तार चर्चा गर्दै त्यस कालदेखि आधुनिक कालसम्म विकसित विभिन्न अवधारणाबारे अध्ययन गरिएको छ। भारतीय राष्ट्रवाद र राष्ट्रिय चेतनाको विकास परम्परा उपशीर्षकभित्र भारतमा राष्ट्रिय चेतनाको विकाससम्बन्धी औपनिवेशिक काल पूर्वको भारतीय सांस्कृतिक चेतना र औपनिवेशिक कालका सामाजिक, राजनीतिक कारणहरूबारे अध्ययन प्रस्तुत छ। यसमा पाश्चात्य राष्ट्रिय चेतनाको प्रभाव र भारतीय सांस्कृतिक चेतनासम्बन्धी पनि अध्ययन गरिएको छ। यस अध्यायको अर्को उपशीर्षक राष्ट्रिय चेतनाका प्रकारहरूमा जातीय, स्वच्छन्दतावादी, क्षेत्रीय, सांस्कृतिक, भाषिक, धार्मिक तथा उत्तरऔपनिवेशिक चेतना जस्ता राष्ट्रिय चेतनाका विविध प्रकारहरूलाई सैद्धान्तिक पक्षबाट अध्ययन गरिएको छ। यस अध्यायअन्तर्गत राष्ट्रवाद र वैश्वीकरण उपशीर्षकमा वैश्वीकरणको प्रभावमा विकसित वैश्विक राष्ट्रवाद र राष्ट्रिय चेतनाको अवधारणालाई बुझाउने प्रयास गरिएको छ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो अध्याय निकै चुनौतीपूर्ण रहेको छ। कारण यसमा नेपाली साहित्यमा भारतीयता र राष्ट्रिय चेतना शीर्षक रहेको छ। यसका उपशीर्षकहरू भारतीयताको परिचय, भारतीय साहित्यको अवधारणा अनि भारतीय साहित्यमा भारतीयता र राष्ट्रिय चेतनाअन्तर्गत भारतीयताको अवधारणालाई बुझाउँदै भारतीय साहित्यको अध्ययन गरिएको छ। भारतीय साहित्यमा प्रयुक्त भारतीयता र राष्ट्रियताको प्रयोगबारे अध्ययन गर्दै भारतीय भाषाका विविध साहित्यलाई सांस्कृतिक चेतनाले कसरी एक सूत्रमा बाँधेर राखेको छ भन्ने विषयबारे अध्ययन प्रस्तुत गरिएको छ। यसै गरी अर्को उपशीर्षक नेपाली साहित्यमा भारतीयताभित्र नेपाली साहित्यमा भारतीयताको अवधारणालाई प्रस्ट्याउँदै नेपाली साहित्यमा प्रारम्भदेखि नै भारतीय संस्कृति एवम् दर्शनको प्रभाव तथा प्रयोग हुँदै आएको कुरा पुष्टि गरिएको छ। यसमा कविता, कथा, उपन्यास, नाटकजस्ता विधाहरूमा प्रयुक्त भारतीयताको प्रयोग कस्तो प्रकारले, कुन कुन परिस्थिति हुँदै आइरहेको छ भन्ने विषयबारे संक्षेपमा चर्चा गरिएको छ। यही अध्यायको अर्को उपशीर्षक भारतीय नेपाली कवितामा राष्ट्रिय चेतनाको विकास परम्पराः सङ्क्षिप्त पृष्ठभूमिमा भारतीय नेपाली कविता लेखनको ऐतिहासिक सन्दर्भको उल्लेख गर्दै भारतीय नेपाली कविताहरूमा यसको प्रयोग परम्परालाई छोटो रूपमा अध्ययन गरिएको छ।

चौथो अध्याय यस शोधप्रबन्धको महत्त्वपूर्ण अध्याय हो। राष्ट्रिय चेतनाका दृष्टिले भारतीय नेपाली कविताको अध्ययन यसको मूल शीर्षक रहेको छ। यस अध्यायमा भारतीय नेपाली कविताहरूलाई दुईवटा काल खण्डमा विभाजन गर्दै स्वतन्त्रतापूर्व र स्वातन्त्र्योत्तर भारतीय नेपाली कवितामा प्रयुक्त राष्ट्रिय चेतनालाई सविस्तार अध्ययन गरिएको छ। स्वतन्त्रतापूर्व भारतीय नेपाली कवितामा राष्ट्रिय चेतना उपशीर्षकमा स्वतन्त्रतापूर्व कालका भारतीय नेपाली कविताहरूमा प्रयुक्त राष्ट्रिय चेतनाका विविध स्वरहरू कसरी प्रयोग हुँदै आइरहेका थिए भन्ने सन्दर्भलाई विस्तृत रूपमा अध्ययन विश्लेषण गरिएको छ। यस क्रममा स्वतन्त्रतापूर्व भारतमा नेपाली कविताहरूको सिङ्गो पुस्तक प्रकाशन भएको पाइँदैन र ती कविताहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित हुन्थे, जसलाई त्यस समय राष्ट्रिय चेतना भनेर चिनिएको थिएन तर नेपाली कविहरूमा आफ्नो देशप्रति अगाध प्रेम, भक्ति र श्रद्धा थियो। आफ्नो जाति, आफ्नो क्षेत्र, आफ्नो संस्कृतिसम्बन्धी कविताहरू सचेत रूपले लेखिएको देखिन्छ। तत्कालीन कवितामा प्रयुक्त राष्ट्रिय चेतनाका यी स्वरहरूलाई स्वतन्त्रतापूर्वका नेपाली कविताहरूमा स्वच्छन्दतावादी चेतना, जातीय चेतना, क्षेत्रीय चेतना, सांस्कृतिक चेतना, भाषिक चेतना र धार्मिक चेतना आदि प्रकारका आधारमा अध्ययन गरिएको छ। यही क्रमले अर्को उपशीर्षक स्वातन्त्र्योत्तर भारतीय नेपाली कवितामा राष्ट्रिय चेतनाअन्तर्गत स्वातन्त्र्योत्तर भारतीय नेपाली कविताको प्रवृत्तिगत अध्ययन गरिएको छ। तर यस कालका भारतीय नेपाली कवितालाई राष्ट्रिय चेतनाका विविध प्रकारमा अध्ययन गरिनाका साथै थप एउटा प्रकार उत्तरऔपनिवेशिक चेतनाअन्तर्गत किनारीकृत स्वर, सबाल्टर्न स्वर र परिचय सङ्कटको स्वर गरी तिनवटा अन्यान्य चेतनाबारे पनि अध्ययन गरिएको छ। भारतीय नेपाली कविताको विकासको पछिल्लो समयमा देखिएका यस्ता चेतनामूलक स्वरले भारतीय नेपाली कविताको समकालीनतामा नवीनता थपेको देखिन्छ। स्वातन्त्र्योत्तर कालका मनप्रसाद सुब्बा, रेमिका थापा, राजेन्द्र भण्डारी, सुधीर छेत्री, टेकध्वज जिम्बा ‘आशा’, पुष्पलाल उपाध्याय र विकास गोतामेका कविताहरूमा प्रयुक्त राष्ट्रियतालाई अभिव्यक्त गर्ने विभिन्न पक्षमाथि विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ।

यस शोधप्रबन्धको पाँचौँ अध्यायमा उपसंहार र निष्कर्ष’ राखिएको छ। यसअन्तर्गत भारतीय नेपाली कवितालाई राष्ट्रिय चेतनाका दृष्टिबाट अध्ययन गर्दा प्राप्त भएका निष्कर्षहरूलाई बुँदागत रूपमा राखिएका छन्।

### ५.२ निष्कर्ष

राष्ट्रिय चेतनालाई राष्ट्रवादको एउटा प्रमुख तत्त्व मानिन्छ। यसलाई राष्ट्र, राष्ट्रियता अनि राष्ट्रिय परिचयको अध्ययन गर्ने अवधारणा विशेषको रूपमा पनि लिने गरिन्छ। राष्ट्रिय चेतनाले मुख्य रूपमा राष्ट्रिय परिचयलाई नै पुष्टि गर्दै आइहेको छ। साहित्यमा राष्ट्र, राष्ट्रियता, राष्ट्रिय चेतनाको अध्ययनले राष्ट्रिय परिचयकै विमर्शलाई प्रमुखता दिँदै आएको छ।

प्रस्तुत शोधकार्यमा राष्ट्रिय चेतनाका दृष्टिले भारतीय नेपाली कविताको अध्ययन गर्दा प्राप्त भएको निष्कर्षलाई बुँदागत रूपमा निम्न प्रकारले प्रस्तुत गरिएको छ-

- भारतीय नेपाली कवितामा सचेत रूपले राष्ट्रियताबोधका विषयहरू स्वातन्त्र्योत्तर कालमा आएर मात्र देखिएका छन्। स्वतन्त्रतापूर्व कालमा जातीय भावना, समाज सुधार, नीति-उपदेश, ईश्वर भक्तिजस्ता विषयहरू कवितामा अधिक प्रयोगमा आएका छन्। भारतीय सांस्कृतिक परम्पराप्रतिको चेतना कवितामा आएका छन्। भारतीयताको भावना भने कवितामा प्रत्यक्ष रूपमा आएको देखिँदैन। भाषा साहित्यको विकास गर्ने आह्वान, समाज सुधार गर्ने आह्वान, जातीय भावना कविताका केन्द्रीय स्वर रहेको देखिन्छ।

- स्वतन्त्रतापूर्व कालका कविताहरूमा अध्यात्ममुखी नेपाली संस्कृतिको प्रभावका कारण भक्ति, नैतिक उपदेश धेरै पाइन्छन्। भारतीय भक्तिपरक लेखनको प्रभाव, भारतीय दर्शन, गीता उपदेशको प्रभाव कवितामा आएका छन्।

- सिक्किमका कवि सन्तवीर लिम्बूले सिक्किम भारतमा गाभिन पूर्वको समयमा आफ्नो देश सिक्किममै रहेर पनि भारतीय नेपालीहरूको भाषा, संस्कृतिको संरक्षण र स्वतन्त्रताप्रतिको प्रेम भाव आफ्ना कवितामा अभिव्यक्त गरेका छन्।

- सन् १९१६ देखि नै *गोर्खा* पत्रिकामा कविता प्रकाशित गर्ने पारसमणि प्रधानलाई भारतीय राष्ट्रियताको भाव तथा राष्ट्रप्रेमका अभिव्यक्ति दिने पहिलो कविका रूपमा यस शोधप्रबन्धमा चिन्हित गरिएको छ।

- नेपालमा राणा शासनको अन्याय, अत्याचारबाट पलायन बनेका र भारतमा औपनिवेशिक साम्राज्यको विस्तार अनि ब्रिटिस इस्ट इन्डिया कम्पनीले नेपालबाट मजदुर भित्र्याउनका कारण देशभित्रै नेपाली प्रवासी साहित्य लेखन सुरु भएको देखिन्छ। यसको प्रभाव भारतीय नेपाली कवितामा परेको थाहा पाइन्छ। पटक पटकको राजनीतिक, सामाजिक द्वन्द्व, अन्तर्देशीय सन्धि र राष्ट्रिय अधिकारबाट वञ्चित रहेको नेपाली समाजमा राष्ट्रियता वा भारतीयता सहज रूपमा अभिव्यक्त हुन नसकेको देखिन्छ। तर त्यस समयका नेपाली कवितामा भक्ति भावको अनुसरण गरिएको र भारतीय संस्कृति अनि दर्शनको प्रभाव भने प्रस्ट रूपमा रहेको देख्न पाइन्छ।

- स्वतन्त्रतापूर्व कालमा विभिन्न साहित्यिक पत्र-पत्रिकाहरूमा नेपाली कविताहरू प्रकाशित भएको देखिन्छ। विभिन्न पत्रिकाहरूको माध्यमद्वारा देखा पर्ने कविहरूमा पारसमणि प्रधान, तुलसी 'अपतन', सन्तवीर लिम्बू र अगमसिंह गिरीका कवितामा जातीय भावना केन्द्रीय स्वरका रूपमा रहेका छन्। जातीयतासँगै भारतीय संस्कृतिप्रतिको मोहले पनि ती कविताहरू अभिव्यक्त भएका छन्।

- भारतीय राष्ट्रवादको अवधारणाअनुसार सांस्कृतिक चेतनालाई राष्ट्रिय चेतनाकै तत्त्वका रूपमा लिने गरिन्छ।  यस आधारमा हेर्दा स्वतन्त्रतापूर्व कालका नेपाली कवितामा प्रयुक्त भारतीय संस्कृतिको चेतनालाई भारतीय राष्ट्रियताको एउटा महत्त्वपूर्ण अंश मान्न सकिन्छ।

- स्वातन्त्र्योत्तर काल पार गरेर सन् १९८० को दशकसम्म आइपुग्दा भारतीय नेपाली कवितामा समाज, जाति, नैतिक उपदेशका विषयहरू अधिक रहेको देखिन्छ। देशप्रेमका कविताहरू थोरै लेखिएका छन्। स्वतन्त्रतापूर्व कालदेखि नै सुरु भएको जातीय चेतनाका भावयुक्त कविताहरू कविहरूले पछिसम्म लेख्दै आएको देखिन्छ। अगमसिंह गिरी, हरिभक्त कटुवालजस्ता कविहरूले

जातीय परिचय र भारतीय राष्ट्रियतालाई सन्देहास्पद दृष्टिले हेरेको प्रसङ्गलाई आफ्ना कवितामा व्यक्त गरेका छन्।

- सन् १९८०-९०को दशकदेखि कवितामा नवीन अवधारणाहरूको प्रयोग हुन थालेको देखिन्छ। उत्तरऔपनिवेशिक कालमा विकसित सबाल्टर्न, किनारीकरण, आन्तरिक उपनिवेशजस्ता सीमान्तमा पारिएका स्वरहरू अनि राष्ट्रिय परिचयको सङ्कटलाई कविता विधाले धेरै मात्रामा उठाएको छ। राष्ट्रप्रतिको सचेतताले राजनीतिक, सामाजिक, संवैधानिक, ऐतिहासिक चेतनालाई भारतीय नेपाली कविताले पटक पटक प्रस्तुत गरेको पाइन्छ।

- भारतीय नेपाली जातिले राष्ट्रभित्र परिचयको सङ्कट भोगिरहेका छन्। सत्तासीनहरूले केन्द्रीय राजनैतिक शक्ति र सरकारले पटक पटक उत्तरपूर्वाञ्चलका भारतीय नागरिकहरूलाई विदेशी, शरणार्थी भनी लान्छना लगाउँदै आएको कुरा सत्य हो। नेपालीहरूलाई नेपालका भनेर शङ्काको दृष्टिले हेर्नु, अन्य जातिले हेला गर्नु, पश्चिम बङ्गालको नेपाली समाजले राजनीतिक, संवैधानिक अधिकार नपाउनुजस्ता मूलभूत समस्या एवम् चुनौतीको फलस्वरूप १९९० को दशकदेखि नै विकास गोतामे, राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा, रेमिका थापा, सुधीर छेत्री प्रभृति कविहरूका कवितामा राष्ट्रिय परिचय सङ्कटका भावहरू प्रखर रूपमा अभिव्यक्त हुन थालेको देखिन्छ।

- उत्तरऔपनिवेशिक लेखनमा सबाल्टर्न अवधारणालाई आत्मसात् गरी किनारीकरण, जातीय अस्तित्व, राजनीतिक अधिकार र परिचयको खोजी भारतीय नेपाली कविताको मुख्य विषय बन्न गएको छ। मनप्रसाद सुब्बा र रेमिका थापाको *किनाराका आवाजहरू*, रेमिका थापाको *देश र अन्य कविता*, राजेन्द्र भण्डारीको *इतिहासको बाडुली*, सुधीर छेत्रीको *फेरि अर्को अनुष्टुप*जस्ता कविता सङ्ग्रहले राष्ट्रिय चेतनालाई गम्भीरतापूर्वक उठाएको छ।

- समसामयिक भारतीय नेपाली कविता लेखनमा ऐतिहासिक चेतना प्रबल रहेको देखिन्छ। यसले भारतीय नेपाली जातिको ऐतिहासिक सन्दर्भलाई पुष्टि गर्दै हजारौँ वर्षअघिको नेपाली जातिको इतिहास खोतलेर देखाएको छ। समसामयिक कविता लेखनमा आएको राष्ट्रिय चेतनामा राष्ट्रिय

परिचयप्रतिको सचेतता छ। राजनीतिक हस्तक्षेपले भारतीय नेपालीलाई केन्द्रबाट निकालेर विदेशीको लान्छना लगाउने भ्रान्तिपूर्वक चेतनालाई चुनौती दिँदै आफ्नो इतिहासलाई प्रमाणित गरेको छ।

- औद्योगीकरण, वैश्वीकरण, उपभोक्तावाद तथा बजारीकरणको प्रभावको फलस्वरूप वर्तमान भारतीय साहित्यमा नवीन अवधारणा तथा प्रवृत्तिहरू भित्रिएका छन्। उत्तरआधुनिक सङ्कथनका दृष्टिबाट हेर्दा भारतीय नेपाली कवितामा भारतीयता, राष्ट्रियता, राष्ट्रिय चेतनाका अवधारणाहरू बढी सफलतापूर्वक प्रयोग हुन आएका छन्, जसलाई समकालीन भारतीय नेपाली कविताको विशेष अभिप्राप्ति मान्न सकिन्छ। यस दृष्टिले भारतीय नेपाली कविहरू आफ्नो राष्ट्रिय परिचयको सङ्कट समाधानका निम्ति सचेत रहेको पाइन्छ।

- प्रस्तुत शोधप्रबन्धको चूडान्त निष्कर्ष भनेको भारतीय नेपाली कवितामा राष्ट्रिय चेतनाको प्रयोग हरेक कविहरूले सचेततापूर्वक गरेका छन्।

# ग्रन्थसूची


## नेपाली पुस्तक

अस्टिन, ग्रानभिल, सन् २०१७, *भारतीय संविधानः राष्ट्रको आधारशीला*, राजेन्द्र ढकाल, (अनु), मयेसोरुः डि. जी. राव पब्लिकेसन

## हिन्दी पुस्तक

चंद्र, विपिन, सन् २०११, *आधुनिक भारत में उपनिवेशवाद और राष्ट्रवाद,* एन. ए. खान, (अनु), नई दिल्लीः अनामिका पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा लि

माथुर, लक्ष्मीनारायण र लौटूसिंह गौतम, सन् १९३४, *भारतवर्ष का इतिहास (भाग-१)*, बनारसः नन्दकिशोर एन्ड ब्रदर्स

## अङ्ग्रेजी पुस्तक

अन्सारी, एम टी र दिपथा अचर, सन् २०१८, *डिस्कोर्स्, डेमोक्रेसी एन्ड डिफरेन्स*, नयाँ दिल्लीः साहित्य अकादमी

एगलटोन, टेरी, फ्रेड्रिक जेमसन र एडवर्ड सइद, (सम्पा), सन् १९९०, *नायसनलिज्म, कोलोनियलिज्म एन्ड लिटरेचर*, मिनिएपोलिसः युनिभर्सिटी अव् मिन्निसोटा प्रेस

एरोनसिजाइक, मेलिजा, सन् २०१३, *ब्रान्डिङ दि नेसनः दि ग्रोबल बिजिनेस अव् नेसनल आइडेन्टिटी*, न्यु योर्कः अक्सफोर्ड युनिभर्सिटी प्रेस

कालहोन, क्रेज, सन् १९९७, *नायसनलिज्म*, मिनिएपोलिसः युनिभर्सिटी अव् मिन्निसोटा प्रेस

कोहेन, रविन, सन् १९९७, *ग्रोबल डायस्पोराः एन्ड इन्ट्रडक्सन*, लन्डनः रुटलेज

गुटम्यान, अन्ना, सन् २००७, *दि नेसन अव् इन्डिया इन कन्टेम्पोरेरी इन्डियन लिटरेचर*, इङ्गल्यान्डः पलग्रेभ म्याकमिलन

गुहा, रणजीत, (सम्पा), सन् १९८२, *सबाल्टर्न स्टडिज्, राइटिङस् अन साउथ एसियन हिस्ट्री एन्ड सोसाइटी*, दिल्लीः अक्सफोर्ड युनिभर्सिटी प्रेस

जोनसन, लोट्टे, सन् २०१६, *दि रुट्स अव् नायसनलिज्म*, पेरिसः एम्सटरडेम युनिभर्सिटी प्रेस

थापर, रोमिला, सन् २००२, *हिस्ट्री अव् अर्ली इन्डिया*, हरियानाः पेनगुइन बुक्स् इन्डिया प्रा लि

देसाई, अक्षय रमनलाल, सन् २०००, *सोसियल ब्याकग्राउन्ड अव् इन्डियन नायसनलिज्म*, मुम्बाईः पपुलर प्रकाशन प्रा लि

बेनर, रोनाल्ड, सन् १९९९, *थियोराइजिङ नायसनलिज्म*, न्यु योर्कः स्टेट युनिभर्सिटी अव् न्यु योर्क

बरुवा, सञ्जिव, सन् २०२०, *इन दि नेम अव् दि नेसन*, क्यालिफोर्नियाः स्ट्यान्डफोर्ड युनिभर्सिटी प्रेस

लोहानी, श्रीधरप्रसाद र रमेश्वरप्रसाद अधिकारी, सम्पा. सन् २०१२, कमप्याक्ट इङ्गलिस नेपाली डिक्सनेरी, सिलगढीः एकता बुक्स हाउस प्रा ली

ल्याम्प, जोन र मार्क माजोवर, सम्पा., सन् २००६, *आइडियलजी एन्ड नायसनल आइडिन्टिटी*, न्यु योर्कः सेन्ट्रल युरोपियन युनिभर्सिटी प्रेस

लिफर, मिसेल, सन् २०००, *एसियन नायसनलिज्म*, लन्डनः रुटलेज

लियोनार्ड, फिलिप, सन् २००५, *नेस्नललिटी बिट्विन पोस्टस्ट्रक्चरलिज्म एन्ड पोस्टकोलनियलिज्म थ्योरी*, न्यु योर्कः पलग्रेभ म्याकमिलन

विश्वास, आनन्दिता, सन् २०१८, *गोर्खाल्यान्ड मुभमेन्टः ए स्टडी इन दि पोलिटिक्स अव् एथ्नोनायसनलिज्म*, विद्यावारिधि शोघप्रबन्ध, कोलकाताः रविन्द्र भारती विश्वविद्यालय

स्मिथ, डि एन्थोनी, सन् १९९१, *नायसनल आइडिन्टिटी*, लन्डन, पेनगुइन प्रेस

हब्सबन, इरिक जोन, सन् १९९०, *नेसन एन्ड नायसनलिज्म*, क्याम्ब्रिज, क्याम्ब्रिज युनिभर्सिटी प्रेस

हेल्यान्ड, थोमस इरिकसन्, सन् १९९३, *एथ्निसिज्म एन्ड नायसनलिज्म*, लन्डन, प्लुटो प्रेस